# प्राची

चेतना द्वैमासिक


पूर्णाङ्क ६५.

पुस-चैत (संयुक्त अङ्क) ०६४




## संविधानसभा निर्वाचन

# नेपालको पहिलो
## मानवअधिकार समाचार अनलाइन




## नेपाली र अंग्रेजी भाषामा
## www.inseconline.org

मानवअधिकारसम्बन्धी विविध समाचारहरू समेटिएको यस वेबसाइटमार्फत् देशको मानवअधिकार स्थितिको ताजा जानकारी लिनुहोस् ।

## मानवअधिकारका विविध सवालहरू समेटेर तयार पारिएको

**मानवअधिकार शिक्षा कार्यक्रम रेडियो नेपालबाट हरेक शनिबार बिहान ८:२५ बजे**

**०६४ साल साउन १३ गतेदेखि मानवअधिकार शिक्षा कार्यक्रम स्थानीय एफ एम हरूमा पनि**

कोशी एफ एम, इटहरी
रेडियो जनकपुर, जनकपुरधाम
नारायणी एफ एम, वीरगञ्ज
प्रतिध्वनी एफ एम, पालुङ
उज्यालो एफ एम, काठमाडौं
पोखरा एफ एम, पोखरा
रेडियो मदन पोखरा एफ एम, पाल्पा
रेडियो लुम्बिनी, रुपन्देही
रेडियो स्वर्गद्वारी एफ एम, घोराही दाङ
बुलबुले एफ एम, सुर्खेत
रेडियो मध्यपश्चिम, दाङ र
घोडाघोडी एफ एम, कैलाली




**हरेक आइतबार बिहान ७.३० बजेदेखि ८ बजेसम्म एकै समयमा प्रशारण हुँदैछ ।**

**सुन्न नभुल्नु होला ।**

मानवअधिकार तथा सामाजिक न्यायका निम्ति
**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
स्युचाटार, कलंकी, काठमाडौं

पो.ब.नं. २७२६, फोन : ४२७८७७०, फ्याक्स : ४२७०५५१ इमेल : insec@insec.org.np वेबसाइट : www.inseconline.org

**मानवका लागि मानवअधिकार**
**मानवअधिकार लागि**
**उपयुक्त संस्कृति**

# प्राची

**संचेतना द्वैमासिक**

**वर्ष १५, पूर्णाङ्क ६५, पुस-चैत २०६४**

**संस्थापक**
सुशील-प्रकाश

**सल्लाहकार**
सुबोधराज प्याकुरेल
कुन्दन अर्याल

**सम्पादक**
लक्ष्मणदत्त पन्त

**आवरण ले-आउट**
गोविन्दप्रसाद त्रिपाठी

**फोटो**
विमलचन्द्र शर्मा
इन्सेक जिल्लाप्रतिनिधि

**व्यवस्थापन**
शैलेश शर्मा

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
द्वारा प्रकाशित
पत्र मञ्जुषा : २७२६ काठमाण्डौ
टेलिफोन : ४२७८७७०
फ्याक्स : ४२७०५५१
इमेल : prachi@insec.org.np
वेबसाइट : www.inseconline.org

**मुद्रक**
इन्द्रेणी अफसेट प्रेस
अनामनगर, काठमाडौं
फोन : ४७७१४४८


## संविधानसभा निर्वाचन





- संविधानसभा निर्वाचन : प्रक्रिया र पद्धति ८
- संविधानसभा: स्वतन्त्र र निष्पक्ष निर्वाचनका लागि नागरिक अनुगमन २०
- लोकतन्त्रको सवलीकरणमा निर्वाचनको भूमिका २७
- संविधानसभा, राज्य पुन:संरचना र आदिवासी जनजाति ३१
- संविधानसभा निर्वाचन र सुरक्षाको प्रश्न ३३

- संविधानसभा र मुलुकको शल्यक्रिया : द्वन्द्वपीडितको दृष्टिकोण ३८
- संविधानसभा निर्वाचन र महिला उम्मेदवारीको प्रश्न ३७
- संविधानसभा : दलित महिला सहभागिताको प्रश्न ४१
- संविधानसभामा महिला सहभागिता ४२
- मोफसलमा संविधानसभा निर्वाचन ४३
- दलीय एजेण्डामा मानवअधिकार ५३
- अन्तरिम संविधानमा संविधानसभासम्बन्धी प्रावधान ५७
- संविधानसभा सदस्य निर्वाचन आचारसंहिता, २०६४ ६१
- झापा नजाने, म त जाँदै छु ७०


**नियमित स्तम्भहरू**


- यथावत २
- कार्टून २
- सम्पादकीय ३
- इतिहासको पानाबाट ४
- पाठक-प्रतिक्रिया ५
- सामयिक ७
- जनमत ४५
- फिचर ४९
- मानवअधिकार सामान्य ज्ञान ६९
- पुस्तक परिचय ७१
- ... र अन्त्यमा ७२

०६४ चैत ७ गते इन्सेकद्वारा राजधानीमा आयोजित '**शान्तिपूर्ण संविधानसभा निर्वाचन र यसका चुनौतीहरू**' विषयक छलफल कार्यक्रममा बोल्दै



जनतालाई त्रसित पार्ने र शान्तिपूर्ण तरिकाले निर्वाचनमा भाग लिन पाउने अधिकारविरोधी गतिविधि जोसुकैबाट भए पनि निन्दनीय छन्।

**अमृतकुमार बोहरा**
स्थायी समिति सदस्य
नेकपा (एमाले)



संविधानसभा निर्वाचन जनताको एजेण्डा हो र त्यो जनताको पक्षमा जानुपर्छ, निर्वाचनमा लोकतान्त्रिक गणतन्त्रको एजेण्डालाई सबैले आत्मसात गर्नुपर्दछ।

**दीनानाथ शर्मा**
नेता, नेकपा (माओवादी)



जितेर नमात्तिने र हारेर नआत्तिने भएमा लोकतान्त्रिक पद्दति बलियो हुन्छ। सबै दलले संविधानसभा निर्वाचनमा हार र जित स्वीकार्ने मनस्थितिमा भाग लिनुपर्दछ।

**डा. प्रकाशचन्द्र लोहनी**
सह-अध्यक्ष
राष्ट्रिय जनशक्ति पार्टी



चैत २८ गते संविधानसभा निर्वाचन सम्पन्न नभए स्थिति भयावह हुनेछ, माओवादीले अरु दलका नेता कार्यकर्तामाथिको आक्रमण अविलम्ब बन्द गर्नुपर्दछ।

**लक्ष्मण घिमिरे**
केन्द्रीय सदस्य, नेपाली कांग्रेस

## कार्टून



अरु पार्टीले घोषणापत्रमा 'गाउँमा मोटरबाटो खन्ने' लेखेछन्.., हामी चैं 'हाओइजाज र हेलिकप्टर कै बाटो खन्दिने' भनेर लेख्नुपर्ला...!!

**साभार**
राजधानी दैनिक
०६४ फागुन २५ गते

**प्रिय पाठक !**

**तपाईलाई प्राचीको यो अङ्क कस्तो लाग्यो ?**

**प्राचीमा कस्ता सामग्री आऊन् भन्ने तपाईको अपेक्षा छ ?**

**कृपया प्रतिक्रिया लेख्न नभुल्नु होला।**

email : prachi@insec.org.np

**सम्पादक**

मानवअधिकारको बिश्वब्यापी घोषणापत्र र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रलगायतका सन्धिले प्रत्येक नागरिक र दललाई उनीहरूले रूचाएको राजनीतिक विचार अभिव्यक्त गर्ने तथा देशभित्र चुनावी अभियानका लागि हिंडडुल गर्न पाउने अधिकारको प्रत्याभूति गरेको छ। त्यसो त देशभित्र हुने कुनै पनि किसिमको निर्वाचन अवधिमा हिंडडुल गर्न पाउने, आमसभा गर्न पाउने, राजनीतिक ऱ्याली र सभा गर्न पाउने अधिकार र विशेषगरी दल र उम्मेदवारहरूले स्वतन्त्र रूपमा आफ्नो विचार अभिव्यक्त गर्न पाउने अधिकारको प्रत्याभूति गर्नु राज्यको दायित्व हो। अहिले देशमा सात दलीय सरकार छ र उनीहरू छुट्टाछुट्टै दलको हैसियतमा आगामी चैत २८ गते सम्पन्न हुने संविधानसभा निर्वाचनमा सहभागि हुँदैछन्।

मधेसको असन्तुष्टि सम्बोधन गर्दै तेस्रोपटक सात दल संविधानसभा निर्वाचनको मिति तय गर्न सफल देखिए पनि एकअर्काका प्रतिस्पर्धि आफै हुने ठानेर अहिले उनीहरू एकआपसमा आरोप प्रत्यारोप गरिरहेका छन्। एक दलको कार्यकर्ताबाट अर्को दलका उम्मेदवार र कार्यकर्तामाथि सांघातिक आक्रमण हुनु र त्यस्तो आक्रमणमा संलग्नलाई सात दलीय सरकारले कारबाहीको प्रक्रिया अगाडी नबढाउनुले निर्वाचन स्वतन्त्र र निस्पक्ष रूपले सम्पन्न हुने कुरामा जनताले बिश्वास गर्न सकिरहेका छैनन्।

हालैका दिनहरूमा सिन्धुपाल्चोकमा राप्रपा नेतामाथि आक्रमण, धनकुटामा जनशक्ति पार्टीका नेतामाथि हातपात, रामेछापमा एमाले उम्मेदवारलगायत कार्यकर्तामाथि आक्रमण, चितवनमा एमाले कार्यकर्तामाथि कुटपिट, रोल्पामा जनसेनाको हतियार प्रदर्शनलगायतका घटनाहरू निर्वाचन आचारसंहिता विरुद्ध छन्। यस्ता गतिविधिहरू यथाशिघ्र अन्त्य नभए संविधानसभा निर्वाचनमा जनताको उल्लेख्य सहभागिता नहुने पक्कापक्की छ। संविधानसभा निर्वाचनमार्फत नयाँ नेपाल निर्माणको अभियानमा जुटेका सात दल र मुख्यगरी माओवादीका शीर्ष नेताहरूले यस्ता गतिविधिको अन्त्यका लागि पहल गर्नु जरूरी छ। सरकारले समेत निर्वाचनमा स्वतन्त्र रूपले सहभागि हुन पाउने अधिकारको हनन टुलुटुलु हेरिरहनु हुँदैन।

अहिले पनि तराईका कतिपय जिल्लाहरूमा सुरक्षा स्थिति कमजोर बन्दै गएको छ। माओवादीनिकट यङ्ग कम्युनिष्ट लिग (वाईसीएल) ले पहाडी जिल्लामा चुनावी अभियानमा संलग्न उम्मेदवारमाथि आक्रमण जारी राख्नुले पनि जनता निर्वाचनमा भयरहित वातावरण सिर्जना हुने विषयमा ढुक्क छैनन्। पछिल्लोपटक ०६४ चैत ४ गते रोल्पामा माओवादी कार्यकर्ता भक्तबहादुर विकलाई अज्ञात समूहले गोली प्रहार गरी हत्या गरेको छ। त्यस्तै चैत ५ गते राष्ट्रिय जनमोर्चाका तर्फबाट बाँके क्षेत्र नं. २ मा संविधानसभा निर्वाचनका लागि उम्मेदवार कमल अधिकारीको जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले हत्या गरेका छन्। यी घटनाहरूले सातदलीय गठबन्धन सरकार उम्मेदवारको सुरक्षाप्रति गम्भीर नरहेको पुष्टि गरेको छ।

संविधानसभाको निर्वाचन सुनिश्चित गर्न सात दलले आफ्ना घोषणापत्रमार्फत व्यक्त गरेका निर्वाचनप्रतिको प्रतिबद्धतालाई पुरा गर्न शान्तिपूर्ण निर्वाचन अभियानमा संलग्न हुनु आवश्यक छ। संविधानसभा निर्वाचनमा सबै नेपाली जनतालाई स्वतन्त्र र भयरहित रूपमा सहभागि गराउन दलहरूले निर्वाचन आचारसंहिताको पूर्ण पालना गर्नु अनिवार्य शर्त हो। संविधानसभामार्फत आफ्नो भाग्यको फैसला गर्न तयार नेपाली जनतालाई भयरहित वातावरणमा निर्वाचनमा सहभागि हुनबाट वञ्चित गर्ने अधिकार कसैलाई नभएको सात दलले बुझ्नु जरूरी छ। मानवअधिकार र जनताको मौलिक स्वतन्त्रताको पूर्ण वहाली भएमा मात्र स्वतन्त्र, निष्पक्ष र शान्तिपूर्ण निर्वाचन सम्पन्न हुने कुराको हेक्का सबैले राख्नुपर्दछ।

# के यी बाल अपराधका घटना होइनन् ?

नेपाल अधिराज्यको संविधान २०४७ को धारा २६ मा राज्यका नीति अन्तर्गत उपदफा ८ मा भनिएको छ- “राज्यले बालबालिकाको शोषण हुन नदिई उनीहरूको हक र हितको रक्षा गर्न आवश्यक व्यवस्था गर्नेछ र निशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था क्रमशः गर्दै जानेछ।” यसरी नै धारा २० को उपधारा २ मा स्पष्ट लेखिएको छ- “नाबालकलाई कुनै कारखाना, खानी वा यस्तै अनयक ुनै जोखिम पूर्ण काममा लगाइने छैन।“ बालहित र अधिकारको सम्बन्धमा बालबालिका सम्बन्धी ऐन, २०४८ कोद फा ४ मा लेखिएको छ- “बालकलाई सिकाइ कसैले अपराध गर्न लगाएको रहेछ भने सो सिकाउनेलाई निज आफैले अपराध गरे सरह कानुन बमोजिम पूरा सजाय हुनेछ। यस भन्दा अगाीड नै बालहितको पक्षमा बालबालिकासम्बन्धी संयुक्त राष्ट्र संघको महासन्धि १९८९ को धारा ३७ को “ख” मा स्पष्टसँग लेखिएको छ- “कुनै पनि बालबालिकालाई गैरकानुनी वा अनुचित तवरले तिनको स्वतन्त्रताबाट वञ्चित गरिने छैन। बालबालिकाको गिरफ्तारी, थुना, वा कारावास कानुन अनुकूल तवरबाट हुनेछ र सम्भव भएसम्म छोटो उपयुक्त समयको लागि अन्तिम उपायको रूपमा मात्र अपनाइने छ।”

ऐन, नियम, कानुन, संविधान, महासन्धि आदिमा उल्लेख भए अनुसार १४ वर्षको उमेर पार नगरेकालाई बालबालिका वा नाबालक भनिन्छ। हाम्रो देशमा एक वर्ष भन्दा कम उमेरका बालबालिकाको संख्या ५२ प्रतिशत रहेको आँकडाको तथ्य हामीसँग छ। यिनै बालबालिकाको सुरक्षा र संरक्षणमा राज्यले संविधान, ऐन, नियम, कानुन र संयुक्त राष्ट्रसंघको बालबालिका सम्बन्धी महासन्धिमा समेत बालअधिकार र बाल हितका बारेमा धेरै कुराहरूको उल्लेख गरिएको कुरा माथि उल्लेख भएका यी संक्षिप्त टिपोटहरूबाट समेत प्रष्ट हुन आउँछ।

सिद्धान्तः बालबालिकासम्बन्धी उल्लेख भएका नीति, नियम र कानूनहरूको अध्ययन गर्दा ती कुरा आफैमा अत्यन्त राम्रा र सुन्दर पाइन्छन्। बाल हकहितको बारेमा अन्तर्राष्ट्रिय संघ संस्थादेखि नेपालका मानवअधिकारवादी संघ, संस्था र नेपाल राज्य समेत अत्यन्त गम्भीर बनेको पाइन्छ। र बालबालिकाको सबै खाले शोषण गर्ने,




सताउने, होच्याउने र उनीहरूको अवोध र अन्जानपनको फाइदा उठाउनेलाई कानुनतः प्रशस्त सजाय हुने नियम र कानुनहरू पनि बनेका देखिन्छन्। ती कानुन र नियमलाई ठाडो चुनौती दिँदै उल्लंघन र अपहेलना गरी बालबालिकाको यौन शोषण गर्ने, जोखिम काममा लगाउने, अनुचित फाइदाको लागि नराम्रो काममा उक्साउने आदि थुप्रै घटना प्रकाशमा आउने गरेका छन्। यस्ता घटनजाहरू केही वर्षयता झन्न बढ्दै गएको पाइन्छ। बालबालिका माथि हुने गरेका अनेकौं बालअपराधहरूमा उनीहरूको हत्या भएका घटनाहरू पनि उल्लेख्य मात्रामा बढ्दै गएका समाचारहरू प्रकाशमा आउने गरेको पाइन्छ। बालबालिका विरुद्ध बालबालिका नै प्रयोग गरेर बाल अपराध गरेका घटनाहरू पनि भइरहेका छन्। यस्ता घटनाहरूमा विगत वर्ष जेठ २० गते कपिलवस्तु नगरपालिका-९ मा १२ वर्षको दुई बालकले ५ वर्षको बालकको हत्या गरेको समाचारसमेत प्रकाशमा आएबाट प्रष्ट हुन्छ।

यसरी नै विगत स्थानीय निर्वाचन र भर्खरै सम्पन्न आम निर्वाचनमा सबै दलका उम्मेदवारले बालबालिकाहरूलाई चुनावमा विभिन्न ढंगले उपयोग गरे। बालबालिकाहरूलाई चुनावमा प्रयोग गर्दा ठूला मानिसको चियो चर्चो अर्थात् सिआइडीको काम गर्न लगाउने काम समेत भएका घटना प्रकाशमा आए। यही घटनाबाट प्रभावित भएर आमा, बाबु र बालबाविलकाहरूको समेत राजनीतिक प्रतिशोधका कारण गत वर्ष स्थानीय निर्वाचनमा बाललिबाको हत्या समेत भयो। सिन्धुपाल्चोक जिल्लाको बासखर्क गाविस-५ को आरुडाँडामा ६ वर्षीय फूर्वा स्याङ्वो र गणेश स्याङ्वोलाई जंगलमा लगी विभत्स ढंगले खुकुरीले काटी टुक्राटुक्रा पारियो। यो घटना राजनीतिक प्रतिशोधका कारण घटेको थियो।

यसको अलवा सम्पन्न आम निर्वाचनमा बालबालिकाको प्रयोग भएका अनेकौं घटनाहरू प्रकाशमा आए। चुनावमा देशका साना, ठूला पार्टीहरूले बालकालिकाको प्रत्यक्ष ढंगले प्रयोग गरे। मुलतः आफ्नो दल वा उम्मेदवारको पक्षमा बालबालिकको जुलुस निकाल्नु, जुलुसमा झण्डा र चिन्ह बोकाई नारा लगाउदै हिं)डाउनु, पोस्टर, पम्प्लेट टाँस्न र बाँड्न लगायएका घटनजा सामान्य ढंगले जताततै देखियो। यसको साथै माओवादी प्रभावित जिल्लामा राजनीतिक प्रतिशोधका कारण बालबालिकाको हत्या समेत भएका घटनामा प्रकाशमा आए।

यति मात्र हैन हालै सम्पन्न आम निर्वाचनमा अत्यन्त गम्भीर र आपत्तिजनक ढंगले बालबालिकाहरू प्रयोग भएका घटनाले धेरै चर्चासमेत पायो। मुलतः धनुषा, महोत्तरी, काभ्रेपलाञ्चोक, मुगु, धादिङ आदि जिल्लाहरूमा धेरै बालबालिकाहरूले मतदानमा प्रत्यक्ष भाग लिदै मत खसाले। यसरी मत खसाल्नेहरूमा १०-१२ वर्षदेखि ४ वर्षसम्मका दुधे बालकहरूले मतदान गरेका समाचार र तस्वीरहरू प्रकाशमा आए। आफ्नो बालपन बिताउँदै प्राथमिक विद्यालयमा अधययन गर्ने यी बालबालिका सिद्धान्त र विचारका हिसाबले अन्जान र अवोध नै मानिन्छन्। यी कुरा थाहा पाउन खोजेर पनि उनीहरूले पार्टीका सिद्धान्त, विचार र उम्मेदवारको बारेमा कुनै पनि

कुरा बुझ्न र जान्न सक्दैनन्। कुन कुरा राम्रो, कुन खराब हो त्यो छुट्याउनै नसक्ने ती कलिला दिमागलाई पार्टी र पार्टी कार्यकर्ताले आफ्नो पक्षमा उकास्दै प्रयोग गर्नु कति ठीक हो ?

यो प्रश्न नेपाल बालमजदूर सरोकार केन्द्र (सिविन) का अध्यक्ष गौरी प्रधानसँग राख्दा उहाँ भन्नुहुन्छ- "कतिपय ठाउँमा अभिभावकसँग मतदान केन्द्रमा गएका बालबालिकाले अभिभावकले छाप लगाएको मतपत्र खसालेको जानकारी पनि हामीलाई आएको छ भने कतिपय मतदान केन्द्रमा स्वयम् बालबालिकाकाले मतदान गरे। जस्ले र जुन पक्षबाट योक म गर्न लगाइयो त्यो बालअधिकारको हनन मात्र नभई बालअपराध नै हो।" उहाँ अगाडि भन्नुहुन्छ- "एकातिर बालबालिकाको संख्या जम्मा जनसंख्याको ५२ प्रतिशत रहेको छ। यो जनसंख्याको बहुमत पक्षले निर्वाचनमा भाग लिन कानुनतः पाएका छैनन्। जनसंखयाको यो उपेक्षित बहुमत बालबालिकाको सम्बन्धमा सबै पार्टीका घोषणापत्र अध्ययन गर्दा १ प्रतिशत पनि स्थान बालबालिकालाई दिएको पाइदैन। यो उपेक्षित बाल आवाज हामीले सम्बन्धित ठाउँमा उठाउँदै आएका छौं। साथै बालबालिका माथि हुने अनेकौं दुर्व्यवहार र अपराधका विरुद्ध बारम्बार हामीले कुरा उठाइरहेका र काम गरिरहेका छौं।"

यही विषयमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) बालबालिका डेस्क प्रमुख कविता अर्यालसँग प्रश्न गर्दा उहाँ भन्नुहुन्छ- "सम्पन्न आम निर्वाचनमा जुन ढंगले नाबालक बालबालिकाहरूलाई मतदानमा भाग लिन लगाइयो र उनीहरूको मतलाई सबै राजनीतिक पार्टीहरूले स्वीकार गरे यो घटना बाल अपराधको अर्को पराकाष्टा हो भन्ने हामीलाई लागेको छ। जुन व्यक्ति वा समूहले यस काममा प्रोत्साहन गर्‍यो उनीहरूभित्र रहेको अपराधिक गतिविधिको मानसिकताले काम गरेको हो भन्ने लाग्छ। यस खालको मत स्वीकार गरे विजयी बनेका सांसादबाट आगामी दिनमा हामीले मानवअधिकार र समग्र समाजको विकासको लागि कति आशा गर्ने यो गम्भीर प्रश्न हाम्रा सामु खडा भएको छ।"

हामी निर्वाचनमा त्यस्ता अबोध बालबालिकाको तस्वीर देख्न सक्दछौं। तस्वीरसँगै पुलिस प्रशासन, निवाृचन आयोगका कर्मचारी, पार्टीका कार्यकर्तासँगै बसेको देखिन्छ। उनीहरूकै अगाडि एक अबोध दुधे बालक मतदान गरिरहेछ, अर्को बालक मत पत्रमा छाप लगाइरहेको छ। सबैले चुपचाप उनीहरूको मतदानलाई स्वीकार गरिरहेको देखिन्छ। ती बालबालिकालार्य मतदान गर्नबाट कसैले रोकने। अबोध बालकको अबोध निर्णय प्राप्त गरी चुन्ने र चुनिने काम भयो। निर्वाचन आयोग च्यापू अगाडि नै घटेको यो घटनाको अगाडि विजयी उम्मेदवारको नाम पनि घोषित भयो। विजयी उम्मेदवारले विजय पश्चात्को जुलुसमा तिनै बालबालिकालाई सँगै लिएर अविर जात्रा पनि गरे।

माथि उल्लेख गरिएका यी सबै घटना हामी सबैले निश्चय पनि देखेका छौं। यी सबै दृश्यका अगाडि हाम्रो देशको प्रशासन, संविधान, ऐन, नियम, कानुन, अन्तर्राष्ट्रिय सन्धि, महासन्धिका धारा, उपधारा, दफा कागजमा मात्र सीमित भए। ती अन्जान बालबालिकाको यसरी प्रयोग गर्ने बाल अपराधीहरूलाई कानुनत सजाय हुने व्यवस्था उल्लेख्य मात्रामा छ। तर कतै कसैलाई कुनै पनि प्रकारको सजाय भएको, स्पष्टिकरण सोधिएको खबर कतै प्रकाशमा किन आएन ? के बैध निर्णयको लागि अबोध निर्णय पनि स्वीकार हुन्छ ? के त्यो मतदान प्रक्रिया कानुन सम्मत नै थियो त ? आखिर नियम र कानुन त कागजमा मात्र सीमित भए नि ? बालबालिकालाई त्यस प्रकारको काममा उक्साउने र प्रयोग गर्नेलाई सजाय गर्ने त कानुन थियो नि ? किन कसैलाई कुनै किसिमको अपराध बोध हुन सकेन। विगत निर्वाचनले यस खालका अनगिन्ती प्रश्नहरू छोडेर गएको छ। हामी सबैको मन मस्तिष्कलाई यस घटनाले अवश्य छोएको पनि हुनुपर्छ। आगामी दिनमा यस खालका घटना घट्न नदिन हामी सबै सचेत भएर लागेमा र दृढतापूर्वक काम गरेमा यस खालको बालअपराध हुने थिएन कि ?

**– आत्माराम शर्मा**

*(**प्राची संचेतना द्वैमासिक,** वर्ष ७, पूर्णाङ्क २६, साउन २०५६)*

## पाठक प्रतिक्रिया

**सम्पादकज्यू,**

मानवअधिकार संरक्षण र सम्वर्धनको क्षेत्रमा कार्यरत इन्सेकले द्वैमासिक रुपमा प्रकाशन गर्ने प्राची पत्रिकामा समावेश लेख रचना पठनीय रहेको मैले पाएको छु। इन्सेकले मानवअधिकारको संरक्षणमा गर्ने हरेक क्रियाकलापको साथै समाजलाई मानवअधिकारसम्बन्धी सचेतना र कर्तव्य बोध गराउने जमर्को गरेको छ। तर यतिले मात्र मानवअधिकारको संरक्षण र सुनिश्चितता हुदैन। अहिले पनि नेपालमा शताब्दियौदेखि बसोवास गर्दै आएका आदिवासी जनजातिलगायत महिला, दलितहरूलाई यस देशका शासक र राजनीतिक दलको नेतृत्वपंक्तिले दासदासीको रूपमा व्यवहार गरिरहेको अवस्था विद्यमान छ। तराईका आदिवासी जनजाती थारु समुदायलाई दोस्रो दर्जाको नागरिकको व्यवहार भैरहेको छ। २०५७ साल साउन २ गते मुक्त गरिएका मुक्त कमैयाहरुको हालसम्म गाँसवास र कपासको सुनिश्चितता भएको छैन। उनीहरुका नावालक छोराछोरीहरुलाई घरेलुकाममा लगाउन जोड दिइने गरिन्छ। दलितहरुलाई जातिकै आधारमा छुवाछुत गरिन्छ। महिलाहरुलाई महिला भएकै कारण संस्कृति,संस्कार र धर्मको आडमा विभेदित व्यवहार कायमै छ। थारु समुदायको पहिचान,स्वाभिमान र सम्मानको प्रतिक तराईका २० जिल्लालाई मधेश घोषणा गरिएको छ। यसमा थारु समूदायको व्यापक विरोध हुँदाहुदै पनि राज्यले हालसम्म संशोधन गर्न मानेको छैन्।

राजनीतिक दलका व्यवहारमा परिवर्तन गर्न र हालसम्म बनेका संविधान र नियम कानुनमा उल्लेख भएका मानवअधिकार र मौलिक हकसम्बन्धी

प्रावधानहरुलाई कार्यान्वयन गराउन राज्य र राजनीतिक दलहरुलाई दवाव दिन नितान्त जरुरी भैसकेकोले सामाजिक न्याय सम्वन्धी सबैखाले विभेदको अन्त्यका लागि यस क्षेत्रमा कार्यरत विद्यमान मानवअधिकारवादी संघ, संस्थाहरुले दवावमुलक कार्यकम संचालन गर्नुपर्ने देखिन्छ। प्राची जस्तो मानवअधिकारका सवालहरुलाई उजागर गर्ने पत्रिकाले पनि यी सवालहरुलाई महत्व देओस भन्ने चाहन्छु।

**भानुराम चौधरी**
**अध्यक्ष, थारु कल्याणकारीणी सभा**
**कैलाली**

**सम्पादकज्यू,**

प्राचीका हरेक अंकले देशको मानवअधिकारको अवस्थाको यथार्थपरक ढंगले विश्लेषण गरेको पाइन्छ। प्राचीको पूर्णाङ्क ६४ समयमै हात पऱ्यो। शिक्षाको अधिकार र गुणस्तरीय शिक्षाको सवालमा प्राचीले शिक्षा नागरिकको नैसर्गिक अधिकार हो भन्ने सवालको बारेमा नागरिकलाई चेतना जागृत गरेको छ। अंक ६४ भित्र रहेका हरेक लेखहरुले शिक्षाको अधिकारको बारेमा जनचेतना जगाएको छ।

मानवअधिकारको विश्वव्यापी घोषणापपत्रको धारा २६ मा प्रत्येक व्यक्तिलाई न्युनतम आधारभूत शिक्षा नि:शुल्क र अनिवार्य हुने उल्लेख भएको छ। तापनि शासकवर्गहरुले अर्न्तराष्ट्रिय प्रतिबद्धताहरुको पालना भने गरेको देखिदैन। सरकार फेरिएपिच्छे शिक्षासम्वन्धी नीति फेरिदै आएको छ। विना योजना र लगानी शिक्षा नीतिको निर्माण गरिदै आएका छन्। शैक्षिक वेरोजगारहरुको संख्याले शिक्षा सदरमुकाम भरिएको छ। युवावर्ग पलायन हुने अवस्थामा छन्। शिक्षा नीतिले दलित, आदिवासी, जनजाति र मधेशीहरुमाथि भेदभाव गरेको छ। शिक्षा नीतिको निर्माणमा हुनेखाने वर्गको पहुँच स्थापित भएको छ। शिक्षालाई मौलिक हकको रुपमा स्थापित गर्नुभन्दा व्यवसायको रुपमा स्थापित गर्न खोजिएको छ।

प्राचीले शिक्षाको अधिकारलाई स्थापित गर्न सहयोग पुऱ्याएकोमा इन्सेक परिवार र प्राचीलाई धन्यवाद दिन चाहन्छु। साथै प्राचीले नागरिकको अधिकारको बारेमा नियमित रुपमा जनतालाई लेख, रचना पस्कन सकोस्, शुभकामना।

**रमेशचन्द्र शर्मा**
**व्यास नगरपालिका-१, भादगाउँ, तनहुँ**

**सम्पादकज्यू,**

इन्सेकले द्वैमासिक रुपमा प्रकाशन गदै आएको प्राची मैले नियमित रुपमा अध्ययन गर्ने अवसर पाएको छु। यसका लागि प्राचीलाई धन्यबाद दिन चाहन्छु। प्राचीको वर्ष १५ पूर्णाङ्क ६४ मा नागरिकका आधारभुत अधिकार मध्येको शिक्षाको अधिकारलाई समेटिएको पाइयो।




यो अत्यन्तै सह्रानीय कदम हो। यसरी इन्सेकले खोजमुलुक र जनताका आधारभूत तथा राज्य संयन्त्रको नीति निर्माण तहलाई घचघच्याउने गरी यस्तै किसिमका सामग्रीहरुको प्रकाशन गर्दै जाओस भन्ने कामना गर्दछु। साथै पछिल्लो समयमा प्राचीको स्तर बढ्दै गएको छ। यसलाई समयसापेक्ष रूपमा परिमार्जन गर्दै लगियोस। आगामी अंकमा आसन्न संविधानसभाको निर्वाचलाई केन्द्रविन्दु बनाई भावी संविधानको स्वरुपबारे सामग्री प्रकाशन गरे सार्न्दभिक हुने थियो की ?

**उमाकान्त रिजाल**
**स्याङजा, एलादी-७ , हाल :पोखरा**

**सम्पादकज्यू,**

मानवका लागि मानवअधिकार मानवअधिकारका लागि उपयुक्त संस्कृति भन्ने ध्येयका साथ अगाडि बढेको प्राचीको आज ६४ औं अंक प्रकाशन गर्न सफल भएको छ। यो सबै प्रयास निरन्तरता र लगनशीलताको कारण हो। यो प्रयास निरन्तर रहोस्, प्राची परिवार र यसका शुभचिन्तकप्रति आभार व्यक्त गर्दै धन्यवाद दिन चाहन्छु।

६४ औं अंकमा शिक्षाको अधिकार र गुणस्तरीय शिक्षा क्षेत्रको समस्या, चुनौतीजस्ता विभिन्न विषय समावेश भएकोले सो अङ्क स्तरीय छ। मानवअधिकार, महिला, बालअधिकार, शान्ति, विकास, प्रजातन्त्र, संविधानसभा निर्वाचन, समावेशी, समानता, युवा अधिकार र सवाल, चेलीबेटी बेचबिखन, अपाङ्गहरुको सवालले जे जस्ता विषय भएपनि यसले मानवअधिकार चेतना प्रचार प्रसारमा ठूलो योगदान पुऱ्याएको छ। यस अंकमा कुन्दन अर्यालको निरन्तर संघर्ष विरेन्द्रप्रतिको श्रद्धाञ्जली भन्ने लेखले मन छोयो। किन यसरी समाजसेवी, पत्रकार, मानवअधिकारकर्मी, बालबालिकाहरुलाई शारीरिक, मानसिक यातना र हत्या गर्ने गर्छन् ? किन यस्ता व्यक्तिहरुको हत्यारा खोजी कारबाही हुँदैन ? हुन्छ भने कहिले र कसले कारबाही गर्छ ? मर्ने मार्ने, तोडफोड आवेगले कहिले पनि सफलता मिल्दैन। शान्ति सद्भाव र मेलमिलापले नै नयाँ नेपाल बन्नसक्छ। अब यसरी कहिल्यै कसैको पनि हत्या नगरुन्। समयमा निष्पक्ष र धाँधलीरहित संविधानसभाको निर्वाचन गराउने बिषयमा चेतना जगाउन तथा सत्यतथ्य घटना र विचार समावेश गर्न सम्पूर्ण वर्ग, उमेर, जातजाति र भाषाभाषीमाझ प्राची पुगोस्, सफलताको शुभकामना।

**विन्दा पाण्डे**
**मदानपुर-२, नुवाकोट**



# संविधानसभा र दलहरूको जिम्मेवारी

- सुबोधराज प्याकुरेल

**यथार्थ नटेर्नेहरुले अरूलाई धेरै नास गरेको तर आफू सम्पूर्ण नष्ट भएको मात्र इतिहास छ।**

बाह्र बुँदे सहमति, तेइस बुँदे सहमति र विस्तृत शान्ति सम्झौतामार्फत् सातदलबीच राजनीतिक सहमतिले पूर्णता पाएको हो। मधेसी जनअधिकार फोरमले थालेको आन्दोलनले लोकतान्त्रिक गणतन्त्र प्रतिको प्रतिबद्धतामा संघीयता पनि थप्यो। त्यसपछि मधेसमा जारी दोस्रो आन्दोलनले त्यसमा व्यावहारिक सुनिश्चितताको जोहो गऱ्यो।

अहिले संविधानसभाको एजेण्डा लिएर दलहरू जनतासमक्ष पुग्न तँछाड मछाड गर्दैछन्। जनताका लागि ०५६ को आम चुनावपछि राजनीतिक विषयमा अद्यावधिक हुने यो दोस्रो अवसर हो। ०५६ यताका आठ वर्षमा नेपाली चेतनाले आठ दशकको भुक्तभोगी परिपक्वता हासिल गरिसकेको छ। जनताको यो परिपक्वता जनआन्दोलनका समयमा दृढतापूर्वक सडकमा उभिएका पचपन्न लाख जनताका एक करोड दश लाख पाइतालाहरूले सावित गरिसकेको छ। जनआन्दोलनले नाङ्गा छाती थापेर बन्दुकका मोहरीका सामुन्ने घोषणा गरेको थियो- "जीवन भन्दा शान्ति र स्वतन्त्रता प्यारो छ।" आफ्ना सन्ततीका लागि सम्मान र स्वतन्त्रता ल्याउन नेपाली जनताको बलिदानी जुलुस लामबद्ध भएको थियो । युद्धको विरुद्ध शान्ति। निरङ्कुशताको विरुद्ध स्वतन्त्रता। र, अन्यौलका विरुद्ध प्रगति। माओवादी र राज्यको लडाईमा घुन झैं पिसिएका जनताको भद्र अवज्ञाले माओवादीको जनयुद्ध र राजाको निरङ्कुश महत्त्वाकाङ्क्षालाई परास्त गर्ने कसम खाएको थियो। दुवैको नीयतीमा पराजय थियो र जनता अब विकेन्द्रित र अधिकार सम्पन्न, समुन्नत र अखण्ड राष्ट्रको निर्माण गर्न प्रतिबद्ध थिए। त्यस अर्थमा ०४७ यताको राजनीतिमा राजाको अगाडि नतमस्तक हुँदै आएका र ०४७ को संविधानको अक्षरलाई भावनामा उतार्ने जाँगर र कौसल देखाउन नसकेका नेताहरूको असफलताको उद्घोष पनि जनआन्दोलनले गरेकै हो। ०६२ को अन्त्यसम्म पुग्दा नपुग्दै देशभरिमा स्वतस्फूर्त रूपमा जनआन्दोलनले साझा नारा तय गऱ्यो- "संघीय लोकतान्त्रिक गणतन्त्र ।"

जनताले नयाँ नेपालको अर्थ आफ्ना लागि नयाँ भविष्यका रूपमा परिभाषित गरेको थियो। जनतालाई विद्वानका ठेली र त्यसका शब्द शब्द उल्लेख गर्न आउँदैन। पढेर होइन परेर जानेका जनतालाई यसको आवश्यकता पनि छैन। बरू विद्वानहरूले पो जनतासँग संगत गरेर, सिकेर नयाँ नौला ठेली, उपठेलीको रचना गर्नुपर्छ।

अनेक संशोधन पछि जेनतेन जीवित अहिलेको अन्तरिम संविधानले सात दल र मधेसी दलहरूको साझा प्रतिबद्धता लिपिबद्ध गरेको छ। त्यसलाई कुन विधि, प्रविधि र प्रक्रियाले व्यवहारमा रूपान्तरण गर्ने भन्ने विषयमा दलहरूबीच प्रतिस्पर्धा हुनुपर्थ्यो । यो संविधानसभाको चुनाव हो। संविधानसभाले निरुपण गर्ने विधिले सम्पूर्ण जनताको भावना र संलग्नतालाई समेट्न के के गर्नु पर्ला भन्ने विषयमा एक से एक योजना र प्रक्रियाको प्रचार हुनु पर्ने हो । जनआन्दोलनले सबै प्रकारका मपाइवादलाई निषेध गरेको हो। नेपालको जनआन्दोलनलाई विश्वले "सुन्तला रंगको क्रान्ति" भनेर त्यसै सम्मान गरेको होइन। नेपाली जनआन्दोलनले सबै खाले निषेधलाई निषेध गरेको हो।

संविधानसभाको चुनावमा जाँदा दलहरूले जनताको उदारतालाई बुझ्न सकेको पाइएको छैन। हिजो जानेको अर्कालाई निषेध गर्ने, अविश्वास गर्ने, जालसाजी गर्ने र बल मिच्चाइ गर्ने बानी फेरेको पनि पाइएन । सबै दल अर्कालाई तल नझारी आफू अगाडि बढ्न सकिन्न भन्ने मनोदशाले कम बेसी ग्रस्त रहेको पाइयो। अरू दलहरूले विगतका कमी कमजोरी नदोहरिने वाचा र त्यसमा विश्वास गर्न सकिने संस्थागत र राजकीय संरचनाको विकल्प प्रस्तुत गर्न सकेनन्। माओवादीले बन्दुक त थन्क्यायो तर पाखुरी बजार्ने र अरूलाई निषेध गर्ने प्रवृत्ति त्याग्न सकेन।

कसैलाई भ्रम नरहोस्। जनतालाई सबैका बारेमा सबै कुरा राम्रोसँग थाहा छ। विगतको काँढा जनताको छातीमा गडेको छ। मौकामा फैसला दिन जनता चुक्नेवाला छैन। तर, एउटा गम्भीर प्रश्न बाँकी छ, जनता फैसला दिन तम्तयार छन्। के नेताहरू फैसला मान्न तयार छन् ? विगतका निर्वाचनहरूमा हारजीत भोगेका दलहरूको सहजता प्रमाणित छ। तर, नेकपा (माओवादी) पनि जनताको फैसला मान्न तयार छ ? यो अहम् प्रश्न बारम्बार उठिरहनुका पछाडि कारण पनि छ। माओवादी नेताहरू कुनै हालतमा चुनाव नहार्ने र हारेमा नयाँ क्रान्ति गर्ने घोषणा गर्दैछन् । यस अर्थमा, इतिहासको यो क्षणले माओवादी समक्ष गम्भीर र गहन जिम्मेवारी बोधको चुनौती थपेको छ। आशा गरौं यथार्थको धरातल सबैले टेक्ने छन्। यथार्थ नटेर्नेहरूले अरुलाई धेरै नास गरेको तर आफू सम्पूर्ण नष्ट भएको मात्र इतिहास छ।

# संविधानसभा निर्वाचन : प्रक्रिया र पद्धति

अधिवक्ता यामबहादुर किसान

**जनताको प्रत्यक्ष निर्वाचनबाट गठित संविधानसभाद्वारा संविधानको निर्माण गर्ने विधि नै सबैभन्दा उत्तम, जनसहभागितामूलक र लोकतान्त्रिक विधि मान्ने गरिएको छ।**

**१. नेपालमा संविधानसभाको पृष्ठभूमि**

नेपालमा संविधानसभाको प्रसँग वि.सं. २००७ सालदेखि नै उठ्दै आएको हो। राणा शासनविरोधी आन्दोलनलाई थान्को लगाएको विवादित "दिल्ली सम्झौता" को दोस्रो बुँदामा यसको प्रसँग उठाइएको छ। त्यहाँ वयस्क मताधिकारको आधारमा छानिएको "संविधान निर्माण दात्री समिति" को निर्वाचन सन १९५२ भित्रै गरी संविधान निर्माण गर्ने कुरा उल्लेख छ। सोही सम्झौताको बुई चढेर २००७ साल फागुन ४ गते नेपाल फर्केका स्वनिर्वासित राजा त्रिभुवनले फागुन ७ गते जारी गरेको शाही घोषणामासमेत "प्रजाको शासन अब उप्रान्त निजहरुले निर्वाचन गरेको एक वैधानिक सभाले तर्जुमा गरेको गणतन्त्रात्मक विधानको अनुसार होओस् भन्ने अहिले आम्रो इच्छा र निर्णय भएकोले" भन्ने उल्लेख भएको पाइन्छ। तर वैधानिक सभा गठन नहुँदासम्मका लागि भनेर ल्याइएको नेपाल अन्तरिम शासन विधान २००७ ले २०१५ माघ मसान्तसम्म निरन्तरता पाइरह्यो। २०१५ फागुन १ गते राजा महेन्द्रले २०१४ माघ १९ गते गठन गरेको "नयाँ संविधान मस्यौदा कमिशन" ले निर्माण गरेको नेपाल अधिराज्यको संविधान २०१५ जारी गरेर संविधानसभाको निर्वाचनको सम्भावनालाई अन्त्य गरिदिए। त्यसपछि सेलाएको संविधानसभाको बिषयलाई २०४६ सालको जनआन्दोलनको वेला गठन भएको साना वामघटकहरुको गठबन्धन संयुक्त जनआन्दोलन संघर्ष समितिले पुनर्जिवित गऱ्यो। तत्कालिन नेकपा (मसाल) ले यही मागलाई अघि सारेर २०४८ सालको आमनिर्वाचन समेत बहिष्कार गऱ्यो। तर त्यो माग जायज हुँदाहुँदै पनि भर्खर पुनर्स्थापित बहुदलीय व्यवस्थाको रमझम र प्रमुख ठूला पार्टीहरुको बेवास्ताका कारण त्यत्तिकै विलाएर गयो। २०४६ सालको जनआन्दोलनले स्थापना गरेको संवैधानिक राजतन्त्रसहितको संसदीय व्यवस्थाप्रति असन्तुष्ट तत्कालिन संयुक्त जनआन्दोलन संघर्ष समितिलको एउटा घटक नेकपा (मशाल) नेकपा (एकताकेन्द्र) हुँदै वि.सं. २०५२ सालदेखि नेकपा (माओवादी) को नाममा जनयुद्ध शुरु भएको घोषणा गऱ्यो। वि.सं. २०५८ सालमा सरकारसँग भएको पहिलो वार्तामा माओवादीको वार्ताटोलीका तर्फबाट प्रस्तुत २३ सूत्रीय विषयवस्तुमा संविधानसभाको माग पुन: उठाइयो। त्यही मागका कारण वार्ता असफल भयो। २०५९ सालमा मा भएको दोस्रो वार्तामा पनि माओवादीले संविधानसभाको निर्वाचनलाई प्रमुख मागको रुपमा उठायो। संविधानसभाको निर्वाचनमा कुरा नमिलेपछि दोस्रो वार्ता पनि असफल भयो। २०६१ माघ १९ गते राजा ज्ञानेन्द्रले ससदीय व्यवस्था विरुद्ध कू गरेपछि २०६२ मंसिर ७ गते भएको नेकपा (माओवादी) र सातदल बीचको १२ बुँदे सम्झौताको बूँदा नं. २ मा संविधानसभाको निर्वाचन गर्ने कुरा उल्लेख गरियो। त्यसैको आधारमा भएका जनआन्दोलन, त्यसपछिको २०६३ असार २ गते भएको ८ बुँदे सम्झौता, २०६३ मंसिर ५ गते भएको विस्तृत शान्ति सम्झौता र २०६३ माघ १ गते जारी नेपालको अन्तरिम संविधान २०६३ हुँदै नेपालमा संविधानसभाको निर्वाचनको सवाल स्थापित भएको हो। यसरी संविधानसभाको सवाललाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा स्थापित गर्न नेपाली जनताले २००७ सालदेखि २०६३ सालसम्ममा पटक-पटक जन-संघर्ष, सशस्त्र विद्रोह, जनआन्दोलन र जनयुद्धमार्फत निरन्तर संघर्ष र बलिदानको शृङ्खला तयार गर्नपऱ्यो।

**२. संविधानसभाका प्रक्रियाहरु**

**२.१. संविधान निर्माण गर्ने प्रक्रिया**

संविधान विभिन्न तरिका वा प्रक्रियाद्वारा निर्माण गरिन्छ। राजा वा राष्ट्रपति वा सर्वोच्च शासक/तानाशाहहरुले आफ्नै निगाहमा संविधान बनाएर जनतालाई लाद्ने गरेको पनि पाइन्छ। नेपालमा २००४ सालमा पद्मशमशेरले जारी गरेको संविधान र २०१९ सालमा राजा महेन्द्रले जारी गरेको संविधान यसै कोटीमा पर्दछन्। विजेता राष्ट्र वा औपनिवेशिक शक्तिराष्ट्रले अन्य देशको संविधान बनाएका उदाहरणहरु पनि पाइन्छन्। दोस्रो विश्वयुद्धपछि अमेरिकाले जापानको संविधान निर्माण गरेको र बेलायतले आफ्नो उपनिवेशबाट स्वाधिनता प्रदान गर्ने क्रममा अष्ट्रेलिया, क्यानाडा, केन्या, भारत, पाकिस्तान, श्रीलङ्काका

संविधान निर्माण गरेको थियो। विजेता राजनीतिक दल वा आन्दोलनकारी शक्तिले पुरानो सत्ता र संविधानलाई विस्थापित गरी आफ्नै प्रतिनिधिहरुद्वारा नयाँ संविधान निर्माण गर्ने प्रक्रिया पनि व्यवहारमा प्रयोग भएका छन्। नेपालको अन्तरिम संविधान २०६३ यसै विधिद्वारा बनाइएको हो भने अधिकांश क्रान्ति सम्पन्न भएका कम्युनिष्ट मुलुकहरुमा यो विधि प्रयोग गरिएको पाइन्छ। तर यी दुवै तरिकालाई संविधान निर्माणको सैद्धान्तिक विधि वा प्रक्रिया मान्न सकिन्न वा यसलाई सैद्धान्तिकरण गर्न सकिन्न। संविधान निर्माण गर्ने सबैभन्दा सजिलो र बढी प्रयोगमा आउने तरिका भनेको संविधान र कानूनका विज्ञहरुको समूह वा आयोग वा समिति (विशेषज्ञहरुको टोली) गठन गरी संविधानको मस्यौदा तयार गर्ने र यसलाई संसद वा सरकार वा राष्ट्र प्रमुखद्वारा अन्तिम रुप दिई जारी गर्ने तरिका हो। नेपाल अधिराज्यको संविधान २०४७ यसै विधिद्वारा बनाइएको हो। संघीय राज्य भएका देशहरुले राज्यका प्रतिनिधिहरुको सम्मेलन वा सभाद्वारा पनि संविधानको निर्माण गरेका उदाहरणहरु पाइन्छन्। यसरी संविधान निर्माण गर्नेहरुमा संयुक्त राज्य अमेरिका, क्यानाडा र अष्ट्रेलियाका पछिल्ला संविधानहरु पर्दछन्। कतिपय देशहरुमा विद्यमान संविधानको पुनरावलोकन गरी संवैधानिक सुधार वा नयाँ संविधानको मस्यौदा गर्न संवैधानिक आयोगको गठन गरी संविधानको निर्माण गर्ने गरिन्छ। यसरी आयोगले तयार गरेको मस्यौदालाई जनमत सँग्रह वा निर्वाचित संसदबाट अनुमोदन गरेपछि लागू गरिन्छ। अफगानिस्तान (२००४), इराक (२००५) र इरिट्रिया (२००२) का संविधानहरु यसरी बनेका हुन्। संविधान निर्माण गर्ने अर्को विधि भनेको मुलुकमा विद्यमान व्यवस्थापिका-संसदद्वारा अन्य कानून निर्माण गरे जसरी संविधान बनाउने विधि हो। चालु संविधानमा सुधार, संशोधन वा परिवर्तन गरेर पनि संसदले संविधान निर्माण गर्ने गर्छ। यो निरन्तर संसदीय प्रक्रिया भित्र पर्दछ। जनताको प्रत्यक्ष निर्वाचनबाट गठित संविधानसभाद्वारा संविधानको निर्माण गर्ने विधि नै सबैभन्दा उत्तम, जनमुखी, जनसहभागितामूलक र लोकतान्त्रिक विधि मान्ने गरिएको छ।

**२.२ सशर्त र निशर्त संविधानसभाको बहस**

नेपालमा हुन गैरहेको संविधानसभाको निर्वाचन सशर्त हुने कि निशर्त हुने भन्ने सवालमा शुरुका दिनहरुमा नेपालका राजनीतिक दल, राजनीतिकर्मी, राजनीतिशास्त्री, संविधानविद्, कानूनविद तथा विद्वानहरु बीच तातो बहसको विषय बन्यो। आम नेपाली जनता भन्दा पनि शहरिया बुद्धिजिविहरु सशर्त र निशर्त संविधानसभाको दुई ध्रुवमा विभाजित हुँदै गएका थिए र यसो हुनुमा दुवैका आ-आफ्नै स्वार्थ, आशंका र अविश्वासहरुले काम गरेका थिए। संविधानसभाको निर्वाचन निशर्त हुनुपर्छ भन्नेहरुमा नेकपा (माओवादी) र अन्य राजनीतिक दलका नेता कार्यकर्ताहरु र आम नागरिक समाजका नेता कार्यकर्ताहरु रहेका थिए। यसो भन्नुमा दरवारियाहरु, विदेशी शक्तिहरु र परम्परागत संवैधानिक राजावादीहरुले आलङ्कारिक राजा (Ceremonial King) राख्ने शर्त राख्न सक्छन् भन्ने आशंका उनीहरुमा रहेको थियो। त्यसैगरी कानूनविद् र मानवअधिकारवादीहरु सशर्त संविधानसभाको पक्षमा देखिनुका पछाडि आगामी संविधानसभाले अन्तर्राष्ट्रिय मानवअधिकार तथा मानवीय कानून तथा २०४७ सालको संविधानले व्यवस्था गरेको मौलिकहककहरुलाई नै हटाउने हो कि भन्ने आशंकाले काम गरेको थियो। तर संविधानसभाको निर्वाचन आफैमा निशर्त हुने विषय हो। सम्पूर्ण सार्वभौमसत्ता तथा राजकीयसत्ता सम्पन्न र राज्यशक्तिको स्रोत जनतालाई शर्त राख्ने अधिकार र शक्ति कसैलाई हुदैन। तर अन्तरिम संविधानको तेस्रो संशोधनले संविधानसभापछि नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रमा जानुपर्ने शर्त राखेको छ।

**संविधानसभाको निर्वाचन आफैमा निशर्त हुने विषय हो। सम्पूर्ण सार्वभौमसत्ता तथा राजकीयसत्ता सम्पन्न र राज्यशक्तिको स्रोत जनतालाई शर्त राख्ने अधिकार र शक्ति कसैलाई हुदैन। तर अन्तरिम संविधानको तेस्रो संशोधनले संविधानसभापछि नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रमा जानुपर्ने शर्त राखेको छ।**

# सात राजनीतिक दलहरू र नेकपा (माओवादी) बीच भएको १२ बुँदे सम्झौता

१. आज देशमा लोकतन्त्र, शान्ति, समृद्धि, सामाजिक अग्रगमन तथा स्वतन्त्र सार्वभौम नेपाल आम नेपाली जनताको प्रमुख चाहना हो। त्यसका निम्ति प्रमुख बाधक निरंकुश राजतन्त्र हो भन्ने कुरामा हामी पूर्ण सहमत छौं। निरंकुश राजतन्त्र अन्त्य गरेर पूर्ण लोकतन्त्र स्थापना नगरेसम्म देशमा शान्ति, प्रगति र समृद्धि सम्भव छैन भन्ने हाम्रो स्पष्ट धारणा छ। त्यसैले निरंकुश राजतन्त्रविरोधी सम्पूर्ण शक्तिहरूले निरंकुश राजतन्त्रका विरूद्ध आ-आफ्ना ठाउँबाट प्रहार केन्द्रित गर्दै देशव्यापी लोकतान्त्रिक आन्दोलनको आँधीबेहरी निर्माण गरेर निरंकुश राजतन्त्रलाई अन्त्य गरी पूर्ण लोकतन्त्र स्थापना गर्ने समझदारी भएको छ।

२. आन्दोलनको शक्तिले संसद्को पुनर्स्थापन गर्ने र त्यसको निर्णयले अधिकार सम्पन्न सर्वदलीय सरकार, माओवादीसंग वार्ता र सहमतिका आधारमा संविधानसभाको निर्वाचन गरी पूर्ण लोकतन्त्र स्थापना गरेर नै देशमा विद्यमान द्वन्द्वको समाधान गर्न सकिन्छ र सार्वभौमसत्ता र राजकीय सत्ता पूर्णरूपले जनतामा स्थापित गर्न सकिन्छ भन्ने कुरामा आन्दोलनरत सात राजनीतिक दलहरू पूर्ण प्र तिबद्ध छन्। आन्दोलनरत लोकतान्त्रिक शक्तिहरूको राष्ट्रिय राजनीतिक सम्मेलन गर्ने र त्यसको निर्णयले अन्तरिम सरकार बनाई संविधानसभाको निर्वाचन गरेर उल्लेखित लक्ष्य हासिल गर्न सकिन्छ भन्ने ने.क.पा.(माओवादी) को धारणा र प्रतिबद्धता रहेको छ। यो प्रक्रियागत कार्यसूचीको विषयमा आन्दोलनरत सात राजनीतिक दल र ने.क.पा.(माओवादी) बीचमा सम्वाद चलाउँदै जाने र साझा सहमतिको खोजी गर्ने समझदारी बनेको छ। उक्त लक्ष्य हासिल गर्न जनआन्दोलनको शक्ति नै एक मात्र विकल्प हो भन्ने कुरामा समझदारी भएको छ।

३. देशले आज सशस्त्र द्वन्द्वको सकारात्मक समाधानका साथ स्थायी शान्ति स्थापनाको माग गरेको छ। त्यसैले हामी निरंकुश र जतन्त्रको अन्त्य र उक्त प्रक्रियागत आधारमा आउने संविधानसभाको निर्वाचन र पूर्ण लोकतन्त्र स्थापनाको अग्रगामी राजनीतिक निकासद्वारा देशमा विद्यमान सशस्त्र द्वन्द्वको अन्त्य गरी स्थायी शान्ति स्थापना गर्न दृढ संकल्पित छौं। यस प्रक्रियाद्वारा शान्तिपूर्ण नयाँ राजनैतिक धारमा अघि बढ्न ने.क.पा.(माओवादी) प्रतिबद्धता व्यक्त गर्दछ। यसै सन्दर्भमा निरंकुश राजतन्त्रको अन्त्यपछि हुने संविधानसभाको निर्वाचनको क्रममा माओवादी सशस्त्र शक्ति र शाही सेनालाई संयुक्त राष्ट्रसंघ वा भरपर्दो अन्तर्राष्ट्रिय सुपरि वेक्षणमा राख्ने, निर्वाचनलाई स्वतन्त्र र निष्पक्ष ढंगले सम्पन्न गर्ने र निर्वाचनको परिणामलाई स्वीकार्ने समझदारी भएको छ। वार्ता प्रक्रियामा समेत भरपर्दो अन्तर्राष्ट्रिय समुदायको संलग्नतालाई हामी अपेक्षा गर्दछौं।

४. प्रतिस्पर्धात्मक बहुदलीय शासन प्रणाली, नागरिक स्वतन्त्रता, मानवअधिकार, कानुनी राज्यको अवधारणा, मौलिक हक आदि लोकतान्त्रिक मूल्य मान्यताप्रति ने.क.पा.(माओवादी) ले आफ्नो प्रतिबद्धता प्रस्टताका साथ संस्थागत ढंगले सार्वजनिक गर्दै तदनुरूप आफ्ना गतिविधिहरू अघि बढाउने प्रतिबद्धता व्यक्त गरेको छ।

५. ने.क.पा.(माओवादी) ले सशस्त्र द्वन्द्वको क्रममा विस्थापित हुन पुगेका अन्य लोकतान्त्रिक पार्टीका नेता, कार्यकर्ता र जनतालाई यथास्थानमा फर्केर ससम्मान बसोबास गर्ने, उनीहरूको अन्यायपूर्ण तरिकाबाट कब्जा गरिएका घरजग्गा सम्पत्ति फिर्ता गर्ने र उनीहरूलाई निर्वाध ढंगले राजनैतिक गतिविधि गर्न पाउने वातावरण तयार गर्ने प्रतिबद्धता व्यक्त गरेको छ।

६. विगतका गल्ती कमजोरीहरूको आत्मसमीक्षा र आत्मआलोचना गर्दै भविष्यमा गल्ती कमजोरी हुन नदिन ने.क.पा.(माओवादी) ले प्रतिबद्धता व्यक्त गरेको छ।

७. सात राजनीतिक दलहरूले विगतमा संसद र सरकारमा छँदा भएका गल्ती कमजोरीप्रति आत्मसमीक्षा गर्दै अब त्यस्ता गल्ती कमजोरी नदोहोर्‍याउने प्रतिबद्धता व्यक्त भएको छ।

८. शान्ति प्रक्रियालाई अघि बढाउने सन्दर्भमा मानवअधिकारका मूल्यमान्यताहरूलाई पूर्ण सम्मान गर्ने र तिनका आधारमा अघि बढ्ने तथा प्रेस स्वतन्त्रताको सम्मान गर्ने कुरा प्रतिबद्धता गरिएको छ।

९. जनता र अन्तर्राष्ट्रिय समुदायलाई भ्रम दिने तथा राजाको निरंकुश र अवैधानिक शासनलाई वैधानिकता प्रदान गर्ने कुत्सित उद्देश्यका लागि अघि सारिएको नगरपालिकाको निर्वाचनको घोषणा र संसदको निर्वाचनको चर्चा एउटा कपटपूर्ण चाल भएकाले त्यसलाई आ-आफ्नो ढंगले सक्रिय बहिष्कार गर्ने घोषणा गर्दै त्यस्तो निर्वाचनलाई असफल बनाउन आम जनतालाई आह्वान गरि एको छ।

१०. जनता र तिनका प्रतिनिधि राजनीतिक दलहरू नै राष्ट्रियताका वास्तविक पहरेदार हुन्। त्यसैले देशको स्वाधीनता, सार्वभौमिकता र भौगोलिक अखण्डताको रक्षा र राष्ट्रिय एकताप्रति हामीहरू पूर्ण रूपले प्रतिबद्ध छौं। शान्तिपूर्ण सहअस्तित्वका सिद्धान्तका आधारमा संसारका सबै मुलुकहरूसंग मैत्री सम्बन्ध र छिमेकी मुलुकहरू खासगरी भारत र चीनसंग असल छिमेकीको सम्बन्ध कायम राख्नु हामी सबैको साझा कर्तव्य हो। परन्तु आफ्नो निरंकुश र अवैधानिक शासन टिकाउन र देशभक्त जनतालाई भ्रम दिन राजा र राजावादीहरूले मण्डले राष्ट्रवादको हौवा खडा गर्ने र राजनीतिक दलहरूको देशभक्तिमाथि प्रश्नचिन्ह खडा गर्ने जुन मिथ्या प्रयास गरिरहेका छन् त्यसबाट सतर्क रहन हामी सम्पूर्ण देशभक्त जनसमुदायलाई आग्रह गर्दछौं र अन्तर्राष्ट्रिय शक्तिहरू र जनसमुदायलाई नेपालको निरंकुश राजतन्त्रविरोधी लोकतान्त्रिक आन्दोलनलाई हरतरहले साथ दिन अपिल गर्दछौं।

११. लोकतन्त्र शान्ति, समृद्धि, अग्रगामी सामाजिक परिवर्तन तथा देशको स्वतन्त्रता, सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राखेर भएका हाम्रा यी समझदारीका आधारमा संचालित हुने शान्तिपूर्ण जनआन्दोलनमा सक्रिय सहभागिता जनाई आन्दोलनलाई सफल बनाउन हामी नागरिक समाज, पेशागत समुदाय, जनवर्गीय संघ-संगठनहरू सबै जाति र क्षेत्रका जनता, पत्रकार जगत, बुद्धिजीवीहरू र आम नेपाली जनसमुदायमा हार्दिक आह्वान गर्दछौं।

१२. विगतमा दलहरूबीच भएका अनुपयुक्त व्यवहारहरूको सन्दर्भमा दल विशेषले आपत्ति जनाएका र छानविनको माग गरेका घटनाहरूको सम्बन्धमा छानविन गर्ने र दोषी पाइएमा दोषीलाई कार्वाही गरी सार्वजनिक रूपमा जानकारी गराउने साझा प्रतिबद्धता व्यक्त भएको छ। अब उपरान्त दलहरूबीच समस्या उत्पन्न भए सम्बन्धित तह वा नेतृत्व तहमा छलफल गरेर सम्वादको माध्यमबाट समस्याहरूको समाधान गर्ने समझदारी भएको छ।

मिति २०६२ मंसिर ७ गते

### २.३. सम्झौता, संशोधन, घोषणा र मूल प्रवाहिकरण

नेकपा(माओवादी) र सात संसदीय दलहरुबीच २०६२ मंसिर ७ गते भएको दिल्ली सम्झौतापछि नै नेपालमा संविधानसभाको निर्वाचनको ढोका खुलेको हो। यसले सशस्त्र विद्रोही र लोकतन्त्रवादी संसदीय दलहरुलाई एउटै मूल प्रवाहमा समाहित मात्रै गरेन, शसस्त्र जनयुद्ध गरिरहेको नेकपा (माओवादी) शान्तिपूर्ण जनआन्दोलनमा समेत समावेश भयो। र, यसैका आधारमा भएको संयुक्त सफल जनआन्दोलनले नेपालमा निरंकुश राजतन्त्रको क्षयिकरण र लोकतन्त्रको पुनर्स्थापना तथा संविधानसभाको निर्वाचनको सम्भावना बलियो भयो। त्यसपछिको २०६३ असार २ गते भएको लोकतान्त्रिक सरकार र नेकपा (माओवादी)बीचको आठ बुँदे समझदारी, दुवै तर्फबाट २०६३ साउन २४ गते संयुक्त राष्ट्रसंघलाई पठाएको पत्र, २०६३ कात्तिक २२ गते सातदल र माओवादीबीच भएको सम्झौता, नेपाल सरकार र माओवादीबीच २०६३ मंसिर ५ गते भएको विष्तृत शान्ति सम्झौता, नेपाल सरकार र माओवादीबीच २०६३ मंसिर २२ गते भएको हतियार र सेना व्यवस्थापनको अनुगमन सम्झौता, नेपाल सरकार र आदिवासी/जनजाति, मधेशी जनअधिकार फोरम र चुरेभावर एकतासमाजसँग विविध समयमा गरेको सम्झौता र सहमतिहरु र सातदल बीचको २३ बुदे सहमति, नेपाल सरकारले संयुक्त मधेशी मोर्चासँग २०६४ फागुन १६ गते गरेको आठ बुँदे र संघीय गणतान्त्रिक राष्ट्रिय मोर्चासँग यही २०६४ फागुन १८ गते गरेको चारबुँदे सम्झौताहरु संविधानसभा सम्पन्न गर्नका लागि अपनाइएका महत्वपूर्ण प्रक्रियाहरु हुन्। यसैगरी तत्कालिन प्रतिनिधिसभा र प्रधानमन्त्रीले विविध समयमा गरेका घोषणाहरुसमेत यसै प्रक्रियाभित्र पर्दछन्। जसले सातदल र नेकपा (माओवादी) लाई मात्र होइन, दलित, जनजाति, मधेशीलगायतका समूहलाई संविधानसभाको निर्वाचनका लागि समाहिकरण र मूलप्रवाहीकरण गरेको छ। यो आफैमा संविधानसभाका लागि महत्वपूर्ण प्रक्रिया हो।

### २.४. अन्तरिम व्यवस्थापन प्रक्रिया

अन्तरिम व्यवस्थापनलाई संक्रमणकालीन व्यवस्थापन पनि भन्न सकिन्छ। खासगरी जनआन्दोलनबाट स्थापित शक्तिले नयाँ संरचनाको स्थापना नहुँदासम्म अन्तरिम व्यवस्थापन गर्ने प्रक्रिया अन्यत्र पनि हुने गर्छन्। रुवान्डा, इथियोपिया, कम्बोडिया, इरिट्रिया, दक्षिण अफ्रिकामा यस्तो अन्तरिम व्यवस्थापन गरिएको थियो। नेपालमा २०४७ सालमा पनि अन्तरिम सरकारको गठन गरिएको थियो। नेकपा (माओवादी) र सात संसदीय दलहरुबीच २०६२ मंसिर ७ गते भएको दिल्ली सम्झौताले नै नेपालमा संविधानसभाको चुनावपछि बन्ने नयाँ नेपालको संविधान भन्दा अगाडिका सबै संरचनाहरु अन्तरिम हुने परिकल्पना गरेको थियो। सोही बमोजिम पुरानो संविधानको खारेजी र नेपालको अन्तरिम संविधान २०६३ जारी, पुनर्स्थापित प्रतिनिधिसभाको विघटन र अन्तरिम व्यवस्थापिका-संसदको स्थापना र अन्तरिम सरकारको गठन भएको हो।

### २.५. संवैधानिक अदालतको गठन

संविधानसभाको निर्वाचन सम्बन्धी विवाद हेर्न र त्यसले बनाएको संविधान संवैधानिक सिद्धान्त अनुरुप छ छैन भनी निर्णय गर्न संवैधानिक अदालतको गठन गर्ने गरिन्छ। दक्षिण अफ्रिका, पोल्याण्ड र हंगेरीमा यस्ता अदालतको गठन ठरिएका थिए। दक्षिण अफ्रिकाको संवैधानिक अदालतलाई संविधानसभाले तयार पारेको अन्तिम मस्यौदा संवैधानिक सिद्धान्तहरु अनुरुप भएनभएको जाँच्ने न्यायिक अधिकारसमेत दिएको थियो। सोही अधिकार अनुरुप सो अदालतले स्थापित संवैधानिक सिद्धान्तहरु सँग बाझिएको भनी पहिलो मस्यौदालाई अस्वीकार गरेको थियो। नेपाल सरकारले पनि सर्वोच्च अदालतका न्यायाधीश अनुपराज शर्माको अध्यक्षतामा संवैधानिक अदालतको गठन गरेको छ।

### २.६. संवैधानिक सिद्धान्तको पहिचान

संविधानसभा आफैमा साध्य नभई साधन भएकाले यसको प्रयोग कसरी गर्ने र केका लागि गर्ने भन्ने प्रश्न महत्वपूर्ण हुनेगर्छ। त्यसैले संविधानसभाले गर्ने काम, यसको उद्देश्य, नयाँ संविधानले अपनाउनुपर्ने संवैधानिक सिद्धान्त जस्ता कुराको पहिल्यै तयारी हुनुपर्छ। दक्षिण अफ्रिकामा संविधानसभाको चुनाव अगावै ३४ वटा संवैधानिक सिद्धान्तलाई स्वीकृत गरिएको थिए। अन्तर्दलीय सहमतिमा तयार पारिएका यी सिद्धान्तहरु अनुनीय (Immutable Principles) का रुपमा स्वीकार गरिएका थिए। जसमा संविधानसभापछि अविभाज्य राज्य, मौलिक हक, बालिग मताधिकार, आवधिक निर्वाचन, बहुदलीय प्रतिष्पर्धा, राष्ट्रिय-प्रान्तिय-स्थानीय शासन, शक्ति पृथकिकरण, संघीय र प्रान्तिय तहमा अधिकारको बाँडफाँड, जाति भाषाको आधारमा विविध जातजाति अधिकांस संरक्षण जस्ता सिद्धान्तहरु मुख्य थिए। नेपालमा यसरी संवैधानिक सिद्धान्तको वारेमा कुनै सहमति नभएपनि संविधानसभापछिको नेपाल लोकतान्त्रिक, गणतान्त्रिक, संघीय र समावेशी बन्ने कुरा अन्तरिम संविधानमा उल्लेख गरिएका छन्।

### २.७. अन्तर्राष्ट्रिय पर्यवेक्षकबाट चुनाव, सेना र हतियार अनुगमन

संविधानसभाको चुनावलाई शान्तिपूर्ण, धाँधलीरहित र भयरहित बनाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुगमनकर्ताले संविधानसभाको चुनाव र सरकारी तथा माओवादी सेना र हतियारको नियमित अनुगमन गरिनु जरुरी छ। साथै तराईका कतिपय हतियारधारीहरुबाट हुनसक्ने अबरोधको समेत अनुगमन जरुरी छ। यसका लागि संयुक्त राष्ट्रसंघीय मिशन र अन्य राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थाहरुको भूमिका महत्वपूर्ण हुन्छ। नयाँ गणतान्त्रिक संविधान बनेर पूर्णरुपमा लागू नहुँदासम्म र राजतन्त्रको पूर्णरुपमा उन्मूलन नहुँदासम्म

## सात दल र नेकपा (माओवादी) बीच सम्पन्न आठ बुँदे सहमति

आज मिति २०६३।०३।०२ का दिन सरकार-माओवादी वार्ता टोलीको आयोजनामा सात राजनीतिक दल र नेकपा (माओवादी) का शीर्ष नेताहरूको बैठक प्रधानमन्त्री निवास, बालुवाटारमा सम्पन्न भएको छ। बैठकमा सहमति भएका बुँदाहरू निम्नप्रकार छन-

१. २०६२ मंसिर ७ गते सात राजनीतिक दल एवं नेकपा (माओवादी) बीच भएको १२ बुँदे समझदारी र २०६३ जेठ १२ गते सरकार-माओवादी वार्ता टोलीले सार्वजनिक गरेको नेपाल सरकार र नेकपा (माओवादी) बीच सहमति भएको युद्धविराम आचार संहितालाई दृढता र इमान्दारीताका साथ कार्यान्वयन गर्ने।

२. प्रतिस्पर्धात्मक बहुदलीय शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, प्रेस स्वतन्त्रता तथा कानुनी राज्यको अवधारणा लगायत लोकतान्त्रिक मूल्य मान्यताप्रति प्रतिबद्धता व्यक्त गर्दै तदनुरूप शान्तिपूर्ण ढंगले आ-आफ्ना गतिविधि सञ्चालन गर्ने।

३. संविधानसभाको स्वतन्त्र तथा निष्पक्ष निर्वाचनका लागि दुवै पक्षका सेना र हतियारको व्यवस्थापनमा सहयोग गर्न र त्यसको अनुगमन गर्न संयुक्त राष्ट्रसंघलाई अनुरोध गर्ने।

४. २०४६ सालको जनआन्दोलन र हालैको ऐतिहासिक आन्दोलनबाट प्राप्त लोकतान्त्रिक अधिकारहरूको प्रत्याभूति गर्दै र १२ बुँदे समझदारीमा व्यक्त प्रतिबद्धता र युद्धविराम आचार संहिताको प्रस्तावनाको भावनालाई आधार बनाउँदै अन्तरिम संविधान निर्माण गर्ने, सोही अनुरूप अन्तरिम सरकार गठन गर्ने, संविधान सभाको निर्वाचनको मिति घोषणा गर्ने, सहमतिद्वारा अर्को व्यवस्था गरी प्रतिनिधिसभा भंग गर्ने र नेकपा (माओवादी) द्वारा गठित जनसरकारहरू विघटन गर्ने।

५. दूरगामी प्रभाव पार्ने राष्ट्रिय महत्वका विषयहरूमा सहमतिका आधारमा निर्णय लिने।

६. नेपाली जनताले संविधानसभाको निर्वाचनमा कुनै डर, धाक, धम्की र हिंसाको प्रभावबिना नै संविधान निर्माणको प्रक्रियामा सहभागी हुन पाउने आधारभूत अधिकारको प्रत्याभूति गर्ने। निर्वाचनमा आवश्यकता अनुसार अन्तर्राष्ट्रिय पर्यवेक्षण तथा अनुगमन गराउने।

७. संविधानसभाको निर्वाचनमार्फत वर्गीय, जातीय, क्षेत्रीय, लिङ्गीय लगायतका समस्याहरूको समाधान गर्ने गरी राज्यको अग्रगामी पुर्नसंरचना गर्ने। लोकतन्त्र, शान्ति, संमृद्धि, अग्रगमन तथा देशको स्वतन्त्रता, सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राख्दै नेपाल सरकार र नेकपा (माओवादी) बीच भएको युद्धविरामलाई स्थायी शान्तिमा परिणत गर्ने र वार्ताको माध्यमबाटै समस्याको समाधान गर्ने प्रतिबद्धता व्यक्त गर्ने।

८. सरकार-माओवादी वार्ता टोलीलाई माथि उल्लेखित विषयहरूसँग सम्बन्धित सबै कार्यहरू अविलम्व सम्पन्न गर्न निर्देशन गरिएको छ।

**सात राजनीतिक दलको तर्फबाट**

**श्री गिरिजाप्रसाद कोइराला,** अध्यक्ष प्रधानमन्त्री तथा सभापति, नेपाली कांग्रेस
**श्री माधवकुमार नेपाल,** महासचिव, नेकपा (एमाले)
**श्री शेरबहादुर देउवा,** सभापति। नेपाली कांग्रेस (प्रजातान्त्रिक)
**श्री अमिक शेरचन,** उप-प्रधानमन्त्री तथा अध्यक्ष जनमोर्चा नेपाल
**श्री नारायणमान बिजुक्छे,** अध्यक्ष, नेपाल मजदूर किसान पार्टी
**श्री भरतविमल यादव,** उपाध्यक्ष, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)
**श्री प्रभुनारायण चौधरी,** मन्त्री तथा अध्यक्ष, वाममोर्चा नेपाल

**नेकपा (माओवादी) को तर्फबाट**

**प्रचण्ड,** नेकपा (माओवादी)

मिति : २०६३।०३।०२ गते

**पहिलो प्रक्रिया भनेको एक सदस्यीय निर्वाचन क्षेत्रबाट पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत जनताको प्रत्यक्ष मतद्वारा निर्वाचित भएर आउने हो। दोस्रो प्रक्रिया भनेको नेपाललाई एउटा मात्र निर्वाचन क्षेत्र मानी दलगत समानुपातिक निर्वाचन प्रणालीद्वारा राजनीतिक पार्टीको केन्द्रिय समितिले छनौट गरेर पठाउने प्रक्रिया हो। र, तेसो प्रक्रिया भनेको राष्ट्रिय जीवनमा महत्वपूर्ण योगदान पुऱ्याएका विशिष्ट व्यक्तिहरुमध्येबाट सहमतिका आधारमा मन्त्रिपरिषद्बाट मनोनित गर्ने प्रक्रिया हो।**

अनुगमनको आवश्यता हुन्छ। नेपालको संविधानसभाको परिणामलाई अन्तर्राष्ट्रिय समुदायको मान्यता प्राप्त गर्न पनि अनुगमनको आवश्यकता रहन्छ।

**२.८. विशेष जनगणना, मतदाता नामावली संकलन र कर्मचारी तथा सञ्चार व्यवस्थापन**

आगामी संविधानसभामा नेपालका पीछडिएका दलित, आदिवासी/जनजाति, महिला, मधेशी र अल्पसंख्यक भाषिक तथा धार्मिक समुदायको जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्व हुनुपर्दछ भन्ने आवाज उठिरहेको छ। समानुपाति

**संयुक्त राष्ट्रसंघ सक्षम नेपाल सरकारद्वारा प्रेषित पाँच बुँदे पत्र**

महामहिमज्यू,

नेपालमा जारी शान्ति प्रक्रियामा संयुक्त राष्ट्र संघको सहयोगका लागि अनुरोधका साथ लेखिएको जुलाई २ को पत्रतर्फ इंगित गर्न चाहन्छु। यसै सन्दर्भमा एक हप्ताअघि काठमाण्डौंबाट फर्केको संयुक्त राष्ट्र संघको टोलीले नेपालको शान्ति प्रक्रियासँग सम्बन्धित व्यक्ति तथा संस्थासँग व्यापक तर उपलब्धिपूर्ण छलफल गरेको जानकारी गराउन पाउँदा मलाई खुशी लागेको छ। मेरो जानकारीमा रहेसम्म उक्त टोलीले आफ्नो प्रतिवेदन यहाँसामु पेश गर्नेछ।

महामहिमज्यू, यसक्रममा सात दल र नेकपा (माओवादी) बीच जुन १६ मा सम्पन्न आठ बुँदे समझदारी र नेपाल सरकारले सहमतिका लागि व्यक्त गरेको प्रतिबद्धताका आधारमा नेपाल सरकार र नेकपा (माओवादी) संयुक्त राष्ट्र संघलाई नेपालमासंविधानसभाको स्वतन्त्र र निष्पक्ष चुनावका लागि वातावरण तयार गर्न र सम्पूर्ण शान्ति प्रक्रियाका लागि नै देहाय बमोजिमका क्षेत्रमा सहयोग गर्न अनुरोध गर्दछौं।

(क) संयुक्त राष्ट्र संघीय मानवअधिकार उच्चायुक्तको कार्यालयमार्फत मानवअधिकार अनुगमन जारी राख्ने

(ख) युद्धविराम आचारसंहिता अनुगमनमा सहयोग पुऱ्याउने

(ग) दुवै पक्षका हतियार तथा सेना व्यवस्थापनका लागि संयुक्त राष्ट्र संघको सहयोग लिने सहमति अनुरुप माओवादी सेना र तिनका हतियार तोकिएका क्याम्पमा सिमित गर्ने र त्यसको प्रमाणीकरण र अनुगमनका लागि योग्य व्यक्ति खटाउने। त्यसपछि हतियारसहितको सबै व्यवस्थापन सरकार, माओवादी र संयुक्त राष्ट्र संघको सल्लाहबमोजिम गर्ने

(घ) नेपाली सेना ब्यारेकमा रहने र यसका हतियार कुनै पक्षका लागि वा विरुद्धमा प्रयोग नहोस् भन्ने सुनिश्चितताका खातिर संयुक्त राष्ट्र संघले अनुगमन गर्ने। यससम्बन्धी कार्यन्वयन सम्बन्धित पक्ष र संयुक्त राष्ट्र संघको सल्लाह अनुसार गर्ने

(ङ) दलहरुको परामर्शमा संविधानसभा निर्वाचन पर्यवेक्षण गर्ने

महामहिम ज्यू कृपया मेरो सक्दो प्रयास प्रति विश्वस्त रहनुहोस्।

**महामहिम कोफी ए अन्नान** — संयुक्त राष्ट्र संघ महासचिव, संयुक्त राज्य अमेरिका

**गिरिजा प्र.कोइराला** — प्रधानमन्त्री

मिति : २०६३ साउन २४ गते

(अङ्ग्रेजीबाट अनौपचारिक रूपमा गरिएको अनुवाद)

समावेशीकरणका लागि जनसंख्या प्रमुख र वैज्ञानिक आधार हो। तर २०५८ सालको जनगणना माओवादी द्वन्द्वका कारण मुख्यत सदरमुकाम केन्द्रित जनगणना रहेको कुरामा कुनै शंका छैन। त्यसैले कुन जातजातिको कति जनसंख्या भन्ने कुराको अन्तिम निर्क्योल गर्न जातिगत आधारमा संविधानसभाको निर्वाचन अघि विशेष जनगणना गर्नु वा जातिगत आधारमा मतदाता नामावलीको पुनसंकलन गर्नुपर्ने हो। त्यसैगरी नेपालका लोकतान्त्रिक जनआन्दोलनहरुमा नेपाली निजामती कर्मचारीहरुको उल्लेखनीय योगदान रहँदै आएको भए पनि नेपालको कर्मचारीतन्त्र आफैमा लोकतान्त्रिक र समावेशी छैन। कुनै सीमित जात/जातिको बाहुल्यता रहेको नेपाली कर्मचारी तन्त्र संविधानसभाको निर्वाचनमा निश्पक्ष रहने सक्ने कुरामा विविध कोणहरुबाट आशंकाहरु उब्जेका छन्। त्यसैले संविधानसभाको प्रयोजनका लागि अस्थायी समावेशी तथा सर्वपक्षीय कर्मचारीको व्यवस्था गर्नुपर्ने र सम्पूर्ण सरकारी तथा निजि सञ्चार माध्यमलाई तटस्थ संयन्त्रको व्यवस्था गर्नुपर्ने हो। तर यो हुन सकेन।

### २.९. संविधानसभाको गठन प्रक्रिया

हाम्रो संविधानले तीन प्रकारबाट संविधानसभाको गठन हुने व्यवस्था गरेको छ : प्रत्यक्ष निर्वाचन प्रणालीबाट, अप्रत्यक्ष/समानुपातिक निर्वाचन प्रणालीबाट र मनोनयनबाट। जसमा पहिलो प्रक्रिया भनेको एक सदस्यीय निर्वाचन क्षेत्रबाट पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत जनताको प्रत्यक्ष मतद्वारा निर्वाचित भएर आउने हो। दोस्रो प्रक्रिया भनेको नेपाललाई एउटा मात्र निर्वाचन क्षेत्र मानी दलगत समानुपातिक निर्वाचन प्रणालीद्वारा राजनीतिक पार्टीको केन्द्रिय समितिले छनौट गरेर पठाउने प्रक्रिया हो। र, तेसो प्रक्रिया भनेको राष्ट्रिय जीवनमा महत्वपूर्ण योगदान पुऱ्याएका विशिष्ट व्यक्तिहरूमध्येबाट सहमतिका आधारमा मन्त्रिपरिषद्बाट मनोनित गर्ने प्रक्रिया हो।

सामान्यतया संविधानसभा भन्नासाथ यसको निर्वाचन नै हुन्छ भन्ने बुझिन्छ। तर संविधानसभाको गठन निर्वाचनबाट मात्रै नभएर विभिन्न प्रक्रियाबाट गर्न सकिन्छ। यसमा पहिलो विधि भनेको केही जनताद्वारा निर्वाचित र केही राष्ट्र प्रमुखद्वारा मनोनित गरेर पनि संविधानसभाको गठन गर्न सकिन्छ। भारतमा यसै विधिद्वारा संविधानसभाको गठन गरिएको थियो। अप्रत्यक्ष निर्वाचन प्रणालीद्वारा पनि संविधानसभाको गठन गर्न सकिन्छ र अमेरिकामा यसै विधिद्वारा संविधानसभाको गठन गरिएको थियो। त्यहाँ त्यसवेलाका १२ वटा राज्यहरुले आफ्ना प्रतिनिधि छानेर पठाएका थिए र त्यसरी छानिएका ५५ जना प्रतिनिधिहरुको फिलाडेल्फिया सम्मेलनले अमेरिकाको संविधान निर्माण गरेको थियो। नेपाल मिश्रित निर्वाचन प्रणाली र मनोनयनद्वारा संविधानसभाको गठनको दिशामा छ। नेपालमा जम्मा ६ सय एक सदस्यीय संविधानसभामा २ सय ४० जनताको प्रत्यक्ष निर्वाचनद्वारा, ३ सय ३५ जना दलगत समानुपातिक निर्वाचन प्रणालीद्वारा र २६ जना मनोनित गर्ने हाम्रो संवैधानिक व्यवस्था छ।

### २.१०. संविधानसभामा प्रतिनिधित्व प्रक्रिया

संविधानसभामा क-कसलाई के कति प्रतिनिधित्व गराउने र कसरी गराउने भन्ने विषय जटिल र विवादित विषय हो। कसलाई, कति र कसरी संविधानसभामा प्रतिनिधित्व गराउने भन्ने विषय आ-आफ्ना देशका राजनीतिक, आर्थिक, भौगोलिक र साँस्कृतिक विविधताका आधारमा टुङ्गो गर्ने कुराहरु हुन्। नेपालमा संविधानसभामा प्रतिनिधित्वको आधार राजनीतिक दल, जात/जाति, लिङ्ग, क्षेत्र र विशेषज्ञतालाई बनाइएको छ। यसका लागि अर्ध-समानुपातिक निर्वाचन प्रणाली र मनोनयनको प्रद्धति अपनाइएको छ।

## २.११. संविधानको मस्यौदा प्रक्रिया

संविधानसभा सदश्यको संख्या जतिसुकै भएपनि संविधानको मस्यौदा तयार गर्ने काम एउटा सानो विशेषज्ञहरुको समितिले गर्ने गर्छ। सो समितिले तयार गरेको मस्यौदा उपर छलफल, थपघट र पारित गर्ने काम संविधानसभाका सदस्यहरुको हो। नेपालको अन्तरिम संविधान २०६३ को धारा ७० ले संविधानसभाले संविधानको विधेयक पारित गर्दा संविधानसभामा पेश भएको त्यस्तो विधेयकको प्रस्तावना तथा प्रत्येक धारामा मतदान गरी पारित गर्ने व्यवस्था गरेको छ। यसरी मतदान गर्दा संविधानसभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्यको कम्तीमा दुई तिहाई सदस्य उपस्थित भएको बैठकको सर्वसम्मतिबाट पारित गर्नु पर्ने व्यवस्था छ। सर्वसम्मत कायम हुन नसकेमा सो विषयमा सर्वसम्मति कायम गर्न संविधानसभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलका संसदीय दलका नेताले आपसमा परामर्श गर्ने र यसरी परामर्श गर्ने काम सर्वसम्मति कायम हुन नसकेको मितिले बढीमा पन्धदिनसम्म पूरा गरिसक्नु पर्ने हुन्छ। त्यस्तो परामर्श गर्ने काम पूरा भएको सात दिनभित्र त्यस्तो विधेयकको प्रस्तावना वा कुनै धाराउपर पुन: मतदान हुने र सो बमोजिम मतदान हुँदा पनि सर्वसम्मत कायम हुन नसकेमा प्रस्तावना वा जुन धाराका सम्बन्धमा सर्वसम्मत कायम हुन नसकेको हो सो प्रस्तावना वा धारामा पुन: मतदान हुने र त्यस्तो मतदानमा संविधानसभाका तत्काल कायम रहेका सम्पूर्ण सदस्यको कम्तीमा दुई तिहाई सदस्य उपस्थित भएको बैठकको कम्तीमा दुई तिहाई बहुमतबाट पारित भएमा त्यस्तो प्रस्तावना वा धारा पारित भएको मानिनेछ। अन्तरिम संविधानको धारा ८३ ले संविधानसभा कायम रहेको अवधिभर सो सभाले व्यवस्थापिका-संसदको कामसमेत गर्ने अधिकार दिएको छ।

## २.१२. नयाँ संविधान जारी प्रक्रिया

संविधानसभाद्वारा बनेको नयाँ संविधानलाई अन्तिम रुपमा पारित गरी जारी गर्ने प्रक्रियाका विषयमा अन्तरिम संविधानमा कुनै व्यवस्था गरिएको छैन। यसको वारेमा राजनीतिक दलहरु मौन रहेका भएपनि नेपालको बौद्धिक क्षेत्रमा यो बहस र विवादको विषय बन्ने गरेको छ। संविधानसभाद्वारा बनेको संविधान संविधानसभाबाट, सरकारबाट, संसदबाट वा जनमत सँग्रहबाट पारित गरी राष्ट्र प्रमुखद्वारा जारी गर्ने गरेको अन्य देशको अनुभव छ। संविधानसभाद्वारा नै पारित गरी जारी गर्दा पनि सामान्य वा दुई तिहाई वा सर्वसम्मत ढ ले पारित गरी जारी गर्ने गरेका अनुभवहरु छन्। नेपालको सन्दर्भमा संविधानसभाले नै दुईतिहाई बहुमतले पारित गरी जारी गर्ने व्यवस्था गरेमा बढी व्यवहारिक हुने देखिन्छ

## २.१३. संविधानसभामा जनसहभागिता गराउने प्रक्रिया

संविधानसभा राज्यको संविधान निर्माण गर्ने सभा भएकाले यसको सम्पूर्ण प्रक्रियाहरुमा व्यापक जनसहभागिता अनिवार्य र महत्वपूर्ण हुन्छ। संविधानसभा र भावी संविधानप्रति चासो राख्नु, संविधानको मुलभूत तथा आधारभूत अन्तर्वस्तुमाथि छलफलमा भाग लिनु, आफ्ना माग तथा रायलाई लिखित वा मौखिक रुपमा पठाउनु, नयाँ संविधानको मस्यौदामा चासो र छलफल गर्नु, संविधानसभाको निर्वाचनमा भाग लिनु र स्रविधान निर्माणपूर्व, निर्माणाधीन अवस्था र जारी प्रक्रियामा भाग लिनु जनसहभागिताका सुचकहरु हुन्। जनचाहना अनुसारको राज्यको संरचना निर्माण गर्न, जनचाहना अनुरुप व्यवस्थाको स्वरुप निर्धारण गर्न, जनताका आधारभूत अधिकार र आवश्यकता सुनिश्चित गर्न,

### संयुक्त राष्ट्रसंघ समक्ष नेकपा (माओवादी) द्वारा प्रेषित पाँच बुँदे पत्र

महामहिमज्यू,

नेपालमा जारी शान्ति प्रक्रियामा संयुक्त राष्ट्र संघको सहयोगका लागि अनुरोधका साथ लेखिएको जुलाई २४ को पत्रतर्फ इंगित गर्न चाहन्छु। यसै सन्दर्भमा एक हप्ताअघि काठमाण्डौंबाट फर्केको संयुक्त राष्ट्र संघको टोलीले नेपालको शान्ति प्रक्रियासँग सम्बन्धित व्यक्ति तथा संस्थासँग व्यापक तर उपलब्धिपूर्ण छलफल गरेको जानकारी गराउन पाउँदा मलाई खुशी लागेको छ। मेरो जानकारीमा रहेसम्म उक्त टोलीले आफ्नो प्रतिवेदन यहाँसामु पेश गर्नेछ।

महामहिमज्यू, यसक्रममा सात दल र नेकपा (माओवादी) बीच जुन १६ मा सम्पन्न आठ बुँदे समझदारी र

नेपाल सरकारले सहमतिका लागि व्यक्त गरेको प्रतिबद्धताका आधारमा नेपाल सरकार र नेकपा (माओवादी) संयुक्त राष्ट्र संघलाई नेपालमासंविधानसभाको स्वतन्त्र र निष्पक्ष चुनावका लागि वातावरण तयार गर्न र सम्पूर्ण शान्ति प्रक्रियाका लागि नै देहाय बमोजिमका क्षेत्रमा सहयोग गर्न अनुरोध गर्दछौं।

(क) संयुक्त राष्ट्र संघीय मानवअधिकार उच्चायुक्तको कार्यालयमार्फत मानवअधिकार अनुगमन जारी राख्ने

(ख) युद्धविराम आचारसंहिता अनुगमनमा सहयोग पुऱ्याउने

(ग) दुवै पक्षका हतियार तथा सेना व्यवस्थापनका लागि संयुक्त राष्ट्र संघको सहयोग लिने सहमति अनुरुप माओवादी सेना र तिनका हतियार तोकिएका क्याम्पमा सिमित गर्ने र त्यसको प्रमाणीकरण र अनुगमनका लागि योग्य व्यक्ति खटाउने। त्यसपछि हतियारसहितको सबै व्यवस्थापन सरकार, माओवादी र संयुक्त राष्ट्र संघको सल्लाहबमोजिम गर्ने

(घ) नेपाली सेना ब्यारेकमा रहने र यसका हतियार कुनै पक्षका लागि वा विरुद्धमा प्रयोग नहोस् भन्ने सुनिश्चितताका खातिर संयुक्त राष्ट्र संघले अनुगमन गर्ने। यससम्बन्धी कार्यन्वयन सम्बन्धित पक्ष र संयुक्त राष्ट्र संघको सल्लाह अनुसार गर्ने

(ङ) दलहरुको परामर्शमा संविधानसभा निर्वाचन पर्यवेक्षण गर्ने

महामहिम ज्यू कृपया मेरो सक्दो प्रयास प्रति विश्वस्त रहनुहोस्।

| | |
|---|---|
| महामहिम कोफी ए अन्नान | प्रचण्ड |
| महासचिव | अध्यक्ष |
| संयुक्त राष्ट्र संघ | केन्द्रीय समिति |
| संयुक्त राज्य अमेरिक | नेकपा (माओवादी) |

मिति : २०६३ साउन २४ गते

*(अङ्ग्रेजीबाट अनौपचारिक रूपमा गरिएको अनुवाद)*

संविधानको दीर्घायू तथा दीर्घकालीन शान्ति र विकास गर्न, संविधानमा जनस्वामित्वको भावना स्थापना गर्नका लागि जनसहभागिताको आवश्यकता हुन्छ। तर नेपालमा केही गैरसरकारी संस्थाको परियोजना र निर्वाचन आयोगका विज्ञापन बाहेक जनसहभागिताको सवालमा खासै उल्लेखनीय कार्य हुन सकेको छैन। जुन भविष्यमा पश्चातापको विषय बन्न सक्छ।

**३. संविधानसभा निर्वाचन पद्धति**

३.१. **निर्वाचन क्षेत्र र सदस्य संख्या**

संविधानसभा सदस्य निर्वाचन ऐन २०६४ ले नेपाललाई पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अनुसार हुने निर्वाचनका लागि २ सय ४० वटा निर्वाचन क्षेत्र निर्धारण गरेको छ। जसबाट २ सय ४० जना सदस्य जनताको प्रत्यक्ष मतद्वारा निर्वाचित भएर आउनेछन्। त्यसैगरी राजनीतिक दललाई मत दिनेसूचिमा आधारित समानुपातिक निर्वाचन प्रणाली (दलगत) अनुसार हुने निर्वाचनका लागि सम्पूर्ण मूलुकलाई एक निर्वाचन क्षेत्र मानी कायम रहेको निर्वाचन क्षेत्रबाट ३ सय ३५ जना सदस्य निर्वाचित भएर आउनेछन्। र, राष्ट्रिय जीवनमा महत्वपूर्ण योगदान पुऱ्याएका विशिष्ट व्यक्तिहरू र दुवै निर्वाचनबाट प्रतिनिधित्व हुन नसकेका आदिवासी/जनजातिहरुमध्येबाट सहमतिका आधारमा मन्त्रिपरिषद्‌बाट २६ जना सदस्य मनोनित भई आउनेछन्। यसरी यस ऐन अनुसार जम्मा ६ सय एक जना सदस्यहरु भएको संविधानसभाको गठन हुनेछ। यसको वैज्ञानिकता र सान्दर्भिकताका वारेमा बहस भएको छैन।

३.२. **संविधानसभा निर्वाचन प्रणाली**

संविधानसभा सदस्य निर्वाचन ऐन २०६४ दफा ४ मा मिश्रित निर्वाचन प्रणालीको व्यवस्था गरिएको छ। जसमा बहुमतीय निर्वाचन प्रणाली अन्तर्गतको पहिलो हुने निर्वाचित हुने (Frist Past the Post) निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली अन्तर्गतको सूचि समानुपातिक प्रणाली लागू गर्ने व्यवस्था गरेको छ। पहिलो हुने निर्वाचित हुने बढीमत बहुमत निर्वाचन प्रणालीको सबभन्दा सरल रुप हो। यसमा सदर मतको पूर्ण बहुमत नभए पनि अरु उम्मेदवार भन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार विजयी हुन्छ। यो प्रणाली एक सदस्यीय निर्वाचन क्षेत्रमा प्रयोग गरिन्छ र यसमा मतदाताले राजनीतिक दललाई नभई उम्मेदवारलाई मत दिन्छन्। सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणाली अन्तर्गत प्रत्येक दल वा समूहले बहुसदस्यीय निर्वाचन क्षेत्रका लागि उम्मेदवारको सूची प्रस्तुत गर्छन्। मतदाताहरुले दललाई मतदान गर्छन र दलहरुले प्राप्त गरेका सम्पूर्ण मतहरुको आ-आफ्नो हिस्सा अनुसार स्थान प्राप्त गर्दछन्। सोही स्थान अनुसार व्यक्तिहरु निर्वाचित भएको मानिन्छ।

यी दुवै निर्वाचन प्रणालीले निश्चित वर्गहरुको पक्षपोषण गर्दछन्। पहिलो हुने निर्वाचित हुने प्रणाली बहुमत जनताको मत प्राप्त गर्न नपर्ने र सीमित हुनेखाने वर्गको भोटले पनि जित्न सकिने गरी बनाइएको प्रणाली हो। यसमा डर, धाकधम्की, धाँधली, लोभ-लालच र अन्य अनुचित प्रभावको पनि प्रशस्तै प्रभाव पर्न सक्छ। यस प्रणालीले राजनीतिलाई हुनेखाने वर्गको पकडमा राख्न मद्दत गर्दछ। नेपालमा विगतमा यो निर्वाचन प्रणाली अपनाउनु र अहिले पनि २ सय ४० सिट संख्यामा यो प्रणाली लागू गर्नुका पछाडि तिनै हुनेखाने वर्गको हात रहेको छ। समानुपातिक निर्वाचन प्रणालीमध्ये सुचिमा आधारित समानुपातिक निर्वाचन प्रणाली सबै भन्दा उत्तम प्रणाली हो। यो प्रणालीले सामान्यतया सबै वर्ग र जात/जातिका जनताको मतको प्रतिनिधित्व गर्दछ। यसले सर्वहारा वर्गलाई पनि पूजिवादी राजनीतिमा टिकिरहन मद्दत गर्दछ। यसैमा पनि दलगत, सामुदायिक र वर्गीय सूचि प्रणाली हुन्छन्। तर नेपालमा यस प्रणालीको विश्वव्यापी मान्यतालाई समेत भत्काएर पार्टी केन्द्रिय समितिले मनोनयन गर्ने जुन व्यवस्था गरिएको छ यसले दोहोरो सूचि र संविधानसभामा पुन: हुनेखाने वर्ग तथा पहुँचवालाहरुलाई पुऱ्याउने ढोका खोलेको छ। यहाँनेर निर्वाचन प्रणालीको छनौट गर्ने सवालमा खासगरी आफूलाई सर्वहारा वर्गका अगुवादस्ता भन्ने दलहरु चुकेका छन्।

३.३. **अर्ध-समानुपातिक प्रतिनिधित्व प्रणाली**

नेपालको अन्तरिम संविधान २०६३ को धारा २१ मा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछिपरेका महिला, दलित, आदिवासी जनजाति, मधेशी समुदाय, उत्पिडीत वर्ग, गरिव किसान र मजदुरलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हक हुने व्यवस्था गरेको छ। त्यसैगरी पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अनुसारका उम्मेदवार चयन गर्दा समावेशी सिद्धान्तलाई ध्यान दिनु पर्ने र समानुपातिक निर्वाचन प्रणाली अनुसार उम्मेदवारहरू सूचिकृत गर्दा महिला, दलित, उत्पीडित जाति/आदिवासी जनजाति, पिछडिएको क्षेत्र, मधेशीलगायत अन्य वर्ग समेतको समानुपातिक प्रतिनिधित्व गराउनु पर्ने व्यवस्था गरेको छ। त्यसैगरी महिलाको हकमा संविधानसभाको कूल सदस्य संख्याको न्यूनतम एक तिहाई (तेत्तिस प्रतिशत) उम्मेदवारी दिनुपर्ने व्यवस्था छ। संविधानको यो भावनालाई कार्यान्वियन गर्न बनेको संविधानसभा सदस्य निर्वाचन ऐन २०६४ ले समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत निर्वाचन हुने ३ सय ३५ सीट मध्ये दलित १३ प्रतिशत, जनजाति ३७.८ प्रतिशत, मधेशी ३१.२ प्रतिशत, पिछडिएको क्षेत्र चार प्रतिशत र अन्य ब्राहमण क्षेत्रीलाई ३०.२ प्रतिशत गरी विद्यमान जनसंख्याको आधारमा समानुपातिक सीटको बाँडफाँड गरेको छ। जस अनुसार संविधानसभामा दलित ४३ जना, जनजाति १ सय २६ जना, मधेशी १ सय चार जना, पिछडिएको क्षेत्र १३ जना र ब्राहमण क्षेत्री १ सय एक जना हुनुपर्ने हुन्छ। तर यसै ऐनको दफा ७ को उपदफा

# अन्तरिम सरकारको साझा सहमतिको न्यूनतम कार्यक्रम

नेपाली जनताले हालसम्म पटक-पटक गर्दै आएका ऐतिहासिक संघर्ष र जनआन्दोलनको दिशा निर्देशनलाई आत्मसात् गर्दै,

विगतमा आठ राजनीतिक दलका बीचमा भएका विभिन्न सहमति, नेपाल सरकार र नेकपा (माओवादी) का बीच सम्पन्न विस्तृत शान्ति सम्झौता तथा सहमतिलाई हृदयंगम गर्दै,

नेपालको अन्तरिम संविधान, २०६३ मा गरिएको व्यवस्था तथा आगामी जेठ महिनामा स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा संविधानसभाको निर्वाचन सम्पन्न गर्ने दायित्वप्रति दृढ रहँदै,

राष्ट्रिय स्वतन्त्रता, क्षेत्रीय अखण्डता, स्वाधीनता, स्वाभिमान र हितको सरक्षणमा प्रतिबद्ध रहँदै, र

समावेशी बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, संघात्मक संरचना, मानवअधिकार, सामाजिक न्याय, अग्रगमन,

दिगो शान्ति जस्ता लोकतान्त्रिक मूल्य र मान्यताहरूप्रतिको प्रतिबद्धतामा पुन: जोड दिँदै,

घोषित गन्तव्य र लक्ष्यमा पुग्न आठ राजनीतिक दलहरूको सहकार्य र एकतालाई अक्षुण तुल्याउँदै अन्तरिम सरकारलाई जनताका चाहना, माग र भावना एवम् राष्ट्रिय आवश्यकता अनुरूप सहमतिका साथ प्रभावकारी रूपमा संचालन गर्न यो साझा सहमतिको न्यूनतम् कार्यक्रममा सहमत भई अगाडि बढ्न तत्पर भएका छौं।

**(क) राष्ट्रिय हित, लोकतन्त्र र अग्रगमन**

(१) संविधानसभाको निर्वाचन २०६४ साल जेठ महिनामा स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गरी मुलुकलाई अग्रगमनको मार्गमा अग्रसर गराउनु सरकारको मुख्य दायित्व हुनेछ। निर्वाचनमा भरपर्दो र प्रभावकारी सुरक्षा व्यवस्थाको प्रबन्ध गरिनुका साथै निर्वाचन आयोगका लागि आवश्यक कानूनी र प्रशासनिक व्यवस्था तथा साधन-श्रोतको प्रबन्ध मिलाइने छ। निर्वाचनमा रष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्थाहरूबाट पर्यवेक्षण गराइने छ।

(२) नेपालको अन्तरिम संविधान, २०६३ को प्रस्तावनामा उल्लेखित प्रतिस्पर्धात्मक लोकतान्त्रिक व्यवस्था, मानव अधिकार, नागरिक र मौलिक अधिकार, वाक र प्रकाशन स्वतन्त्रता तथा कानूनी राज्यको अवधारणलाई राज्य सञ्चालनका सबै पक्षमा व्यवहारिक रूपले स्थापित गरिनेछ।

(३) भ्रष्टाचार र ढिलासुस्तिको अन्त्य, पारदर्शिता र सुशासनको कार्यलाई अगाडि बढाइने छ। यसको लागि विद्यमान संयन्त्रलाई सबल बनाउन आवश्यक हेरफेर गरी पूर्णता दिइनेछ।

(४) राष्ट्रिय एकता, स्वतन्त्रता, अखण्डता र स्वाभिमानको रक्षाका लागि क्रियाशील रहँदै राष्ट्रिय हित र स्वाभिमानको संरक्षण गरिनेछ। यसका लागि आवश्यक सन्धि-सम्झौतालाई समयानुकूल बनाइनेछ। राष्ट्रिय सुरक्षा, परराष्ट्र नीति र जलस्रोतको सम्बन्धमा राष्ट्रिय सहमति निर्माण गरी राष्ट्र र जनताको सर्वोत्तम हितमा उपयोग गरिनेछ।

(७) राष्ट्रिय हित, संयुक्त राष्ट्र संघको बडापत्र र पञ्चशीलका सिद्धान्तमा आधारित विदेश नीति अवलम्बन गरिनेछ। नेपालमा शरणार्थी जीवन बिताइरहेका भुटानी नागरिकहरूको स्वदेश फर्किने हकलाई सुनिश्चित गर्न अन्तर्राष्ट्रिय सहयोग समेत जुटाउन एकताबद्ध प्रयत्न गरिनेछ।

(८) स्वर्गीय राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजहरूका परिवारको सम्पत्ति नेपाल सरकारले ट्रस्ट बनाई राष्ट्रिय हितमा प्रयोग गर्ने र राजाको हैसियतले राजा ज्ञानेन्द्रलाई प्राप्त भएका सबै सम्पत्ति राष्ट्रियकरण गर्ने भनी आठदलका बीच भएको सहमतिको कार्यान्वयन गरिनेछ।

(९) आम जनतामा शान्ति सुरक्षाको पूर्ण प्रत्याभूति दिनुका साथै संविधानसभाको निर्वाचनमा अवरोध पुऱ्याउने सबै प्रकारका प्रतिगामी षडयन्त्रहरूलाई विफल गर्न सक्रिय रूपमा कार्य गरिनेछ।

**(ख) लोकतन्त्र, दिगो शान्ति र शान्ति-सुरक्षाको प्रत्याभूति**

(१) विस्तृत शान्ति सम्झौताको प्रभावकारी कार्यान्वयन गरी शान्ति प्रक्रियालाई दृढतापूर्वक व्यवस्थित रूपमा अगाडि बढाइने छ। मुलुकमा उत्पन्न सबै द्वन्द्व र समस्याहरूलाई वार्ता र संवादको आधारमा शान्तिपूर्ण किसिमले व्यवस्थापन एवं समाधान गरिनेछ।

(२) सेना र हतियारको व्यवस्थापनका सम्बन्धमा विस्तृत शान्ति सम्झौता तथा नेपाल सरकार, नेकपा (माओवादी) र संयुक्त राष्ट्र संघका बीच भएको सम्झौताका प्रावधानहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ। माओवादी सेनाका लडाकुहरू रहेका अस्थायि शिविरहरूलाई सुव्यवस्थित तुल्याइनेछ।

(३) शान्ति सम्झौतामा उल्लेखित राष्ट्रिय शान्ति तथा पुन: स्थापन आयोग, उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग र राज्यको पुन: संरचनासम्बन्धी उच्चस्तरीय सुझाव आयोगको गठन गरिनेछ। द्वन्द्वका क्रममा बेपत्ता पारिएका भनिएका नागरिकहरूको सम्बन्धमा खोजी र छानबिन गरिनेछ। भएका सहमति र सम्झौताहरूको परिपालना तथा कार्यान्वयनको अनुगमनको काम राष्ट्रिय शान्ति तथा पुन: स्थापन आयोगले गर्ने व्यवस्था मिलाइने छ। स्थानिय स्तरमा आवश्यकता अनुसार दलहरूको सहमतिमा सर्वदलीय शान्ति समितिको गठन गरिनेछ।

(४) नेपाली सेनाको लोकतान्त्रिकरणको विस्तृत कार्ययोजना तर्जुमा गर्नुका साथै उपयुक्त संख्या, संरचना र समावेशी राष्ट्रिय चरित्र निर्माण गरी मानव अधिकारको मूल्यद्वारा प्रशिक्षित गर्न कार्ययोजना बनाइनेछ।

(५) माओवादी सेनाका लडाकुहरूको शीघ्र प्रमाणिकरणका लागि पहल गरिनेछ। उनीहरूको रेखदेख, समायोजन र पुन:स्थापनाका निम्ति विशेष समिति बनाइनेछ।

(६) रायमाझी आयोगको प्रतिवेदनका सम्बन्धमा सरकारले शुरू गरेको कार्वाईलाई शीघ्र पूर्णता दिइनेछ।

साथै ओभा आयोगको प्रतिवेदनलाई अविलम्ब कार्यान्वयन गरिनेछ।

(७) शान्ति, सुरक्षाको व्यवस्था सुदृढ बनाई विभिन्न अपराध र अराजकताको नियन्त्रण गरिनेछ। साथै निरन्तरका हडताल, बन्द, घेराउ, नाकाबन्दी र अन्योलको स्थिति अन्त्य गरी देशमा अमनचैन कायम गरिनेछ र दण्डहीनतालाई समाप्त गरिनेछ।

(८) हिंसात्मक द्वन्द्वबाट प्रभावित र विस्थापितहरूको पुनर्स्थापना तथा भौतिक संरचनाहरूको पुनर्निर्माणको कार्यक्रमलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

(९) जिल्ला, नगर र गाउँ विकास समितिहरू तिनले संचालन गर्ने विकास-निर्माणका कामहरू निर्वाध संचालन गर्न अन्तरिम स्थानिय निकायको व्यवस्था गरिने छ। स्थानीय निकायहरूको सशक्तिकरण, उत्तरदायित्व र पारदर्शितामा जोड दिदै तिनलाई साधन-स्रोतसम्पन्न बनाइनेछ।

### (ग) तात्कालिक राहत

(१) हिंसा र द्वन्द्वबाट पीडित, मारिएका व्यक्तिका परिवार, अंगभंग भई अपांग भएका, सम्पत्ति नष्ट भएका तथा विस्थापितहरूको उद्धार, राहत, पुन: स्थापना र सहायताको लागि विशेष कोषको व्यवस्था गरिनेछ। त्यस कोषबाट पीडितहरूको राहात, क्षतिपूर्ति र औषधोपचारको लागि रकम उपलब्ध गराइनेछ। नष्ट भएका आवास तथा भौतिक संरचनाहरूको निर्माणको विशेष कार्यक्रम अगाडि बढाइनेछ। पीडित क्षेत्रका जनतालाई प्रत्यक्ष लाभ पुऱ्याउन जनसहभागितामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

(२) जनतालाई शान्ति-सुरक्षाको प्रत्याभूति दिलाउने कार्यलाई उच्च प्राथमिकता दिइनेछ। प्रशासन र सुरक्षा निकाय लगायतका सबै राज्य संयन्त्रलाई निष्पक्ष र जवाफदेही बनाउन आचार संहिता बनाई लागू गरिनेछ। गौर हत्याकाण्ड जस्ता जघन्य घटना पुन: दोहोरिन नदिन त्यस घटनाको छानबिन गरी दोषीलाई सख्त कार्वाई गरिनेछ।

(३) जनताका दैनिक अत्यावश्यक वस्तु तथा सेवालाई सुलभ र सुपथ बनाउन आपूर्ति व्यवस्थालाई नियमित बनाइने छ र मूल्य वृद्धि नियन्त्रणमा जोड दिदै अनुगमन गरिनेछ।

(४) युवाहरू, विशेष गरी द्वन्द्व प्रभावितहरूको लागि स्वरोजगार र रोजगारका अवसरहरूको व्यवस्था गरिनेछ। यसका लागि वित्तिय संस्थाहरूबाट सुलभ रूपमा ऋण उपलब्ध गराउने व्यवस्था गरिनेछ।

(६) विद्यालय तथा अस्पताल र स्वास्थ्य केन्द्रहरूलाई हिंसामुक्त शान्तिस्थलको रूपमा कायम गरिनेछ। औद्योगिक अशान्ति, आमहडताल र बन्दको स्थिति अन्त्य गरी औद्योगिक सुरक्षा र लगानीको वातावरण तयार गरिनेछ।

### (घ) परिवर्तन र सुधार

(१) राजनीतिक, आर्थिक, सामाजिक रूपान्तरण, सामाजिक शोषणको अन्त्य र सामाजिक न्याय कायम गर्नुका साथै देशलाई छिटो समुन्नत एवम् समृद्ध बनाउन साभा विकास अवधारणाको निर्माण गरिनेछ।

(२) कानूनी राज्यको सिद्धान्त अनुसार राज्यको सञ्चालन गर्दै सुशासनको प्रत्याभूति दिने, प्रशासनिक सुधार मार्फत जनतामा शासनको पहुँच र सेवाको विस्तार गरिने छ। निजामति सेवा एवम् सुरक्षा निकायलाई राजनीतिबाट अलग राखी पेशागतरूपमा दक्ष र प्रतिबद्ध बनाउने, दण्डहीनताको अन्त्य गर्ने र अख्तियार दुरूपयोग अनुसन्धान आयोग एवम् न्याय सम्पादनसंग सम्बन्धित निकायहरूलाई सुदृढ र प्रभावकारी बनाइनेछ।

(३) राज्यका विभिन्न अङ्ग तथा राष्ट्रिय जीवनका प्रत्येक क्षेत्रमा महिला सहभागिताको विस्तार गरिनेछ। र आदिवासी जनजाति, मधेशी, दलित, उत्पीडित, विपन्न वर्ग, अपाङ्ग तथा पिछडिएका क्षेत्रका जनताको समानुपातिक सहभागितातर्फ कार्य गरिनेछ।

(४) गरिबी निवारणका निम्ति विकासका प्रयासहरू केन्द्रित गर्दै सामाजिक न्याय, आर्थिक बृद्धि तथा न्यायोचित वितरणमा आधारित आर्थिक एवम् सामाजिक नीति र कार्यक्रम बनाइनेछ। कृषि, जलविद्युत, पर्यटन, मानव संशाधन र भौतिक पूर्वाधारको विकासलाई उच्चतम् प्राथमिकता दिइनेछ। उद्योग, बैंक तथा वित्तीय व्यवसाय, यातायात, संचार लगायत अर्थतन्त्रका आधुनिक क्षेत्रका सुधार कार्यक्रमहरूलाई महत्वका साथ सञ्चालन गरिनेछ। जनतालाई सेवा प्रदान गर्नुपर्ने संस्थानहरूको व्यवस्थापनमा सुधार गरी सस्तो, सुलभ र प्रभावकारी सेवा उपलब्ध गराइनेछ।

(५) गरिवीको रेखामुनि रहेका व्यक्तिहरूको पहिचान गर्ने प्रक्रिया आरम्भ गरिनेछ। बेरोजगारहरूको लगत लिई रोजगारीका कार्यक्रमहरू संचालन गरिनेछन्।

(६) राष्ट्रिय हितमा औद्योगिकरण र विकासका लागि स्वदेशी तथा विदेशी लगानीलाई आकर्षित गरिनेछ एवं विदेशी सहयोग र अनुदान प्राथमिकताका क्षेत्रमा प्रवाहित गरिनेछ।

(७) बजेट घाटालाई निश्चित सीमाभित्र राखी आर्थिक स्थिरता एवम् अनुशासन कायम गरिनेछ।

(८) ठूला ऋणिहरूले नियतबस ऋण नतिर्ने कुरालाई गम्भीर रूपमा लिई कडाइका साथ ऋण असुल गरिनेछ।

(९) प्राकृतिक प्रकोप र द्वन्द्वको कारण मर्कामा परेका साना किसान र साना घरेलु उद्यमिहरूले लिएको निश्चित सीमाको ऋण रकममा अवस्था हेरी ब्याज मिनाहा लगायतका राहत दिइनेछ।

(१०) बैज्ञानिक भूमि सुधार र व्यवस्थापनको लागि पूर्वाधार तयार गरिनेछ र सहकारी क्षेत्रको विकासमा जोड दिइनेछ। कृषि मजदुर, मुक्त कमैया र भूमिहीन-सुकुम्वासी जनताको आर्थिक र सामाजिक उत्थानका

# संविधानसभा : स्वतन्त्र र निष्पक्ष निर्वाचनका लागि नागरिक अनुगमन

प्रदीप घिमिरे

**भावी दिनमा कुनै अतिवादी शक्तिको निरंकुशता हावी नहोस् र कुनै पनि समूहले क्रान्तिका नाममा हतियार उठाउनु नपरोस् भन्ने अभिप्रायले शान्ति संस्कृतिको विकास गर्ने महान उद्देश्य पनि संविधानसभामार्फत बन्ने नयाँ संविधानले पूरा गर्ने अपेक्षा गरिएको छ।**

### १. पृष्ठभूमि

नेपाली जनताले इतिहासदेखि नै लोकतन्त्र, विधिको शासन र नागरिक हकका लागि गर्दै आएको संघर्षको पछिल्लो उपलब्धिका रूपमा संविधान बनाउने अभ्यासमा मुलुक जुटेको छ। एकदशक लामो शसष्त्र द्वन्द्व र उन्नाइस महिना लामो राजाको निरंकुश र स्वेच्छाचारी शासनको अन्त्य गरी शान्ति स्थापनाको अभियानलाई साकार पार्ने महत्वपूर्ण कडिका रुपमा पनि संविधानसभाको निर्वाचनलाई हेरिएको छ। भावी दिनमा कुनै अतिवादी शक्तिको निरंकुशता हावी नहोस् र कुनै पनि समूहले क्रान्तिका नाममा हतियार उठाउनु नपरोस् भन्ने अभिप्रायले शान्ति संस्कृतिको विकास गर्ने महान उद्देश्य पनि संविधानसभामार्फत बन्ने नयाँ संविधानले पूरा गर्ने अपेक्षा गरिएको छ।

नेपालमा विगतमा जारी भएका सबै संविधानहरू राजनीतिक आधारमा छनोट गरिएका विज्ञहरूको समूहले तयार गर्ने र राज्य प्रमुखका हैसियतमा राजाले लालमोहर लगाएर जारी गर्ने परिपाटी रहिआएको थियो। संविधानविद्हरूका अनुसार, यसरी बनेका विगतका संविधानमा जनताको प्रत्यक्ष संलग्नता नरहेका कारण जनताले आफ्नो स्वामित्व अनुभूत गर्न सकेनन्। त्यसै कारणले संविधानहरू स्वयंमा पनि असफल भए भने जनताको अधिकार संरक्षण गर्ने र राज्यलाई निर्देशित गर्ने संविधानको आधारभूत मान्यता पूरा गर्न ती संविधानहरू सक्षम भएनन्। प्रतिनिधित्वका आधारमा छनोट गरिएका विज्ञहरूद्वारा निर्मित २०४७ सालको संविधानलाई विश्वका उत्कृष्ट संविधानहरू मध्येको एक मानिएको थियो। तर केही समयमा नै त्यो संविधान पनि असफल भयो।

संविधानमा जनताको स्वामित्व स्थापित गर्न त्यसको निमार्ण प्रक्रियामा जनताको प्रत्यक्ष संलग्नता जुटाउनुपर्ने आवश्यकतालाई पूर्ति गर्ने उद्देश्यले संविधानसभाको निर्वाचन गर्नु जरुरी ठानिएको हो। नेपालको इतिहासमै पहिलो पटक सम्पन्न हुन गइरहेको संविधानसभाको निर्वाचन वास्तवमै मुलुकको भाग्य निर्माण गर्ने महान अभियान हो। यस्तो अभियानमा निर्भयतापूर्वक सक्रिय सहभागिता जनाउन पाउनु हरेक नेपाली नागरिकको आधारभूत अधिकार र परम् कर्तव्य दुवै हो। संविधानसभा निर्वाचन शान्तिपूर्ण वातावरणमा स्वतन्त्र, स्वच्छ, भयरहित हुनसक्यो भने मात्र त्यस प्रक्रियाबाट निर्वाचित सभाले जनताको सही अर्थमा प्रतिनिधित्व गर्न सक्छ र जनआकांक्षा अनुरूपको नयाँ नेपाल निर्माणमा सक्षम भूमिका निर्वाह गर्न सक्ने आशा गर्न सकिन्छ।

संविधानसभा सदस्य निर्वाचन २०६४ मा दुईवटा निर्वाचन पद्दतिहरुलाई एकै साथ अवलम्बन गरिंदै छ। नेपालले विगतमा अभ्यास गर्दै आएको "पहिलो हुने निर्वाचित हुने प्रणाली", यसलाई "प्रत्यक्ष निर्वाचन प्रणाली" पनि भन्ने गरिएको छ र अर्को "समानुपतिक निर्वाचन प्रणाली" लाई एकैसाथ अवलम्बन गरिंदै छ। समानुपातिक निर्वाचन प्रणाली नेपालका लागि नयाँ पद्दति हो। सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र मानी मतदाताहरुले राजनीतिक दललाई मत दिने निर्वाचन प्रणालीलाई नै समानुपतिक निर्वाचन प्रणाली हो। नेपालले समानुपातिक अन्तर्गत पनि सूचि समानुपातिक निर्वाचन प्रणाली अवलम्बन गरेको छ। यसमा राजनीतिक दलले प्राप्त गरेको मतको अनुपातमा (बन्द) सूचीमा उल्लेख भएका उम्मेदवारहरुबाट संविधानसभाका लागि सदस्य निर्वाचित

हुनेछन्। संविधानसभामा कूल ६ सय १ सदस्य सहभागी हुने संवैधानिक व्यवस्था नेपालको अन्तरिम संविधान २०६३ (तेस्रो शंसोधन) ले गरेको छ। ती मध्ये २४० जना प्रत्यक्ष निर्वाचन प्रणालीबाट निर्वाचित हुनेछन् भने ३३५ जना समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुनेछन्, राष्ट्रिय जीवनका महत्वपूर्ण व्यक्तिहरुबाट सहमतिका आधारमा मन्त्रिपरिषद्ले २६ जनालाई मनोनित गर्नेछ।

संविधानसभा सदस्य निर्वाचन २०६४ चैत २८ गते विहीबार एकै चरणमा देशव्यापी रुपमा सम्पन्न हुने कार्यक्रम रहेको छ। निर्वाचन विहान ७ बजे प्रारम्भ भई साँझ ५ बजे सम्म मतदानकेन्द्रमा प्रवेश गरिसकेका मतदाताले मतदान गर्न पाउने छन्।

**२. स्वतन्त्र र निश्पक्ष निर्वाचनका विशेषता**

निर्वाचनको स्वतन्त्रता र निश्पक्षताले नै त्यस निर्वाचनको परिणामलाई सार्थक र विश्वासिलो बनाउँछ। स्वतन्त्र र निश्पक्ष निर्वाचनका लागि केही विश्वव्यापी मान्यता र सर्वस्वीकृत सिद्धान्तहरु बनेका छन्। मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ ले समेत स्वतन्त्र र निष्पक्ष निर्वाचनका केही खास मापदण्ड निर्धारण गरेको छ। जसअनुसार "शासन सञ्चालनका आधार जनताको इच्छा हुनेछ र यस्तो इच्छा वालिग, समान मताधिकारद्वारा तथा आवाधीक निर्वाचनमार्फत व्यक्त हुनेछ। जसलाई गोप्य, सममूल्ययुक्त र स्वतन्त्र मताधिकारद्वारा प्रकट गरिनेछ।" यस वाहेक स्वतन्त्र र निश्पक्ष निर्वाचनलाई निम्न आधारमा मापन गर्न सकिन्छ।

- मतदाताले कुनै डर, त्रास तथा प्रलोभनमा नपरी निर्भिक भएर मतदान गर्न पाउनु पर्छ।
- नकारात्मक शक्ति प्रदर्शन, शक्तिको प्रयोग, आतंकलगायतका क्रियाकलापले नागरिक इच्छा तथा चाहानालाई कुण्ठित पार्नु हुँदैन।
- निर्वाचन सम्बन्धी कानुन सबै दल तथा उम्मेदवारको निमित्त समान तथा न्यायोचित हुनुपर्छ।
- योग्यता पुगेका सबै नागरिकलाई मतदाता नामावलीमा नाम दर्ता गर्ने अवसर दिइनु पर्छ।
- सबै राजनीतिक दल तथा उम्मेदवारले निर्भिक र सुरक्षित भएर प्रचार प्रसार गर्न पाउनु पर्छ।
- सबै राजनीतिक दलले सार्वजनिक र सरकारी सञ्चार माध्यमबाट प्रचार गर्ने समान अवसर पाउनुपर्छ। कुनै पनि दलले कुनै सञ्चारमाध्यमको एकलौटी प्रयोग गर्न पाउने अवस्था रहनु हुँदैन।
- सरकारी स्रोत र साधनको दुरुपयोग गरी कुनै दल वा उम्मेदवारलाई जिताउने प्रयास गर्नु गराउनु हुदैन।
- सबै मतदाताले स्वतन्त्ररुपमा मतदान केन्द्र जान र गोप्य मतदान गर्न पाउनु पर्छ।
- मतको गोपनीयताको प्रत्याभूति हुनु पर्दछ।
- मतगणना शुद्ध रुपमा गरिनुपर्दछ।
- मतगणना सुरक्षित र निष्पक्ष ढंगबाट गरिनु पर्दछ।
- निर्धारित समयसीमा भित्र मतगणना गरिनु पर्दछ।
- मतदान र मतगणना प्रक्रिया विधिसम्मत हुनुपर्छ।
- मतदातालाई सबै उम्मेदवारबारे आवश्यक जानकारी दिनुपर्छ। तिनीहरुलाई मतदान तरिकाबारे जानकारी गराउनु पर्छ।
- स्थानीय तथा अन्तर्राष्ट्रिय अनुगमन टोलीलाई मतदान तथा मतगणना हेर्ने अवसर दिनुपर्छ।
- सरकारको भूमिका तटस्थ र सहयोगात्मक हुनुपर्छ।

यसका अतिरित्त नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६ ले पनि निर्वाचनमा मतदान गर्ने र निर्वाचित हुने अधिकारलाई प्रत्याभूत गरेको छ।

माथि उल्लेख गरिएका स्वतन्त्र र निश्पक्ष निर्वाचनका विशेषताहरु सामान्य परिस्थितीमा हुने सामान्य निर्वाचनका लागि निर्धारण गरिएका हुन्। सबै प्रकारका निर्वाचनमा यी कुराहरुको प्रत्याभूतीले मात्र निर्वाचनलाई स्वतन्त्र र निश्पक्ष बनाउँछ। यी विशेषताहरु संविधानसभाको निर्वाचनका क्रममा पनि उत्तिकै महत्वपूर्ण छन्। संविधानसभाको निर्वाचनको अनुगमन गर्ने क्रममा निम्न कुराहरु बढी महत्वपूर्ण हुन आउँछन्।

- सामान्य र संसदीय निर्वाचनको भिन्नता,
- सहमतिको राजनीतिमा आधारित दलिय निर्वाचन प्रचार अभियान,
- संविधासभाका लागि उठाइएका मुद्दा र विषयबस्तु तथा विगतमा भएका सहमति एवं सम्झौताहरु,
- संविधानसभा निर्वाचन तथा राज्य पुन:संरचनाका लागि दलहरुको सोच, अभिव्यक्ति, प्रतिवद्धत्ता र राज्यको

---

**संविधानसभा सदस्य निर्वाचन २०६४ चैत २८ गते विहीबार एकै चरणमा देशव्यापी रूपमा सम्पन्न हुने कार्यक्रम रहेको छ। निर्वाचनमा बिहान ७ बजे प्रारम्भ भई साँझ ५ बजे सम्म मतदानकेन्द्रमा प्रवेश गरिसकेका मतदाताले मतदान गर्न पाउने छन्।**

**निर्वाचनको पर्यवेक्षण गर्न खटिएका पर्यवेक्षकहरुले सम्पूर्ण निर्वाचन प्रक्रियाको अवलोकन गरी प्रतिवेदन तयार गर्छन्। उनीहरूले निर्वाचन व्यवस्थापन र सञ्चालनका सन्दर्भमा मतदाता शिक्षा, निर्वाचन अभियान, सञ्चार माध्यम, मतदान कार्य, मतगणना र परिणाम घोषणा आदिको सम्पूर्ण वा केही कार्यको पर्यवेक्षण गर्ने अनुमति सम्बन्धित निर्वाचन आयोगबाट लिएका हुन्छन् र आफ्नो क्षेत्राधिकार भित्र रहेर ती सबै क्रियाकलापको अध्ययन गर्छन।**

पून:संरचनाको खाकालगायतका विषय बस्तुको अनुगमनले संविधानसभा निर्वाचनको सार्थक अनुगमन गरेको ठहरने छ।

हाम्रो जस्तो विपन्न र भौतिक साधन स्रोतको अभाव रहेको मुलुकमा निर्वाचनका अवसरमा नाजायज गतिविधि हुने थुप्रै सम्भावनाहरु रहन्छन्। भौगोलिक रुपमा कठिन, जातीय र वर्गीय रुपमा विभाजित, शिक्षा र जनचेतनाको अभावलगायतका समस्याहरु मात्र होइन समाजिक र राजनीतिक रुपमा अति विभाजित र असहमतिका विषयवस्तुहरु बग्रेल्ति छरिएको बेला हुन गइरहेको चुनाव कम चुनौतीपूर्ण छैन। सहमतिका आधारमा सञ्चालित मुलुकमा दलहरु बीचको सहमतिका बाबजुत कार्यकर्ता पङ्तिमा भइरहने झगडा र असहिष्णु व्यवहार, संविधान निमार्ण र राज्यलाई नयाँ दिशा दिने सोच भन्दा पनि आफ्नो दलको पक्षमा बहुमत हासिल गर्ने आकांक्षा तथा सस्कार र शक्तिको होडले निर्वाचन अनि निर्वाचन अनुगमन दुवै पक्षलाई बढी संवेदनशिल र चुनौतिपूर्ण बनाएको छ। यी अवस्थाहरुका बीचमा हुन लागेको निर्वाचन प्रक्रिया र विधिसम्मत ढ बाट सञ्चालन हुन गाह्रो छ। अत: निर्वाचनका विधि र प्रक्रियाको अनुसरण र अवलम्बन भए नभएको हेरी विश्वासिलो र तथ्यसँगत प्रतिवेदन प्रकाशमा ल्याउने कार्य कम चुनौतीपूर्ण छैन।

चुनौतीहरुका बीचमा सम्पन्न हुने निर्वाचनमा पर्यवेक्षणको महत्व अझ बढी हुने गर्छ। निर्वाचन पर्यवेक्षण निम्न कारणले बढी महत्वपुर्ण हुने गर्छ।

- निर्वाचनका सहभागीहरूमा निर्वाचन प्रक्रियाका बारेमा विश्वास जगाउनह
- मतदाताहरूलाई निर्वाचन निष्पक्ष हुन्छ भन्ने वातावरणको विश्वसनीयता दिलाउनह
- सम्भावित अवाञ्छित क्रियाकलाप कम गर्नह
- दलहरूको निर्वाचन अभियान, सञ्चार माध्यमहरूको भूमिका र सरकारी पक्षबाट स्रोत साधनको दुरूपयोग आदिबारे मूल्याङ्कन गर्नह
- नागरिकहरूको राजनीतिक व्यवस्था र दलहरूप्रतिको सम्मानलाई दृष्टिगत गरी प्रजातान्त्रिक व्यवस्थामा हुनसक्ने सुधारका अवसरहरूको पहिचान गर्नह
- भविष्यमा निर्वाचन प्रक्रियामा गरिनुपर्ने सुधारहरूबारे निर्वाचन पदाधिकारीहरूलाई सुझाव दिनह
- निर्वाचनलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा विश्वसनीयता बढाउन।

निर्वाचनको पर्यवेक्षण गर्न खटिएका पर्यवेक्षकहरूले सम्पूर्ण निर्वाचन प्रक्रियाको अवलोकन गरी प्रतिवेदन तयार गर्छन्। उनीहरुले निर्वाचन व्यवस्थापन र सञ्चालनका सन्दर्भमा मतदाता शिक्षा, निर्वाचन अभियान, संचार माध्यम, मतदान कार्य, मतगणना र परिणाम घोषणा आदिको सम्पूर्ण वा केही कार्यको पर्यवेक्षण गर्ने अनुमति सम्बन्धित निर्वाचन आयोगबाट लिएका हुन्छन् र आफ्नो क्षेत्राधिकार भित्र रहेर ती सबै क्रियाकलापको अध्ययन गर्छन। तर, पर्यवेक्षकहरू आफैं निर्वाचन प्रक्रियामा संलग्न भने हुँदैनन बरु निर्वाचन कार्यको पर्यवेक्षण गरी सुझावसहितको प्रतिवेदन दिन्छन्।

### ३. निर्वाचन पर्यवेक्षण

निर्वाचन लोकतान्त्रिक राज्य प्रणालीमा जनताले आफ्ना प्रतिनिधि छान्ने सर्वोत्कृष्ट विधि र अभ्यास हो। नागरिकले मुलुकको राजनीतिक प्रक्रियामा प्रत्यक्ष भाग लिने अवसर पनि हो -निर्वाचन। निर्वाचन नागरिक र सरकारबीच जवाफदेहीपूर्ण सम्बन्ध स्थापना गराउने एउटा कडी पनि हो। निर्वाचनकै माध्यमबाट जनभावना र चाहना मुखरित हुन्छ साथै, नागरिकको मत र सम्मति अभिव्यक्त हुन्छ। निर्वाचन्त राजनीतिक प्रक्रिया मात्र होइन यो विचार र आस्थाको प्रतिनिधित्वको माध्यम एवं प्राविधिक प्रक्रियासमेत भएकाले यसका विविध पक्षमा सर्वसाधारणमा सूचना र ज्ञानको प्रसारण अनिवार्य सर्त हुनुपर्छ।

संविधानसभाको निर्वाचन, निर्वाचनहरुमध्ये पनि एक विशिष्ट किसिमको निर्वाचन हो। यसले आवधिक निर्वाचनले जस्तो सरकार बनाउने नभई मुलुकको दूरगामी मार्ग दर्शन गर्ने र राज्य संरचनाको परिवर्तन गर्ने सविधान निमार्ण गर्ने सभाको गठन गर्ने भएकोले यसको बेग्लै र विशिष्ठ महत्व छ। संविधानसभाको निर्वाचनको यो ऐतिहासिक अभियानमा नागरिक समाज या सामाजिक

सँगठनहरू निदाएर बस्न सक्दैनन्। आम नेपालीको चाहना अनुसारको जनप्रतिनिधि छनोट कसरी हुँदैछ भनेर नागरिक समाजले चनाखो हुनुपर्छ।

लामो समयसम्म सशस्त्र विद्रोह र निरंकुश सत्ताले सक्रिय भूमिका निभाएको तथा विवाद, आपसी अविश्वास र द्वन्द्वका अवशेषहरू कायमै रहेको अवस्थामा हुन गइरहेको निर्वाचन स्वतन्त्र, निष्पक्ष, स्वच्छ र भयरहित वातावरणमा सम्पन्न गर्ने काम कम चुनौतीपूर्ण भने छैन। नागरिक तहबाटै पर्याप्त चनाखोपन देखाइयो भने निर्वाचनमा धाँधली गर्ने या भय र त्रास देखाई भोट बटुल्ने राजनीतिक खेलाडीहरू सतर्क रहन सक्छन्। त्यसका लागि निर्वाचन अनुगमनलाई सशक्त र व्यापक बनाउनु अत्यन्तै जरुरी छ।

निर्वाचनको स्वतन्त्रता, निष्पक्षता र स्वच्छताले नै लोकतन्त्रलाई संस्थागत गर्ने भएकाले निर्वाचनको प्रारम्भदेखि अन्त्यसम्मका सबै प्रक्रियाहरू विधिसम्मत र पारदर्शी हुनु जरुरी छ। स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा हुने स्वच्छ निर्वाचनले मात्रै जनताको मत वा विचारको प्रतिनिधित्व सुनिश्चित गर्न सक्छ। संविधानसभाको निर्वाचन आफैंमा अहम् महत्व राख्ने निर्वाचन भएकाले यसको प्रक्रियाको प्रारम्भदेखि नै स्वच्छता, स्वतन्त्रता, निष्पक्षता र भयरहित वातावरणको सुनिश्चितताका लागि निर्वाचनको वातावरणको अनुगमन गर्नुसमेत जरुरी छ। यसअन्तर्गत निर्वाचनसम्बन्धी ऐन, नियमलगायतका कानुन निर्माण प्रक्रिया, तिनको राष्ट्रिय, अन्तर्राष्ट्रिय कानुनी प्रावधानसँगको तादाम्यताको अध्ययन र अनुगमन गर्नु जरुरी हुन्छ। निर्वाचन प्रणालीको छनोट, निर्वाचन क्षेत्रहरूको निर्धारण, मतदाता नामावली संकलन र सूची प्रकाशन, निर्वाचनका प्रत्याशीहरू, राजनीतिक दल र अन्य राजनीतिक संस्थाहरूका गतिविधि, उनीहरूका दस्तावेज, आय व्ययलगायतका कुराहरू निर्वाचनसम्बन्धी कानुनी व्यवस्था र आचार संहिता अनुरूपका क्रियाकलाप भए नभएको अनुगमन गर्नु नै निर्वाचन अनुगमन/पर्यवेक्षण हो। त्यसैगरी मतदानको दिनको व्यवस्थापन, त्यसको तयारी, राजनीतिक दल र अन्य संस्थाहरूका गतिविधि, उम्मेदवार र उनीहरूका प्रतिनिधि, मतदानका लागि खटिएका सरकारी कर्मचारीका कामकारबाही र मतदान केन्द्र आसपासको वातावरणसमेत अनुगमन गर्नु जरुरी छ।

संविधानसभा सदस्य निर्वाचन २०६४ मा समावेशीकरणको अवधारणालाई पनि अत्यन्त महत्वका साथ अवलम्बन गरिएको छ। जसअनुसार दुवै निर्वाचन पद्दत्तिमा कम्तिमा तेतीस प्रतिशत महिला सहभागितालाई सुनिश्चित गर्नु पर्नेछ भने समानुपातिक प्रणाली अर्न्तगतको बन्द सूचिमा पचास प्रतिशत महिला सहभागिता अनिवार्य गरिएको छ। त्यसैगरी मधेशी (१५.६ प्रतिशत महिला र १५.६ प्रतिशत पुरुष), दलित (६.५ प्रतिशत महिला र ६.५ प्रतिशत पुरुष), उत्पीडित जाती/आदिवासी, जनजाति (१८.९ प्रतिशत महिला र १८.९ प्रतिशत पुरुष), पिछडिएको क्षेत्र (२ प्रतिशत महिला र २ प्रतिशत पुरुष) र अन्यमा (१५.१ प्रतिशत महिला र १५.१ प्रतिशत पुरुष) अनुपात अनिर्वाय गरिएको छ। यस अनुरुप भए नभएको हुर्ने दायित्व निर्वाचन आयोग र अनुगमन संस्थाहरुको हुनेछ।

### ३.१ पर्यवेक्षकका प्रकार

#### ३.१.१ राष्ट्रिय पर्यवेक्षक

राष्ट्रिय पर्यवेक्षकहरु निर्वाचन हुने देशकै नागरिक हुन्। तिनीहरू कुनै नागरिक संस्था वा त्यस्तै समूहसँग आवद्ध संस्थाका सदस्यहरू वा स्वतन्त्र नागरिक हुन्छन्। यिनीहरूमा निर्वाचन प्रक्रियाप्रति चासो हुने गर्दछ तर दलगत स्वार्थले अभिप्रेरित हुनु हुँदैन।

#### ३.१.२ अन्तर्राष्ट्रिय पर्यवेक्षक

निर्वाचन हुने देशमा निर्वाचन पर्यवेक्षणका लागि अन्यत्र मुलुकबाट आउने व्यक्ति वा संस्थाहरू अन्तर्राष्ट्रिय पर्यवेक्षक हुन्। उनीहरूले कुनै देशको सरकार वा अन्तर्राष्ट्रिय सँगठनको प्रतिनिधित्व गरेका हुन्छन्। यस्ता पर्यवेक्षकहरू बौद्धिक जमात वा व्यवसायिक सँगठनहरूबाट खटाइएका हुन्छन्। पर्यवेक्षकहरूले निर्वाचनसम्बन्धी सम्पूर्ण पक्षको राम्रो जानकारी राखेका हुन्छन्। यसर्थ समाजमा निर्वाचनप्रति विश्वास जगाउने कार्यमा उनीहरूको अहम् भूमिका रहन्छ।

#### ३.१.३ घुम्ती पर्यवेक्षण

यस प्रकारको पर्यवेक्षणमा धेरै वा थोरै व्यक्तिहरू धेरै ठाउँमा घुमेर धेरै मतदान केन्द्रहरूको पर्यवेक्षणका साथै ती ठाउँहरूको मतदानको वातावरणको मूल्याङ्कन गर्ने गर्दछन्। यस प्रकार पर्यवेक्षकहरूबाट आन्तरिक वा बाह्य ( स्वदेशी वा विदेशी) जोकोही पनि हुने गर्दछन्।

#### ३.१.४ स्थायी पर्यवेक्षण

यस प्रकारको पर्यवेक्षणमा पर्यवेक्षकहरू कुनै एक ठाउँमा बसेर एउटा मतदान केन्द्रको नियमित पर्यवेक्षण गर्ने गर्दछन्।

निर्वाचन पर्यवेक्षण सामान्यतया मतदान पूर्व, मतदानका दिन र मतदानपछि गरिन्छ। गम्भीरतापूर्वक र उपयुक्त तबरले गरिएको पर्यवेक्षणले राम्रो व्यवहार सिक्ने अवसर, अवाञ्छित क्रियाकलाप रोक्नमा सहायक, सम्भावित अनियमितताले ल्याउन सक्ने दुर्घटनाको रोकथाम, संक्रमणकालीन एवम् द्वन्द्वग्रस्त अवस्थामा पर्यवेक्षकको उपस्थितिले वातावरण सुरक्षित रहेका अनुभूति, निर्वाचनको विश्वसनीयता एवं वैधता अभिवृद्धि गर्नमा सहायक, र राष्ट्रिय र अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूको सहकार्यबाट क्षमता अभिवृद्धी गर्न सहयोग गर्दछ।

### ३.२ पर्यवेक्षकको कर्तव्य र अधिकार

निर्वाचन पर्यवेक्षकहरुका केही विशिष्ट कर्तव्य र अधिकारहरु तोकिएका हुन्छन्। निर्वाचनको प्रकृति र देश, काल, परिस्थिति अनुरुप केही केही अधिकार र

कर्तव्यहरुको व्याख्या फरक फरक ढंगले गरिएको हुन्छ। संविधानसभा सदस्य निर्वाचन २०६४ का लागि निर्वाचन आयोगले जारी गरेको पर्यवेक्षकहरुका अधिकार र कर्तव्य देहाय बमोजिम छन् :

(क) निर्वाचन आयोगबाट स्वीकृति प्राप्त नगरी कुनै पनि व्यक्ति वा संस्थाले पर्यवेक्षण कार्य गर्नु गराउनु हुँदैन।

(ख) पर्यवेक्षणमा खटिनु पूर्व निष्पक्षताको शपथ लिनु पर्नेछ।

(ग) पर्यवेक्षण कार्यमा खटिने पर्यवेक्षकहरूले अनिवार्य रूपमा पर्यवेक्षक अभिमुखीकरण कार्यक्रममा भाग लिएको हुनुपर्नेछ।

(घ) पर्यवेक्षकहरूले निर्वाचन आयोगले जारी गरेको पर्यवेक्षक आचार संहिताको अध्ययन एवं पालना गर्नुपर्नेछ।

(ङ) पर्यवेक्षकले पर्यवेक्षणमा जाँदा आयोगबाट जारी गरिएको परिचयपत्र प्रष्ट देखिने गरी लगाएको हुनुपर्नेछ।

(च) पर्यवेक्षकहरूले आफूलाई खटाइएको क्षेत्रको मात्र पर्यवेक्षण गर्नुपर्नेछ।

(छ) पर्यवेक्षकहरूले गोप्य मतसंकेतबाहेक निर्वाचन सम्बन्धी अन्य सम्पूर्ण प्रक्रियाको पर्यवेक्षण गर्न सक्नेछन्।

(ज) निर्वाचनसँग सरोकार राख्ने सम्बद्ध सबै पक्षसँग निर्वाचनसम्बन्धी विषयमा स्वतन्त्रतापूर्वक संवाद गर्न सक्ने।

(झ) पर्यवेक्षण आचार संहिता अन्तर्गत रही निर्वाचन सम्बन्धी सबै विषयहरूमा स्पष्ट हुन पाउने।

(ञ) निर्वाचन आयोग वा मातहतका अधिकारीहरूको अधिकार क्षेत्र सम्बन्धी जानकारी पाउने।

(ट) निर्वाचन प्रचार अभियान, मतदाताको निर्वाध आवत-जावत, संवेदनशील निर्वाचन समाग्रीहरू ( मतपेटिका, मतपत्र आदि) को ओसार-पसार, मतदान, मतगणना, निर्वाचन परिणाम र सञ्चार माध्यमहरूमा पहुँच आदि कुराको पर्यवेक्षण गर्न सक्ने।

(ठ) मतदान केन्द्रको गोप्य कक्षबाहेक मतदान केन्द्रमा मतदान अधिकृतको अनुमति लिएर निर्वाध प्रवेश पाउने।

(ड) मतसंकेत गरेको अवस्थाको बाहेक निर्वाचन अधिकृत/मतदान अधिकृतले स्वीकृति दिएमा मतदानकेन्द्र लगायतका निर्वाचन प्रक्रियाको तस्बिर खिच्न पाइने छ।

(ढ) मतगणनास्थलमा निर्वाचन अधिकृतको अनुमति लिएर निर्वाध प्रवेश पाउने।

(ण) पर्यवेक्षकले बस्न चाहेमा निर्वाचन अधिकृतले तोकेबमोजिम मतपेटिका संकलन गरिराखेको स्थलमा बस्न पाउने।

(त) निर्वाचन परिणाम घोषणा गर्दा अपनाइने प्रक्रिया सम्बन्धी जानकारी लिन पाउने।

(थ) निर्वाचन सम्बन्धमा परेको कुनै पनि उजुरी वा गुनासोबारे जानकारी लिन पाउने।

(द) निर्वाचन सम्बन्धी प्रक्रियाको विभिन्न चरणमा राजनीतिक दलहरूको सहभागिता रहे/नरहेको विषयबारे थाहा पाउने।

(ध) पर्यवेक्षणको क्रममा आफूले प्राप्त गरेको अनुभव आदान-प्रदान गर्नसक्ने।

**३.३ निर्वाचन पर्यवेक्षणका क्रममा आउन सक्ने सम्भावित जोखिमहरू र व्यक्तिगत सुरक्षा**

- निर्वाचन पर्यवेक्षणमा खटिएका सम्पूर्ण व्यक्तिहरूको व्यक्तिगत सुरक्षा प्रमुख प्राथमिकता हुनुपर्दछ। यसो हुन नसकेमा उनीहरूको जीवन जोखिममा पर्न सक्छ।
- यदि पर्यवेक्षणका कर्मचारीहरूले निर्वाचन सम्पन्न हुने कुनै स्थान/बुथमा पर्यवेक्षणका लागि आफुलाई सुरक्षित महशुस गरेनन् भने उक्त क्षेत्रबाट बाहिरिनु राम्रो हुन्छ।
- यदि पर्यवेक्षणका कर्मचारीहरूमाथि कुनै घटना घट्यो वा त्यस्तो किसिमको घटना घट्न सक्ने संकेतको पूर्वानुमान भयो भने जति सक्यो छिटो निर्वाचन केन्द्र छोड्नु पर्दछ।
- निर्वाचन केन्द्रमा कुनै किसिमको हिंसात्मक गतिबिधि भएमा त्यस समयमा पर्यवेक्षणकर्ता चुपचाप बस्नुपर्छ र होशियारीपूर्वक केन्द्रबाट बाहिरिनुपर्दछ।
- सम्बन्धित पदाधिकारीलाई निर्वाचन केन्द्रको बिग्रँदो वातावरण र यसको कारणहरूका बारेमा जानकारी गराउनुपर्दछ।

**३.४ जोखिम कम गर्नका लागि केही उपायहरू**

- निर्वाचन पर्यवेक्षणकर्ता व्यवहारमा विनम्र हुनु पर्दछ। पर्यवेक्षणकर्ताले राजनीतिक, जातीयता वा धार्मिक आस्थाका आधारमा कसैसँगपनि भेदभावपूर्ण व्यवहार गर्नुहुँदैन।
- पर्यवेक्षणका दौरान राजनीतिक दल वा उम्मेदवार वा तिनका कार्यकर्ताहरूले पर्यवेक्षणकर्तालाई प्रभावित पार्नसक्ने सम्भावनाप्रति सजग रहनु पर्छ।
- पर्यवेक्षणकर्ताले पर्यवेक्षणका दौरानमा कुनै पनि राजनीतिक दल वा उम्मेदवारको चिन्ह प्रयोग गर्न हुदैन।
- पर्यवेक्षणकर्ताले पर्यवेक्षणका दौरान कुनै खास राजनीतिक दल वा उम्मेदवारप्रति लगाव वा आत्मियता देखाउने खालको व्यवहार गर्नु हुदैन।
- पर्यबेक्षणका दौरान प्रयोग गरिएको सवारी साधनमा राजनीतिक दल वा उम्मेदवारका कार्यकर्ता वा मतदाताले माग्न सक्ने भएकोले यसबारे पर्यवेक्षणकर्ता सजग हुनुपर्दछ।
- पर्यवेक्षणकर्ताहरूले आफ्नो सुरक्षाबारे

सजग हुनुपर्दछ र अनावश्यक विवादमा तान्न खोज्नेहरूप्रति पनि सजग हुनु पर्दछ।

- पर्यवेक्षणकर्ताले जिल्लाका संबेदनशील र धाँधली हुन सक्ने सम्भावना हरेको सुनिएको मतदान केन्द्रमा पर्यवेक्षण कार्यलाई प्राथमिकता दिनुपर्दछ।
- पर्यवेक्षणकर्ताहरू मानवअधिकारको बिश्वव्यापी घोषणाप्रति प्रतिबद्ध हुनुपर्दछ।

संविधानसभाको निर्वाचन अनुगमन गर्ने उद्देश्यले नेपालको लोकतान्त्रिक आन्दोलनमा सक्रिय भूमिका निर्वाह गरेका संस्थाहरुले संविधानसभाको निर्वाचनको अनुगमन गरिरहेका छन्। निर्वाचन आयोगले निर्वाचन पर्यवेक्षणका लागि १ सय ३८ नागरिक संस्थाहरुलाई निर्वाचन अनुगमनका लागि अनुमति प्रदान गरिसकेको छ। अनुगमनका लागि अनुमति पाएका मध्ये राष्ट्रिय निर्वाचन अनुगमन सञ्जाल (नेमा) ले मुलुकका सबै निर्वाचन केन्द्रमा पर्यवेक्षक खटाउने नीति लिएको छ। जसअनुसार एक वा दुई मात्र निर्वाचन क्षेत्र भएका जिल्लामा हरेक निर्वाचन स्थलमा कम्तिमा एक जना र तीन वा सो भन्दा बढी निर्वाचन क्षेत्र भएका जिल्लामा हरेक निर्वाचन केन्द्र (बुथ)मा कम्तिमा एकजना तालिम प्राप्त निर्वाचन पर्यवेक्षक खटाउने भएको छ। यो स्वतन्त्र, गैरदलीय र निष्पक्ष नागरिक तथा सामाजिक सँगठनहरूको सञ्जाल हो। यसमा चौधवटा राष्ट्रिय स्तरका नागरिक संस्था र महासंघहरुको संलग्नता छ भने अन्य स्थानीय संस्थाहरुसँग पनि सहकार्य र सहयोगको आधानप्रदान गर्ने नीति नेमाले लिएको छ। यसको विशिष्ठ उद्देश्य निर्वाचनको अनुगमन गर्नु र स्वतन्त्र, निष्पक्ष, भयरहित एवं सहभागितमूलक निर्वाचनलाई सहयोग पुऱ्याउनु हो। त्यसैगरि डेढ दशकदेखि निरन्तर नेपालको निर्वाचन अनुगमनमा सक्रिय संस्था राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक)ले पनि चौधहजारभन्दा बढी निर्वाचन पर्यवेक्षक खटाउन लागेको जनाएको छ। अन्य देशव्यापी रूपमा अनुगमन गर्ने संस्थाहरु लोकतन्त्र र निर्वाचनका लागि निर्वाचन सञ्जाल, नेपाल (डीन) र आम निर्वाचन पर्यवेक्षण समिति (जियोक) ले पनि ठूलो संख्यामा पर्यवेक्षक खटाउने भएका छन्। सबै संस्थाका तर्फबाट संविधानसभाको निर्वाचनमा कूल असी हजारभन्दा बढी पर्यवेक्षक खटिने अपेक्षा निर्वाचन आयोगले गरेको छ। अन्य थुप्रै संस्थाहरु आ-आफ्नै ढंग र क्षमताका आधारमा सक्रिय छन्। सबैको उद्देश्य संविधानसभाको निर्वाचनमा हुनसक्ने अनियमितता कम गरी स्वच्छ, स्वतन्त्र र विश्वसनीय निर्वाचनमा सहयोग पुऱ्याउनु नै हो।

निर्वाचन पर्यवेक्षकहरुले आफ्नो उद्देश्य र आवश्यकताका आधारमा बिभिन्न सामग्री र फाराम तथा विधिहरुको अवलम्बन गरेका हुन्छन्। तिनै सामग्रीहरुका आधारमा उनीहरुले एक निश्चित मान्यता कायम गरी निर्वाचनको स्वतन्त्रता र निष्पक्षताको जाँच गर्छन् र त्यसैका आधारमा निर्वाचनको लेखाजोखा सार्वजनिक गर्छन्।

### ४. निर्वाचन अचारसंहिता

आचारसंहिता आचरण वा व्यवहारको परिस्कृत नैतिक नियम हो। कुनै पनि कार्यलाई मर्यादित र सम्मानित रूपमा सम्पन्न गर्न सो कार्यमा संलग्न पक्षहरूले पालना गर्नुपर्ने उच्च नैतिक मापदण्ड पनि हो-आचार संहिता। वर्तमान सन्दर्भमा निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, विश्वसनीय बनाउन निर्वाचनसँग सम्बन्धित राजनीतिक दल, उम्मेदवार, नेपाल सरकार, सञ्चार माध्यम, कर्मचारीसमेतले पालना गर्नुपर्ने आचरण नै निर्वाचन आचारसंहिता हो। यो निर्वाचन आयोगले जारी गर्छ र आयोगले तोकेको मितिदेखि लागू हुन्छ।

निर्वाचन आचारसंहिताको पालनाले निर्वाचनको प्रचार प्रसारमा अनुचित प्रतिस्पर्धा र स्रोतको दुरूपयोग रोक्न सघाउ पुऱ्याउँछ भने निर्वाचनलाई कम खर्चिलो र मर्यादित बनाउन पनि सहयोग पुग्छ। स्वच्छ, निष्पक्ष, स्वतन्त्र, पारदर्शी र विश्वसनीय ढ बाट निर्वाचन सम्पन्न गर्न आचारसंहिताको सबै पक्षले पालना गर्नु आवश्यक हुन्छ। निर्वाचन आचार संहिता राजनीतिक दल, उम्मेदवारहरू तथा उनीहरुका तर्फबाट प्रचारप्रसारमा संलग्न व्यक्तिहरू, सरकार, सरकारी, अर्धसरकारी, स्थानीय निकाय तथा निर्वाचनमा संलग्न कर्मचारी, सरकारी, अर्धसरकारी र स्थानीय निकायका कार्यालय/संस्था, आमसञ्चार माध्यमहरूलगायतले पालना गर्नुपर्छ।

आसन्न संविधानसभा सदस्य निर्वाचनका क्रममा आचार संहिता पालनामा दलहरु, सरकार र सञ्चार माध्यमहरु अपेक्षाकृत जिम्मेवार नदेखिएको निर्वाचन पर्यवेक्षण/अनुगमनमा सक्रिय संस्थाहरु र स्वयम् निर्वाचन आयोगको गुनासो सुनिने गरिएको छ। दलहरुले खासगरी एक अर्काप्रतिको सहिष्णुता त्यागि आक्रमण र गाली गलौजमा उत्रिएको आरोप छ भने सरकारका मन्त्री र विशिष्ट अधिकारीहरुले निर्वाचनको प्रचार प्रसार र अन्य दलगत काममा सरकारी साधन स्रोतको दुरुपयोग सुनिने गरेको छ। त्यसैगरी सरकारी सञ्चार माध्यमहरु विभागीय मन्त्रीको दलको प्रचार यन्त्रका रुपमा काम गरिरहेको पाइएको छ। आचार संहिताको अर्को पाटो "निर्वाचन खर्च" सम्बन्धी विषयमा बढी चर्चामा आउने गरेको छ। विगतका निर्वाचनमा भएका निर्वाचन खर्च र अनावश्यक तडक भडकलाई मध्य नजर गर्दै संविधानसभाको निर्वाचनका लागि पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) निर्वाचन प्रणालीमा उम्मेदवारले खर्च गर्न पाउने रकम ४ लाख ५९ हजार रूपैयासम्म तथा समानुपातिक (राजनीतिक दललाई मत दिने) निर्वाचनका लागि राजनीतिक दलले बन्दसूचीमा रहेका उम्मेदवार संख्या अनुसार प्रतिउम्मेदवार पचास हजार रूपैयासम्म खर्च गर्न पाउने गरी सीमा तोकिएको छ।

#### ४.१ निर्वाचन पर्यवेक्षण आचारसंहिता

आचार संहिता दल, उम्मेदवार,

**निर्वाचन आचारसंहिताको पालनाले निर्वाचनको प्रचार प्रसारमा अनुचित प्रतिस्पर्धा र स्रोतको दुरुपयोग रोक्न सघाउ पुऱ्याउँछ भने निर्वाचनलाई कम खर्चिलो र मर्यादित बनाउन पनि सहयोग पुग्छ। स्वच्छ, निष्पक्ष, स्वतन्त्र, पारदर्शी र विश्वसनीय ढङ्गबाट निर्वाचन सम्पन्न गर्न आचारसंहिताको सबै पक्षले पालना गर्नु आवश्यक हुन्छ।**

तिनका प्रतिनिधी, सरकार र सञ्चार माध्यमहरु मात्र होइन स्वयं पर्यवेक्षकले पनि पालना गर्नु पर्छ। निर्वाचन आयोगले संविधानसभा सदस्य निर्वाचन २०६४ को पर्यवेक्षण गर्नका लागि पर्यवेक्षकले पालना गर्नुपर्ने निम्न आचारसंहिता तोकिदिएको छ।

१ पर्यवेक्षक परिचयपत्र सबैले देख्ने गरी लगाउनुपर्नेछ,

२. मतदानकेन्द्र लगायतका निर्वाचन प्रक्रियामा संलग्न सबै निकायहरूमा जाँदा पर्यवेक्षकले शिष्टपूर्वक व्यवहार गर्नुपर्नेछ।

३. निर्वाचन आयोगको सम्मान र प्रतिष्ठामा आँच आउने कुनै कार्य गर्न हुँदैन साथै आयोगका अन्य पदाधिकारीहरू, निर्वाचन कार्यमा संलग्न कर्मचारीहरूलगायत मतदाताहरूको सम्मान गर्नुपर्दछ।

४. मतदान अधिकृत वा निर्वाचन अधिकृतहरूले मतदान केन्द्र र मतगणनास्थललाई सुव्यवस्थित गर्न आवश्यक ठानी अनुरोध गरेमा पर्यवेक्षकले सोको पालना गर्नुपर्दछ।

५. निर्वाचन पर्यवेक्षण गर्दा स्वतन्त्र, निष्पक्ष, तटस्थ एवम् वस्तुनिष्ठतापूर्वक गर्नुपर्नेछ। कुनै राजनीतिक दल वा उम्मेदवारप्रति झुकाव वा पूर्वाग्रह राख्न हुँदैन।

६. पर्यवेक्षकहरूले निर्वाचनका सरोकारवालाहरूलाई आक्षेप लगाउने किसिमको व्यवहार गर्नु हुँदैन।

७. कुनै राजनीतिक दल वा स्वतन्त्र उम्मेदवारको समर्थन वा विरोध हुने गरी पर्यवेक्षकहरूले पोशाक, चिन्ह, व्याज लगाउन वा अन्य कुनै माध्यमद्वारा प्रचार-प्रसार वा प्रदर्शन गर्न पाउने छैनन्।

८. निर्वाचन कार्यमा खटिएका कर्मचारीहरूलाई अनावश्यक सल्लाह दिन, गलत ढंगको सूचना दिन र कानूनको अपव्याख्या गर्न पाउने छैनन्।

९. निर्वाचन सम्बन्धी विवादहरू समाधान गर्न, विवाद समाधान गर्ने हेतुले लिखित बयान दिन र निर्वाचन परिणाम आधिकारिक रूपमा घोषणा हुनुअगावै प्रमाणित तबरले प्रसार गर्न पाउने छैनन्।

१०. पर्यवेक्षकहरू स्वतन्त्र र निष्पक्ष हुनुपर्ने भएकाले उनीहरूले आफूलाई चाहिने साधन र श्रोतको व्यवस्था आफैं मिलाउनु पर्दछ। तर सवारी पास भने आवश्यकतानुसार निर्वाचन अधिकृतले उपलब्ध गराउन सक्नेछ।

११. मतदातासँग आवश्यक सामान्य जानकारी लिनसक्नेछन्। तर मतदाताको गोप्यता भ हुने वा मतदानको निष्पक्षतामा आँच आउने एवं मतदान कार्य वा क्षेत्रमा वाधा उत्पन्न हुने किसिमबाट कुनै कार्य गर्नुहुँदैन।

१२. पर्यवेक्षकहरूले चाहेमा मतगणना प्रक्रिया एवम् मतपेटिकाको सम्बन्धमा निर्वाचन अधिकृतबाट आवश्यक जानकारी प्राप्त गर्न सक्नेछन्।

१३. पर्यवेक्षकहरूले निर्वाचन अधिकृत वा निर्वाचन आयोगले निर्वाचनको अन्तिम परिणाम घोषणा गर्नुअघि उम्मेदवार विजयी भएको सूचना सम्प्रेषण गर्न पाउने छैनन्।

१४. निर्वाचन प्रक्रिया सम्बन्धमा ऐन, नियम, निर्देशिकाहरूले व्यवस्थित गरेको प्रावधानबारे सञ्चार माध्यमहरूमा टिका टिप्पणी गर्न पाउने छैनन् तर ती पालना गर्दा देखिएका त्रुटि, कमजोरीहरूलाई आफ्नो प्रतिवेदनमा औंल्याउन पाउने छन्।

१५. पर्यवेक्षणको क्रममा कुनै मतदान केन्द्र वा वरिपरि कुनै किसिमको विस ति, अनियमितता, धाँधली, डर त्रास देखाई मतदाताहरूलाई मतदानबाट बञ्चित गर्ने कार्य आदि भएको महसुस गरेमा सो सम्बन्धी जानकारी तुरून्त निर्वाचन अधिकृत/मतदान अधिकृत/निर्वाचन आयोगलाई गराउनु पर्नेछ।

१६. पर्यवेक्षण अवधिमा संकलन गरेका सूचनाहरू वास्तविक र सत्य हुनुपर्दछ।

१७. निर्वाचन पर्यवेक्षणको समीक्षा गर्दा वा प्रतिवेदन दिंदा निर्वाचन प्रक्रियामा प्रभाव पार्ने समग्र तत्वहरूको विश्लेषण गरी यथार्थपरक र फराकिलो (accurate and comprehensive) दृष्टिकोण राख्नु पर्नेछ।

१८. निर्वाचन पर्यवेक्षण कार्य पूरा भएपछि १५ दिनभित्र प्रारम्भिक प्रतिवेदन र ३ महिनाभित्र अन्तिम प्रतिवेदन निर्वाचन आयोगमा दिनुपर्नेछ। ●

# लोकतन्त्रको सवलीकरणमा निर्वाचनको भूमिका

प्रा. कृष्ण पोखरेल

**लोकतन्त्रको आधुनिक स्वरूप भनेको प्रतिनिधिमूलक नै हुन्छ। जनताले प्रतिनिधिका रूपमा आफ्ना वारेस छान्दछन् र तिनै वारेसले तिनका नाममा मुलुकको शासन गर्छन्। यही नै संसारका सवैजसो लोकतन्त्रको वास्तविकता हो।**

**१.विषय प्रवेश**

आधुनिक युगमा जहाँ पनि लोकतन्त्रको अभ्याश भएको पाइन्छ त्यो अप्रत्यक्ष लोकतन्त्र मात्र हो। यस्तो लोकतन्त्र जहाँ जनताले आफ्नो शासन आफैं होइन आफ्ना प्रतिनिधिमार्फत चलाउँछन्। त्यसैले त्यस्तो लोकतन्त्रलाई प्रतिनिधिमूलक लोकतन्त्र भन्दछन्। कुनै कुनै मुलुकमा इतिहासको कुनै काल-खण्डमा संसारको कुनै कुनामा प्रचलित प्रत्यक्ष लोकतन्त्रलाई सम्झाउने किसिमले केही यस्ता साधन वा उपकरणहरुको प्रयोग गरिन्छ जसलाई प्रत्यक्ष लोकतन्त्रका उपकरणहरु (Devices of direct democracy) भनिन्छ। ती हुन्- जनमत सँग्रह (referendum), प्रस्तावाधिकार (initiative), प्रत्याह्वान (recall) र लोकमत सँग्रह(plebiscite)। यी उपकरणहरुको प्रयोग गर्नेमा अग्रणी मुलुक स्वीजरल्याण्ड मानिन्छ। नेपालमा पनि पञ्चायत नै कायम राख्ने कि बहुदल दिने भन्ने विषयमा राजा वीरेन्द्रले २०३७ सालमा जनमत सँग्रह गराएका थिए। यही अन्तरिम संविधान २०६३ मा पनि महत्वपूर्ण सवालहरुमा जनमत सँग्रह गर्न सकिने प्रावधान राखिएको छ।

यी त अपवादका कुरा भए। लोकतन्त्रको आधुनिक स्वरुप भनेको प्रतिनिधिमूलक नै हुन्छ। जनताले प्रतिनिधिका रुपमा आफ्ना वारेस छान्दछन् र तिनै वारेसले तिनका नाममा मुलुकको शासन गर्छन्। यही नै संसारका सवैजसो लोकतन्त्रको वास्तविकता हो। लोकतान्त्रिक शासनको प्रारुप कस्तो बनाउने ? प्रतिनिधि कसरी छान्ने ? र कति वर्षका लागि छान्ने ? भन्ने विषयमा संसारमा भिन्न भिन्न अभ्यास छन्। यो तथ्यवाट के बुझिन्छ भने लोकतन्त्रको सार निर्वाचनमै अडिएको छ। कस्तो प्रकारको निर्वाचन प्रणाली अपनाइयो भने जनमतको सही प्रतिनिधित्व हुनसक्छ ? वा कस्तो किसिमको प्रणाली अपनाइयो भने प्रतिनिधिहरु जनउत्तरदायी रहिरहन्छन् ? वा जनताको सही प्रतिनिधित्व गराउनका लागि गरिने निर्वाचनमा के कस्ता वाधा अडचन आइपर्छन् र तिनलाई पन्छाउन के गर्नुपर्छ ? र कसरी विश्वसनीय निर्वाचन गर्न सकिन्छ ताकि जनताले विना डर, त्रास आफ्नो मत व्यक्त गर्न सकून् ? यी यस्ता अहम सवाल हुन् जसको उत्तर नखोजी लोकतन्त्रको सवलीकरण सम्भव छैन।

**२.लोकतन्त्र र निर्वाचन**

लोकतन्त्रलाई जनताको शासन भनिन्छ। शासनमा जनताको पकड निर्वाचनद्वारा मात्र सम्भव हुन्छ। त्यसैले निर्वाचनलाई लोकतन्त्रको प्राणवायु भनिन्छ। वास्तवमा जनताले मुलुकको शासनमा निर्वाचन कै माध्यमवाट हस्तक्षेप गर्छन्। निर्वाचन विनाको लोकतन्त्रको परिकल्पना पनि गर्न सकिन्न। यो त निर्वाचन नै हो जसले गल्लीमा भएको मान्छेलाई सत्ताको शिखरमा पुर्‍याउन सक्छ र सत्ताको शिखरमा भएकालाई गल्लीमा मिल्काइदिन सक्छ। लोकतन्त्रमा यसैलाई लोकशक्ति भन्दछन्। जनताले आफ्नो शासन आफै गर्ने अधिकारको प्रयोग निर्वाचनकै माध्यमवाट गर्छन्। यस मानेमा निर्वाचन लोकतन्त्रको माध्यम हो। प्रकारान्तरमा भन्ने हो भने जनताले लोकतन्त्रको अभ्याश नै निर्वाचनद्वारा गर्छन्। यी दुइ माझको सम्वन्ध नङ-मासुको जस्तो हुन्छ। त्यसैले लोकतन्त्रमा एक पटक निर्वाचन गरेर पुग्दैन। यो आवधिक रुपमा पटक पटक भइरहन्छ। जनताको ताजा जनादेश लिने भनेकै निर्वाचनका माध्यमवाट हो। यसको पछाडि अन्तरनिहित मान्यता के छ भने जनताको चाहना समयको अन्तरालसँगै बद्लिनसक्छ। हिजो आफूले निर्वाचित गरेको प्रतिनिधिले आफ्नो चाहनाबमोजिम काम गरेन भने उसलाई बद्लेर नयाँ प्रतिनिधिलाई जिम्मेवारी दिन पाउनु जनताको साश्वत अधिकार हो। यो काम समय समयमा भइरहने निर्वाचनवाट मात्र सम्भव हुन्छ। वस्तुत: निर्वाचनले लोकतन्त्रलाई सधैं पुनर्ताजगी गरिरहन्छ।

**३.निर्वाचन र जनसम्प्रभुता**

लोकतन्त्र भनेकै जनतामा सम्प्रभुता निहित रहने शासन व्यवस्था हो। लोकतन्त्रको दावी गरिन्छ र पनि यदि त्यहाँ जनतामा सार्वभौमसत्ता छैन भने त्यो शासन व्यवस्था अरु जे भए पनि लोकतान्त्रिक चाहिं हुनसक्दैन। तर प्रश्न उठ्छ- जनताले आफूमा निहित सार्वभौमसत्ताको प्रयोग के कसरी गर्छन् ? जब .कुनै शासकले चरम दमन गर्छ , जनताको शोषण गर्छ र जनअधिकारको खिल्ली उडाउँछ त्यसवेला जनताले आन्दोलन वा क्रान्तिका माध्यमवाट आफ्नो सार्वभौमसत्ताको प्रदर्शन र प्रयोग गर्छन्। जब जनता क्रान्तिका लागि उत्रन्छन् त्यसवेला तिनले कुनै संविधानको धारा वा कानुनको दफा हेर्दैनन्। सात साल, छयालीस साल र त्रिसठ्ठी सालको वैशाखमा जनताले त्यही सार्वभौमसत्ताको प्रयोग गरेका हुन्। वास्तवमा जब जनता शिरमा कात्रो बाँधेर मैदानमा उत्रन्छन् अनि त्यसवेला रेजा पहलवी, मार्कोस, इदी अमिन वा बोकासा कोही पनि टिक्न सकेनन् भन्ने कुरा विश्व इतिहासले देखाएको छ।

सामान्य अवस्थामा जनताले आफ्नो सार्वभौमसत्ता निर्वाचनमा मतदान गरेर प्रयोग गर्छन्। कुनै बेला घुम्दै वेलायत पुगेर फर्केका रुसोले वेलायती जनता पाँच वर्षमा एक पल्ट स्वतन्त्र हुँदारहेछन् भनी टिप्पणी गरेका थिए। तर त्यसबेला देखि आज सम्ममा टेम्स नदीमा थुप्रै पानी बगिसकेको छ र वेलायती प्रारुपको लोकतन्त्रले विश्वमा डंका पिटेको छ। स्वयं रुसोको प्रिय फ्रान्सले पनि आफ्नै ढंगले त्यही निर्वाचनमा आधारित लोकतन्त्रको अभ्यास गरिरहेको छ।

वस्तुत: निर्वाचन भनेको जनसम्प्रभुतालाई निश्चित अवधिका लागि शासकहरुमा हस्तान्तरण गर्ने माध्यम हो। मूलत: सम्प्रभुता जनतामा निहित रहन्छ र तिनले त्यसैको प्रयोग गरेर आफूमा निहित सार्वभौम शासकीय सत्ता आफ्ना प्रतिनिधिलाई निश्चित अवधिका लागि हस्तान्तरण गर्छन्। जनप्रतिनिधि वा जननिर्वाचित शासक भनेका जनताको विश्वास छउन्जेल तिनको शासकीय नासो धारण गर्ने वारेस मात्र हुन्। त्यसैले तिनलाई मालिक होइन सेवक भनिएको हो।

जनताले आफ्नो सार्वभौमसत्ताको प्रयोग विभिन्न ढंगले गर्न सक्छन्। ती मध्ये एक निर्वाचन हो। आज नेपाल संविधानसमाको निर्वाचनको सँगीन घडीमा छ। संविधानसभाको निर्वाचन भनेको नेपाली जनताले आफ्नो सार्वभौमसत्ताको प्रयोगगर्ने सर्वोच्च थलो हो। कारण यसले बनाउने संविधानले नै सार्वभौमसत्ता नेपाली जनतामा निहित रहने सत्यलाई लिपिवद्ध र दस्तावेजीकरण गर्ने काम गर्छ। जनतासँग रहेको सार्वभौमसत्ता भनेको फगत गफको विषय मात्र होइन , त्यो अभ्याश गर्ने कुरा पनि हो। र जनताले त्यसको अभ्याश निर्वाचनका माध्यमवाट गर्छन्। निर्वाचनमा जनताले अभ्याश गर्ने सार्वभौमसत्ता बुलेट भन्दा पनि शक्तिशाली हुन्छ। किन कि यसैले कैयौं मुलुकमा त्यहाँको मै हु भन्ने जब्बर शासकलाई धुलो चटाइदिएको दृष्टान्त निर्वाचनको इतिहासमा यत्र तत्र पाइन्छ।

**४. निर्वाचन र शासनको बैधता**

शासनको बैधताका मुख्यत: तीनवटा स्रौत हुन्छन्। ती हुन्- परम्परावादी (traditional), ओजस्वी (charismatic) र कानुनी-विवेकी(legal-rational)। वंशानुगत शासकहरुको शासन र शक्तिको वैधता परम्परागत हुन्छ। जबसम्म जनताले परम्परामा विश्वास गर्छन् त्यसवेला सम्म यस्तो शासन वैध रहनसक्छ। राजतन्त्रको शासनको आधार यही परम्परावादिता हो। हाम्रै मुलुकमा पनि राजाहरुले दुहाइ दिने गरेको हाम्रा पूर्वजका पाला देखि हामीमा अन्तर्निहित राजकीय सत्ता र विशेषाधिकार यही पम्पम्परागत वैधताको सिद्धान्तमा आधारित थियो। ओजस्वी बैधता भनेको कुनै जादूयी वा चमत्कारिक व्यक्तित्व भएको शासकमा पाइने वैधता हो। अनुयायीहरुले जतिवेला सम्म आफ्नो नेतामा त्यस्तो करिस्मायुक्त शक्ति देख्छन् त्यतिवेला सम्म यस्तो शासकले आफ्नो शासन चलाउँछ। करिस्मा सकिनासाथ उसको बैधता पनि

**जब कुनै शासकले चरम दमन गर्छ , जनताको शोषण गर्छ र जनअधिकारको खिल्ली उडाउँछ त्यसवेला जनताले आन्दोलन वा क्रान्तिका माध्यमवाट आफ्नो सार्वभौमसत्ताको प्रदर्शन र प्रयोग गर्छन्। जब जनता क्रान्तिका लागि उत्रन्छन् त्यसवेला तिनले कुनै संविधानको धारा वा कानुनको दफा हेर्दैनन्। सात साल, छयालीस साल र त्रिसठ्ठी सालको वैशाखमा जनताले त्यही सार्वभौमसत्ताको प्रयोग गरेका हुन्। वास्तवमा जब जनता शिरमा कात्रो बाँधेर मैदानमा उत्रन्छन् अनि त्यसवेला रेजा पहलवी, मार्कोस, इदी अमिन वा बोकासा कोही पनि टिक्न सकेनन् भन्ने कुरा विश्व इतिहासले देखाएको छ।**

समाप्त हुन्छ। कानुनी-विकेकी बैधता भनेको संविधान र कानुनमा आधारित वैधता हो। संविधानसम्मत ढंगले संचालित निर्वाचनमा विजयी भएर सत्तामा पुग्ने नेताको वैधताको आधार संविधान र कानुन नै हुन्छ। आधुनिक युगमा यसैलाई शासकीय वैधताको एक मात्र आधार मानिन्छ। त्यसैले जब जब कुनै लोकतान्त्रिक व्यवस्थामा शासकको वैधतामाथि प्रश्न चिन्ह खडा हुन्छ उसले निर्वाचनका माध्यमवाट ताजा जनादेश लिएर आफ्नो शासनको बैधताको पुष्टि गर्छ। जनताले निर्वाचनमा उसलाई पुन: पत्याए भने उ कुर्सीमा बस्छ , पत्याएनन् भने जसलाई पत्याउँछन् त्यसका लागि उसले कुर्सी छाडिदिन्छ।

निर्वाचन शासनको वैधताको यति बलियो र विश्वसनीय आधार हो कि सैनिक कू द्वारा सत्तामा पुगेका जर्नेलहरुले पनि आफनो शासकीय बैधता पुष्टि गराउन र दुनियाका सामू आफ्नो शासनलाई जायज सावित गर्नका लागि निर्वाचनको सहारा लिन्छन्। तिनले विस्तारै आफ्नो सैनिक वर्दी थन्क्याउँछन् र निर्वाचनका माध्यमवाट नागरिक वर्दी पहिरिन्छन्। यो बेग्लै कुरा हो कि जरुरत पर्‍यो भने सैनिक वर्दीको धमास दिनपनि पछि पर्दैनन्। समकालीन विश्वमा पाकिस्तानका मुस्सर्रफ यसका सटीक उदाहरण हुन्। यो तथ्यले पनि वैधताको सवालमा निर्वाचनले खेल्ने भूमिका उजागर गर्छ।

हठात हुने राजनीतिक परिवर्तन वा क्रान्तिपछि शासनारुढहुनेहरुसँग शक्ति त हुन्छ तर सत्ता हुँदैन। वास्तवमा वैधताले नै शक्तिलाई सत्तामा बदल्छ। त्यसैले यस्तो परिवर्तन पछि पनि संविधान बनाएर राजनीतिक खेलको नयाँ नियम तय गरिन्छ र निर्वाचन गराएर शक्तिलाई वैधानिक वनाइन्छ। जुन सुकै मुलुकको क्रान्तिको इतिहास हेर्ने हो भने यही अभ्याश दोहोरिएको पाइन्छ। नेपाल मै पनि यति बेला अप्रिल क्रान्तिले ल्याएको परिवर्तनलाई संविधानसभाका माध्यमवाट संविधान बनाइ पूर्णता दिने प्रयाश भइरहेको छ। आज सातदलको शासनले आफ्नो वैधताको स्रोत यही अप्रिल क्रान्तिलाई मानेको छ। तर क्रान्तिले दिने वैधतालाई संस्थागत गरिएन भने त्यो गुम्ने डर हुन्छ। त्यसैले पटक पटक संविधानसभाको निर्वाचन पर सारिरहेको यो सरकारको वैधतामाथि प्रश्न उठ्न थालेको छ। वस्तुत: संविधानसभाको निर्वाचनले यही वैधतालाई स्थायित्व दिने हुँदा आज मुलुकका सवै परिवर्तन-पक्षधर शक्तिहरु निर्वाचनमा होमिन तयार देखिन्छन्।

निर्वाचन लोकतन्त्रको आधारस्तम्भ हो र यो शासनको वैधताको स्रोत पनि। अरु प्रकारका शासनले बैधताको प्राप्तिका अरु उपाय अवलम्वन गरे पनि लोकतन्त्रमा त शासनको बैधता निर्वाचनले मात्र स्थापित गर्छ। लोकतन्त्रमा निर्वाचन वाहेक अरु कुनै माध्यमवाट सत्ता प्राप्त गर्न पनि सकिदैन र प्राप्त सत्तालाई एउटा निश्चित अवधिभन्दा बढी समयसम्म निरन्तरता दिन पनि सकिदैन। लोकतन्त्रमा निर्वाचन नै शासनको बैधताको एक मात्र आधार भएकाले यो नै लोकतन्त्रको सवलीकरणको एक विश्वसनीय माध्यम मानिन्छ।

**५.लोकतन्त्रको सवलीकरण र निर्वाचन**

कुनै मुलुकमा लोकतन्त्र ल्याउनु मात्र ठूलो कुरा हुँदोरहेनछ , ल्याएको लोकतन्त्रलाई टिकाउने कुरा झन ठूलो हुँदोरहेछ। यो कथनको पुष्टिका लागि अन्यत्र हेर्नै पर्दैन। हाम्रै मुलुकको साठी वर्षको इतिहासलाई हेर्ने हो भने यहाँ एकै पुस्ताले लोकतन्त्र प्राप्तिका लागि तीन तीन पटक संघर्ष गर्नु पर्‍यो। एक पटक ल्याएको लोकतन्त्र टिकाउन सकेको भए यो हविगत हुने थिएन। त्यसैले जब हामी लोकतन्त्रको कुरा गर्छौं स्वाभाविक रुपमा त्यसको सवलीकरणको प्रश्न सामुन्ने आउँछ। जबसम्म राजनीतिक खेलको एक नियमका रुपमा मुलुकमा स्थापित लोकतन्त्रलाई मुलुकका प्रमुख शक्तिहरुले स्वीकार्दैनन् लोकतन्त्र सवल र स्थायी हुन सक्दैन। नेपाल अधिराज्यको संविधान २०४७ जारी हुँदा त्यसलाई संसारकै अव्वल लोकतान्त्रिक संविधान भनियो। संशोधनको माँग गर्नेहरुलाई हियाउँदै कमा र फुलस्टप पनि बदल्दैनौं भनियो। तर ख्वै आज त्यो संविधान कहाँ छ ? वास्तवमा माओवादीले वाहिर बसी देब्रे तिरवाट र सामन्ती राजतन्त्रले भित्रै बसी दाहिने तिरवाट यस किसिमवाट प्रहार गरे कि मुलुक तुफानी राजनीतिक परिवर्तनवाट गुज्रिन वाध्य भयो। र त्यस पछि के भयो त्यो जग जाहेर छ।

यो तथ्यले के बताउँछ भने लोकतन्त्रको प्राप्ति पछि शासनमा सवैको पहुँच सुनिश्चित हुने गरी त्यसलाई संस्थागत गर्न जरुरी हुँदो रहेछ। कोही पनि राजनीतिक प्रक्रियावाट वाहिर पर्‍यो अथवा कसैले पनि आफूलाई बहीष्करण गरिएको ठान्यो भने त्यसको परिणाम भयानक हुनेरहेछ। वास्तवमा लोकतन्त्रलाई संस्थागत गर्नसके मात्र त्यो सवल र चीरस्थायी हुनसक्छ। र जव हामी लोकतन्त्रको सवलीकरणको कुरा गर्छौं निर्वाचन त्यसको एक महत्वपूण कडी हुनजान्छ। निम्न लिखित बुँदाहरुका आधारमा हामी निर्वाचनले लोकतन्त्रको

**निर्वाचनमा जनताले अभ्याश गर्ने सार्वभौमसत्ता बुलेट भन्दा पनि शक्तिशाली हुन्छ। किन कि यसैले कैयौं मुलुकमा त्यहाँको मै हु भन्ने जब्बर शासकलाई धुलो चटाइदिएको दृष्टान्त निर्वाचनको इतिहासमा यत्रतत्र पाइन्छ।**

सवलीकरणमा खेल्ने भूमिकालाई प्रष्ट्याउन सक्छौं :-

- यो लोकतन्त्रको प्राणवायु हो,
- यसकै माध्यमवाट जनताले लोकशक्तिको प्रयोग गर्छन्,
- यो शासनमा जन-हस्तक्षेपको साधन हो,
- यो लोकतन्त्रलाई जनइच्छा बमोजिम डोर्‍याउने माध्यम हो,
- यसले लोकतन्त्रको सधैं पुनर्ताजगी गर्छ।
- यो लोकतान्त्रिक शासनमा नयाँ रगतको संचार गर्ने भरपर्दो संस्था हो

यो जन-शासनको परिचायक हो।

लोकतन्त्रलाई सवल र संपुष्ट गराउने काममा निर्वाचनको अहं भूमिका हुन्छ। त्यसैले यसलाई लोकतन्त्रको प्राणवायु वा जीवन-रेखा भन्दछन्। जनताले निर्वाचनकै माध्यमवाट शासनमा आफ्नो पहुँच स्थापित गर्छन्। यस अर्थमा यो जनताले लोक-शक्ति प्रयोग गर्ने माध्यम पनि हो। जतिसुकै लोकतान्त्रिक भएपनि शासनका आफ्ना सीमाहरु हुन्छन्। परिणामस्वरुप शासकहरु कतिपय अवस्थामा जनउत्तरदायित्ववाट विमुख हुनसक्छन्। यस्तो वेला निर्वाचन नै जनताको हातको त्यस्तो साधन हो जस्का माध्यमवाट तिनले शासनमा प्रत्यक्ष हस्तक्षेप गर्नसक्छन्। निर्वाचन भनेको जनइच्छा बुझ्ने प्रभावकारी साधन हो। यो यस्तो ब्यारोमिटर हो जसका माध्यमवाट राजनीतिक दलहरुले जनइच्छाको चाप सहज ढंगले बुझ्न सक्छन्। लिकवाट उत्रेको लोकतान्त्रिक अभ्याशलाई पुन: लिकमा ल्याउने काममा समेत निर्वाचन एक अचूक साधन मानिन्छ। यस मानेमा यसमा लोकतन्त्रलाई पुनर्ताजगी गर्ने सामर्थ्य हुन्छ। निर्वाचनका माध्यमवाट राजनीतिक भर्ती गरिन्छ भन्ने कुरा त कसैवाट लुकेको हुँदैन। सामान्य अवस्थामा यसले यो काम कसरी गरिरहेको हुन्छ त्यसको कसैले वास्ता गरेको हुँदैन। तर जब मुलुक संगीन मोडमा उभिएको हुन्छ र त्यसका सामू ठूल्ठूला चुनौतिहरु तेर्सिएका हुन्छन् त्यसवेला निर्वाचनका माध्यमवाट गरिने राजनीतिक भर्तीको अत्यन्त ठूलो महत्व हुन्छ। चुनौतीहरुको मुकाविला गर्न शासनमा नयाँ नेताहरु भर्ती गरेर नयाँ रगतको संचार गरिन्छ। त्यति मात्र होइन, शासनमा नीतिहरुको परिवर्तन पनि नयाँ नीतिका वाहकहरुलाई भर्ती गरेर सजिलै सम्पन्न गर्न सकिन्छ। यस्तो भर्ती भनेको निर्वाचनद्वारा नै हुने हो। निर्वाचन पनि लोकतन्त्रको सवलीकरणको एक प्रमुख माध्यम हो। शान्तिपूर्ण सत्ता हस्तान्तरणलाई लोकतन्त्र सवल हुनुको एक प्रमाण मानिन्छ। यस्तो सत्ता हस्तान्तरण भनेको निर्वाचनवाट मात्रै सम्भव हुन्छ।

## ६. निर्वाचनका चुनौतीहरु

निर्वाचनलाई निरपेक्ष रुपमा हेर्न मिल्दैन। निर्वाचन पनि हेर्नाका हुन्छन्। जब सैनिक जनरलहरुले निर्वाचन गराउँछन् र नब्वे प्रतिशत भन्दा बढी मत आफूले पाएको जिकिर गर्छन् त्यसवेला स्वाभाविक रुपमा निर्वाचनको विश्वसनीयता माथि प्रश्नचिन्ह खडा हुन पुग्छ। त्यस्तो निर्वाचन जनरल इलेक्सन नभएर इलेक्सन अफ जनरल हुनपुग्छ। त्यसैले जव हामी निर्वाचन को कुरा गरिरहेका हुन्छौं त्यो स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित निर्वाचनको नै कुरा हो भन्ने बुझ्नुपर्छ।

निर्वाचनले सत्ता प्राप्त हुने र गुम्ने हुँदा विकासशील मुलुकका राजनीतिक दलहरुमा यो जसरी पनि जित्नुपर्छ भन्ने मानसिकता हुन्छ। यहींवाट निर्वाचनको भ्रष्टीकरण शुरु हुन्छ। लोकतन्त्रमा निर्वाचनलाई द्वन्द समाधानको उपाय मानिन्छ। तर प्राय जसो विकासशील मुलुकहरुमा यो नै द्वन्दको कारक बन्ने गर्छ। यसको प्रमुख कारण निर्वाचनको परिणामलाई आफ्नो पक्षमा पार्न सत्ताधारीहरुले सरकारी पद, प्रतिष्ठा र साधनहरुको दुरुपयोग गर्ने प्रवृति हो। हुन त निर्वाचनलाई विश्वसनीय बनाउन स्वतन्त्र निर्वाचन आयोगको व्यवस्था गरिएको हुन्छ। तथापि हरेक निर्वाचन पछि जित्नेले परिणाम स्वीकार्ने र हार्नेले धाँधलीको आरोप लगाउने अवस्था आउँछ। वेलायतमा सन् २००० भन्दा अघिसम्म गृह मन्त्रालयले निर्वाचन गराउँथ्यो र पनि त्यहाँ धाँधलीको कुरा सुनिदैनथ्यो। तर हाम्रो जस्तो मुलुकमा गृह मन्त्रालय नै सवैभन्दा बढी धाँधलीको स्रोत मानिन्छ।

निर्वाचन पनि भित्री-राज्य द्वन्दको एक प्रमुख स्रोत बन्न थाले पछि संयुक्त राष्ट्रले पनि निर्वाचन पर्यवेक्षणलाई आफ्नो नियमित कामको दायरामा ल्याएको छ। आजकाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षकहरुले निर्वाचन पर्यवेक्षण र अनुगमन गर्ने कुरा सामान्य भइसक्यो। यस्तो अनुगमनको मूल अभिप्राय नै निर्वाचनको पवित्रता र जनताको स्वतन्त्र मताधिकारको संरक्षण गर्नु हो। धनको लोभ वा भयको छायामा बसेर जनताले मत हाल्नु पर्‍यो भने मताधिकार जस्तो पवित्र र उन्नत राजनीतिक आधिकारको सार्थकता नै के रह्यो र ? वास्तवमा अविश्वसनीय निर्वाचन लोकतन्त्रको सवलीकरणको साधन होइन त्यसको भ्रष्टीकरण र विनाशको कारण बन्दछ।

## ७. निष्कर्ष

निर्वाचन नागरिकको हातमा रहेको एक शक्तिशाली राजनीतिक हतियार हो। यो हतियारको नागरिकले सही ढंगले प्रयोग गरे भने तिनको मात्र होइन लोकतन्त्रको पनि कल्याण हुन्छ। स्वच्छ, निष्पक्ष र धाँधलीरहित निर्वाचनले लोकतन्त्रको स्थापना मात्र होइन सवलीकरण र जगेर्ना पनि गर्छ। यदि निर्वाचन कर्मकाण्डी मात्र हुन गयो भने त्यसले लोकतन्त्रका लागि दुर्घटना निम्त्याउँछ। अत: निर्वाचनलाई विश्वसनीय बनाउने काममा नागरिक पनि सजग र जागरुक हुनुपर्छ। यसैवाट लोकतन्त्र सबल र सुदृढ हुन्छ। आज नेपाली जनता इतिहासकै सवैभन्दा निर्णायक घडीमा छन्। संविधानसभाको निर्वाचन आजका बालिग नेपालीलाई इतिहासले जुटाइदिएको न भूतो न भविष्यति को अवसर हो। यसको सदुपयोग गरेर लोकतान्त्रिक संघीय गणतन्त्रलाई संस्थागत गर्न सकियो भने पछिका आवधिक निर्वाचनहरुले त्यसको सुदृढीकरणका लागि आवश्यक टेवा दिनेछन्।

●

# संविधानसभा, राज्य पुन:संरचना र आदिवासी जनजाति

पासाङ शेर्पा

**संविधानसभाले राजतन्त्र बचाउनु पर्छ भन्यो भने, अथवा संघीय होइन एकात्मक राज्य हुनुपर्छ भन्यो भने ति कुराहरू नेपाली जनताको लागि स्वीकार्य नभए जस्तै आदिवासी जनजातिहरूको सवालमा फेरी पनि हिन्दु अधिराज्य हुने काम भयो भने त्यसैगरी जाति, भाषा, धर्म र क्षेत्रको आधारमा बिभेद रहने खालका संविधान तथा नियमहरू बने भने त्यो पनि आदिवासी जनजातिहरूको लागि स्वीकार्य हुन सक्दैन।**

लोकतान्त्रिक जनआन्दोलनले दिएको जनाधिकार भनेको संविधानसभाद्धारा नेपालको नयाँ संविधान बनाउने र पुरानो केन्द्रिकृत एकात्मक राज्य संरचनालाई पुरै भंग गरी संघीय ढाँचामा राज्यको पुन संरचना गरी नयाँ नेपालको निर्माण गर्नु हो। संविधानसभाले नै सबै जाति, भाषा, धर्म, वर्ग, क्षेत्र र लिंगको समान अधिकार स्थापित गरी मुलुकमा रहेको जातीय क्षेत्रीय, लैंगिक र वर्गीय बिभेदहरुको अन्त्य गर्नेछ। सोही सभामार्फत समुन्नत नयाँ नेपालको निर्माण हुनेछ, जुन नेपाली जनताको चाहना र जनआन्दोलनको भावना पनि हो।

नेपालमा शाह वंशको उदयबाट राज्यको एकिकरण त भयो तर सँगसँगै मुलुकमा सामन्ती संस्कार र जातीय क्षेत्रीय बिभेदको पनि शुरुआत भएको हो, जसलाई राणा शाषकहरुले त चरम सिमासम्म पुराए। राणा शाषनको अन्त्य र सात सालको क्रान्तीपछि जनताको नाममा बनेका धेरै शाषन व्यवस्थाहरु जनताको नाममा नै बने, तर उत्पीडित र उपेक्षित जनताको सहभागिता र उपस्थिति नत ति शासन व्यवस्था निर्माण गर्दा रहन सक्यो नत शासन राज्य सञ्चालनको निकायमा नै रहनसक्यो। जनताको नाममा जस्तोसुकै शाषन व्यवस्था आए पनि बिभेदित तथा उत्पीडित र उपेक्षित वर्ग तथा समूदायको सहभागिता र उपस्थितिबिना बन्ने शाषन व्यवस्थाले कहिले पनि राज्य सञ्चालन गर्न सक्दैन। जसको कारण नेपाललाई बिश्वसामु अविकसित राष्ट्रहरुको लाममा उभ्याउनु परेको छ।

नेपालको सन्दर्भमा संविधानसभाले नयाँ संविधान बनाउने मात्र होइन बरू संविधानसभाले राज्यको पुन: संरचनासमेत गर्नेछ। त्यसकारण यो संविधानसभाले दुवै महत्वपूर्ण काम गर्नेछ। दुवै काम एक आपसमा समन्वयकारी रहन्छ र अन्तरसम्बन्धित छ। जातजाति, भाषा, वर्ग, क्षेत्र र लिंगको सवाल मात्र संविधानमा स्थान दिएर हुदैन, राज्यको संरचना पनि त्यहि ढंगबाट हुनु आवश्यक छ। नेपालमा वर्गीय समस्याहरु उत्पादन गर्ने श्रोत भनेको जाति, भाषा, क्षेत्र र लिङगको आधारमा रहेको बिभेदहरु नै हुन्। त्यसकारण यी सबै खालका बिभेद दमन र उत्पीडनको अन्त्य गर्नको लागि समस्या समाधानको बाटोको आधारहरु पनि जाति, भाषा, क्षेत्र र लिङगलाई नै लिनुपर्दछ। यी सबै कारणहरुलाई ध्यानमा राख्दा आगामी संविधानसभा राज्य पुनसंरचनाको सवालमा आदिवासी जनजाति समुदायको सवाल एउटा अकाट्य बिषयबस्तुको रुपमा स्थापित भएको छ।

संविधानसभाले नयाँ संविधान बनाउने सवाल र राज्य पुन:संरचना गर्ने सवालमा के के गर्ने र के के नगर्ने भन्नेबारे मुल मुल बिषयबस्तुहरुमा सैद्धान्तिक मान्यता स्थापित गर्नुपर्दछ। त्यो मान्यता स्थपित नगरी संविधानसभाले जे जे गर्छ, त्यही त्यही कुरा नेपाली जनताले मान्नेछ भन्नु पनि ठिक होइन। संविधानसभाले राजतन्त्र बचाउनु पर्छ भन्यो भने, अथवा संघीय होइन एकात्मक राज्य हुनुपर्छ भन्यो भने ति कुराहरु नेपाली जनताको लागि स्वीकार्य नभए। जस्तै आदिवासी जनजातिहरुको सवालमा फेरी पनि हिन्दु अधिराज्य हुने काम भयो भने त्यसैगरी जाति, भाषा, धर्म र क्षेत्रको आधारमा बिभेद रहने खालका संविधान तथा नीतिनियमहरु बने भने त्यो पनि आदिवासी जनजातिहरुको लागि स्वीकार्य हुन सक्दैन। त्यसकारण संविधानसभालाई पनि अगाडी बढनको लागि स्पस्ट सैद्धान्तिक मार्गहरु अन्तरीम संविधानमा उल्लेख भएको छ। केही सर्वसम्मतिबाट निर्धारण गर्न अझै आवश्यक छ। अन्यथा संविधानसभाले पनि राज्यलाई जटिल अवस्थामा पुऱ्याएको प्रशस्त उदाहारणहरु छन्। आगामी बन्ने संविधानसभाले नेपालको सन्दर्भमा त्यो कुरालाई गम्भीर ढंगबाट मनन गर्नुपर्दछ।

संविधानसभा गठन भएपछि यसले आफनो काम शुरु गर्ने छ, त्यसपछि सबै नेपाली जनताको अधिकार सुनिश्चित गर्ने खालको संविधान बन्छ की बन्दैन भनेर सबैको ध्यान संविधानसभा र यसले गर्ने कामतिर जानेछ। आदिवासी जनजातिहरुले पनि आफुले सोचेजस्तो संविधान बन्छ या बन्दैन, राज्य पुन संरचनाको आधारहरु जाति, भाषा र क्षेत्र हुन्छ या हुन्न भनेर नजिकबाट हेर्ने छन्। आगामी संविधानसभाले लोकतान्त्रिक जनआन्दोलनको भावना र मर्मलाई आत्मसात गरी सबै उत्पीडित, उपेक्षित वर्ग र समुदायको हितको लागि काम गर्न सक्नु पर्दछ। यसको लागि सबै वर्ग र क्षेत्रका जनताले संविधानसभाको काम र कर्तव्यप्रति खवरदारी गर्दै जनताको हितमा सधै ध्यान आकर्षण गरी रहनुपर्ने हुन्छ। अन्तरिम संविधान संविधानसभाको चुनाव र यसको प्रक्रियाबारे अहिले जति छलफल आन्दोलनलगायतका बिभिन्न गतिविधिहरु भए त्यो भन्दा बढी संविधानसभाले संविधान बनाउदा हुनेछ। र, त्यो आवश्यक पनि हो।

संविधानसभा अहिलेको अन्तरिम व्यवस्थापिका संसद जस्तो सात दलको नेताहरुले कोठाभित्र गरेको निर्णयहरुलाई ताली लगाएर पारित गर्ने संयन्त्र मात्र बनाउने हो वा जनताद्धारा निर्वाचित जन प्रतिनिधिहरुले जनताको हितमा खुल्ला छलफल गरी जनताको आवाज र चाहनाहरुलाई मन्थन गरी आएको निष्कर्षहरूको आधारमा नयाँ संविधान बनाउने थलो बनाउने ? त्यो के हुने हो ? गम्भीर शंकाको विषय छ। बिभिन्न जाति, भाषा, धर्म, वर्ग, क्षेत्र र लिङग सबै क्षेत्रबाट प्रतिनिधित्व गरेका सभासद्हरुले आफनो समुदाय तथा वर्गको हितमा खुल्ला रुपमा छलफल गर्न पाउने व्यवस्थाको सुनिश्चितताको प्रत्याभुति अहिले नै राजनीतिक दलहरुले गर्नुपर्दछ।

आदिवासी जनजातिहरु राज्यको पुन संरचना पनि जाति भाषा र क्षेत्रको आधारमा हुनुपर्दछ भन्ने चाहन्छन्। नेपाल जस्तो जातीय बिभिदता रहेको मुलुकमा जातीय सवाललाई सम्बोधन गर्नुको अन्य कुनै बिकल्प छैन। राष्ट्रिय एकताको नाममा जातीय कुरालाई लुकाएर राख्ने तर जाति, भाषा र क्षेत्रको आधारमा बिभेद गर्ने राज्यको बिगतको नीति र व्यवहारको कारण नेपालमा जातीय, वर्गीय र क्षेत्रीय समस्या उत्पन्न भएको हो। सबै जातिको पहिचानलाई सम्मानका साथ सम्बोधन गर्दै त्यसको आधारमा राज्य व्यवस्था तथा राज्य संरचनाको निर्माण गर्नु नै समुन्नत नयाँ नेपाल निर्माणको मुल आधार हो भन्ने कुरा हामी सबैले भुल्नु हुँदैन। त्यसकारण नेपाल आदिवासी जनजाति महासंघले राज्य संरचना जातीयताको आधारमा संघीय राज्य र त्यो संघीय राज्यभित्र समान अधिकारसहितको जातीय स्वशासन भन्ने बिचार अघि सारेको छ।

आदिवासी जनजातिहरुले आत्मनिर्णयको अधिकारको कुरा अगाडी सार्दा सबैलाई राष्ट्र बिखन्डन हुन्छ भन्ने चिन्ता छ। एकथरी व्यक्तिहरू नबुझेर यो कुरासँग तर्सिन्छन भने अर्कोथरी बुझीबुझी पनि यसको अपव्याख्या गर्ने गर्छन। तर नेपालका सबै आदिवासी जनजातिहरुले राज्य टुक्राउने खालको आत्मनिर्णयको अधिकार प्रयोग गर्ने होइन भनि स्पस्टताका साथ भन्ने गरेका छन। राष्ट टुक्राउने अधिकार देखि बाहेकको जातीय स्वशासनसम्बन्धी सबै प्रकारको अधिकार आत्मनिर्णयको अधिकारको सिद्धान्त र मान्यताको आधारमा हुनु पर्दछ भनि नेपाल आदिवासी जनजाति महासंघको स्पस्ट धारणा धेरै पटक प्रकासमा आइरहेको छ। राष्ट्र टुक्राउछु भनेर कुनै पनि आदिवासी जनजातिहरुले भनेका छैनन बरु बेला बेला तराईतिर राज्य सिमाना छुट्याउछु भन्ने बिषयको नेपालका आदिवासी जनजातिहरुल त्यसको बिरोध गरेका छन। राष्ट्रिय अखण्डता र स्वतन्त्राको रक्षाको लागि अघि सरेका छन। वास्तवमा आदिवासी जनजातिहरुले अघि सारेका सवाल तथा मुद्दाहरु आदिवासी जनजाातिहरुको माग मात्र होइनन् यो राष्ट्रिय सहमतिको बिषय बस्तुहरु हो।

**सबै जातिको पहिचानलाई सम्मानका साथ सम्बोधन गर्दै त्यसको आधारमा राज्य ब्यवस्था तथा राज्य संरचनाको निर्माण गर्नु नै समुन्नत नयाँ नेपाल निर्माणको मुल आधार हो भन्ने कुरा हामी सबैले भुल्नु हुँदैन। त्यसकारण नेपाल आदिवासी जनजाति महासंघले राज्य संरचना जातीयताको आधारमा संघीय राज्य र त्यो संघीय राज्यभित्र समान अधिकारसहितको जातीय स्वशासन भन्ने बिचार अघि सारेको छ।**

आदिवासी जनजातिहरु आगामी संविधानसभामा आफनो अधिकार स्थापित गर्न चाहन्छन्। कसैको अधिकार बिस्थापित गर्न चाहेका होइनन्, बरु आफ्नो अधिकारको खोजी गर्दा अरुको अधिकारको भावनामा चोट पुग्छ की भनेर उनीहरु अत्यन्त होसियार छन। यहाँ कसको अधिकार कम रहने र कसको अधिकार बढी हुने भन्ने कुरा आदिवासी जनजातिहरुले गरेका होइनन , सबैको बराबर अधिकार हुनुपर्दछ मात्र भनेका हुन। बहिस्करण भयो भनि कुरा गर्नु सजिलो हुन्छ तर समावेशीकरण गर्नुपर्‍यो भने आफुले ओगटेको केहि ठाउँ छाडनु पर्ने हुन्छ त्यो काम हिजो शासन गर्ने शासकहरुले गर्न सकिरहेका छैनन। त्यसकारण समस्या आदिवासी जनजाति, दलित, मधेसी, महिला, अपाङग तथा पछाडी परेका क्षेत्रका जनताले उठाएका माग तथा मुद्दाहरु होइनन्, समस्या त शासकहरुको पुरातनवादी चिन्तन हो। यो कुरालाई शासकहरुले मनन गर्न सक्नुपर्छ, नयाँ नेपालको निर्माणको लागि साझा सहमतिको सवाल यही नै हो।

(शेर्पा नेपाल आदिवासी जनजाति महासंघका अध्यक्ष हुनुहुन्छ। )

# संविधानसभा निर्वाचन र सुरक्षाको प्रश्न

देवेन्द्र अधिकारी

**नेपाली जनता आसन्न सविधानसभा चुनावलाई सम्पन्नता, स्तर उकास्ने, विभेद अन्त्य गर्ने र कुसंस्कारको विरूद्ध आफ्नो मत प्रकट गर्ने साधन वनाउन चाहन्छन्। तर शासक वर्गको विगतदेखि नै दुरदर्शी नभएर सदैव मौसमी वन्ने चरित्रको अभ्यासले फेरी निरन्तरता पाएमा नयाँ नेपाल निर्माण गर्ने नेपाली जनताको अभियानमा तुसारापात हुनेछ।**

## १. भूमिका

निरकुश, सामन्ती र एकात्मक शासन व्यवस्थाको समुल नष्ट गरी नयाँ नेपाल निर्माणको अभियानमा लागेको नेपाली समाज तरल राजनीतिक तथा आर्थिक अवस्थावाट गुज्रिरहेको छ। नयाँ नेपाल निर्माणको आधार भनेको सवै प्रकारका विभेदहरुको अन्त्य, आर्थिक समुन्नति, सामाजिक सामाञ्जस्यता, पहिचान, क्षेत्रीय सन्तुलन र संधात्मक राज्य व्यवस्थाको आधारमा आफैले आफूलाई शासन गर्न पाइने उत्कट चाहना नै हो। यसका लागि सवै वर्ग, जातजाति, क्षेत्र, लिङ्ग तथा सम्प्रदायहरुको समान तथा अर्थपूर्ण सहभागिताले शताब्दियौदेखिको गरीवी, अशिक्षा, अज्ञानता, पछौटेपन र दिशाहीनताको भूमरीलाई जर्वजस्त रूपमा पाखा लगाउदै छ। नेपाली जनता आसन्न सविधानसभा चुनावलाई सम्पन्नता, स्तर उकास्ने, विभेद अन्त्य गर्ने र कुसंस्कारको विरुद्ध आफ्नो मत प्रकट गर्ने साधन वनाउन चाहन्छन्। तर शासक वर्गको विगतदेखि नै दुरदर्शी नभएर सदैव मौसमी वन्ने चरित्रको अभ्यासले फेरी निरन्तरता पाएमा नयाँ नेपाल निर्माण गर्ने नेपाली जनताको अभियानमा तुसारापात हुनेछ। तसर्थ विगतको समिक्षा गर्दै, वर्तमानलाई वह्रोसँग समाउदै नयाँ नेपाल निर्माणको प्रमुख आधारको रुपमा रहेको संविधानसभाको चुनाव सार्थक, अर्थपूर्ण, स्वतन्त्र र निष्पक्ष वनाउन सवै लाग्नु आजको प्रमुख आवश्यकता हो।

## २. संविधानसभा

नेपाल र नेपाली जनताको भाग्यको फैसला गर्न लागिएको संविधानसभा चुनावको निकै महत्व छ। प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणालीको आधारमा हुन लागेको यो चुनावमा सवै सक्रिय रुपमा लाग्नुपर्छ। किनकी संविधानसभाको चुनावमा सवै तह र तप्काका व्यक्तिको सहभागिता मुख्य कुरा हो। यो संविधानसभाको सवै भन्दा महत्वपूर्ण पक्ष भनेको नेपाली जनताले विगत ६० वर्ष देखि प्रयास गरेको तर थाति रहेको चुनावमा मत जाहेर गर्न पाउनु हो। यसले पक्कै पनि राष्ट्र निर्माणमा उत्साह थप्नेछ। यसको अर्को महत्वपूर्ण पाटो भनेको विगत लामो समय देखि भोट हाल्न नपाएको समुदायको सहभागिता र प्रथम पटक भोट हाल्ने अवसर प्राप्त गरेका युवा पुस्ताको आगमन हो। यस पटकको चुनावको सवैभन्दा महत्वपूर्ण र निर्णायक वर्ग प्रथम पटक भोट हाल्ने अवसर पाएको युवा पुस्ता हो। यसलाई जसले आकर्सित गर्न सक्छ त्यसले अपेक्षाकृत उपलब्धि प्राप्त गर्छ।

युवापुस्ता वावु र वाजेको इतिहास धोकै धोकाको थियो भन्ने तथ्य पुष्ट्याइ गर्न चाहन्छ। पुराना कुरा सँग्राहालयमा राख्न चाहन्छ उ। त्यसैले त नयाँ नयाँ अभ्यासहरु युवाहरुको अगुवाईमा भएको छ। त्यसैले त राजा माहाराजाहरु खुम्चिनु परेको छ। यो इतिहासले सावित गरेको कुरा हो। त्यसैको परिणामस्वरुप शक्तिवालाहरु, जनमत छ भन्नेहरु नयाँ पुस्तासँगसँगै आफ्नो आकारा र घेरा साधुरो पार्न वाध्य भएका छन। तसर्थ संविधानसभाको चुनावले अस्त्र शस्त्रको शक्तिको भरमा सत्ता हत्याउन खोज्नेहरुलाई नग्याउने छ। कथित पुराना मुल्य मान्यता र परम्पराको आधारमा सत्तामा रहेर जनताको रातोदिन श्रम पसिना चुस्नेहरुको पनि वेहाल वनाउने छन्। र नेपाली जनताले खोजेको लोकतान्त्रिक, समुन्नत, समतामूलक र प्रगतिशील समाज निर्माणकालागि जनताले उत्साहका साथ मतदान गर्ने छन्। नेपाली जनताले आफैले चुनेका प्रतिनिधिको आधारमा आफ्नै लागि वनाउन लागिएको संविधानका सभासदहरुलाई समावेशी तवरले चुन्ने छन्। यसकालागि राजनीतिक दल तथा अन्य सम्वद्ध पक्षहरुले निर्वाचन आचार संहितालाई अक्षरस पालना गर्नुपर्छ।

### ३. सुरक्षाको प्रश्न

नेपालको इतिहासमा नै पहिलो पटक हुन लागेको संविधानसभाको चुनावकालागि पर्याप्त सुरक्षाको वातावरण निर्माण गर्नु सरकारको प्रमुख दायित्व भएको छ। विगतको लामो सशस्त्र द्वन्द्वमा लडेको नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाको कार्य दक्षता उच्च हुदाहुदै पनि उनीहरुको मनोवल गिराउने क्रियाकलापका कारण उनीहरुले आफ्नो दक्षता निर्वाह गर्ने क्रममा हिचकिचाएको पाइन्छ। राजनीतिक रुपमा उनीहरुलाई प्रोत्साहन गर्नुपर्ने अवस्था छ। राजनीतिक दलहरुले उनीहरुको पक्षमा वकालत गर्नु जरुरी छ र सुरक्षा निकायप्रति हिजो फैलाइएको द्धैष भावलाई कम गराउनु जरुरी छ। कानून परिपालना गराउने निकायको पक्षमा जनमत सिर्जना गर्नुपर्छ। कानूनी शासनप्रतिको सम्मानले राष्ट्र, समाज र व्यक्तिलाई सवल वनाउछ। सुरक्षा निकाय र कानून परिपालना गराउने निकाय कमजोर हुनु भनेको राज्य कमजोर हुनु हो। राज्य कमजोर हुनु भनेको आम नागरिक असुरक्षित हुनु हो। कम्तिमा सरकारमा वस्ने राजनीतिक पार्टीका नेता तथा कार्यकर्ता सुरक्षा निकायलाई सकारात्मक रुपमा सहयोग गर्न तयार हुनुपर्‍यो। आफ्नो अनुकुल भएको अवस्थामा स्यावासी दिने र अलिकति मात्र तिक्तता भएमा सुन्नै लाज लाग्ने गरि गाली गर्न छोडनु पर्छ। यसो गर्न सकिएमा हिजोको अवस्थामा गिरेको सुरक्षा निकायको मनोवललाई उच्च वनाउन सकिन्छ। र शान्ति सुरक्षाको अवस्थामा सुधार ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्न सकिन्छ।

सुरक्षा भन्ने कुरा आम नागरिकले अनुभूति गर्ने कुरा हो। राज्यले संख्यात्मक रुपमा सवै नागरिकलाई सुरक्षाकर्मी उपलव्ध गराउन सक्दैन र जताजतै विद्रोह, हिंसा र आतककारी क्रियाकलाप भएमा राज्यसँग रहेको मौजुदा सुरक्षा संयन्त्रले थेग्न पनि सक्दैन। तसर्थ जनताले सुरक्षाको प्रत्याभुति पाउने महत्वपूर्ण आधार भनेको राजनीतिक दलहरुवीचको सुमधूर, स्वस्थ र सिर्जनशील प्रतिस्पर्धा र अहिंसात्मक आन्दोलन प्रतिको उनीहरुको प्रतिवद्धता नै हो। यसबाहेक सामाजिक संघ संस्थाहरुवीचको सम्वन्ध र उनीहरुको क्रियाशीलताको स्तरले पनि सुरक्षाको अवस्थालाई आँकलन गर्दछ। तसर्थ आम जनतालाई सुरक्षाको सम्वन्धमा आश्वस्त पार्ने महत्वपूर्ण पाटो भनेको राजनीतिक दलहरूवीचको सुमधूर सम्वन्ध, सामाजिक संघ संस्थाहरुको क्रियाशीलतामा निर्भर गर्दछ। राजनीतिक शक्ति र नागरिक समाजका कार्यकर्ताको सामुहिक सहभागिताको प्रयासलाई सवल रुपमा सहयोग गरि नागरिकलाई भयमुक्त वातावरणमा वाँच्न पाउने र उनीहरुको जीवनमा प्रभाव पार्ने निर्णय प्रक्रियामा सहभागि हुन पाउने वातावरणको सिर्जना गर्न स्थानीय स्तरका राजनीतिक दल तथा नागरिक समाज एकै ठाउँमा वसेर सुरक्षाको विषयमा सोच्नु जरुरी छ।

संक्रमणकालीन अवस्थामा हुनलागेको संविधानसभाको चुनावलाई सफल वनाउने नाममा विभिन्न राजनीतिक दलहरुले चुनावी वुथ केन्द्रहरुमा आफ्ना युवाहरुलाई परिचालन गर्ने घोषणा गरेका छन् र यस कार्यमा सवैको प्रतिष्पर्धा रहेको छ। यसले जनतामा पार्ने नकारात्मक असरको वारेमा खासै सोचेको पाइदैन। राजनीतिक दलहरूको उद्देश्य पवित्र होला तर घोषणा गलत छ। एउटा वुथमा २ सय वाइसीयल, एक वुथ १ सय युथ तथा १ सय १ तरुण दलको परिचालनको घोषणाले जनतामा परेको प्रभावको वारेमा राजनीतिक दलहरूले सोच्नु जरुरी छ। यदि यसो भएमा राज्यको उपस्थिति भन्दा राजनीतिक दलका युवाहरुको शक्ति वढी हुने छ र ती दलहरुका वीचमा हिंसात्मक घटना हुने सम्भावना वढछ। तसर्थ कुनै पनि दलको युवा परिचालनवाट सुरक्षाको स्थिति मजवुत पार्ने तरिकावाट सोच्नु भन्दा राज्यको शक्ति र उपस्थितिलाई सवल र दह्रो वनाउनु जरुरी छ।

लामो समय शसस्त्र द्वन्द्वमा प्रत्यक्ष भाग लिएको माओवादी र उसले विगतमा चलाएको हिंसात्मक क्रियाकलापले जनतामा वदलाको भावना कायम राखेको छ। जसको कारण चुनावको प्रचार प्रसारको क्रममा राज्यले वढी सुरक्षाको व्यवस्था उनीहरुप्रति केन्द्रित गर्नु जरुरी छ। यसका अलावा तराईमा रहेका कतिपय शसस्त्र समूहहरुको उपस्थिति मधेशमा रहेको राजनीतिक दलहरुकोलागि असुरक्षाको कारण बनिरहेको छ। त आम नेपाली नागरिकले आफ्नो अभिव्यक्ति स्वतन्त्र रूपमा व्यक्त गर्न पाउने कुराको सुनिश्चितता सवै राजनीतिक दलहरुवाट हुनु जरूरी छ। सवैका सभामा सवैले भाग लिन पाउने वातावरण वनाइनुपर्छ। पानी वारवार र छेकवार तथा मारामारको कुरा नगर्नु नै राम्रो हुन्छ।

### ४. निष्कर्ष

आगामी चैत २८ गते हुन लागेको र नेपाली जनताले शताब्दियौ देखि खोजेको संविधानसभाको चुनाव स्वतन्त्र, निष्पक्ष, भयरहित र सहभागितामुलक वनाउनकालागि आम नेपाली समुदाय एक भएर लाग्नु आवश्यक छ। आफूलाई मन परेको दल र व्यक्तिलाई भोट हालौ। यो संविधानसभाको चुनाव भनेको आफ्नो भाग्यको फैसला गर्ने चुनाव हो। यसवाट निर्वाचित भएका सभासदहरुले नयाँ संविधान वनाउने र जारी गर्ने काम गर्दछन्। कसैको डर, धाक, धम्की र प्रलोभनमा नपरौ। एक दिनको डर धाक, धम्की र ` प्रलोभनबाट हामी सदाको लागि ठगिन्छौ, सदाकोलागि धम्क्याइन्छौ र सदाकोलागि प्रलोभनमा पारिन्छौ। केन्यामा भएको निर्वाचन स्वतन्त्र, निष्पक्ष र धाधलिरहित हुन नसक्दा हजारौ व्यक्तिहरुको ज्यान गएको र लाखौ व्यक्ति विस्थापित भएको तितो सत्य हाम्रो अगाडि ताजा नै छ।

**सन्दर्भ-सामग्री**


१. नेपालको अन्तरिम संविधान, २०६३
२. निर्वाचन आयोग ऐन, २०६३
३. संविधानसभा सदस्य निर्वाचन नियमावली, २०६४
४. संविधानसभा सदस्य निर्वाचन आचार संहिता, २०६४
५. नागरिक सम्वाद कार्यक्रम निष्कर्षहरु, २९ माघ २०६४, कैलाली
६. www.election.gov.np

# संविधानसभा निर्वाचन र महिला उम्मेदवारीको प्रश्न

भावना भट्ट

अहिले देश संविधानसभामय भएको छ। संविधान देशको मुल कानून भएकाले जनताहरु नयाँ संविधान बनाउनका लागि हुने चुनावमा भोट हाल्न तत्पर देखिन्छन्। उम्मेदवारलाई हेर्न, चिन्न र बुझ्न इच्छुक रहेका जनतामा उमङ्ग छाएको छ। संविधानसभाको चुनावमा विजय प्राप्तीका लागि विभिन्न दलहरुले आकर्षक घोषणापत्र प्रकाशनमा ल्याएका छन्।

संविघानसभाका लागि विभिन्न दलहरुले फरक फरक नाराहरु अघि सारेका छन्। त्यसमध्ये माओवादीले गणतन्त्रको नारा पहिले आफ्नो दलले उठाएको भनेको छ भने आफूले जितेमा दश वर्षमा देशमा आर्थिक कायापलट गर्छौं भन्ने एजेण्डाकासाथमा चुनावी मैदानमा छ। नेकपा एमाले र नेपाली काँग्रेसले बहुलवादमा आधारित बहुदलीय संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाको प्रस्ताव, विद्यमान एकात्मक र केन्द्रिकृत राज्यको अन्त्य गरी स्वायत्त प्रदेशहरु भएको संघीय राज्य बनाउने अवधारणा, सवल र सम्वृद्ध नेपाल निर्माणको लागि आर्थिक, सामाजिक अधिकारसहितको बहुलतामा आधारित सहभागितामूलक समावेशी लोकतन्त्रको स्थापना गर्ने जस्ता चुनावी नारा अघि सारेका छन्। चुनावको मुखमा, सुन्दा मीठा लाग्ने र देशले कोल्टे फेर्ने भयो भनेर आश्वासन दिने खालका विचारहरु बाहिर आउनु स्वभाविकै हो। तर यो सबै कुरा जनताले पत्याइहाल्छन् र बहुमत प्राप्त हुन्छ भने भ्रमबाट टाढा रही देशको क्षमता,नेताको भित्री इच्छा र काम गराइमा भरपर्ने कुरालाई कसैले बिर्सनु हुँदैन्। विचारलाई कागजमा उतार्नु भन्दा यथार्थमा आधारित रहेर व्यवहारिक पक्षलाई जोड दिनु वुद्धिमानी होला। यदि नेताले गरेका भाषण र घोषणापत्रमा भएका सम्पूर्ण वाचा पूरा गर्ने गरेको भए नेपाली जनता आजसमम्म यो अवस्थामा रहनु पर्ने थिएन। कामको खोजीमा विदेशिनुपर्ने, आफ्नैघरमा बसोवास गर्न नसकी विस्थापित हुनुपर्ने, नेपाली भाइभाइबीचको मारकाट सहनुपर्ने र अझैपनि चन्दा, धम्की, त्रास र डरको अवस्थामा बाच्नुपर्ने र धार्मिक, जातीय, क्षेत्रीय, लैङ्गिक हिसाबमा गरिने बिभेदपूर्ण व्यवहार समाजमा विद्यमान रहने थिएन होला।

विगतका निर्वाचनहरुमा राजनीतिक दलहरुले तयार पारेका घोषणापत्रका आधारमा मुलुक चलाइएको भए नेपाली जनताले कहिल्यै पनि शिक्षा, स्वास्थ्य, रोजगार र आवासजस्ता आधारभूत मौलिक अधिकारका लागि संघर्ष गर्नु पर्दैनथ्यो। तर यहाँ हिड्दै छ पाईला मेट्दै छ भनेझैं, आफैंले गरेका प्रतिवद्धताहरु निर्वाचन पछि विर्सदै गइन्छ,। त्यतिमात्र होइन् त्यसको घोर अपमान र उल्लंघन पनि गरिन्छ। शान्ति सम्झौतामा होस् वा अन्तरिम संविधानमा नै किन नहोस् महिलासम्बन्धी छुट्टै बुँदा लेखिएको छ। महिलालाई अगाडि ल्याउनका लागि उनीहरुका हक, हित तथा अधिकारको रक्षा र सम्वर्द्धनका लागि सामन्ती शोषण र विद्यमान परम्परागत सोचाईवाट माथि उठेर अहिलेसम्म गरिएको यो प्रयास सराहनीय छ। जसमा महिला भएकै कारण कुनै पनि किसिमको भेदभाव गरिने छैन, कुनैपनि महिला विरुद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरिने छैन् र त्यस्तो कार्य कानूनद्वारा दण्डनीय हुनेछ भन्ने लगायतका बुँदाहरु समावेश गरिएको छ।


आगामी चैत २८ गते हुने संविधानसभाको प्रत्यक्षतर्फबाट उम्मेदवार हुने महिलाको कुल संख्यालाई हेर्दा त्यो नेपालको अन्तरिम संविधान तथा ०६३ साल जेठ ४ गते मा संसदले गरेको घोषणाको विपक्षमा रहेको छ। संविधानसभाको निर्वाचनमा महिलाहरुको उम्मेदवारी दलहरुले घोषणा गरेको महिलाको ३३ प्रतिशत आरक्षणको व्यवस्थासमेतको विपक्षमा छ।

प्रमुख दलमध्येका नेपाली काँग्रेसले २५ जना महिला २ सय १५ पुरुष, नेकपा एमालेले २६ महिला २१४ पुरुष, माओवादीले ४२ महिला, १ सय ९८ पुरुष, सद्भावना पार्टी (आनन्दीदेवी) ले १२ महिला ९३ पुरुष, जनमोर्चा नेपालले २९ महिला १ सय ८५ पुरुष, नेपाल मजदुर किसान पार्टीले २७ महिला ७१ पुरुष, मधेसी जनअधिकार फोरमलेले तीन महिला १ सय २ पुरुष, तराई मधेश लोकतान्त्रिक पार्टीले चार महिला ९२ पुरुषलगायत ५५ दलले प्रत्यक्षका लागि उम्मेवारी दर्ता गरेका छन्। यसैगरी स्वतन्त्रबाट ४९ महिला र ९ सय ६१ पुरुषले संविधानसभामा उम्मेदवारी दिएका छन्। यो आँकडा हेर्दा संविधानसभाको निर्वाचनबाट निर्वाचित भएर आउने महिला सभासद्को संख्या पुरानै संसदको हाराहारीमा हुने निश्चित छ। प्रत्यक्ष उम्मेदवारीतर्फ राजनीतिक दलहरुको तर्फबाट कूल २ हजार ९ सय ३३ जनाको उम्मेदवार उठाएकोमा महिलाको संख्या जम्मा ३ सय ३६ मात्र रहेको छ। नेपालमा कूल मतदाता संख्या १ करोड ७६ लाख ९ हजार आठ सय पन्चानब्बे मध्ये महिला मतदाताको संख्या ८६ लाख २९ हजार २ सय ९० छ। जुन कूल मतदाता संख्याको आधा भाग हो। हिजोसम्म समानुपातिकताको नारा अगाडि सार्ने मधेसी जनअधिकार फोरम र तराई मधेसी लोकतान्त्रिक पार्टी पनि यसमा अछुतो मात्र रहेनन् नगन्य संख्यामा महिला उम्मेदवारी दिने राजनीतिक दलहरुमध्ये पहिलो पङक्तिमा देखिए। धरैजसो महिला उम्मेदवार त्यस्तो क्षेत्रबाट उठाइएको छ जहाँ त्यो दलले जित्ने संभावना ज्यादै न्यून छ।

अपवादमा बाहेक पार्टीको पकड र वर्चश्वका हिसावले कमजोर क्षेत्रमा उम्मेदवार बनाउने गरेको पाईन्छ। यतिवेला महिलाको मुद्दाभन्दा देशलाई अग्रगमनमा लैजाने मुद्दा, देशमा स्थायी शान्ति कायम गर्ने मुद्दाले विशेष महत्व राख्छन्। नयाँ नेपाल निर्माण गर्न हुन लागेको संविधानसभाको निर्वाचनमा पाखा पारिएका वर्ग, समुदाय र जनताहरुको प्रतिनिधित्व भएन भने हामी फेरि उही स्थितिमा रहन्छौं। महिलाहरुको उचित प्रतिनिधित्वको अभावमा, उनीहरुका समस्या समाधानमा कम चासो हुने कुरा छर्लङ्ग छ।

# मानवअधिकार तथा सामाजिक न्यायलाई संस्थागत गर्न संविधानसभा चुनावमा मतदान गरौं





अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
स्यूचाटार-४ (नीलो घर), कलंकी, पोष्ट बक्स नं. २७२६, काठमाडौं नेपाल
email : insec@insec.org.np
Website : www.inseconline.org

# संविधानसभा र मुलुकको शल्यक्रिया : द्वन्द्वपीडितको दृष्टिकोण

के. पी. अधिकारी

आज मुलुकको गहन उपचारको लागि तयारी भइरहेको छ। उपचार गर्दा कतिपय अ  मा मलमपट्टी मात्र गरेर पुग्ला, कतिपय अ  मा टाँका मार्नु पर्ला र कतिपय अ  मा ठूलै शल्यक्रिया गर्नु पर्ने पनि हुन सक्दछ। शरीरमा भेटिएका ट्युमर र सेप्टिकलाई काटेर फाल्न हिच्किचाउनु हुँदैन भने कत्ति पनि नबिग्रिएका वा अलि अलि मलमपट्टी गरेरै निको हुने अवस्थामा रहेका अ·लाई कांट्न रहर मान्नु पर्ने पनि कुनै कारण छैन।

केही केही कुरा गहन उपचारका लागि प्रयोगशालामा पस्नु अगाडि नै निर्क्योल पुग्नु पर्ने खालका छन्। ती बारे स्पष्टता नहुँदा उपचार पद्धति नै अलमलमा पर्ने हुन सक्दछ। मुलुकको शल्यक्रिया गर्दा निश्चित रूपमा पुराना रोगहरू र पुरानो रोगका "साइडइफेक्ट" का कारण उत्पन्न नयाँ रोगहरूसमेत पहिचान गर्नु जरुरी छ। आज मुलुकको शल्यक्रियामा राजतन्त्र पुरानो रोग हो भने माओवादी हतियार र माओवादी र राज्यबीचको हिंस्रक लडाइँमा पिल्सिएका, प्रताडनाको शिकार बनाइएका, बेपत्ता पारिएका र हत्या गरिएका नागरिक र तिनका परिवारजनको समस्या नयाँ रोग हो। शरीरलाई चल्ने बनाउन पुरानो र नयाँ दुवैखाले रोगको उपचार नगरी सुखै छैन। अन्यथा नयाँ रोग असाध्य बनेर मुलुकलाई फेरि जर्जर बनाउन बेर लाग्दैन।

मुलुकलाई स्वस्थ बनाउनका लागि संविधानसभारूपी उपचारमा जानु पर्छ भन्ने कुरा अहिले देशमा सबै पक्षको ऐक्यबद्धताको बिन्दु बनेको छ। यसले दिएको निकासका आधारमा नै देश अगाडि बढ्ने स्थिति बनेको छ। तर संविधानसभामा जानु अघि नै पूरा हुनु पर्ने भनेर केही मुद्दाहरू उठेका छन्। राजतन्त्रको मुद्दा एउटा त्यस्तै प्रमुख मुद्दा हो। यसलाई फाल्ने कि राख्ने भन्ने एउटा बहसको विषय बाहिर आएको छ। यसलाई संविधानसभाले फाल्ने कि, संविधानसभासँगै गरिएको जनमत सँग्रहबाट यसको भविष्य निर्धारण गर्ने कि, अन्तरिम संविधान बनाउँदा नै राजालाई बिदावारी गर्ने कि भन्ने अनेक विकल्पमा चर्चा परिचर्चा भइरहेको छ।

जुन हतियारको कारण मुलुक जर्जर भयो त्यो हतियार व्यवस्थापन गरेर मुलुकको शल्यक्रिया गर्ने कि शल्यक्रिया गरेर हतियार व्यवस्थापन गर्ने भन्ने अर्को महत्वपूर्ण विषय पनि बाहिर आएको छ। यसमा सरकारी पक्ष, सत्तारुढ दलका विभिन्न नेताहरू, माओवादी नेतृत्व र नागरिक समाजको नाममा विभिन्न प्रकारका मतहरू सार्वजनिक भएका छन्। हतियार व्यवस्थापनको कुरा गर्नासाथ माओवादी ऊ तर्सिने र हतियार व्यवस्थापन नहुँदा अरू पक्ष त्रसित हुने गरेको हामी सबैले देखेकै छौं। कसको पक्ष के छ भन्नेबारे नेताहरूका विचार त सञ्चार माध्यमले दिइरहेकै छन्, तर देशमा चलेको काटमारको शिकार बनेका अर्थात पीडित पक्षको भनाइ के छ भनेर कसैले वास्ता गरिरहेको छैन। खुकुरीको पीर अचानोलाई नै थाहा हुन्छ भनेझैं देशमा चलेको मानवहत्याको पीडा भोग्नेहरूको आँसु नपुछी देशमा शान्ति आउँछ भन्नु मिल्दो कुरो पटक्कै होइन।

**निर्दोष नागरिकको हत्यालाई जुनसुकै शब्दको थुङ्गा जोडेर महिमामण्डन गर्न खोजे पनि त्यो बर्बर हत्या हो, गैरन्यायिक मृत्युदण्ड हो, "एक्काइसौं शताब्दीको गणतन्त्र" को सपना बाँडेर गरिएको घिनलाग्दो ब्यंग्य हो। माओवादी र सरकारका बन्दुकहरु गर्जेर सखाप पारिएकाहरुमध्ये सानो संख्यामा मात्र युद्ध पिपासुहरु मारिएका होलान्, तर यो अवधिमा मारिनेहरुमा अधिकांश निर्दोष, शान्तिप्रिय र युद्धविरोधी थिए।**

हिजोको लडाइँमा मारिनेहरू सबैलाई एउटै तराजुमा तौलन र एकै थैलोमा राख्न मिल्दैन। कुनै पनि मान्छे मारिनु प्राकृतिक न्यायको सिद्धान्त विपरित हो। त्यसमा पनि माओवादी मारिनु, सुरक्षाकर्मी मारिनु, विभिन्न राजनीतिक दलका कार्यकर्ता मारिनु र सर्वसाधारण नागरिक मारिनुलाई फरक फरक दृष्टिकोणबाट विश्लेषण गर्न सकिन्छ। ऐतिहासिक, सामाजिक, आर्थिक, राजनीतिक अनेक कारणहरू थिए माओवादीले हतियार उठाउँदा। माओवादी बनेर, हतियार बोकेर हिँडेको मानिस मारिनु सहादतको गौरव थियो होला। कुनै एक माओवादीको मृत्यु हुनु त्यो पार्टीका नेताहरूले देखेको सपनाको परिपूर्ति गर्ने क्रममा एक ईँटा थपिएजस्तो थियो होला। सुरक्षाकर्मी मारिनु राज्यप्रतिको दायित्व निर्वाह हुनु थियो होला। माओवादीले आफ्ना कार्यकर्तालाई सहिदको पगरी गुथाएर स्मृति द्वार बनाएजस्तै राज्यले पनि सेना-प्रहरीलाई वीरगति प्राप्त गरेको विश्लेषण दिँदै अमर जवानको स्तम्भमा टाँसेको थियो होला। दुवै हतियारधारी भएको र आमुन्ने सामुन्ने लडाइँमा रहेको बेलामा चित्त बुझाउन सम्बन्धित पक्षले यस्ता विशेषण प्रचलनमा

ल्याएका होलान्।

तर सरकार र माओवादीबीचको त्यो औचित्यहीन लडाइँमा अनेकौँ निहत्था, निर्दोष र निरिह नागरिकहरू मारिएका छन्। फरक राजनीतिक आस्था राखेकै कारण तिनले माओवादीको हतियारको निशाना बन्नु पऱ्यो। अझ अर्काथरी नागरिक त दुःखजिलो गरेर जीवन निर्वाह गरिरहेको र राजनीति कुन चरोको नाम हो भन्ने थाहासमेत नपाइरहेको अवस्थामा भए तापनि मारिनु पऱ्यो। माओवादीले मारिनेहरूमध्ये कसैलाई सुराकीको आरोप लगाए, कोही सामन्त भएको लगाए र कसैलाई के आरोप लागेको थियो भन्ने पनि कहिल्यै थाहा भएन। आरोपितहरूमाथिको आरोपको सत्य-तथ्य पुष्टि गर्ने आवश्यकता पनि उनीहरूले कहिल्यै देखेनन्।

निर्दोष नागरिकको हत्यालाई जुनसुकै शब्दको थुङ्गा जोडेर महिमामण्डन गर्न खोजे पनि त्यो बर्बर हत्या हो, गैरन्यायिक मृत्युदण्ड हो, "एक्काइसौं शताब्दीको गणतन्त्र" को सपना बाँडेर गरिएको घिनलाग्दो व्यंग्य हो। माओवादी र सरकारका बन्दुकहरू गर्जेर सखाप पारिएकाहरूमध्ये सानो संख्यामा मात्र युद्ध पिपासुहरू मारिएका होलान्, तर यो अवधिमा मारिनेहरूमा अधिकांश निर्दोष, शान्तिप्रिय र युद्धविरोधी थिए। एउटा मानवको हैसियतमा स्वतन्त्रतापूर्वक बाँच्न खोज्दा उनीहरूले आफ्नो ज्यान गुमाएको यथार्थ लाई बिर्सन मिल्दैन। आज तिनका परिवारजन क्षतविक्षत मन र मस्तिष्क लिएर बाँचिरहेका छन्। बाहिर हाँसिरहेको भए तापनि पीडितहरू भित्र भित्र चहऱ्याइरहेको घाउ लिएर तड्पेका छन्।

के कुनै औषधिको नाम लिएर धेरैपल्ट चिच्याउँदैमा रोग निको हुन्छ ? होइन साँच्चै नै उपचार गर्नु पर्छ। त्यस्तै, के शान्ति शान्ति भनेर हजारौँ वा लाखौँपल्ट फलाकेपछि शान्ति आउँछ ? आउँदैन। त्यसका लागि अशान्तिका कारणहरू पत्ता लगाएर तिनको निराकरण हुनु पर्दछ। देशमा शान्तिवार्ताका क्रममा पटक्कै वास्ता नगरिएकाहरूलाई सरकार, सात दल, नागरिक समाज र माओवादीले "हिजो जे भयो, भइहाल्यो, अब त्यस्तो हुँदैन" भनेर मात्र पुग्दैन। एकातिर विगतका गल्तीको समुचित दण्ड हुनु पर्दछ भने अर्कोतिर भोली फेरि त्यस्तो व्यवहार हुँदैन भन्नेमा ढुक्क हुन सकिने परिस्थिति निर्माण हुनु पर्दछ।

हिंसात्मक द्वन्द्वबाट प्रत्यक्ष पीडित भएकाहरूको जुन समस्या छ, त्यो पनि देशको रोग नै हो। अहिले यो "जण्डीस" जस्तो उपचार गर्न सजिलो, कम खर्चिलो र उपचार सम्भव भएको अवस्थामा छ। तर समुचित उपचार नपाई स्थिति झन् बिग्रेमा "हेपाटाइटिस बी" जस्तो खतरनाक रोगको आरम्भ पनि हो। हिजो मुलुकलाई जर्जर बनाउने पक्ष सरकार र माओवादी आज मुलुकको उपचार गर्नका लागि छलफलमा बसेका छन्। यस्तो महत्वपूर्ण बेलामा उनीहरूले हिजो गरिएका गल्ती र कमजोरीलाई स्वीकार गर्ने तत्परता र सकारात्मक वातावरणका लागि चाहिने त्यागको भावना आत्मसात् गर्न सकिरहेका छैनन्। उनीहरूले अहिले वार्तालाई रणनीतिक उपयोग मात्र गर्दा हुने "साइड इफेक्ट" का बारेमा सोचिरहेका छैनन्।

माओवादीको हतियारले कति परिवर्तन ल्याउन सक्यो त्यो इतिहासले मात्र मूल्याङ्कन गर्न सक्छ। अहिलेको यथार्थ के हो भने हतियार साथमा भएका कारण माओवादी कार्यकर्ता नेतृत्वको वशमा छैनन्। उनीहरूमा हतियारको मात बढिरहेको छ। सैन्य उन्मादले सीमा नाघेको छ। युद्ध विराम, शान्ति प्रक्रिया र आचार संहिता जारी रहेको अवस्थामा पनि माओवादीका हतियारबाट नागरिक हत्या भइरहेको छ। उनीहरूले नयाँ सत्ताका नाममा नागरिकहरूलाई मृत्युदण्डको सजाय दिइरहेका छन्। माओवादी हतियारका कारण आज पनि नागरिकहरू सकी-नसकी चन्दा वा करका नाममा माओवादीलाई पैसा दिई जीवन किनेर बाँच्न विवश छन्। आचार संहिता देखाउने दाँत मात्र बनेको छ। माओवादीले किस्ता किस्तामा मात्र युद्धविराम गर्नु, सैन्य भर्ती कायमै राख्नु र हतियारसहितका उद्दण्ड कार्यकर्ताहरूलाई छाडा छोड्नुले के अर्थ आउँछ ? माओवादीका सेनाको त तै कुरासम्म उठेको छ, तर देशभर आतङ्क मच्चाउँदै हिँड्ने माओवादीका मिलिसियालाई डामेर पशुपतिमा छाडिएका साँढेझैँ सधैँ मनपरी गर्न दिइरहने ? किन बोल्दैन सरकार ? किन बोल्दैनन् पार्टीहरू ? किन तिनै मिलिसियाका स्यालुट खानमा गौरव गर्छन् केही नागरिक समाजका अगुवा भनाउँदाहरू ?

सरकारले पनि दण्डहीनतालाई निर्मूल गर्न सकेको छैन। अधिकार उल्लंघनका प्रमुख योजनाकार मानिएका व्यक्तिलाई नेपाली सेनाका नयाँ प्रधान सेनापति बनाइएको छ। हिंसात्मक द्वन्द्वको बहाना बनाएर कानुनविपरित मानवहत्या र ज्यादतीमा संलग्न सुरक्षाकर्मीबारे पनि कुनै छानबिन भइरहेको छैन। आयोग र समितिहरू जति भने पनि गठन गर्ने, तर तिनको प्रतिवेदन भने कुनै दराजमा थन्क्याएर धूलो र धमिराको आहारा बन्न छाडिदिने प्रवृत्तिलाई लोकतान्त्रिक नेपालको सरकारले पनि निरन्तरता दिएको देखिएको छ। आफूले दण्डहीनतालाई निर्मूल गर्न नसकेकैले होला, सरकारले अन्य अपराधीहरूलाई कारवाही गर्न पनि सकेको छैन। त्यसैले त, नयाँ सत्ताका नाममा माओवादीबाट भएका तमाम खाले अपराधहरूलाई कानुन भन्दा माथि राखिएको छ। राज्यले माओवादी कार्यकर्तालाई कुनै अपराधमा रंगेहात पक्राउ गरेर ल्याए पनि नयाँ सत्ताको कार्यकर्ता भएको नाममा प्रहरी प्रशासनले कारवाही गर्न नसक्ने अवस्था भएको छ। माओवादीइतर आपराधिक समूहबाट पनि देशभर लुटपाट मच्चिँदा पनि तिनलाई कारवाही गर्न नसकेर सरकार आफ्नो कर्तव्यबाट च्यूत भएको छ।

मुलुकको दिगो शान्तिका लागि खाका सार्वजनिक भएको छैन। त्यसमा विभिन्न पक्षबाट प्रस्तुत हुने मुद्दाहरूमाथि नागरिक बहस हुन पाएको छैन। मुलुकलाई रोगमुक्त पार्नका लागि पहिला रोगको

पहिचान हुनु पर्नेमा त्यसो नगरिएकाले कतै पेट दुखेको टाउकाको औषधी नाइटामा लगाउने भनेर एउटा उखानमा भनिएजस्तो हुन लागेको पो हो कि भन्ने आशङ्का पैदा भएको छ। तसर्थ अहिले रोगको पहिचान गर्ने बेला हो। तब मात्र संविधानसभालगायतका प्रक्रिया सकारात्मक फलदायी हुन्छन्।

नेकपा (एमाले), नेपाली कांग्रेसलगायतका राजनीतिक पार्टीहरूले हिजो द्वन्द्वका क्रममा मारिएका आफ्ना होनाहार कार्यकर्ताबारे केही बोलिरहेका छैनन्। जब कि मारिएका ती कार्यकर्ताका परिवारको जिम्मेवारी लिने र उनीहरूलाई न्याय र सामाजिक सुरक्षाको प्रत्याभूति दिने पहिलो जिम्मेवारी राजनीतिक पार्टीहरूको हो। पीडित परिवारहरूले राजनीतिक पार्टीहरूसमक्ष बारम्बार भनेका छन्- "मारिएका आफ्ना कार्यकर्ताबारे बोल। तिमीहरूले सुराकी गर्न पठाएका हौ भने हो हामीले सुराकी गर्न पठाएका हौं भन। होइन भने मारिएका नागरिकहरूको राजनीतिक तथा सामाजिक योगदानको मूल्याङ्कन गरी सहिद घोषणा गर।" तर यस्तो मानवीय आग्रहलाई समेत बेवास्ता गरिएको छ।

जुन नागरिकको बाबुलाई माओवादीले मार्दा बगेको रगत आलै छ र हत्यारा अझै पनि त्यो रगतको पोखरीलाई हेर्दै जुँगा मुसारेर अट्टाहास गरिरहेको छ, ऊ कसरी घर फर्कन सक्छ संविधानसभामा भोट हाल्न भनेर ? माओवादी कार्यकर्ताको बर्बर यातनाले क्षतविक्षत हुँदा पनि उपचार नपाएर कुनै गल्लीमा सडिरहेको व्यक्ति कसरी उभिन सक्दछ मतदान केन्द्रमा संविधानसभामा भोट हाल्न भनेर ? जसको घर-जग्गामा अझैसम्म माओवादीको नाममा कसैले कब्जा जमाइरहेको छ र गाउँ फर्कैमा सिध्याइदिने धम्की दिइरहेको छ, ऊ कसरी पुग्न सक्छ मतपेटिकासम्म संविधानसभामा भोट हाल्न भनेर ? कि भन्नु पर्‍यो- "संविधानसभा त एउटा नाटकका रूपमा मञ्चन गर्न लागेका हौं हामीले । निर्णय त माओवादीको हतियारले गरिसकेको छ।" होइन भने, यो देशको प्रत्येक नागरिकले निर्भयतापूर्वक भोट हाल्ने परिस्थिति नबनाई संविधानसभाको ट्याउँ ट्याउँले मात्र कसरी हुन्छ ? आतङ्कपीडितहरूका घाउमा नुन-चुक छर्केर उनीहरूलाई "लौ शान्ति आइहाल्यो, अब हाँस" भनेर कसरी हुन्छ ?

दिगो निकासका लागि आज या भोलि जहिले पनि पहिलो अनिवार्य आवश्यकता हिजो सशस्त्र द्वन्द्वका क्रममा निशस्त्र नागरिकमाथि भएका मानवअधिकार हनन् र ज्यादतीको निष्पक्ष छानबिन गरी पीडक र पीडितलाई क्रमशः सजाय र न्याय प्रदान गर्नु हो। द्वन्द्वको क्रममा भौतिक क्षति भएका नागरिकहरूलाई निश्चित क्षतिपूर्ति दिएमा उनीहरूको समस्या समाधान हुन सक्ला, उनीहरू पुनर्स्थापित हुन सक्लान्। तर मानवीय क्षतिको पूर्ति भौतिक रूपमा त हुन सक्दैन। केही हजार वा लाख रूपैयाँ प्रदान गरेर मात्र समस्याको समाधान हुन सक्दैन। पीडितहरूबीचमा पनि पीडाका फरकपनअनुसार दृष्टिकोणमा पनि फरकपन छन्। माओवादी पीडित संघले आर्थिक मुद्दा लिएर सिंहदरबार घेरिरहेको छ भने र आतङ्क पीडित टुहुरा समाज न्यायिक अभियान सुरु गरेर राजनीतिक दलहरू, सरकार, नागरिक समाज, मानवअधिकारवादी र अन्तर्राष्ट्रिय समूदायसम्म पुगिरहेको छ। यसबाट के बुझ्नु पर्छ भने हिजोको बर्बर ज्यादतीको निष्पक्ष न्यायिक छानबिन गरी पीडितलाई न्यायको प्रत्याभूति दिन पीडाका आधारमा राहतको व्यवस्था हुनु जरुरी छ।

मुलुकको सफल शल्यक्रियामा माओवादीको प्रमुख भूमिका हुन्छ। यदि माओवादी इमान्दार भएर मुलुकको लागि कति त्याग गर्ने भनेर आउने हो भने देशको निरामयताको लागि गरिन लागेको शल्यक्रिया सफल हुन्छ। यसका लागि लागि माओवादीले आफ्ना ठूला र साना हतियारको वास्तविक तथ्याङ्क लिनु पर्दछ। सार्वजनिक नगरोस् सही, तर कति छन् भन्ने थाहा त हुनु पर्‍यो। आज आफ्नो पार्टीसँग कति हतियार छन् भन्ने कुरा प्रचण्डलाई थाहा छैन। भोलि माओवादीका हतियारी अपराधीका क्रियाकलापमा सँगठित रूपले प्रयोग भयो भने त्यसको जिम्मेवारी कसले लिने ? हतियारको तथ्याङ्क लिँदै नागरिकविरूद्ध हतियार प्रयोग नगर्न आफ्ना कार्यकर्तालाई प्रशिक्षित गर्ने जिम्मेवारी पूर्णतया माओवादी नेतृत्वकै हो।

यस क्रममा राज्यले अन्तर्राष्ट्रिय समूदायको सहयोगमा माओवादी कार्यकर्ताको पालन पोषणको जिम्मा लिनु पर्छ। माओवादीको ज्यादतीका कारण पीडितहरूमध्ये पनि भोकै-नाङ्गै अनेक हण्डर पाइरहेकाहरूको पालन पोषणको जिम्मेवारी पनि सरकारले नलिई सुख पाउँदैन। तत्काल युद्धविराम र शान्ति सम्झौता हुनु पर्दछ। गाउँ गाउँमा युद्धविराम आचार संहिताको अनुगमन गरिनु पर्छ। उप्रान्त हुने अपराधका अपराधीहरूलाई माओवादीले पार्टीबाट निस्कासन गर्ने र राज्यले जागिरबाट निस्कासन गर्ने एवम् राज्यको कानुनबमोजिम कारवाही चलाउने संयन्त्रको निर्माण हुनु पर्दछ। यति नभई शान्ति प्रक्रिया वास्तवमै सुरु भएको मान्न सकिँदैन र सफलताप्रति आश्वस्त हुन पनि सकिँदैन।

हिजोका दिनमा भएका मानवताविरोधी अपराध, मानवअधिकारको हनन, मानवीय कानुनको उल्लङ्घन तथा विभिन्न ज्यादतीको छानबिनका लागि अधिकार सम्पन्न आयोग 'ट्रुथकमिसन' गठन गर्नु पर्दछ भन्ने माग पीडितहरूको रहेको छ। दण्डहीनताको अन्त्यका लागि आधारभूत कदम चालिनु पर्दछ। यसका लागि कतिपय नयाँ कानुनी व्यवस्थासमेत गर्नु पर्ने पनि हुन सक्दछ। त्यस्तै, रोम विधानको अनुमोदन पनि तत्काल गर्नु पर्दछ।

*(प्राची संचेतना त्रैमासिक, पूर्णाङ्क ६०, असोज ०६३ मा प्रकाशित अधिकारीको यो लेख अहिले पनि उत्तिकै सान्दर्भिक भएकोले पुनः प्रकाशन गरिएको छ-स.)*

# संविधानसभा : दलित महिला सहभागिताको प्रश्न

राजेन्द्र पहाडी

संविधानसभा निर्वाचनको माध्यमबाट राज्य पुन:संरचनाको प्रक्रियामा अगाडि बढ्दा समाज र राज्यका सबै क्षेत्रमा नियोजित रूपमा पाखा लगाइएका यो मुलुकका उत्पीडित दलित समुदाय, जनजाति, महिला र मधेशी समुदायका मुद्दाहरुलाई ठीक ढंगले सम्बोधन गर्नु आवश्यक छ। जातीय भेदभाव र छुवाछुतको पीडाबाट शताब्दियौंदेखि पिल्सिएका दलित र दलित समुदायभित्र पनि दलित महिलाहरुको कमजोर स्थितिलाई माथि उठाउन राज्यले आनाकानी गरेर उनीहरुको आवाजलाई नसुन्ने क्रम दोहोर्‍याउनु कसैको पनि हितमा नहुने कुरा विगतका घटनाक्रमले देखाएको छ।

दलित महिलाहरु एकातिर पुरुषप्रधान समाजको दासताबाट मुक्त हुन सकेका छैनन् भने अर्कोतिर कथित उपल्ला जातिका महिलाहरुबाट उपेक्षित हुन पुगेकाछन्। राज्यको तल्लोदेखि उपल्लो तहसम्म पनि दलित महिलाहरुको खासै उपस्थिति नरहेको अवस्था विद्यमान छ। समाजका विभिन्न निकायहरुमा दलित महिलाहरुलाई यो वा अर्को बहानामा पाखा लगाइने वा सिमान्तिकृत गरिने गरिएको हुन्छ। समाजमा जातजातिका आधारमा, पानी चल्ने या नचल्ने आधारमा थुप्रै विभेदकारी घटनाहरु हुने गरेका छन्। अहिले पनि कतिपय समाजमा दलित शिक्षकलाई नमस्कार गर्नु पर्दछ भनेर जागीर नदिने, घरभित्र पस्न दिए अनिष्ट हुन्छ, कुलदेवता रिसाउँछन्, पाडापाडी मर्छन् भन्ने विश्वास, दलितहरुको छाया परे अशुद्ध हुन्छ भन्ने विश्वास, ऋण दिए डुब्छ भन्ने विश्वास, सरकारी कार्यालयमा दलितलाई पियन बनाए खानेकुरा खानुपर्छ भनेर जागीर नदिने र दिए पनि खानासम्बन्धी काममा नलगाउने, दलितलाई टिकट दिए आउने भोट पनि पाउँदैन भन्ने विश्वास, दलितलाई मानसम्मान गरे समाजले हेला गर्छ भन्ने विश्वास, राजनीति भनेको बाहुन क्षेत्रीले मात्र गर्नुपर्ने, दलितले गर्नै नहुने भन्ने विश्वासले जरा गाडेर बसेको छ।

कानूनमा स्पष्ट व्यवस्था भएता पनि आज समाजले स्वीकार गर्न नसकेको अन्तर-जातीय विवाहको मार पनि दलित महिलाहरुले नै बढी खेप्नु परेको छ। दलित जातका केटी/केटा र गैरदलित केटा/केटीको वैवाहिक सम्बन्ध सफल नभएका र सफल हुन नदिइएका थुप्रै उदाहरणहरु हाम्रा सामु छन्। केटा र केटीको मन मिलेर गरिएका यस्ता विवाहलाई असफल बनाउन कथित उपल्लो जातका भनिएका सामाजिक कार्यकर्ताहरु नै कम्मर कसेर लाग्ने गरेको भेटिन्छ। समाजको यस्तो असहयोगले अन्ततोगत्वा केटा र केटीको वैवाहिक सम्बन्ध टुट्दछ, जसको प्रत्यक्ष मार केटालाई भन्दा केटीलाई नै पर्दछ। केटाले अर्को केटीसँग सजिलै विवाह गर्न सक्दछ भने केटीका लागि यस्तो अवस्था सजिलै प्राप्त हुँदैन। फलस्वरुप केटी सामाजिक रुपमा तिरस्कृत र अपमानित हुन पुग्दछे। यसरी प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा दलित महिलाहरु हिंसाको शिकार बनिरहेको अवस्था छ।

सामाजिकरुपमा दलित महिलाहरुको सामाजिक हैसियतको कुरा गर्दा उनीहरु पुरुषहरुको स्वार्थपूर्ति गर्ने एक नियन्त्रित औजारको रुपमा मात्र रहेका छन्। विवाह, भोज, भतेर, सामाजिक नेतृत्व, शैक्षिक गतिविधिमा सहभागिता, सम्पत्तिको अधिकार, भेला सम्मेलन, राजनीतिक सहभागिता आदिमा दलित महिलाहरुको उपस्थितिलाई स्वीकार गरिदैन भने धार्मिक रुपमा पनि दलित महिलाहरुलाई शोषण गरिराखेको पाइन्छ। अन्धविश्वासमा आधारित ब्रत बस्नुपर्ने, लोग्नेले खाइसकेपछि मात्र खानुपर्ने, शारीरिक श्रम गर्नुपर्ने जस्ता कुराले दलित महिला उत्पीडनकै अवस्थामा बाँच्नु परेको छ। दलित समुदायका महिलामाथिको हिंसामा मादक पदार्थ सेवन गरेर उनीहरुकै पति बढी लाग्ने गरेको देखिएको छ भने ललाई फकाई कथित उपल्ला जातका पुरुषहरुबाट बलात्कृत हुने समस्या पनि छँदै छ।

विभेदकारी पृष्ठभूमीमा सामाजिकीकरण गरिएका दलित महिलाहरु जोसँग शिक्षा छैन, साधारण शिक्षा भएता पनि उचित ज्ञान छैन, गरिबीको कारण तथा छोरालाई प्राथमिकता दिने चलनले राम्रो लाउने मिठो खाने कहिलै मौका छैन, संसार के हो ज्ञान छैन, म पनि मान्छे हो भन्ने कुराको पहिचान छैन, समाजमा

---

**सामाजिकरूपमा दलित महिलाहरूको सामाजिक हैसियतको कुरा गर्दा उनीहरू पुरूषहरूको स्वार्थपूर्ति गर्ने एक नियन्त्रित औजारको रूपमा मात्र रहेका छन्। विवाह, भोज, भतेर, सामाजिक नेतृत्व, शैक्षिक गतिविधिमा सहभागिता, सम्पत्तिको अधिकार, भेला सम्मेलन, राजनीतिक सहभागिता आदिमा दलित महिलाहरूको उपस्थितिलाई स्वीकार गरिंदैन भने धार्मिक रूपमा पनि दलित महिलाहरूलाई शोषण गरिराखेको पाइन्छ।**

पराधीन जीवन बिताइरहेका छन्। दु:ख, अभाव, रोग, भोक, शोक र गरिबीमा जन्मेर तिनका साथमा थप हिंसा र अपहेलना सहेर बाँच्नु पर्ने नियति किन महिलाहरुका लागि मात्र ?, के महिलाले छोरा सरह बुढेसकालको सहारा बन्न सक्दिनन् ?, अर्काको छोरीलाई विवाह गरेर घरमा ल्याउनु हुन्छ भने घर ज्वाईं बस्नुलाई किन गलत मानिन्छ ?, के पुरुषले घरभित्रको काम गर्न हुँदैन भन्ने छ ?, महिलाहरुले पुरुष सरह घर बाहिर गएर काम गर्न, बन्द व्यापार गर्न, राजनीति गर्न र जागिर खान किन सक्दैनन् ?, छोरीहरुले आफ्ना आमा बाबुको मृत्युमा दागबत्ती दिन तथा काजक्रिया गर्न किन हुँदैन ?, के दलितको रगत रातो हुँदैन र काटे रगत आउँदैन ?, किन सानो जाति वा ठूलो जाति भनेर विभेदका रेखाहरु कोरिए ?, के आफैले बनाएको मन्दिरमा जानु र आफैले बनाएको मूर्ति पुजा गर्नु दलितहरुको अपराध हुन्छ ?, सभ्य र समुन्नत समाज बनाउने हो भने महिला पुरुषको समान सहभागिता अपेक्षित हुँदैन ? यी र यस्ता थुप्रै प्रश्नहरुको उत्तर खोजेर नयाँ नेपालको बृहत्तर खाका सहित महिलामाथिको थिचोमिचो र अन्यायलाई कम गर्न अब कुनैपनि बहानामा ढिलो गर्नु हुँदैन।

एकथरी नेपालीहरुलाई "अछुत जाती" मानेर अर्कोथरी नेपालीले हेला र अपमानको व्यवहार गर्दै मन्दिर र पसलमा पस्न नदिने, पसलमा चिया खाएको भाँडा पखाल्न वा चोख्याउन लगाउने, गाली र कुटपीटसमेत गर्ने, कुवा-इनार छुन नदिने, उनीहरुले पालेको गाई-भैंसीको दूध खरिद नगर्ने र गर्न नदिने, छुन हुन्न भन्ने, छोएमा सुनपानी वा गंगाजल खाने वा नुहाउने आदि व्यवहारहरु गर्नु विल्कुलै आपत्तिजनक र गैरकानूनी कुरा हो भने राज्यको आमूल परिवर्तनको परिकल्पना गरेर यस्ता असामाजिक व्यवहारलाई आत्मसाथ गरिरहनु लाजमर्दो विषय पनि हो। आज यो देशका पैतीस-चालीस लाख दाजुभाई दिदीबहिनीहरुले जातको आधारमा यसरी "अछुत" र "असभ्य" ठहरिनु पर्ने पीडा भोगिरहनु परेको छ। यो पीडालाई सम्पूर्ण सचेत नेपालीहरुले आफ्नै पीडाको रुपमा लिनु जरुरी छ र यो पीडाबाट मुक्त हुने व्यवहारिक अभ्यासको थालनी गर्नु आवश्यक छ। अन्यथा कति समयसम्म यस्ता मानव सभ्यता विरोधी कुप्रचलनहरुलाई समाएर बसिरहने हो भनेर सबैले सोच्न जरुरी भइसकेको छ। संविधानसभाको चुनाव मार्फत दलित महिलाहरुको स्तरवृद्धि, सहभागिता र मानवोचित जीवनयापनको प्रत्याभूति गर्ने कुरामा जिम्मेवार राजनीतिक दलहरुले आफ्नो स्पष्ट प्रतिवद्धता जनाउनु पर्ने र त्यसलाई इमान्दारीपूर्वक कार्यान्वयन गर्नुपर्दछ।

●

## संविधानसभामा महिला सहभागिता

**– विमला आचार्य**

महिलाहरूको सक्रिय सहभागिता सहितको जनआन्दोलनको सफलता पश्चात नेपालमा पहिलोपल्ट संविधानसभाको निर्वाचन हुँदैछ। यो ऐतिहाँसिक रूपमा महत्वपूर्ण छ। देशको आधा जनसंख्या ओगट्ने महिलाहरूलाई राज्य सञ्चालनको क्षेत्रमा, समाजका हरेक क्षेत्रमा सहभागि गराइएन भने देश उभो लाग्ने वातावरण बन्न सक्दैन। चैत २८ मा हुन लागेको संविधानसभाको चुनावमा भने झन्डै आधाजति नै महिलाहरूको प्रतिनिधित्व छुट्ने निश्चित छ। त्यस्तो संविधानसभाले उनीहरू माथि पूर्णत: न्याय गर्न नसक्ने कुरा पनि प्रस्ट छ। अन्तरिम संविधानमा कम्तीमा ३३ प्रतिशत महिला सहभागिताको कुरा सुनिश्चित गरिएको छ। त्यसकारण कम्तीमा पनि त्यसलाई कार्यान्वयन गराउने कुरामा ध्यान दिनुपर्छ।

आगामी चैत २८ गते हुन लागेको संविधानसभाको चुनावमा ३३ प्रतिशत महिलाहरूलाई निर्वाचित गराउन दवाब दिनु जरूरी छ। संविधानसभामा महिलाहरूको निर्णायक उपस्थिति भएन भने उनीहरू फेरि पनि कानून, नीति निर्माण र निर्णय प्रक्रियाबाट समेत पछाडि पारिनेछन्। विकासका मूलधारवाट पाखा लगाइने छन्। तसर्थ राष्ट्रको अग्रगतिको लागि पहुचबाट बञ्चित समुदायलाई राज्यको केन्द्रमा ठाउ दिईनुपर्छ र सबभन्दा बढी उत्पीडित समुदायका महिलाहरूलाई पहिलो प्राथमिकतामा राखेर संविधानसभालाई बढी न्यायपूर्ण र सर्व-स्वीकार्य बनाउन सकिन्छ। कम्तीमा ३३ प्रतिशत महिलाहरूलाई संविधानसभामा निर्वाचित गरिएन भने त्यो अन्तरिम संविधानको बर्खिलाप हुन जान्छ। संविधानसभामा महिला सहभागिता अत्यन्त महत्वपूर्ण छ भन्ने आधारहरु निम्न छन् :

- लैगिक विभेदको आधारमा वनाईने नियम कानुनको अन्त गरी कानुनी राज्यको स्थापनाको लागि महिला सहभागिता अपरिहार्य छ।
- पितृसतात्मक सोचवाट संचालन हुदै आईरहेको राज्य ब्यवस्थालाई अन्त्य गरी सहभागितामूलक नयाँ नेपाल निर्माण गर्नका लागि हरेक जाति, वर्ग धर्म,लिंगको समावेशीकरण हुनु आवश्यक छ ।
- महिला अधिकारलाई सुनिश्चित गर्न र लैंगिक विभेदको अन्त्य गर्न संविधानसभामा समानुपातिक महिला सहभागिता आवश्यक छ।
- दिनानुदिन बढ्दै गएको महिला हिंसा अन्त्यको लागि स्पष्ट कानूनको निर्माण देशमा अहिले सम्म बन्न सकेको छैन त्यसलाई संविधान मै व्यवस्था गरि हिँसारहित समाजको स्थापना गरी कानुनी राज्यको प्रत्याभूति दिन।
- नयाँ बन्ने संविधानलाई पूर्णता दिई विभेदकारी राज्य व्यवस्थाले निम्त्याएको द्वन्द्वलाई अन्त गरी लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्न।
- आधाभन्दा बढी जनसंख्यामा रहेका महिलाहरु कसैका आमा, कसैका दिदी-बहिनी, कसैका छोरी वा नातिनीहरु हुन भन्ने वास्तविकतालाई नविर्सि समान अधिकारका भागिदारको रुपमा हरेक सचेत नागरिकले जवसम्म स्वीकार्दैन तवसम्म विभेदको अन्त्य हुन सक्दैन्। त्यसैले आसन्न संविधानसभा निर्वाचनमा अत्यधिक महिलाको सहभागिता गराई सारभूत समानताको सिद्धान्तमा आधारित संविधानको निर्माण हुन आवश्यक छ।

# मोफसलमा संविधानसभा निर्वाचन

**विष्णुप्रसाद पोखरेल**

संबिधानसभाको निर्वाचन अव भने नसर्ने बिश्वासमा सारा मुलुक निर्वाचनमय भएको छ। राजनीतिक दलहरुका कार्यकर्ताहरु सामाजिक कार्यकर्ता, निर्वाचन आयोग, प्रशासन, कर्मचारीतन्त्र सबै निर्वाचनसम्बन्धी कुनै न कुनै काममा ब्यस्त देखिएका छन्। राजधानीलगायतका ठूला सहरहरुमा त बाजा गाजाका साथनै चुनावी कार्यक्रमहरु भईरहेका छन्। ताम झाम नै नभए पनि मोफसलका गाउँ गाउँमा पनि निर्वाचनको माहोल बढ्दै गएको छ। पछिल्लो समयमा देशको कुनै एक ठाउँ र क्षेत्र मात्र होइन देशका धेरै भागमा निर्वाचन धाँधलीरहित र स्वतन्त्र रुपमा होला वा नहोला शंकाको घेरामा छ। घटनाक्रमहरुले ठुलै भिडन्तको रिहर्सल भईरहेको संकेत गरिहेका छन्। सरकार, निर्वाचन आयोग र पर्यवेक्षणकर्ताहरु कसैको भूमिका पनि पुर्ण रुपमा निर्वाचनको वातावरण स्वच्छ बनाउन प्रभावकारी भईरहेको छैन।

**मन्त्रीहरु नै निर्वाचन आचारसंहिता पालना गर्न तयार छैनन्**

यो निर्वाचन बिगतका निर्वाचनहरु भन्दा ब्यवस्थित रुपमा अगाडी वढिरहेको अनुभव गर्न सकिन्छ। निर्वाचन आयोग निकै बलियो रुपमा प्रस्तुत हुन खोजिरहेको देखिदैछ। तर आयोगले नै यो देशका मन्त्रीहरुलाई संविधानसभा निर्वाचन आचारसंहिता पालना गर्नका लागि सेमिनारनै गरेर अनुरोध गर्दासमेत मन्त्रीहरुले आचार संहिता अस्पष्ट र अब्यवहारिक भएको भन्दै गाडी प्रयोग गर्नका लागि शर्तसहितको ब्यवस्था गरिदिन अनुरोध गरे। अझ एकमन्त्रीले त सोही कार्यक्रममा आउँदासमेत गाडी प्रयोग गर्न मिल्ने नमिल्ने अस्पष्ट भएकोले ट्याक्सी चढेर आएको वताउँदै थिए। अव सवाल के हो भने दलहरुले दिग्गजहरुलाई नै मन्त्री बनाएर पठाएका होलान्। उनीहरुलाई नै विधि कस्तो हो कसरी पालना गर्नुपर्छ भन्ने थाहा नभएको र बिधि मिचेर पनि श्रोत साधन दुरुपयोग गर्न पाउनुपर्ने माग राख्छन् भने तीनका कार्यकर्ताले त्यसमा पनि अति दुर्गमका कार्यकर्ताहरुले निर्वाचन आचार संहिता कसरी बुझेर पालना गर्लान् र स्वच्छ र स्वतन्त्र रुपमा यो निर्वाचन सम्पन्न होला ? यही सोच र ब्यवहारबाट हामी कस्तो नयाँ नेपाल निर्माण गर्ने नयाँ संविधान निर्माण गर्न खोजिरहेका छौं ?

**गाउँघरमा आचारसंहिता पालनाको स्थिति**

यो निर्वाचन नयाँ संविधान निर्माण गर्नका लागि, दिगो शान्ति स्थापना गरि अग्रगमन तर्फ लग्नका लागि नभई ठूलो दल बनेर शासन गर्नका लागि हुँदैछ। यो कुरा दलहरुले गाउँ गाउँमा गरेका कुरा र ब्यवहारवाट पुष्टि हुन्छ। दलहरुको परम्परागत भोट मगाईले ग्रामीण जनमानसमा यहि अनुभव भईरहेको छ। भित्तेलेखन गर्नेकाम गर्नै नहुने थियो, गरियो र यो क्रमलाई आचारसंहिता लागुभईसक्दा पनि छाडिएको छैन। कतै भित्तेलेखन पोतेर मेटाएजस्तो झाराटार्ने काम गरिएको त छ तर गाउँ गाउँमा अझै लेख्ने क्रमलाई निरन्तरता दिइएको छ। उही दलको नेता सहरमा भित्तेलेखन मेटेजस्तो गर्ने उसकै कार्यकर्ताले गाउँमा लेखिरहने कुरालाई कसरी बुझ्ने ? माओवादीका कार्यकर्ताहरुबाट रामेछापमा एमालेका उम्मेदवार र कार्यकर्ताहरु कुटिए, बर्दियामा एमाले कार्यकर्ता कुटिए, काँग्रेसका कार्यकतालाई मार्ने धम्की दिएका छन्, रुकुमको आठबीसकोट, डाँडागाउँ, गोतामकोट आदि गाविसहरुमा नेपाली काँग्रेसको एजेन्ट नबन्न चेतावनी दिएका छन्, चुनावी कार्यक्रमको दौरान अर्घाखाँची जिल्लाको नुवाकोट गाविसमा माओवादी र स्थानीय व्यक्तिहरूबीच भएको झडपको क्रममा एक माओवादी कार्यकर्ताको मृत्यु भयो। सुर्खेतको पश्चिम बाबियाचउरवाट तीन जना युवाहरुका साथमा भएका तीन थान पेस्तोल स्थानीयवासीहरुले नियन्त्रणमा लिंदा साथमा माओवादीका परिचयपत्र पनि फेला परेका छन्। माओवादी कार्यकर्ताहरुले संखुवासभाको आँखीभुँईमा माओवादीलाई भोट नहाले राम्रो नहुने धम्की दिए। अन्य धेरै यस्ता घटनाहरु भइरहेका छन् तर शान्ति सुरक्षासँग संबन्धित यस्ता घटना भइरहँदा पनि सरकारले दोषी पत्तालगाएर कारबाही गर्न सक्दैन। निर्वाचन आयोगले सरकारलाई दोषी पत्ता लगाएर कारबाही गर भनेर आदेश दिनुपर्ने अवस्था दु:खलाग्दो नै मान्नु पर्दछ।



**माओवादी कार्यकर्ताद्वारा ०६४ माघ २२ गते दार्चुलाको लटिनाथ गाविस-७ मा कुटपिट गरिएका पूर्व राज्यमन्त्री दिलेन्द्रप्रसाद बडु उपचारको क्रममा काठमाडौंस्थित शिक्षण अस्पतालमा**

**अभियान बनेकै छैनन् दलहरुका प्रचार**

मध्यपश्चिम शसस्त्र द्वन्द्वको सबैभन्दा बढि प्रभाव र असर परेको बिकास क्षेत्र हो। शसस्त्र द्वन्द्वका क्रममा जनताले जे जती गुमाएका छन्, दु:ख पाएका छन् त्यसको सापोनापो यहि संविधानसभा निर्वाचन हो। शान्ति प्रक्रियाका जे जस्ता कमिकमजोरीहरु रहेका भएपनि संबिधानसभाको नीर्वाचनले पक्कै पनि देशलाई दिगो शान्तितर्फ अगाडि बढाउँछ भन्नेमा उनीहरु विश्वस्त छन्। दलहरुका लागि शान्ति प्रक्रिया प्रति जनताको बिश्वास निर्माण गर्नका लागि यो एउटा सुनौलो अवसर पनि हो। तर निर्वाचन नजिकै आइसक्दा पनि दलहरु जनताका घरदैलोमा उत्साहका साथ पुग्न सकिरहेका छैनन्। जनताले दलहरु घर आँगनमा आईदिए हुन्थ्यो भन्ने अपेक्षा गरिरहँदा उनीहरुको गति ढिलो अगाडी बढिरहेको छ। माओवादीले जनयुद्धको थालनीगर्दा पहिलो प्रहरी चौकी आक्रमण गरेको रोल्पाको होलेरी क्षेत्रमा प्रचण्ड आफै उम्मेदवार वनेका छन् तर हालसम्म कुनै राजनीतिक

दलहरु प्रचार प्रसार गर्न त्यहाँ पुगेका छैनन्। अन्य धेरै ठाउँहरु छन् जहाँ हालसम्म राजनीतिक दलहरु पुग्न सकिरहेका छैनन्। जहाँ पुगेका छन् त्यहाँ अभियान र उच्च हौसलाका साथ पुगिरहेका छैनन्। निर्वाचन हुनेकुरामा ढुक्क भईसक्दा पनि आशा लाग्दो बन्न सकिरहेको छैन। दलहरु अल्मलिएका र रुमल्लिएका छन्। समग्रमा गाउँ गाउँमा निर्वाचनको माहौल बन्न सकिरहेको छैन। यसले जनतालाई नीरास बनाएको छ। नीर्वाचनको दिन नजिकिंदै जाँदा पनि दलहरुले काठमाडौंमा मात्र निर्वाचन घोषणा पत्रहरु सार्वजनिक गर्दैछन्। दलहरुका यी घोषणापत्रहरु निर्वाचन आउन २६ दिन बाँकिहुँदा सम्म सहर बजारमा त आएका छैनन् भने दुर्गम र ग्रामीण भेगका जनताले हेर्न पाउलान भन्ने कुरामा शंका गर्ने ठाउँ प्रसस्त छन्। जनताले राजनीतिक दलहरुलाई उनीहरुले लिएका नीतिका आधारमा विश्लेषण गरि आफ्नो विचारलाई संबोधन गरेको दललाई भोटहाल्न पाउनु उनीहरुको अधिकार हो। घोषणापत्रहरु नलिई जनतासमक्ष जाने दलहरुले जनतालाई के भनेर भोट माग्दैछन् ? फेरी पनि उहि जागीर र विकास निर्माण अनी आश्वासनहरु ? यी सबै दलहरुका प्रवृत्तिले उब्जाएका आसशकाहरु हुन्।

**पर्याप्त छैनन् आयोगका क्रियाकलाप**

घटना क्रमहरुले निर्वाचनको वातावरण दिनानुदिन जटिल बनाइरहेको छ। मतदातालाई धम्क्याएर प्रभावपार्ने क्रम सुरु भइसकेको छ। आचार संहिताको वारेमा मन्त्रीहरुलाई नै सचेत गराउनु पर्ने स्थितिमा जिल्ला तहमा त्यही आचार संहिता पालना गर्नेकुरा दलहरूका दुई चार नेताहरुलाई बैठकमा बोलाएर भित्तेलेखन मेटाउनकालागि गरिएका अनुरोधहरू मात्र स्वतन्त्र र स्वच्छ निर्वाचनका लागि पर्याप्त छैनन्। नेताले कार्यकर्ताहरुलाई आचार संहिता पालना गर्न प्रशिक्षित र निर्देशित गर्ने संस्कार छैन। मतदाता शिक्षाका कार्यक्रम पर्याप्त भएका छैनन्। निर्वाचन आयोगले मतदाता शिक्षाका लागि तयार पारेको हाते पुस्तिकासमेत मतदाताको हातहातमा पर्‍याउन सकेको छैन। नागरिक र मतदाता शिक्षाका कार्यक्रमहरु चलाउन ताम्सेका संघ संस्थाहरु सदरमुकामको घेरा नाघ्न सकेका छैनन। एनजिओहरुले चलाउने यस्ता कार्यक्रम जान्ने बुझ्नेहरुलाई सिकाएपछि तल्लो स्तरसम्म पुग्छ भन्ने मान्यता व्यवहारिक रूपमा गलत छ।

**पर्यवेक्षण औपचारिक मात्र नहोस्**

वातावरण जती कठिन बन्दै जान्छ त्यसको सत्य तथ्य बाहिर ल्याएर सम्बन्धित निकायलाई सजग गराउन त्यतिनै आवश्यक हुन्छ। निर्वाचन पर्यवेक्षणकै लागि १ सय ५० भन्दा बढि संघ संस्थाहरु दर्ता भएका छन् तर सदरमुकाम वरपरका मतदान केन्द्र भन्दा बाहिर शुन्य हुने स्थिति छ। मतदानको दिनलाई मात्र ध्यान दिनु भन्दा मतदातालाई आतंक फैलाएर पहिले देखिनै दिइएको मानसिक यातना रोक्ने संयन्त्र देखिदैन। कतै पर्यवेक्षणका नाममा त्यहाँ भएका निर्वाचन हिंसालाई चोख्याउने दिनेगरी पर्यवेक्षण हुन गईरहेको त छैन ? पत्रपत्रिकामा आएका समाचार पढ्ने अनि स्थलगत अध्ययनवाट तथ्य फेलापरेको भनेर काठमाडौंबाट निकालीने प्रेस विज्ञप्तीहरुले खासै अर्थ राख्दैनन्। यतिबेला नैतिकरुमा कुनैपक्षलाई जिम्मेवार बनाउने भन्दापनि हस्तक्षेपकारी भूमिकाको आवश्यकता देखिदै गएको छ।

**विवादमा जनसेना**

अनमिनले दर्ता गरेका ३१ हजार ३ सय १८ र पछि प्रमाणिकरण गरिएका १९ हजार ६ सय २ जना जनसेना अहिले कहाँ के गर्दैछन ? यो जवाफ सरकार, अनमिन, नागरिक समाज कसले दिने ? जनसेनालाई राजनीति गर्ने छुट छ कि छैन ? जनसेनाहरु एकाएक चुनाव नजिकिंदै गर्दा लामो घर बिदामा गएका छन्। उनीहरुको अधिकार क्षेत्र के हो ? कती जनसेना एकपटकमा घरबिदामा गएका छन् भनेर अनुगमन कसले गरेको छ ? यसको जवाफ सायद कोहिसँग छैन। किनकि सरकार कुनै नीतिबिना नै जनसेनाको व्यवस्थापन गर्दैछ। सुर्खेतको दशरथपुरस्थित छैठौं डिभिजन कमाण्डर प्रतिक पनि उनकै गृह जिल्ला रुकुमतिर लागेका छन्। डिभिजननजिकै भेरी नदीको रामघाटको पुलमा "गणतन्त्र नेपालका प्रथम राष्ट्रपति



**माओवादीको कुटपिटबाट प्रिती गाविस-२ मा घाइते भएका एमालेका रामेछाप क्षेत्र नं १ का उम्मेदवार देवशंकर पौडेल**

क. प्रचण्ड लाई अत्याधिक बहुमतले बिजयी बनाऔं" भनेर छैठौं डिभिजनले टाँगेको ब्यानरलाई आचार संहिता लागेकै छैन। निर्वाचन नजिकिदै गर्दा सुर्खेतस्थित छैठौं डिभिजनका जनसेनाहरुले लाठी र हतियारसहित लामैदुरी सम्म गस्तीगर्न थालेका छन्। एकाएक निर्वाचन नजिकिदै जाँदा बढाईएका यस्ता गस्तीले जनमानसमा भय सिर्जना गरेको छ। जनसेनाले गर्ने यी राजनीतिक गतिविधिहरुले सैन्य समायोजन गरि दिगो शान्ति स्थापना गर्ने कुरालाई पक्कै पनि सहयोग गर्दैन्।

लामो राजनीतिक शुन्यतापछिको निर्वाचन भएकोले जनता मत हाल्न आतुर छन्। राजनीतिवाट एकदमै अनविज्ञ मतदातालाई दुईवटा मतपत्रमा छाप लगाउने कुरामा ठूलो दुविधा छ। दुईवटा मतपत्रमा छाप लगाउने कुरा विश्वास गर्न नसकेको अवस्थामा आफुले हालेको भोटले संविधान बनाउँछ र म देशको मालिक बन्छु भन्ने कुराको अनुभुति मतदाताले कसरी गर्ने ? जवाफ कसैले दिदैन। समय अझै बाँकी छ जे जती संयन्त्रहरु बनेका छन् तिनीहरुको उचित परिचालनले परिस्थिति सुधार गर्न सक्छ, तर खाँचो छ जिम्मेवारीबोध र इच्छा शक्तिको।

# संविधानसभामार्फत निर्माण हुने नेपालको भावि संविधान कस्तो हुनुपर्छ ?

**यज्ञप्रसाद शर्मा**
**विराटनगर -१५, मोरङ**
**सदस्य, प्रेस काउन्सिल नेपाल**

संविधानसभाको निर्वाचन नेपालको इतिहासमा पहिलो पटक हुँदैछ। नयाँ नेपालको सपना देखिरहेका नेपालीहरुको त्यो सपना साकार पार्ने दायित्व बोकेको सविधानसभाले बनाउने संविधानले नेपाली जनताको परिकल्पनाको नयाँ नेपाललाई प्रतिविम्बित गर्न सक्नुपर्दछ। यो ऐतिहासिक महत्वको संविधानमा यस्ता प्रावधानहरु राखिनुपर्दछ, जसबाट यो नेपाली जनताका वास्तविक प्रतिनिधिहरुले बनाएको हो भनेर गर्व गर्न सकियोस्। यसका लागि जनताले बनाएको संविधानले जनतालाई वास्तविक अर्थमा राष्ट्रको मालिक बनाउनु पर्दछ। जनताको सर्वोच्चता स्थापित गर्न कसैले पनि जन्म, परिवार वा खानदानको हिसाबले सत्ता पाउने र पद पाउने व्यवस्था पूर्ण रुपमा खारेज गरी जनताको छोराछोरी नै देशको सर्वोच्च पदमा पुग्ने व्यवस्था हुनुपर्दछ।

देशमा एकात्मक र केन्द्रीकृत शासन व्यवस्था अब रहन सक्दैन। यो संघीय स्वरुपको बन्नै पर्दछ। यसको लागि सघीय संरचनामा आधारित शासन व्यवस्था हुने तर त्यसले क्षेत्रीय र जातीय सन्तुलन कायम गर्ने प्रावधान नयाँ संविधानमा रहनुपर्दछ। तिनीहरु एकिकृत राज्यभित्रका स्वायत प्रदेशका रुपमा व्यवस्थित गरिनुपर्दछ। राजतन्त्रको बारेमा अपरिवर्तनीय दफा राखेको कारणले नेपाल अधिराज्यको संविधान २०४७ केही राम्रा कुराहरु हुँदाहुँदै पनि असफल र अस्वीकार्य बन्न पुग्यो। त्यसैले नयाँ संविधानमा कुनै पनि विषय यथास्थितिको पक्षपोषण गर्ने किसिमको निरंकुश रुपमा प्रस्तुत गरिनुहुँदैन, त्यस्ता महत्वपूर्ण राष्ट्रिय मुद्दाहरु जनमतका आधारमा छिनोफानो गर्ने प्रावधान राखिनुपर्दछ। नेपाली नागरिकका छोराछोरीको शिक्षामा पहुच सुनिस्चित गर्नका शिक्षा, स्वास्थ्य, रोजगारी, गासबास जस्ता विषयलाई जनताको आधारभूत तथा मौलिक अधिकारका रुपमा व्यवस्थित गर्नुपर्दछ।

आम जनताको लागि नि:शुल्क स्वास्थ्योपचारको सुविधा पुऱ्याउन सकेको खण्डमा जनस्वास्थ्यमा क्रमिक रुपमा सुधार ल्याउन सकिन्छ। तर बढ्दो व्यस्तता र जागिरे सन्ततिका कारण बुढेसकालमा सहाराविहीन बन्नुपर्ने चिन्ता नेपाली वृद्धावृद्धहरुमा थपिदै गएको छ। यसको लागि वृद्ध भत्ता, विधवा भत्ता, अपाङ्ग तथा असक्त भत्ता जस्ता लोक कल्याणकारी कार्यक्रमहरु राज्यको जवाफदेहिताभित्र नयाँ संविधानले सुनिस्वित गर्नुपर्दछ। सूचना अबको दुनियाको नैसर्गिक अधिकार हो। प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता व्यवहारिक रुपमा कार्यान्वयन गराउनका लागि यसलाई जनताको मौलिक हकका रुपमा व्यवस्थित गर्ने र मुलुकमा संकटकाल लागेको बेलामा पनि अक्षुण्ण राख्ने प्रावधान नयाँ बन्ने संविधानमा हुनुपर्दछ।

**प्रस्तुतिः दिपेन नेउपाने**

**चुन्नी खातुन (सोनिया)**
**महिला अधिकारकर्मी**
**इनरुवा नगरपालिका-७, सुनसरी**

संविधानसभामार्फत निर्माण हुने नेपालको भावी संविधान पूर्ण रुपमा लोकतान्त्रिक र नागरिकहरुका आधारभूत अधिकारको सुनिश्चितता गर्ने खालको हुनुपर्दछ। संविधानसभाद्वारा तयार हुने संविधानको मूल मर्म भनेको देशका सबै नागरिकहरुलाई अधिकार सम्पन्न बनाई उनीहरुका समग्र भावनाको प्रतिविम्ब उतार्न सक्नु हो। मूलुकलाई व्यक्ति होइन, विधि सम्मत तरिकाले चलाउने प्रक्रिया सुनिश्चित गर्ने संविधानको निर्माण हुनु पर्दछ।

देश ऐतिहासिक रुपमा संवेदनशील कालबाट गुज्रिरहेको र संविधानसभाको माध्यमद्वारा अर्थात विधिको शासन लागु हुने गरी राज्यको पून: संरचना तथा भावी नेपालको नक्सा कोर्ने यस महान घडीमा महिला परिचालन र सहभागितामुलक महिला प्रतिनिधित्वबाट मात्र अभिष्ट सार्थक हुने तथ्य निसंदेह छ। तसर्थ अहिलेको परिप्रेक्षमा जनसंख्याको आधा भन्दा बढी भाग ओगटेको महिला वर्गको भूमिका र योगदान महत्वपूर्ण छ। त्यसैले भावी संविधानमा महिलाहरुको अधिकारको विशेष व्यवस्था गरिनु पर्दछ। संविधानसभाद्वारा निस्पक्ष, स्वतन्त्र र उपयुक्त विधिको अवलम्बन गरेर सबै वर्ग, क्षेत्र, लि , जातजाति र भाषाभाषीहरुको समानुपातिक प्रतिनिधित्व भएको र आमनागरिक प्रति उत्तरदायी भएको संविधान निर्माण हुनु पर्दछ।

समग्रमा संविधानसभाद्वारा नेपालको भावी संविधान लोकतान्त्रिक शासन व्यवस्था सुनिश्चत गर्ने खालको हुनपर्छ, निरंकुश र केन्द्रिकृत सामान्ती राज्य संरचनाको समाप्त गर्ने प्रवन्ध भएको, मुलुकमा विध्यमान सशस्त्र द्वन्द्व समाप्त गरी मुलुकलाई शान्तिपूर्ण निकास दिने व्यवस्था, संवैधानिक अंगहरुको जिम्मेबारी बाडफाँड भएको साथै सम्पूर्ण नागरिकहरुलाई सार्वभौमसत्ता सम्पन्न बनाउने मूल कानूनको रुपमा संविधान निर्माण हुनुपर्दछ।

**धनिकलाल मेहता**
**शिक्षक, श्री जनता मावि सिंगिया, सुनसरी**

सविधान देशको मूल कानून हो। संविधानको संरचनामा नै देश विकासका लागि बनाइने नियम तथा स्वरुपको जग अडेको हुन्छ। त्यसैले संविधानसभामार्फत अब बन्ने संविधान सबै वर्ग, जाति, धर्म, लि तथा पेशामा आधारित रहेकाहरुका लागि समावेशी हुनुपर्छ। जसमा आत्मनिर्णयसहितको स्वायत संघीय राज्य होस, राज्य सरकारका अधिकारहरु

सुनिश्चित र स्पष्ट होस। जहाँ शिक्षा, अर्थ, प्रहरी, न्यायालय तथा प्रशासन राज्य सरकारको मातहतमा रहोस। राष्ट्र प्रमुख प्रत्यक्ष निर्वाचनबाट चुन्ने प्रणाली होस। त्यो पनि दुई पटक सम्मको लागि मात्र निर्वाचित हुनुपर्छ। कुनै पनि राज्यमा कुनै जाति, धर्म, वर्गका व्यक्तिको बाहुल्यता नहोस। राज्य संचालनको खाका कोर्दा विशेषज्ञ टोलीले आम जनतासँग पनि विचार संकलन र छलफल गरि तय गर्न सके अति राम्रो हुन्छ। गणतान्त्रिक प्रजातन्त्र बहुदलीय व्यवस्था, संघीय राज्य प्रणाली तथा मानवअधिकारको पूर्ण प्रत्याभूती भएको संविधान बन्नु पर्छ।

**प्रस्तुतिः सुकदेब चौधरी**

**प्रेम ओझा**

**अध्यक्ष हुकोडेक, पाँचथर**

नेपालमा पहिलो पटक संविधानसभाको निर्वाचन हुन लागेको छ। अप्रिल आन्दोलनमा जनताले राज्यको पुनसंरचना सहित गणतन्त्रको स्थापना गर्न राजनीतिक दलहरुलाई अभिमत जाहेर गरेका हुनाले जनता आफैले संविधान लेख्न पाउने यो महत्वपूर्ण अवसर हो। लामो समय सम्म सशस्त्र द्वन्द्वमा फसेको मुलुक नेकपा माओवादी र सातदलबीच भएको बृहद शान्ति संझौता कार्यान्वयन गर्दै संक्रमण कालको व्यवस्थापनवाट अगाडि बढी रहेको छ। जनताका अधिकारहरुलाई सुनिश्चित गर्न, सुशासनको प्रत्या भूति दिन र दण्डहीनताको अन्त्य गर्दै लोकतान्त्रिक मान्यतालाई स्थापित गर्न अहिले सहमति मा आधारित राजनीतिक प्रतितद्धताको आवश्यकता देखिएको छ। सयौं वर्ष देखि एकात्मक शासन पद्धतिमुनि थिचिन बाध्य भएका विभिन्न जातजाति आदिवासी एवं सम्प्रदायका समुदाय संविधानसभा मार्फत जनाधिकार स्थापित हुने कुरामा व्यग्रताका साथ विश्वस्त देखिन्छन्। यद्यपि संविधानसभाको निर्वाचनका चुनौति पनि त्यतिकै छन्। सातदलीय गठबन्धनबीच साझा दृष्टिकोण बन्न नसक्दा संविधानसभाको निर्वाचन तोकिएको समयमा हुन सकेन। मधेस लिम्बूवान लगायतका क्षेत्रमा भएको आन्दोलनका कारण संविधानसभा बारे जनचेतना अभिवृद्धि गर्ने कार्यमा प्रशस्त बाधा उत्पन्न भयो। चैत २८ गते नै शान्तिपूर्ण, निस्पक्ष, स्वच्छ, भयरहित, धाँधलीरहित तवरवाट संविधानसभाको निर्वाचन सम्पन्न गर्नै उपयुक्त वातावरण बनाउनु राज्यको दायित्व हो। शान्ति सुरक्षा अवस्था कमजोर बन्दै गएको अवस्थामा जनाधिकारको संरक्षण हुन सकेको छैन। मानवअधिकार उलंघनका घटनाहरु उतिकै बढी रहेका छन्। यस्तो परिस्थितिमा सरकारले विश्वसनीय कार्यक्रम र संयन्त्र बनाएर निर्वाचनलाई व्यवस्थित बनाउनु पर्छ। महिला अल्पसंख्यक, अशक्त, जातजाति आदि समुदायको समानुपातिक र समावेशी प्रतिनिधित्व गराउने वातावरण बनाउन सरकार, राजनीतिकदल, नागरिक समाज र अन्य निकाय सक्रिय हुन पर्दछ। जनतालाई संविधानसभाको बारेमा सचेत बनाउनका साथै महत्व बुझाउनु पर्दछ। नयाँ संविधानको निर्माण पछि संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्न सकिन्छ जुन राज्य व्यवस्थामा जनाधिकारको प्रत्याभूति हुन सक्दछ।

**प्रस्तुतिः कृष्ण ओझा**

**कृष्ण चोङबाङ**

**मानवअधिकारकर्मी, तेह्रथुम**

संविधानसभाको मिति घोषणा भई राजनीतिक दलहरुको तदारुकता तथा नेपाली जनताको संविधानसभा प्रतिको चासोलाई देख्दा अब संविधानसभाको निर्वाचन सम्पन्न हुने पक्कापक्की छ। अव बन्ने संविधानले मूलतः सार्वभौमसत्ता सम्पन्न जनतामा, मौलिक हकको संरक्षण, मानवअधिकारको प्रत्याभुति, अभिभाज्य गणतन्त्रात्मक संघीय राज्य प्रणाली, विधिको शासन, प्रतिपक्षको कदर, समानुपातिक निर्वाचन प्रणाली, राज्यको हरेक निकायमा समावेशिकरणको सुनिश्चिता र असंलग्न परराष्ट्र नीति जस्ता बिषयहरू समेटिनु पर्दछ। साथै संविधानसभामार्फत निर्माण हुने संविधानले प्रादेशिक स्वरुपको स्पष्टता, राष्ट्रपतीय शासन प्रणाली, बहुदलीय प्रतिस्पर्धात्मक शासन प्रणाली समानुपातिक प्रतिनिधित्वको सुनिश्चिततासमेत गर्नुपर्दछ।

**प्रस्तुतिः छत्र रिमाल**

**अञ्जना ताम्ली**

**केन्द्रीय पार्षद**

**नेपाल पत्रकार महासंघ, धनकुटा शाखा**

संविधानसभाको निर्वाचन पछि वन्ने संविधान सर्व सहमतिको दस्तावेजको रुपमा आउनु पर्दछ। यो देश कुनै व्यक्तिको निजी सम्पति नभई आमजनताको रगत र पसिनाको आर्जन भएकोले शोषित,पीडित,पिछडिएका वर्गहरुको चाहनालाई समेट्ने खालको हुनुपर्दछ। मानवअधिकारको पूर्ण पालना प्रेस स्वतन्त्रता, सूचनाको हक, र कानूनका वारेमा जनतालाई वुझाउनु पर्ने कर्तव्य जस्ता कुरा मौलिक अधिकार भित्र हुनुपर्दछ। सर्वसाधारणलाई संविधान निर्माण प्रक्रिया र नयाँ संविधानका विषयहरुका वारेमा शिक्षा प्रदान गर्नुका साथै देशभरिकै सर्वसाधारणको अभिमत सङ्कलन गर्नुका साथै अन्तरिम संविधानमा उल्लेख गरिएका जनप्रीय वुदाहरुका साथै नयाँ संविधान मस्यौदा को खाका तयार गरि संविधानसभामा व्यापक छलफल गरि सवैको साझा दस्तावेजको रुपमा आउनु पर्दछ। देशको सिमाना शान्ति सुरक्षा र मुद्रा वाहेकका कुरामा सवै पेशाकर्मी व्यवसायी, कृषक महिलालगायत सवै वर्गहरुका व्यक्तिवाटै यस्तो भए हुन्थ्यो भन्ने भावना आयो भने त्यो प्रभावकारी हुन्छ। सवैको भावना समेटियो भने देशमा दिगो शान्तिको स्थापना हुनका साथै देश नयाँ मोडमा जादै अग्रगामी फड्को लिन सफल हुन्छ। अधिकारहरू स्थानीय तहमा विकेन्द्रित गरि राज्यको प्रत्येक तहमा सवै

वर्ग र समुदायलाई समानुपातिक सहभागि गराउन कार्यान्वयन गर्न सजिलो हुने गरिको निति वनाउनु पर्दछ। अनिमात्र हामीले चाहेको जस्तो नेपाल अर्थात संघीय लोकतान्त्रिक गणतन्त्रको सार्थकता रहन्छ।

**प्रस्तुतिः गीता अधिकारी**

**भैरवप्रसाद गेलाल,**

**शिक्षक, जनता उच्च मा.वि., गोलबजार (सिरहा)**

नेपाल भौगोलिक रूपले सानो मुलुक भए पनि बिश्वमै धेरै जाति, भाषा, संस्कृति, धर्म मान्ने ब्यक्तिहरूको बसोबास भएको मुलुक हो र भौगोलिक रूपले पनि यहाँ त्यतिनै धेरै विविधता छ। यो विविधतालाई राष्ट्रिय सम्पत्तिको रूपमा सुरक्षित राख्दै सबैको पहिचान र पहुँच हुने समावेशी चरित्रको संघीय गणतन्त्रात्मक शासन पद्धत्तिलाई संविधानसभापछि बन्ने संविधानमा ब्यवस्था गरिनुपर्दछ।

देश आर्थिक रूपले सवल नबनुञ्जेल यसमा बाह्य प्रभाव वा हस्तक्षेप पर्दछ भने आन्तरिक कलह र अस्थिरता कायम रहन्छ। त्यसैले वाह्य प्रभावलाई कम गर्दै देशलाई आत्मनिर्भर बनाई स्थिरता र शान्ति कायम गर्न आन्तरिक पूँजीको परिचालनमा अधिक जोड दिनुपर्दछ। मानवीय श्रोत र साधनलाई संगठित गरि राष्ट्रिय बिकासको कार्यमा परिचालन गरिनु पर्दछ। सहकारिताको सिद्धान्तलाई अवलम्बन गरि सामुहिक हित रक्षामा राष्ट्रिय पूँजीको परिचालन गर्ने, सार्वजनिक सम्पत्तिको बिकास र जगेर्ना गर्ने संस्कृत्तिको बिकास गर्दै नीजि क्षेत्रको पूँजीलाई समेत अधिक राष्ट्रिय हितको लागि परिचालन गर्न पूँजी पलायन हुन नपाओस भनि औधोगिक संरक्षणको नीतिलाई अव संविधानसभाको निर्वाचन पछि वन्ने संविधानले निश्चित गर्नुपर्दछ।

राष्ट्रिय पहिचान तथा हितलाई सर्वोपरी राखि मानवअधिकारको बिश्वब्यापी मान्यतालाई आत्माको रूपमा स्विकारी लोकतान्त्रिक शासन प्रणालीलाई अवलम्बन गर्दै समावेशी चरित्रको राज्यको स्वरूप कायम गरिनु जरूरी छ।

**प्रस्तुतिः देवराज पोखरेल**

**गोपाल सञ्जेल**

**अध्यक्ष– गैसस महासंघ, ललितपुर**

संविधानसभामार्फत निर्माण हुने संविधानले ०६२/६३ को जनआन्दोलनको भावना, मर्म र निर्देशअनुसार संघीय, लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीको व्यवस्था गर्नुपर्दछ। मानवअधिकारको विश्वव्यापी मान्यताहरुको प्रत्याभूति सुनिश्चित गरिनुपर्दछ। संविधानका पाना पल्टाउँदा सबै नागरिकहरुले आफूलाई सुरक्षित, सम्मानित र सार्वभौम भएको पाउनुपर्दछ। व्यक्तित्व विकासका अनन्त सम्भावनाको ढोका खुल्ला भएको पाउनुपर्दछ। शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यम आदिको समान पहुँच हुनुपर्दछ। राज्य सञ्चालनका हरेक तह र संरचनाहरुमा सबै नागरिकहरुको सहज र ससम्मान पहुँचको सुनिश्चित गरिनु पर्दछ। राजनीतिक दल राज्यका निकायहरु जनताप्रति उत्तरदायी र जवाफदेही हुने बाध्यात्मक परिबन्ध हुनुपर्दछ।

**प्रस्तुतिः गोपीकृष्ण भट्टराई**

**नरहरी आचार्य**

**राजनीतिक बिश्लेषक, काठमाडौं**

भावि संविधानका थुप्रै विशेषता र चरित्र हुन्छन्। तर मूलभूत रुपमा संघीय ढाँचा र गणतन्त्रात्मक संरचनामा लेखिनु पर्दछ। यसको मूल्य पद्धति बहुलवादमा आधारित लोकतान्त्रिक शासन प्रणालीमा निर्भर हुनेछ। लोकतन्त्रका सर्वमान्य सिद्धान्त र मूल्य अनुसार मानवअधिकार, मौलिक अधिकार, विधिको शासन, स्वतन्त्र न्यायपालिका, प्रेस स्वतन्त्रता, प्रागिक स्वतन्त्रतासमेतलाई व्यवस्थि गरिनु पर्छ।

**टेक ताम्राकार**

**अधिवक्ता, काठमाडौं**

संविधान प्रजातान्त्रिक हुनुपर्छ, त्यसमा सहमति हुनु हुँदैन। लोकतान्त्रिक मान्यता अनुरुपको संविधान हुनुपर्छ। मानवअधिकार जनताको सार्वभौमसत्ता मानवअधिकार र राज्यको पुन:संरचनाको सवाललाई संवोधन गर्ने किसिम्को हुनुपर्‍यो। सवै प्रकारका भेदभाव, असमानता, शोषण अन्याय विरुद्ध सशक्त प्रावधान र समाजका व्यवस्थालाई प्रत्याभूत गरिएको हुनु पर्‍यो। ऐतिहासिक दृष्टिकोणले पछाडि परेका वर्गका लागि सामाजिक न्यायको अधिकार त्यहाँका अधिकारलाई प्रत्याभूत गरिने गरी आवश्यक व्यवस्था गरिनुपर्दछ। सामाजिक, आर्थिक, शैक्षिक दृष्टिकोणले पछाडि पारिएका समूदायको राज्यका प्रत्येक अंगमा सहि र समूचित प्रतिनिधित्वको अनिवार्य व्यवस्था हुनुपर्दछ। ०६२/६३ को जनआन्दोलन , शान्ति सम्झौता तथा अन्तरिम संविधानले अन्तरनिहित गरेका मूलभुत व्यवस्था र आदेशहरुलाई व्यवस्थित गरिएको हुनु पर्‍यो। संविधान जनताको संविधानको रुपमा प्रतिविम्वित हुनु पर्‍यो। संविधानलाई कानूनी, प्राविधिक रुपले भरिभराउ र सजिसजाउ भन्दा जनताले बुझ्ने सरल र सहज खालको संविधान हुनुपर्दछ।

**प्रस्तुतिः राजु पासवान**

**सारङ्गा सुवेदी**

**अधिवक्ता, पोखरा, कास्की**

भावी नेपाल लोकतान्त्रिक संघीय प्रणालीमा आधारित हुने कुरा राजनीतिक दलहरूका घोषणापत्र र प्रतिबद्धताले स्पष्ट गरिसकेका छन् । शासन प्रणाली राष्ट्रपतीय हुने वा के हुने ? भन्ने जस्ता मुद्दाहरु राजनीतिक मुद्दाहरु हुन्। तर हामीले आम नेपाली नागरिकका हिसाबले जनताको पक्षबाट हेर्दा भावी संविधानले लोकतान्त्रिक शासन प्रणालीका लागि अवलम्वन गर्ने विधि शास्त्रीय सिद्धान्तलाई गहन रुपमा हेर्नु पर्छ। विगतका संविधानबाट नेपाली जनताले आफ्नो सम्प्रभुताको अधिकार प्राप्त गरेका छैनन। त्यसैले भावी संविधानले प्रथमत: नेपाली जनताको सम्प्रभुताको

सुनिश्चितताको प्रत्याभूति दिनुपर्दछ। बिभिन्न लि ,धर्म, जातजाति ,भाषाभाषी, वर्ग ,क्षेत्रवीचको विभेदका कारण मानवअधिकारको पूर्ण प्रत्याभूति हुन नसकेको हुँदा सवै प्रकारका विभेदको अन्य गरी बालवालिका, बृद्ध, बृद्धा , अपा , महिला ,पुरुष, तेस्रो लि ी, सवै धर्म, जातजाति र उत्पीडित वर्ग क्षेत्रका जनताको मानवअधिकारको पूर्ण प्रत्याभूति राज्य संरचनामा समानुपातिक सहभागिताबाट गराइनु पर्छ।

देशको विकास गर्न प्राकृतिक सम्पदा मात्र भएर हुँदैन। मानवस्रोत तथा साधनलाई दक्ष जनशक्तिका रुपमा रुपान्तरण गर्नु पर्ने हुन्छ। आज युवा वेरोजगारी र विदेश पलायन हुने अवस्था छ। वैदेशिक रोजगारीलाई मात्र हेरेर हुदैन। आफ्नै स्रोत साधनले आफ्नो देशको विकास हामी नेपालीले गर्न सक्नेगरी रोजगारीको प्रत्याभूति र विकासको अवसर हुने गरी संविधान निर्माण हुनु पर्छ।

**प्रस्तुति : टंकप्रसाद खनाल**

**तुलसी गिरी**
**अधिवक्ता ,**
**पुतलीबजार नगरपालिका- ९, स्याङ्जा**

संविधानसभामार्फत निर्माण हुने संविधानमा मौलिक हक र मानवअधिकारको पूर्ण प्रत्याभूति गरिनुपर्दछ। सो संविधानमा स्वतन्त्र एवं समक्ष न्यायपालिका, पारिवारिक अदालत, जिल्ला अदालत, पुनरावेदन अदालत, सर्वोच्च अदालत गरी चार तहको अदालतको व्यवस्था गरिनुपर्दछ। साथै राज्यको श्रोत साधनको वाडफाड र केन्द्र संघको अधिकार वाडफाडको व्यवस्था र राज्यको सुस्पष्ट आर्थिक निति पपि समेटिनु आवश्यक छ। पिछडिएको जाती, वर्ग,क्षेत्र, दलित, महिलाको उत्थानको लागि उचित व्यवस्था गर्न समावेशी चरित्रको संविधान निर्माण गरिनु पर्दछ।

**प्रस्तुति : निर्मला तिवारी**

# निर्वाचन आयोगबाट स्वीकृत
# गैर सरकारी संस्थाको आचारसंहिता कार्यविधि, २०६४

स्वच्छ, निष्पक्ष, स्वतन्त्र, पारदर्शी र विश्वशनीय ढंगबाट संविधानसभा सदस्यको निर्वाचन सम्पन्न गर्नका लागि विभन्नि निकायमा कानुन बमोजिम दर्ता भई कार्यरत गैरसरकारी संस्था तथा नेपालमा कार्यरत अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले सम्पादन गर्ने कार्यहरूलाई व्यवस्थित गर्न निर्वाचन आयोगले संविधानसभा सदस्य निर्वाचन आचारसंहिता, २०६४ को दफा ९७ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाएको छ।

**परिच्छेद १**
**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यो कार्यविधिको नाम "गैरसरकारी संस्थाको आचारसंहिता कार्यविधि, २०६४" रहेको छ।

(२) यो कार्यविधि २०६४ साल फागुन २६ गतेदेखि प्रारम्भ हुनेछ।

**२. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा "गैरसरकारी संस्था" भन्नाले मुनाफाको उद्देश्य नराखी प्रचलित कानुन बमोजिम विभिन्न निकायमा दर्ता भएका संस्था सम्झनुपर्छ र सो शब्दहरूले विदेशमा दर्ता भई नेपालमा सञ्चालन भएको अन्तर्राष्ट्रिय गैरसरकारी संस्था समेतलाई जनाउँछ।

**परिच्छेद २**
**आचरण र अनुगमन**

**३. आचरण**

गैरसरकारी संस्थाले देहायका आचरणहरू पालना गर्नु गराउनु पर्नेछ :

(१) कुनै दल वा उम्मेदवारलाई प्रभावित पार्ने गरी नयाँ नीति, योजना तथा कार्यक्रमको घोषणा गर्न वा स्वीकृत गर्न वा सो प्रयोजनका लागि जनशक्ति तथा स्रोत साधनको परिचालन गर्नु गराउनु हुँदैन।

(२) राजनैतिक दल वा उम्मेदवारबाट कुनै पनि नयाँ योजनाको शिलान्यास गर्ने वा उद्घाछटन गर्ने जस्ता कार्यहरू गर्नु गराउनु हुँदैन।

(३) गैरसरकारी संस्थाको नामबाट कुनै राजनैतिक दल वा उम्मेदवारको प्रचारप्रसार गर्नु गराउनु हुँदैन।

(४) गैरसरकारी संस्थाको नामबाट कुनै राजनैतिक दल वा उम्मेदवारको प्रचारप्रसार गर्नु गराउनु हुँदैन।

(५) गैरसरकारी संस्थाले निर्वाचन कार्यक्रमलाई प्रभावित पार्ने गरी मतदातालाई कुनै प्रकारले नगद वा जिन्सी वा कुनै पनि किसिमको उपहार वा अनुदान दिनु हुँदैन।

(६) निर्वाचन सम्पन्न नभएसम्म राजनैतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा हुनेगरी गैरसरकारी संस्थाले जुलुस प्रदर्शन जस्ता कार्य गर्नु गराउनु हुँदैन।

(७) गैरसरकारी संस्थाले मतदाताहरुलाई भ्रममा पार्ने गरी सूचना प्रकाशन वा प्रसारण गर्नु गराउनु हुँदैन।

**४. कार्यान्वयन र अनुगमन**

गैरसरकारी संस्थाले पालना गर्नुपर्ने आचारसंहिताको कार्यान्वयन तथा अनुगमन संविधानसभा सदस्य निर्वाचन आचारसंहिता २०६४ को परिच्छेद ६ मा लेखिए अनुसार हुनेछ ।

*(गोरखापत्र दैनिक, ०६४ फागुन २४)*

# निर्वाचन प्रक्रियाबारे अनविज्ञ जनता

सुदूरपश्चिमको ग्रामिण भेगका अधिकांश सर्वसाधारण जनताहरु संविधानसभाको निर्वाचन हुने भन्ने कुरामा जानकार छन्। उनीहरु संविधानसभाको निर्वाचनमा भोट हाल्न पनि उत्सुक देखिन्छन्। तर प्रत्यक्ष र समानुपातिक निर्वाचनका लागि कसरी र कहाँ मतदान गर्नुपर्छ र त्यसको प्रक्रिया के हो उनीहरुलाई थाहा छैन। निर्वाचनको मिति नजिक आउदासमेत सर्वसाधारण जनताहरु मतदान प्रक्रियाका वारेमा विश्वस्त हुन नसक्नुले मताधिकारको स्वतन्त्र प्रयोग हुन नसक्ने कुराको संकेत गरेको छ। सरकार र सात दलले आगामी चैत २८ गते हुने संविधानसभाको निर्वाचन स्वच्छ, निश्पक्ष र स्वतन्त्र हुनुपर्ने कुरालाई जोड दिदै आएको भएपनि निर्वाचनमा ठूलो संख्यामा भागलिने मतदाताहरुलाई मतदान गर्ने प्रक्रियासमेत थाहा छैन्।

जोशीपुर गाविस घर भई धनगढी नगरपालिकामा दुई वर्षदेखि रिक्सा चलाउदै आएका २५ वर्षीय हेम डगौरा आफुलाई संविधानसभा भनेको नै थाहा नभएको बताउछन्। धनगढी नगरपालिकाका एक जना रिक्सा चालक नाम नखुलाउने सर्तमा संविधानसभा भनेको थाहा नभएको बताउछन् तर आफुहरुलाई बिभिन्न राजनीतिक दलहरुले जुलुसमा सहभागि गराउदै आएको उनको गुनासो छ। संविधानसभाको निर्वाचन नजिकिदै आउदा पनि सयौ मजदुर, किसानलगायत अधिकांश गरिव र अशिक्षित व्यक्तिहरू संविधानसभा र यसको प्रक्रियाका बारेमा जानकारी नभएको गुनासो गरिरहेका छन्।

नेपालको इतिहासमै पहिलो पटक हुन गईरहेको संविधानसभाको निर्वाचनलाई राजनीतिक दल र विज्ञहरुले एक परिघटना र महान पर्वकारुपमा परिभाषित गरिरहेका छन्। संविधानसभाको निर्वाचनले मुलकमा रहेको निरकुंस राजतन्त्रको समुल नष्ट गर्ने र शताब्दियौदेखि राज्यबाट उपेक्षित जात,जाति, क्षेत्र, वर्ग र लिं को राज्यका सम्पूर्ण तह र तप्कामा सहभागिता गराउने तथा जातीय, भाषिक, भौगौलिक, ऐतिहासिक आधारमा संघीय राज्य प्रणालीको शुरुवात गर्ने प्रतिवद्धता जाहेर गरेकाछन्। यद्यपी राज्यबाट उपेक्षित जात, जाति र वर्ग संविधानसभाको निर्वाचन पश्चात पनि आफ्ना अधिकारहरुको प्रत्याभूति हुने कुरामा बिश्वस्त छैनन्।

फुलवारी गाविस - ६ निवासी २७ वर्षीय गणेश बि.क.भन्छन् " संविधानसभाको निर्वाचन जसका लागि हुनुपर्ने हो र संविधानसभामा जुन समूदायको सहभागिता गराइनु पर्ने हो उनीहरुलाई अहिले पनि दलहरुले प्रक्रियागतरुपमा उपेक्षा गरेका छन्। दलहरुले भन्ने र गर्ने कुरा फरक छ त्यसकारण आशावादी त हुनैपर्छ पुर्ण बिश्वास भने लाग्दैन।

संविधानसभाको निर्वाचन स्वच्छ निश्पक्ष र भयरहित वातावरणमा भएमा मात्र त्यसले सार्थक परिणाम ल्याउन सक्दछ। त्यसका लीग शान्ति सुरक्षाको वातावरण हुनु जरुरी छ। शान्ति सुरक्षाको अवस्थालाई हेर्ने हो भने अहिले पनि जनताहरु सुरक्षित महसुस गरिरहेका छैनन्। उम्मेदवारहरु असुरक्षित छन्। उम्मेदवारहरुलाई अज्ञात व्यक्ति र समूहले धम्की दिने गरेको समाचारहरु प्रकाशनमा आएका छन्। नेपालका मुख्य तीन राजनीतिक दल नेपाली कांग्रेस, एमाले र माओवादीले निर्वाचन अवधिमा एक निर्वाचन बुथ बरावर दुई सय तरुणदल, प्ररायुसंघ र वाइसीयल खटाउने निर्णय गरेको छ। यसले पनि जनतामा थप निराशा पैदा भएको छ। मुलकको नयाँ भाग्यरेखा कोर्ने प्रक्रियामा सामेलहुने कममा आफ्नै भाग्यरेखा मतदान केन्द्र भित्रै कोरिने त हैन भने शंका जनमानसमा उब्जिएको छ।

बिभिन्न शंका र उपशंका जनमानसमा उब्जिनु स्वभाविक नै हो। मतदाताहरु निर्वाचन प्रणालीका वारेमा अनविज्ञ हुनु, राज्यद्धारा शताब्दियौ देखि राज्यको पहुँचबाट टाढा राखिएका समुदाय र वर्गमा राज्य र दल प्रति अविश्वास कायमै रहनु, जनताहरुले शान्ति सुरक्षाको अनुभुति गर्न नसक्नु, निर्वाचनमा दलहरुले परिचालन गर्ने शक्तिका सम्वन्धमा जनतामा त्रासदी फैलिनु, सरकार, दल र दलका नेताहरुले गरेका सम्झौता, सहमति र प्रतिवद्धताको कार्यान्वयन पक्ष कमजोर रहनु, बिभिन्न शसस्त्र समूहको निर्माण र निरन्तरताका बावजुद पनि संविधानसभालाई आम नेपाली जनताको सभाका रुपमा स्थापित गर्ने धेरै आधारहरु पनि हाम्रा अगाडी छन्।

जनता नै मुलकका बिद्याता हुन भन्ने कुरालाई आत्मसात गरिनु पर्दछ र सम्पुर्ण आम नेपालीहरुलाई संविधानसभा, त्यसको प्रक्रिया, परिणाम र औचित्यका वारेमा दलहरुले स्पष्ट पार्दै आम नेपाली जनताहरुलाई सुरक्षाको ग्यारेन्टीको अनुभुति सहित आगामी संविधानसभा, परिघटना वा महानपर्वमा सहभागि गराउनु पर्दछ र उनीहरुको स्वतन्त्ररुपमा मताधिकार प्रयोग गर्ने वातावरणको ग्यारेन्टी गरिनु पर्दछ।

त्यसका लागि मतदाता शिक्षा, प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणालीका सम्वन्धमा सदरमुकाम देखि ग्रामीण क्षेत्रका जनताहरुका बिचमा जनअभियान संचालन गरिनु पर्दछ। मतदान केन्द्रको सुरक्षाका लागि नेपाल सरकारका सुरक्षा निकायहरु परिचालन गरिनु पर्दछ र सुरक्षा निकायलाई सम्पूर्ण दल, दलका कार्यकर्तालगायतका सचेत नागरिकहरुले सहयोग गर्नुपर्दछ। मतदाताहरुको सुरक्षा र स्वतन्त्र मताधिकारको प्रयोगका लागि सरकारले सम्पूर्ण तयारी गर्नुपर्दछ। यसो भएमा संविधानसभाको निर्वाचनमा नेपाली जनताको उल्लासजनक सहभागिता हुने र त्यसले संविधानसभाको निर्वाचनलाई सार्थक बनाउने बिश्वास गर्न सकिन्छ।

निर्वाचन आयोगले जारी गरेको निर्वाचन आचार संहिता सम्पूर्ण दल र सरकारी निकायले जस्ताको त्यस्तै लागु गर्नु जरुरी छ। निर्वाचन आयोगले लागु गरेका आचार संहिता दल र सरकारी निकायका कर्मचारीहरुले लागु नगर्ने हो भने निश्पक्ष, स्वतन्त्र र सार्थक निर्वाचन हुन सक्दैन। राष्ट्रिय मानवअधिकार आयोग, सयुंक्त राष्ट्रसंघका नेपाल स्थित निकायहरु र नेपालस्थित मानवअधिकारवादी संघ संस्थाको दरिलो उपस्थितले संविधानसभाको निर्वाचन स्वच्छ, निश्पक्ष हुनेमा बिश्वस्त

हुन सकिन्छ।

दलहरुले चुनावी अभियानलाई तिव्रता दिंदै गईरहेकाछन्। यो सकारात्मक पक्ष नै हो। दलहरुले संचालन गरेको चुनावी अभियानलाई ग्रामीण भेगमा बस्दै आएका प्रत्येक जनताहरुका मन, मस्तिष्कमा पुऱ्याउनु पर्दछ। नेपाली जनता नै दल र उम्मेदवारका नेता र बिधाता हुन भन्ने इमान्दारी दल र नेताहरुमा भएमा संविधानसभाको निर्वाचन नेपाली जनताले चाहेको र दलहरुले भन्दै आएको सार्थक निर्वाचन हुन सक्दछ। दल र दलका उम्मेदवारहरुले कसरी आफुलाई प्रस्तुत गर्दछन त्यो त हेर्न बाकी नै छ।

**कृष्णबहादुर बि.क**
**कैलाली**

# संविधानसभाले काजकिरिया गर्ने अधिकार देओस

उदास अनुहारहरू, मनभरी पीडा, छानो चुहिएर भत्किन लागेका घर, लहलह बाली हुने बाँझो बनेका बारीका पाटा। एउटा परिवारले जसको लागि मिहनेत गरिरहेको थियो, उ नै यो संसारमा छैन। मन भरी पींडा र व्यथा लिएर बाँच्नु बाहेक अरू विकल्प उनीहरुले देखेका छैनन्। उनीहरु छिमेकी भएर बसेको पचास बर्ष नाघिसक्यो। उनीहरुका अघिल्ला पुस्ताले पनि छिमेकी भएर नै जीवन बिताएका थिए। एक समय घनिष्ठ छिमेकीको रुपमा रहेका अहिले कट्टर शत्रु भएका छन्। बारीको माथिल्लो डिलमा एक जनाको घर छ भने तल्लो डिलमा अर्काको घर छ। पानी पधेंरो गर्ने धारो पनि एउटै छ। एक अर्कालाई अफ्ठ्यारो पर्दा दुवै छिमेकीले एक आपसमा सहयोग आदन प्रदान नगरेको चार बर्ष नाघिसक्यो। एक अर्काको परिवारको सदस्यसँग भेट भयो भने उनीहरु मुन्टो बटारेर हिंड्छन् वा हान्ने गोरुले झैं तर्कातर्की गरेर बाटो लाग्छन्। सम्वन्ध यति बिग्रेको छ, तल्लो घरको परिवारको सदस्यको मृत्यु भयो भने माथिल्लो घरको सदस्य मलामीसमेत जादैनन्।

सुन्दा किंवदन्ती जस्तो लाग्ने कहानी कसैको परिवारको तीतो यथार्थ हो। भोजपुरको नेपालेडाँडा गाविस-७ का राज्य र माओवादीबाट परिवारका सदस्य गुमाएका दुई परिवारको यथार्थ घटना हो यो। आफ्ना कार्यकर्ताको हत्या गरेको आरोपमा माओवादीले ०६१ पुस १२ गते अपहरण गरी शारीरिक यातना दिएपछि मृत्यु भएका नेपालेडाँडा-७ का ७५ बर्षीय गंगाराम गौतमको परिवार र माओवादी आरोपमा ०६० कातिक २६ गते राज्यद्वारा भक्तपुरबाट गिरफ्तार गरी वेपत्ता पारिएका २३ बर्षीय देशभक्त चापागाईको परिवारबीच अहिले भईरहेको सम्वन्धको यथार्थ विवरण हो यो। देशमा संविधानसभाको चर्चा भईरहंदा सशस्त्र द्वन्द्व पीडित परिवारको घाउमा मलहम लगाउन न त राज्यले नै चासो दिएको छ न त दश बर्षे सशस्त्र द्वन्द्वको प्रमुख कारक माओवादीले नै।

सशस्त्र द्वन्द्व पीडित दुवै परिवार राज्य र माओवादीका कारण परिवारका सदस्य गुमाएको पींडाको जिम्मेवार एक अर्काका परिवारलाई ठानिरहेका छन्। गंगारामका छोरा तीर्थ तत्कालिन समयमा सशस्त्र प्रहरीका इन्स्पेक्टर थिए भने देशभक्त माओवादीका कार्यकर्ता थिए। दुवै परिवार एक आपसमा छिमेकी हुनुका साथै दुवैले परिवारका एक एकजना सदस्य गुमाएका छन्। तर त्यो कुराको जिम्मोवरी न त माओवादीले लिएको छ न त नै राज्यले नै।

राज्यद्वारा वेपत्ता पारिएका देशभक्त आमा विष्णुमाया चापागाईंलाई छोराको अवस्था संविधानसभाको चुनावमा सार्वजनिक हुन्छ भन्ने आशा छ। उनकै भनाईमा देशलाई नै बदल्न लागेको अवस्थामा छोरालाई राज्यले सार्वजनिक गर्छ भन्ने आशा अझै छ। "छोरालाई वेपत्ता पारेपछि उसको खोजी गर्ने बाहेक हामीलाई केही फुर्सद छैन। नयाँ संविधान बनाउने संविधानसभाको चुनावमा भोट माग्न आउनेलाई पनि अव छोरा खोजिदिएमा मात्र भोट दिन्छु। जसले मेरो छोराको खोजीको लागि पहल गर्छ, उसैलाई जिताउनसमेत लागि पर्छु। तर अहिलेसम्म कसैले पनि हाम्रो कुरा सुनिदिएका छैनन्" विष्णुमाया भन्छिन्।

अर्कातिर सशस्त्र द्वन्द्वमा होमेको माओवादीले समेत पीडित परिवारको आवाज सुन्ने कष्टसमेत गरेको छैन। चापागाई परिवारको घरमा देशभक्तलाई माओवादीमा भर्ती गर्न आएका माओवादी कार्यकर्ता त्यसपछि फर्केका छैनन्। माओवादीका २ नं. एरिया सेक्रेटरी समूल फुर्सद नै नभएर वेपत्ता परिवारको घरमा पुग्न नसकेको बताउँछन्। उनले देशभक्त माओवादीमा लागेपछि राज्यले वेपत्ता पारेको भर्खरै थाहा भएको जनाउँदै अव भने तत्काल गएर भेट्ने बताए। सशस्त्र द्वन्द्व पीडित परिवारले अहिले आएर माओवादीबाट समेत उपेक्षित हुनुपरेको महसुस गरेका छन्।

आगामी चैत २८ गतेमा हुने संविधानसभाको चुनावले मेरो छोराको शास भए शास नत्र लाश भएपनि दिनुपर्छ। संविधानसभाको चुनावले राज्यले वेपत्ता पारेर हत्या गरेको भए मैले मेरो छोराको काजकिरिया गर्ने अधिकारको ग्यारेन्टी गर्नुपऱ्यो। मनलाई शान्ति दिन मैले मेरो छोराको अवस्था थाहा पाउनुपर्छ। मैले कति दिन छोरो आउँछ भनेर आशा गरेर बस्ने। माओवादीले समेत हामीलाई बेवास्ता गरेको छ विष्णुमायाले पीडा पोखिन।

देशभक्तका बाबु मोहन चापागाईंले वेपत्ता छोराको खोजीको लागि हिंडेको चार बर्ष भईसक्यो तर छोराको उनले कुनै टुंगो लगाउन सकेका छैनन्। "संविधानसभाको चुनावबाट पनि छोराको अवस्था पत्ता लगाउन पहल नभएमा हामीले विद्रोह गर्नुबाहेक विकल्प छैन। माओवादीले बिसाएको बन्दुक हामीले पुन: उठाउने अवस्था आउँछ भने यो संविधानसभाको औचित्य छैन" मोहनले भने।

तत्कालीन शाही नेपाली सेनाको भैरवनाथ गणबाट ४९ जना बन्दी वेपत्ता पारिएको थाहा पाएलगत्तै शिवपुरी जंगलमा पुगेका मोहन र देशभक्त शिवपुरी जंगलको भयानक दृष्य कहिल्यै भुल्न सक्दैनन्। विष्णुमाया भन्छिन्- "जंगलभरी काला टाउका मात्रै देखिन्थे, छोरालाई फेला पार्न गएकी कसैलाई चिन्न सकिन, कसैको हात थिएन, कसैको खुट्टा थिएनन्, उनीहरुले

पानी पानी भन्दा सेनाले शारीरिक यातना दिन छोडेको थिएन। त्यँहाको दृष्य सम्झँदा अहिले पनि रुन मन लाग्छ।"

कुलु गाविस-१ अग्रखे निवासी माओवादी कार्यकर्ता इन्द्रबहादुर कार्कीको हत्यामा प्रमुख भूमिका खेलेको आरोप माओवादीले लगाएका सशस्त्र प्रहरीका इन्स्पेक्टर तीर्थ गौतमलाई फेला नपारेपछि उनका बाबु ७५ बर्षीय गंगाराम गौतमलाई ०६१ पुस १२ गते अपहरण गरी शारीरिक यातना दिए। सोही कारण उनको एक बर्षपछि मृत्यु भयो। तर माओवादीले सो घटनामा को को संलग्न थिए भन्ने कुरा अझै फेला पार्न सकेको छैन। सुराकीको आरोप लगाइएका गंगारामलाई माओवादीले दिएको शारीरिक यातनाको सरकारले समेत उपचारमा पहल गरेन। उनी सोही कारण जीवन त्याग्न पुगे। सरकारले संविधानसभामार्फत सशस्त्र द्वन्द्व पीडितहरुलाई न्याय दिने कुरामा शंका छ पीडित परिवारलाई।

सशस्त्र द्वन्द्वको समयमा भोजपुर जिल्लाबाट राज्य र अन्य समूहबाट ११ जना नागरिकलाई वेपत्ता पारिएको छ। तर ती ११ जनाको नै अझैसम्म अत्तोपत्तो छैन। कतिपयको त राज्यले सार्वजनिक गरेको वेपत्ता नागरिकहरुको सूचिमा नामसमेत छैन। वेपत्ता नागरिकका परिवारलाई देशमा आएको संविधानसभाको निर्वाचनले पटक्कै छोएको छैन। उनीहरु सवैको एउटै आवाज छ, पहिले वेपत्ता नागरिक सार्वजनिक गर्नुपर्‍यो अनि संविधानसभाको अर्थ हुन्छ।

माओवादी आरोपमा ०५९ मंसिर २३ गते संखुवासभाको खाँदवारीबाट राज्यद्वारा वेपत्ता पारिएका बोया गाविस-६ निवासी धनबहादुर तामा का भाई टंकबहादुर तामा दाजुको अवस्था सार्वजनिक भएमा मात्र संविधानसभाको औचित्य हुने बताउँछन्। "वेपत्ता नागरिकको अवस्था सार्वजनिक गर्न नसक्ने सरकारले संविधानसभापछि पनि हाम्रो आवाज सम्वोधन गर्ला भन्ने लागेको छैन" टंकबहादुरले भने।

जिल्लाका सशस्त्र द्वन्द्व पीडित परिवारले आगामी चैत २८ मा हुने संविधानसभाको चुनावले वेपत्ता नागरिक, मारिएका नागरिक, सशस्त्र द्वन्द्वको क्रममा अंगभंग भएका नागरिकहरुको पुन:स्थापना, उपचार, परिवारबाट अलगिएकाहरुलाई परिवारसँग पुन:मिलनलगायतका कार्य गर्ने अपेक्षा राखेका छन्। तर अहिलेको सरकारले दिन नसकेको न्याय संविधानसभाले देला भन्ने कुरामा उनीहरु ढुक्क भने छैनन्।

संविधानसभाको नारा लिएर गाउँ पसेका राजनीतिक दलहरुको व्यवहार हेरेर भने सशस्त्र द्वन्द्व पीडित परिवारहरु झनै निराश बनेका छन्। दलहरु आफ्नो सत्ता ल्याउन बहुमतको नारा लिएर गाउँ गएका छन् तर उनीहरुले पीडित परिवारलाई न्याय दिलाउने कार्यमा भने चासो गएको छैन। राज्य, माओवादी र अन्य राजनीतिक दलहरुले समेत पीडित परिवारलाई बेवास्ता गर्दा पीडितहरुले न्याय पाउने आशाको त्यान्द्रो सुक्दै गएको छ।

**ज्ञानेन्द्र खड्का**
**भोजपुर**

# पति गुमाएको पीडासँगै सन्तान हुर्काउने बोझ

स्वास्थ्यकर्मीको जागीर, दिनभरी विरामी जाँचेको थकाइले लखतरान भएका स्वास्थ्य सहायक रामजीप्रसाद तिवारी खाना खाएर सुत्ने तरखरमा थिए। ढोका ढक्ढकाएको आवाजसँगै केही मानिसको बोली सुनियो घरमा को हुनुहुन्छ ? रामजी घरको तलाबाट ढोका खोल्न झरेको केहीबेर पछि पडकिएको आवाज आयो। आवाजसँगै पत्नी कमला दौडेर पति भएको ढोकामा पुगिन्। त्यहा त उनका पति रामजीप्रसाद तिवारी रक्ताम्य भएर आइया। आइया गर्दै छट्पटाइरहेका थिए। कमलाको रोदनसहितको चित्कारसँगै गाउँलेहरु भेला भए। कमला तिवारीलाई परेको सो बज्रपातसँगै शुरु भयो उनको दु:खदायी जीवन यापन।

यो सशस्त्र द्वन्द्वका समयमा गोरखा जिल्लामा पीडितहरुको भोगाइको एक प्रतिनिधिमूलक घटना हो। माओवादीले ०५५ जेठ २५ गते गोरखा फुजेल गाविस-१ का स्थानीय स्वास्थ्य सहायक रामजीप्रसाद तिवारीलाइ राती घरमै भएको बेला गोली हानी घाइते बनाए पछि उनको केही उपचारको क्रममा मृत्यु भएको थियो। उनको हत्या हुदा उनका दुइ छोरीका साथै पत्नी कमला गर्भवति थिइन। बावुको मृत्युपछि जन्मिएकी एक छोरीसहित हाल उनका तीन छोरी छन्। अहिले जेठी छोरी १३ वर्षकी प्रतिक्षा कक्षा ७ मा, ११ वर्षकी माइली छोरी प्रतिज्ञा कक्षा ६ मा र कान्छी ९ वर्षकी रक्षा तिवारी कक्षा तीनमा पढ्दैछिन्।

माओवादीले घाइते बनाएपछि स्वास्थ्यकर्मी पतिलाई काठमाण्डौं महंगा र प्रविधियुक्त स्वास्थ्य संस्थाहरुमा नपुऱ्याएको पनि होइन। तर उनले आफ्ना पति रामजीलाई बचाउन सकिनन्।आखिरी कमलाको सिउँदो रित्तियो। पतिको माओवादीले हत्या गएपछि स्वास्थ्यकर्मीको जागिर खाएर भरणपोषण गर्ने मूलि नै नभएपछि छोराछोरीको लालनपालन गर्ने जिम्मा कमलामा आयो। पतिको मृत्युसँगै उनको घरमा गरिने व्यवहारमा पनि परिवर्तन आउन थाल्यो।

"मेरा पतिले नेपाली काँग्रेसलाई भोट चुनावमा भोट दिनुभयो होला, तर माओवादीको के बिगार्नुभएको थियो होला र आखिर माओवादीले मलाई विधवा र तीन छोरीहरुहरुलाई टुहुरा बनाए। "कमला तिवारी गहभरी आँशु पारेर आफ्नो पीडा पोख्छिन्। पतिको मृत्युपछि राज्यको तर्फबाट क्षतिपूर्ति भन्दै पचास हजार रुपैया उपलब्ध गराएको तर त्यसपछि कुनै सहयोग पाउन नसकेको पनि तिवारीको भनाइ छ। उनी भन्छिन् - सरकारले मेलमिलाप आयोग बनाउन लागेको छ रे । सरकारले माफी दिएर हुदैन् हामी जस्ता पीडितले माफी दिनुपर्छ। हामी हत्यारालाई कदापी माफी दिन सक्दैनौ। तिवारीका अनुसार अहिले उनी तीन छोरीलाई लिएर आफन्त कहाँ काठमाण्डौमा बस्दै आएकी छिन्। विगतमा गणेशमान शान्ति अभियानको नाममा छोरीलाई छात्रवृत्ति दिने गरेको अहिले त्यो पनि पाउन छाडेपछि छोरीहरु पढाउन पनि नसक्ने अवस्थामा

उनी पुगेकी छिन्। मेरो पतिको जागिरमा मलाई राखिदिएको भए पनि केही हुने थियो, त्यसो पनि गरिएन। अहिले म वेरोजगार छु। सरकारले माओवादी पीडितहरुलाई वेवास्ता गरिरहेको भन्दै वर्तमान सरकारप्रति उनी आक्रोशसमेत व्यक्त गर्छिन्। यस्तो पीडा कमलाको मात्र होइन, गोरखामा विगतमा माओवादीद्धारा पति मारिएका अधिकांश महिलाहरुको उस्तै छ। द्धन्द्धका समयमा मात्र गोरखामा नेपाली काँग्रेस कार्यकर्ता,सर्मथक गरी २७ जना,एमालेका दुईजना र राप्रपाका एकजनाको हत्या भएको सो दलहरुले जनाएका छन्।

कमलाले पती गुमाएर एकल जीवनको पीडा भोगेको पनि झण्डै एक दशक हुनलागेको छ। दश वर्षमा उनले पति हुदा र नहुदा परिवार र समाजले महिलामाथी गर्ने फरक व्यवहार राम्रैसँ बुझिन। छोरीहरुको आवश्यकता दिनानुदिन बढ्दो छ। उनी अहिले हरेक सार्वजनिक कार्यक्रमहरुमा सहभागी हुंन पाउने बित्तिकै आफ्नो दु:खदायी जीवनयापन वेदना पोख्दै छोरीहरुको शिक्षाको लागि सहयोगको आग्रह गर्छिन। छोरीलाई पढाउन सहयोग गर्नेतर्फ प्रतिक्रिया नपाएपछि कमला निराश हुन्छिन्।

**भीमलाल श्रेष्ठ**
**गोरखा**

# माओवादीसँग पीडित परिवारको माग : चिहान देखाऊ

माघ महिना, दिउसो ११ बजेको थियो। धमिराले खाइसकेको बार्दली खसेर थिच्लाजस्तो छ। पानी चुहिने घरको छानो टालिएको छैन। सीता पिढीमा टुसुक्क बसेर पतिको चिन्ताले आशु झारिरहेकी छिन। त्यतिबेलासम्म घरमा कसिँगर बढारेको छैन - चुलो बलेको छैन। समस्या र पीडाबीच आशु पीइरहेकी सीताको दिनचर्या ०६१ फागुन १३ देखि यस्तै छ।

सिन्धुपाल्चोक जिल्लाको पिपलडाँडा गाविस- २ का कृष्णबहादुर बस्नेतलाई ०६१ फागुन १३ गते माओवादीले काठमाण्डौ जान लाग्दा सागाचोक गाविसबाट अपहरण गरी वेपत्ता पारेको डेढ वर्षपछि ०६३ असार १९ गते जनताले कुटेर मृत्यु भएको विज्ञप्ती माओवादीका जिल्ला नेता अजितले सार्वजनिक गरेपछि पीडित परिवार मात्र होइन जिल्लावासीसमेत आचर्यचकित भएका थिए। जिल्लामा कार्यरत मानवअधिकारकर्मी र पत्रकारले घटनाको यथार्थ स्थिति तुरुन्त सार्वजनिक गर्न माओवादीलाई अनुरोध गरेपछि ०६३ असार २९ गते माओवादीद्धारा सदरमुकाम चौतारामा आयोजित छलफल कार्यक्रममा घटनाबारे छानविन गरी एक हप्ताभित्र पीडित बस्नेत परिवारलाई पीडितको अवस्था प्रष्ट पार्ने माओवादीको तत्कालीन जिल्ला सचिव देवी खड्का ( अस्मिता ) ले बताएकी थिइन। त्यतिबेला अस्मिताले घटनामा आफ्नो पार्टी संलग्नता बारे आफूहरु अस्पष्ट रहेको बताएकी थिइन्। पछिल्ला दिनहरुमा भने घटनाबारे माओवादीले केही नबोले पछि जिल्लाका मानवअधिकारकर्मी , पत्रकार , बुद्धिजिवी एवं सर्वसाधारणलगायत बस्नेत परिवारले माओवादी कब्जामा रहेको मान्छे जनताले कहाँ,कसरी र कहिले मारे ? जनता भनेका को हुन ? भन्ने प्रश्नको जवाफ अहिलेसम्म पाउन सकेका छैनन्।

चौताराको जुगल वोर्डिङ विद्यालयमा कक्षा ६ र ४ मा अध्ययनरत पीडितका १४ वर्षीय छोरा विष्णु र ११ वर्षीया छोरी सविनाले दुइ वर्षदेखि विद्यालयमा शुल्क तिर्न नसकेको र घरखर्च सापटीमा चलाएको पीडितकी पत्नी सीता वस्नेतले बताइन। पति बेपत्ता भएदेखि सरकारको तर्फबाट कुनै राहत नपाएको उनी बताउछिन्। अझै पनि पति घरफर्कने आशामा सीता बाटाभरी आशुधारा विच्छ्याइरहेकी छिन्। म सकैले नचिनेको, ब्यक्तिलाई कसले सहयोग गर्छ र ? कसलाई भन्न जाऊँ, सबै उस्तै ?" जेठाजु कुलबाहादुरलाई देखाउदै "दाई एक्लै भौतारिरहनु भएको छ, उहाँलाई सहयोग गर्ने पनि कोही छैन।" पतिको खोजी गर्नु भएन त भन्ने प्रश्नमा उनले त्यस्तो पीडा पोखिन।

पीडितका दाजु कुलबहादुर भाईको अपहरण पछिको घटना बिवरण सुनाउदै भन्छन् - "भाइलाई अपहरण गरेको चारदिन पछि खोज्दैजाने क्रममा ठूलोसिरुवारी गाविस- ८ स्थित डडुवामा भेटभएको थियो त्यँहा भेट हुदा माओवादीले पाँच मिनेट कुरा गर्न दिएको थियो कुराकानी गर्ने क्रममा दाजुभाईको मुखामुख मात्र भयो सोधखोज गर्न सकिन, १९ गते राती ९ बजे काभ्रे जिल्लाको ज्याम्दी गाविस पुऱ्याएको खवर पाए , माओवादीले २० गते पाँचसय रुपैया खर्चसमेत दिएर मुक्त गरेको कुरा बताए पनि, कहिकतै सम्पर्क नभएपछि खोजी गर्ने काम रोकेर घर फर्के। पछि त जनताले कुटेर मारे भन्ने विज्ञप्ती स्वंय माओवादीले जारी गरेपछि घटना कसैले बुझ्नै नसकिने ढंगले रहस्यमय हुदै गयो।" भाईको मृत्यु बारे दाजु कुलवहादुर भन्छन् - "गल्ती कमजोरी गऱ्या होला, कारवाही हुनुपर्थ्यो - उसको बाच्ने अधिकार त थियो नि। उसलाई कहाँ, कहिले र कसद्धारा मारियो त्यो प्रष्ट हुनुपर्छ।"

मृत्युपत्र आइसकेपछि बस्नेतलाई मारेको प्रष्ट भैसकेको छ , उनी जीवित छैनन्। तर मरेको विश्वास गर्ने आधार के छ भनि परिवार प्रश्न गर्छन् - "न मार्ने ब्यक्ति, न ठाँउ, न मिति,न लाश नै - कसरी विश्वास गर्ने ?" बस्नेत परिवारको माग छ - मरेको चिहान देखाऊ, कहाँ- कहिले मऱ्यो बस्नेत ?।

बिचल्ली घरब्यवहार देखाउदै दाजु कुलबहादुर भन्छन - "दुई-दुई घरको ब्यवहार धान्नु छ, हेर्नुस दशैको दिन सवैको घरमा मासु पाक्यो मेरो घरमा मुन्टा।"

आफ्नो कब्जामा रहेको मान्छे जनताले कुटेर मारे भनेर पन्छन मिल्छ/मिल्दैन त्यो माओवादीले सोच्ने कुरा हो। डेढवर्ष पछि बेपत्ता आफन्तको एक्कासी मृत्युपत्र आउदा परिवारमा कुन अवस्था गुज्रला ? यो संवेदनशील विषयलाई माओवादीले गम्भीर ढंगले सोच्नुपर्छ। पीडित परिवार अझै माओवादी स्पष्टिकरणको प्रतिक्षामा छन्। मरेको तिथि, मिति, स्थान थाहा नभै काजक्रिया गर्न नपाएको गुनासो गर्दै उनीहरु भन्छन - मरेको मिति र स्थान थाहा पाउने अधिकार हामीलाई हुदैन र ? माओवादी नियन्त्रणमा लिएको अवस्थामा मारिएकै भएपनि त्यसको जिम्मेवारी माओवादीले लिनुपर्ने उनीहरुको माग छ।

**नातीबाबु धिताल**
**सिन्धुपाल्चोक**

# दलीय एजेण्डामा मानवधिकार

संविधानसभा निर्वाचन २०६४ का लागि विभिन्न राजनीतिक दलहरुले आ-आफ्नो घोषणापत्र सार्वजनिक गरेका छन्। नेपालमा हालसम्म कायमरहेको शाहवंशीय राजतन्त्रलाई समाप्त गरी नेपाललाई एक स्वतन्त्र, सार्वभौमसत्तासम्पन्न लोकतान्त्रिक संघीय गणतन्त्रात्मक राज्य स्थापित गर्ने प्रतिबद्धता राजनीतिक दलहरुले घोषणापत्रमार्फत व्यक्त गरेका छन्।

संविधानसभाको मूखमा राजनीतिक दलहरुले घोषणापत्र जारी गर्नु र त्यसमार्फत जनताको आकांक्षा प्रतिविम्वित गरेको देखाउनु स्वागतयोग्य छ। विभिन्न दलले सार्वजनिक गरेको घोषणापत्रमा मानवअधिकार, नागरिक स्वतन्त्रता, मौलिक हकको प्रत्याभूति गरिने समेत उल्लेख गरेका छन्। राजनीतिक दलहरुको घोषणापत्रमा उल्लेखित मानवअधिकारसम्बन्धि प्रतिवद्धताको कार्यान्वयन भविश्यको गर्भमा छ। सो प्रतिवद्धताहरू कार्यान्वयन भएको खण्डमा यसले नेपालको शान्ति प्रक्रियामा थप मलजल पुग्ने छ।

राजनीतिक दलहरुले आ-आफ्नो घोषणापत्रमा संविधानसभाको निर्वाचनको क्रममा अर्को दलसँग गर्ने व्यवहार र निर्वाचनपछि मतगणनाको समयमा अपनाउनु पर्ने प्रतिबद्धता उल्लेख गर्नु पर्दथ्यो तर त्यो देखिएको छैन। यसले निर्वाचन र मतगणनाको समयमा धाँधली हुन सक्ने ठाउँ प्रशस्त देखिन्छ। राजनीतिक सक्रियताले नै सुरक्षा व्यवस्था बलियो बनाउन सक्छ। राजनीतिक दलहरुले आफ्ना घोषणापत्रमा व्यक्त गरेको मानवअधिकारसम्बन्धी प्रतिबद्धतालाई पूर्ण रुपले कार्यान्वयन गर्नु अहिलेको आवश्यकता हो।

## नेपाली काँग्रेस

**मानवअधिकार, मौलिक हक एवं नागरिक तथा राजनीतिक स्वतन्त्रता:** बत्तीस पृष्ठ लामो काँग्रेस घोषणापत्रमा मानवअधिकारको विश्वव्यापी घोषणा १९४८ तथा अन्तर्राष्ट्रिय मानवीय कानूनद्वारा व्यवस्थित र परिभाषित एवं विस्तृत शान्ति सम्झौता-२०६३ र नेपालको अन्तरिम संविधान २०६३ मा प्रतिवद्धता गरिएका मानवअधिकार र अकुण्ठित प्रेस स्वतन्त्रतासहित नागरिकका राजनीतिक, आर्थिक, सामाजिक, भाषिक एवं सांस्कृतिक हकलगायत सबै वैयक्तिक अधिकार एवं स्वतन्त्रतालाई सुरक्षित गर्ने विषयहरु उठाएको छ।

**व्यक्ति स्वतन्त्रता:** हरेक नागरिकको अभिव्यक्ति स्वतन्त्रता, शान्तिपूर्ण भेला हुने स्वतन्त्रता, राजनीतिक दल तथा संघ-संस्था गठन गर्ने स्वतन्त्रता, देशको कुनै पनि भागमा आवत-जावत र बसोबास गर्ने स्वतन्त्रता र कुनै पनि पेशा, व्यवसाय, उद्योग, व्यापार र रोजगार गर्ने स्वतन्त्रता सुनिश्चित गरिने घोषणापत्रमा भनिएको छ।

**बहुदलीय लोकतान्त्रिक पद्धति:** वालिग मताधिकार, आवधिक निर्वाचन, बहुदलीय प्रतिस्पर्धा, शक्ति पृथकीकरण, संवैधानिक सन्तुलन र नियन्त्रण, स्वतन्त्र न्यायपालिका, स्वतन्त्र प्रेस, विधिको शासन, समानुपातिक प्रतिनिधित्व सहितको उत्तरदायी एवं पारदर्शी र समावेशीपूर्ण शासन प्रणालीको निर्माण गरिने घोषणा पत्रमा उल्लेख छ।

**बहुभाषिक राज्य** बहुभाषिक राज्य र मातृभाषामा आफ्नो भनाई राख्ने अधिकार हुने घोषणा पत्रमा उल्लेख छ। केन्द्र, प्रदेश र स्थानीय निकायले कानूनबमोजम तोकिएको औपचारिक भाषा प्रयोग गरे पनि न्यायालय र सरकारी कार्यालयमा सबै नागरिकलाई मातृभाषामा आफ्नो भनाइ राख्ने अधिकार हुने भनिएको छ।

**श्रमिक/मजदूर अधिकारको रक्षा र सामाजिक सुरक्षा :** श्रमजीवी नेपाली जनतालाई आधारभूत श्रम अधिकार, मर्यादित रोजगारी, सामाजिक सुरक्षा र न्यायको प्रत्याभूति गर्नु राज्यको कर्त्तव्य हुनेछ। असंगठित क्षेत्रमा कार्यरत कृषि मजदूर लगायत अन्य श्रमजिवीहरुको अधिकार सुरक्षा तथा अभिलेख राख्ने व्यवस्था मिलाइनेछ। नेपाली काँग्रेस मुलुकले गरेको अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुरुप प्रमुख श्रम मापदण्ड लाई जोडदार समर्थन गर्दछ।

**द्वन्द्व रुपान्तरण र द्वन्द्व पीडितको पुनर्स्थापना :** द्वन्द्व रुपान्तरण र द्वन्द्व पीडितको पुनर्स्थापना गर्नुका साथै कानुनको शासनमार्फत् दण्डहीनताको अन्त्य गरी शान्ति सुरक्षाको स्थिति सिर्जना गर्नु राज्यको मुख्य कर्तब्य हुनेछ। विगतको हिंसात्मक द्वन्दका क्रममा धनजनको क्षति व्यहोरेका सबै नागरिकको पुनर्स्थापन, क्षतिपूर्ति र सामाजिक सुरक्षा दिनु राज्यको कर्तव्य हुनेछ। आ-आफ्नो सम्पत्तिबाट बेदखल भएकाहरुको सम्पत्ति फिर्ता गर्ने राज्यको दायित्व हुनेछ।

**महिला अधिकारको सुनिश्चितता, सशक्तिकरण र सुरक्षा :** महिला अधिकारको सुनिश्चितता, सशक्तिकरण र सुरक्षा गर्ने कार्य राज्यको प्रमुख कर्तव्य हुने उल्लेख छ। देशको कूल जनसंख्याको आधाभन्दा बढी हिस्सा ओगट्ने महिलाहरुको राजनैतिक, प्रशासनिक र नीति निर्माण तहमा समावेशी-समानुपातिक प्रतिनिधित्व सुनिश्चित गरिनेछ। महिला विरुद्धको भेदभावपूर्ण सम्पूर्ण कानूनहरुको अन्त्य गरिनेछ। महिला तथा बालिकाविरुद्ध हुने सबैखाले हिंसाको अन्त्य गरिनेछ । हरेक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यको हक सुनिश्चित गर्ने तथा आवधिक रुपमा हरेक नेपाली महिलाको प्रजनन स्वास्थ्यको निशुल्क परीक्षण गर्ने अभियान चलाउने र महिलाका

अधिकारहरु सुरक्षित गर्ने कार्य राज्यको प्रमुख कर्तव्य हुनेछ।

**दलित उत्थान र भेदभावको अन्त्य :** दलित समुदायप्रतिको सामाजिक भेदभाव र छुवाछुतलाई अन्त्य गर्नु राज्यको विशेष दायित्व हुनेछ। त्यसका लागि बनेका कानून र संवैधानिक प्रबन्धलाई थप परिस्कृत गर्दै त्यसको कडा कार्यान्वयन गर्नु अनिवार्य छ। साथै नयाँ राज्य प्रणालीमा दलित वर्गको पहुँचमा बढोत्तरी गर्दै शिक्षा, स्वास्थ्य र रोजगारीको क्षेत्रमा विशेष अवसर उपलब्ध गराउने कार्यमा राज्यले विशेष ध्यान दिनेछ। भूमिहीन, कमैया, बादी र अन्य सिमान्त समुदायको अधिकार, सामाजिक सुरक्षा र विकासलाई प्राथमिकताका साथ अगाडी बढाइनेछ।

**बालबालिकाको पहिचान र पोषण :** कुपोषण र अपर्याप्त स्वास्थ्य सुविधाका कारणबाट हुने अकाल मृत्युबाट बालबालिकाको जीवन रक्षा गर्नुका साथै बालबालिकालाई आफ्नो पहिचान र नामको हक हुने उल्लेख छ। साथै बालबालिकालाई उचित पालन पोषण, शिक्षा, आधारभूत स्वास्थ्य, सामाजिक सुरक्षा एवं बालबालिका माथिको हिंसा र शोषण विरुद्धको हक सहित बाल अधिकारको व्यवस्था गरिने भनिएको छ।

**अपा हरुको सहभागिता र प्रतिनिधित्व :**अपा हरुलाई राज्य संरचनामा सहभागिता र प्रतिनिधित्वको व्यवस्था गरिनुका साथै सार्वजनिक स्थललाई अपा मैत्री बनाउँदै शिक्षा, स्वास्थ्य, रोजगारीको समुचित प्रबन्ध र सामाजिक सुरक्षाको प्रत्याभूति गरिने उल्लेख छ।

**सुशासनको प्रत्याभूति:** समाजमा दण्डहीनताको स्थितिको अन्त्य गरी कानूनी राज्य, विधिको शासन, नागरिक स्वतन्त्रता, सुरक्षा र हक/अधिकार तथा न्यायको पूर्ण प्रत्याभूति गरिने उल्लेख छ।

सत्य-तथ्य निरूपण तथा राष्ट्रिय मेलमिलाप आयोगको व्यवस्था अनुरूप समाजमा दण्डहीनताको पुनराबृत्तिका संभावनाहरुको अन्त्य गर्दै पारस्परिक सद्भाव र विश्वासको वातावरण निर्माण गरिने भनिएको छ। जीवनका रभूत आवश्यकतालाई ध्यानमा राख्तै शिक्षा, स्वास्थ्य र रोजगारीका अवसरहरुको वृद्धि गर्ने र गराइने उल्लेख छ।

## नेकपा (एमाले)

**मानवअधिकार, मौलिक हक र राजनीतिक स्वतन्त्रता:** मानवअधिकारका सार्वभौम मूल्य, मान्यता र अन्तर्राष्ट्रिय कानूनहरुको पूर्ण पालना गरिनुका साथै मानवअधिकारको विषयलाई नागरिक स्वतन्त्रता र जीवनका आकांक्षासँग आवद्ध गरिने घोषणापत्रमा उल्लेख छ। प्रत्येक नेपालीलाई विचार व्यक्त गर्ने, शान्तिपूर्ण रुपले भेला हुने, राजनीतिक दल, संगठन/संघ-सस्था खोल्ने, देशको कुनै पनि भागमा आवत-जावत र बसोवास गर्ने र कुनै पनि पेशा, रोजगार, उद्योग, व्यापार र व्यवसाय गर्न तथा पूर्ण प्रेसस्वतन्त्रता हुने भनिएको छ। जनतालाई सूचनाको हक हुनेछ। कानूनमा व्यवस्था भएअनुसार कुनै पनि व्यक्तिको सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार र चरित्रसम्बन्धी गोपनीयताको हक हुनेछ। नागरिकको जीउ-धनको सुरक्षा गर्नु राज्यको कर्तव्य हुनेछ र प्रत्येक नागरिकलाई बाँच्न पाउने हक हुनेछ। शिक्षा, स्वास्थ्य, रोजगार र खाद्य सम्प्रभुताको हकलाई मौलिक हकका रुपमा कायम गरिने छ। मौलिक हकको संरक्षण र प्रबर्द्धन गर्नु राज्यको दायित्व हुनेछ।

**समानताको हक:** कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जात-जाति, उत्पत्ति, भाषा, क्षेत्र वा वैचारिक आस्था आदिका आधारमा भेदभाव गरिने छैन। त्यस्तो भेदभाव विरुद्ध नागरिकलाई कानूनी उपचार र क्षतिपूर्तिको हक रहने घोषणा पत्रमा उल्लेख छ।

**सामाजिक सुरक्षा र लोककल्याण:** प्रत्येक नागरिकलाई रोजगारी पाउने र बेरोजगार हुंदाको अवस्थामा जीवन निर्वाहको लागि भत्ता सहितको विश्वव्यापी प्रचलन अनुरुप सामाजिक सुरक्षाको हक हुनेछ। बृद्ध, अपा तथा अशक्त र असहाय नागरिकलाई सामाजिक सहायता प्रदान गर्नु राज्यको दायित्व हुने भनिएको छ। द्वन्द्वपीडित, विस्थापित, यातनापीडित एवं जोखिममा परेका नागरिकहरु, असहाय-अनाथ बालबालिकालाई सुनिश्चित भविष्यको लागि राज्यबाट विशेष सुविधा पाउने हक हुनेछ।

**धर्म निरपेक्षता र धार्मिक स्वतन्त्रता:** नेपाल धर्मनिरपेक्ष राज्य रहने र प्रत्येक नागरिकलाई आ-आफ्नो आस्था अनुरुपको धर्म मान्ने/नमान्ने स्वतन्त्रता हुनेछ। समाजमा धार्मिक सहिष्णुता र साम्प्रदायिक सद्भाव कायम गर्नु राज्य र नागरिकको दायित्व हुने उल्लेख छ। न्यायपूर्ण र समतामूलक समाज निर्माण गर्नु राज्यको कर्तव्य हुनेछ। प्रत्येक नागरिकलाई आफु माथिको शोषण-उत्पीडन विरुद्ध कानूनी उपचारको हक हुनेछ। संवैधानिक, कानूनी र व्यावहारिक रुपले नै समाजमा विद्यमान शोषण, उत्पीडन र विभेदको अन्त्य गर्नु राज्यको कर्तव्य हुनेछ। मानवतामाथि कलङ्कको रुपमा रहेको छुवाछुत प्रथालाई पूर्णतः समाप्त पारिनेछ।

**महिला अधिकार:** महिला विरुद्धका सबै विभेद, शोषण र उत्पीडनको अन्त्य गरिनेछ। राष्ट्रिय जीवनका सबै क्षेत्रमा कम्तिमा ३३ प्रतिशत महिला सहभागिताको हक सुनिश्चित गरिनेछ। छोरासरह छोरीलाई पैतृक सम्पत्तिमा अधिकार हुनेछ। प्रजनन र सम्बन्ध विच्छेदको अधिकार महिलामा निहित हुनेछ। शिक्षा र स्वास्थ्यमा महिलालाई विशेष प्राथमिकता दिइनेछ। विशेषगरी महिला न्यून रहेको श्रम क्षेत्रमा महिला रोजगारीको विशेष योजना लागू गरिनेछ।

**बालबालिकाको संरक्षण र विकास:** बालबालिकालाई बालिग नहुञ्जेलसम्म संरक्षण गर्नु, पालन-पोषण गर्नु परिवार, समाज र राज्यको कर्तव्य हुनेछ। यसरी नै बालबालिकालाई पोषण, शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको हक हुनेछ। बालश्रम, यौन दुराचार र यातनाका विरुद्ध कानूनी उपचारको हक हुनेछ। बालबालिका शान्ति क्षेत्र हुन् भन्ने मान्यतालाई आत्मसात गरिनेछ।

**आदिवासी-जनजातिको अधिकार:** आदिवासी-जनजातिहरुलाई आफ्नो राजनीतिक अधिकार सुनिश्चित गर्न, आर्थिक, सामाजिक एवं साँस्कृतिक विकास गर्न सक्ने गरी आदिवासीहरुको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघको घोषणा तथा अन्तरराष्ट्रिय श्रम संगठनको अभिसन्धि- १६९ अनुसारको आत्मनिर्णयको अधिकार हुनेछ। लोपोन्मुख र सिमान्तकृत समुदायको भाषा, संस्कृती र परम्पराको संरक्षण गर्नु राज्यको दायित्व हुनेछ।

**तराईवासी मधेसीहरुका अधिकार:** नेपालको समथर भूमि तराईमा बस्ने सबै मधेसी, जनजाति, दलित, मुस्लिम, विभिन्न जातजाति तथा अन्य अल्पसंख्यक तराईवासी समुदायका जनतालाई आफ्नो भाषा, संस्कृतिको रक्षा एवं विकासको अधिकार हुनेछ। साधन श्रोतहरुको न्यायोचित वितरण तथा उपयोग र संघीय शासन अन्तरगत स्वशासनको अधिकार हुने घोषणा पत्रमा उल्लेख छ।

**दुर्गम तथा पिछडिएको क्षेत्रको अधिकार:** दुर्गम तथा पिछडिएको क्षेत्रका जनतालाई समविकासको अधिकार हुनेछ। राज्यको समविकासको स्तरसम्म पुग्नका लागि कर्णाली लगायतका दुर्गम तथा पिछडिएका क्षेत्रका जनतालाई राजनीतिक सहभागिता तथा राज्यवाट विशेष सुविधा र सहुलियत प्राप्त गर्ने अधिकार समेत रहनेछ।

**श्रम अधिकार:** श्रमिकहरुलाई ट्रेड युनियन खोल्ने, संगठित हुने र सामूहिक सौदाबाजी गर्ने, बालश्रम, बाँधा तथा सबै प्रकारका बलपूर्वक लगाईने श्रमजस्ता शोषणमूलक श्रमअभ्यासलाई अस्वीकार गर्ने र उचित श्रमअभ्यासको अधिकार हुनेछ। अन्तरराष्ट्रिय श्रम संगठनको कामको अधिकारको लागि आधारभूत घोषणाप्रति राज्य प्रतिबद्ध रहने छ। लिङ्ग, जाति/जनजाति, क्षेत्र वा समुदायमा आधारित सबै प्रकारका भेदभावरहित कार्यथलो तथा मर्यादित कामको हक हुनेछ।

**युवाहरुको हक र अधिकार:** भविष्यको नेताका रुपमा समग्र व्यक्तित्व विकासको लागि युवा समुदायको सकारात्मक विकास गर्नु राज्यको दायित्व हुनेछ। युवाहरुलाई शिक्षा, स्वास्थ्य र रोजगारीको हक हुनेछ।

**अपाङ्गहरुको अधिकार:** अपाङ्गहरुका लागि पहिचान, प्रतिनिधित्व र संरक्षणको हक हुनेछ। अपा ताको प्रकृति अनुसार सार्वजनिक स्थलहरुलाई अपा मैत्री बनाउनु राज्यको कर्तव्य हुनेछ। अपा हरुमा शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक संरक्षणको हक हुनेछ।

**दण्डहीनताको अन्त्य:** मानवता विरुद्धका सबै प्रकारका अपराधलाई दण्डनीय बनाईनेछ। लोकतन्त्र र जनअधिकारका लागि संचालित आन्दोलनविरुद्ध अत्याधिक बलप्रयोगका दोषीहरुलाई समेत कानूनको दायरामा ल्याइने छ। फौज्दारी अभियोग बिरुद्ध पीडित पक्षलाई स्वतन्त्र न्यायालयमा सुनुवाईको हक हुनेछ।

**मानवअधिकार:** मानव अधिकारका विश्वव्यापी मूल्य, मान्यता र अन्तर्राष्ट्रिय कानून तथा नेपाल पक्ष रहेका संयुक्त राष्ट्रसंघका मानव अधिकारसम्बन्धी सम्झौता र अभिसन्धिहरुको प्रभावकारी रुपमा परिपालना गरिनेछ। अन्तरिम संविधानमा उल्लेख भएका मौलिक हक र स्वतन्त्रताको पूर्ण प्रत्याभूति गरिनेछ। मानव अधिकारको संरक्षणमा राष्ट्रिय मानव अधिकार आयोगको भूमिकालाई सक्षम एवम् प्रभावकारी बनाइनेछ। समाजमा संस्कार, परम्परा र प्रथाको रुपमा रहेका अमानवीय शोषणका सबै रुपहरुलाई अन्त्य गरिने उल्लेख छ। विदेशमा रहेका गैरआवासीय नेपालीहरुको हित-अधिकारको सुरक्षा गर्दै उनीहरुको सीप तथा पुँजीलाई राष्ट्रको विकासमा आकर्षित गर्ने नीति लिइने उल्लेख छ।

## नेकपा (माओवादी)

**मानवअधिकार:** अन्तराष्ट्रिय रुपमा स्थापित मापदण्ड अनुरुप मानवअधिकार सुनिश्चितता गरिनेछ। नागरिक स्वतन्त्रता र मौलिक हक: प्रत्येक नागरिकलाई अभिव्यक्तिको स्वतन्त्रता, शान्तिपूर्ण भेला हुने स्वतन्त्रता, राजनीतिक दल वा संघ संस्था खोल्ने स्वतन्त्रता, कुनै पेशा वा व्यवसाय गर्ने स्वतन्त्रता, कतै आवजावत वा बसोवास गर्ने स्वतन्त्रता आदिको पूर्ण प्रत्याभूति गरिनेछ।

**मौलिक हक:**-सबैलाइ समानताको हक, शोषणविरुद्धको हक, गोपनियताको हक, सामाजिक तथा जातीय भेदभाव विरुद्धको हक, यातना विरुद्धको हक, सूचनको हक, प्रकाशन, प्रसारण तथा छापाखानासम्बन्धी हक, सम्पत्तिको हक आदि मौलिक हकहरुको ग्यारेन्टी गरिनेछ।

- शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र खाद्य सम्पैभुतामा सबै नागरिकको मौलिक हक स्थापित गरिनेछ।
- भूमिमाथि वास्तविक जोताहा किसानको अधिकार रहनेछ।
- श्रमिक र मजदुरवर्गलाई कुनै पनि प्रकारको विभेद र उत्पीडनका विरुद्ध माग राख्ने, सामूहिक सौदावाजी गर्ने, हड्ताल गर्ने हक रहनेछ।
- महिलाहरुलाई पैतृक सम्पत्ति लगायत सवै क्षेत्रमा पुरुषसरह समान अधिकार हुनेछ। प्रजनन र सम्बन्ध विच्छेदको अधिकार महिलामा निहीत रहनेछ।
- सबै बालबालिकाहरुलाई पोषण, शिक्षा, स्वास्थ्य र समाजिक सुरक्षाको

हक हुनेछ।

- युवाहरुलाई आफ्नो शारीरिक, मानसिक र समग्र व्यत्तित्व विकासको निम्ति राज्यबाट सहयोग र संरक्षण पैाप्त गर्ने हक हुनेछ।
- सबै प्रकारका अपांगहरुलाई पहिचान , सम्मान, प्रतिनिधित्व र संरक्षण पैप्त गर्ने हक हुनेछ। लोपोन्मूख र सीमान्तकृत जाति र समुदायलाइ्र आफनो भाषा, संस्कृेति र परम्पराको संरक्षण गर्ने र राज्यबाट आवश्यक सहयोग प्राप्त गर्ने हक हुनेछ।
- दुर्गम पिछडिएका र उत्पीडित क्षेत्रका जनतालई विकासको समान अवसर, राज्यका अंगमा समानुपाति सहभागिता र सम्मान पैाप्त गर्ने हक हुनेछ।
- दलितहरुलाई छुवाछुत तथा समाजिक भेदभाव विरुद्धको हक हेनेछ।
- नागरिकहरुको मौलिक अधिकारलाई अझ व्यापक एवं समृद्ध पार्न सहभगितको हक, आत्मनिर्णयको हक, जीवन तथा आचत्मरक्षाको हक, मानवीय सम्मानको हक, परिवारको हक , समानजिक सुरक्षाको हक, मनोरञ्जनतथ विश्रामको हक, स्थानीय स्वशासनको हक, प्रत्याह्वानसम्बन्धी हक, न्यायलय पहुँचको हक, थुनवा तथा दोषी करार व्यत्तिको हक, समानुपातिक प्रतिनिधित्वको हक, तेस्रो लिंगीहरुको हक जस्ता विविध हकहरुको व्यवस्था गरिने छ।

**धर्म निरपेक्षता र धार्मिक स्वतन्त्रता:-** राज्य पूर्ण धर्मनिरपेक्ष रहनेछ। सबै नागरिकलाई आफनो आस्थाअनुसार धर्मै मान्ने वा नमान्ने स्वतन्त्रता रहनेछ। कसैमाथि पनि धार्मिक आस्थाको आधारमा भेदभाव गरिने छैन। बहुभाषिक मुलकु भएकाले देशभर बोलिने सबै राष्ट्रिय भाषालाई राष्ट्रभाषाको रुपमा स्थापित गराइने परिकल्पना पनि गरिएको छ।

## तराई मधेस लोकतान्त्रिक पार्टी

तराई मधेशको सामाजिक सुधारका लागि स्वास्थ्य, शिक्षा, रोजगारी युववर्गको परिचालन, महिला अधिकार, दलित उत्पीडनको अन्त्य, धार्मिक स्वतन्त्रता, सबै भाषा संस्कृतिको सम्मान गदै मैथिली, भोजपुरी, अवधी, थारु र उर्दु भाषालाई प्रादेशिक सरकारी कामकाजको मान्यता एवं हिन्दी र नेपालीलाई अन्तरदेशीय सम्पर्क भाषाका रुपमा प्रयोग गर्ने पार्टीको घोषणापत्रमा उल्लेख छ।

**मौलिक हक:** अभिव्यक्तिको हक, प्रकाशन र प्रसारणको हक र राजनीतिक दल र संघ संस्था खोल्ने हक, देशको कुनै पनि भागमा पेशा व्यवसाय, उद्योग गर्ने, आवतजावत गर्ने र बसोबास गर्ने हकको साथै आफ्नो सम्पतिको संरक्षण र सर्म्वधन गर्ने हक प्रत्येक नागरिकमा रहने उल्लेख गरेको छ।

**सञ्चार माध्यमको स्वतन्त्रता:** राज्यको चौथो अंग सञ्चार माध्यमले सरकारलाई स्वेच्छाचारितामा जान नदिन प्रमुख प्रतिपक्षीका भूमिका समेत खेल्नु परेको हुँदा सरकारी निकाय वा अन्य कुनै राजनीतिक द वा कसैबाट यसलाई हस्तक्षेप मुक्त राख्नु नितन्त आवश्यक छ।

## मधेसी जनअधिकार फोरम

आत्मनिर्णयको अधिकारसहित स्वायत्त शासनको प्रत्याभूति गर्ने प्रादेशिक सरकारको माग मधेसी समुदायले गर्दै आएको घोषणापत्रमा उल्लेख छ। फोरमले त्यस्ता प्रदेशका जनताका प्रतिनिधिले संवैधानिक व्यवस्था अुनसार निर्माण गरेको विधान र कानुनअनुसार पूर्ण स्वायत्तता र समानताको आधारमा आफैले सत्ता सञ्चालन गर्ने जनाएको छ।

आधारभूत मानवअधिकार, धार्मिक स्वतन्त्रता, दलित अग्राधिकार, मलिाविरुद्धका विभेदहरुको अन्त्य, सार्थक जनगणना, बालअधिकार, राष्ट्रिय महत्वका विषयमा जनमतसंग्रहको व्यवस्था, मधेसका सशस्त्र विद्रोही पक्षसँग सार्थक शान्तिवार्ता गर्नु पर्ने फोरले घोषणा पत्रमा उल्लेख गरेको छ।

## नेपाल मजदुर किसान पार्टी

**नागरिकको मौलिक अधिकार:**
नेपाल मजदुर किसान पार्टीले संविधानको वर्गीय रुप, त्यसको प्रस्तावना र मौलिक एवै राजनैतिक अधिकारहरुबाट प्रष्ट हुन्छ। पेशा, व्यवसाय, घुमफिर, आफ्नो भातृभाषा बोल्न पाउने, आफ्नो विश्वास अनुसारको धर्म मान्न पाउने, सामाजिक संघ-संस्था खोल्न पाउने जस्ता मौलिक अधिकार साथै सरकारको विरोध गर्न पाउने, आफूलाई लागेका राजनैतिक दर्शन र राज्य व्यवस्थाको प्रचार प्रसार गर्न पाउने, राजनैतिक दलहरु खोल्न पाउने, मतदान गर्न पाउने र आफ्नो इच्छा अनुसार निर्वाचनमा उम्मेदवार हुन पाउने जस्ता राजनैतिक अधिकारहरु संविधानमा किटान गर्ने घोषणा पत्रमा उल्लेख गरेको छ। वाक स्वतन्त्रता, प्रेस स्वतन्त्रता तथा अन्य मानवअधिकारहरु संविधानम उल्लेख गराउने भनिएको छ।

शोषण विरुद्धको अधिकार, व्यक्ति विकासको समान अवसर, प्राथमिक कक्षादेखि उच्च मावि शिक्षा सम्म निशुल्क र अनिवार्य तथा उच्च शिक्षा नि:शु:ल्क, जेष्ठ नागरिकहरुलाई जीवनको सुनिश्चितता र आदर निकेतनको सुविधाको अधिकार, निशुल्क स्वास्थ्य सेवा, रोजगार, शिक्षा र स्वास्थ्यको सहुलियत आदिमा आ-आफ्नो प्रान्तका नागरिकहरुले विना भेदभाव काम र सेवा पाउने मौलिक हकको सुनिश्चितता हुने, घोषणा पत्रमा उल्लेख गरेको छ।

***प्रस्तुति: राजु पासवान***

# अन्तरिम संविधानमा संविधानसभासम्बन्धी प्रावधान

**भाग ८**

**संविधानसभा**

**संविधानसभाको गठनः** (१) नेपाली जनता आफैंले नयाँ संविधानको निर्माण गर्न यस संविधानको अधिनमा रही एक संविधानसभाको गठन हुनेछ।

यो संविधान प्रारम्भ भए पछि संविधानसभाको निर्वाचन नेपाल सरकारले तोकेको मितिमा हुनेछ।

संविधानसभामा कानूनमा व्यवस्था भए बमोजिम मिश्रित निर्वाचन प्रणालीका आधारमा निर्वाचित ४०९ जना र मनोनित १६ जना गरी देहाय बमोजिमका ४२५ जना सदस्यहरू रहनेछन् :

(क) यो संविधान प्रारम्भ हुनु अगाडि प्रचलित कानून बमोजिम कायम रहेको निर्वाचन क्षेत्रहरूवाट प्रत्येक निर्वाचन क्षेत्रबाट एकजनाका दरले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अनुसार निर्वाचित २०५ सदस्य,

(ख) सम्पूर्ण देशलाई एक क्षेत्र मानी राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणाली अनुसार निर्वाचित हुने २०४ सदस्य,

(ग) राष्ट्रिय जीवनका महत्वपूर्ण व्यक्तिहरूमध्येवाट सहमतिका आधारमा अन्तरिम मन्त्रिपरिषद्वाट मनोनित हुने १६ जना सदस्य।

(४) उपधारा (३) को खण्ड (क) बमोजिम राजनीतिक दलहरूले उम्मेदवार चयन गर्दा समावेशी सिद्धान्तलाई ध्यान दिनु पर्नेछ र खण्ड (ख) बमोजिम राजनीतिक दलहरूले उम्मेदवारहरूको सूचिकृत गर्दा महिला, दलित, उत्पीडित जाति/आदिवासी जनजाति, पिछडिएको क्षेत्र, मधेशी लगायत अन्य वर्ग समेतको कानूनमा व्यवस्था भए बमोजिम समानुपातिक प्रतिनिधित्व गराउनु पर्नेछ।

यस उपधारामा जुनसुकै कुरा लेखिएको भएतापनि महिलाको हकमा उपधारा (३) को खण्ड (ख) बमोजिम समानुपातिक प्रतिनिधित्वमा हुने सङ्ख्यामा उपधारा (३) को खण्ड (क) अनुसार दिइने उम्मेदवारीको संख्या जोडेर कूल संख्याको न्यूनतम एक तिहाई उम्मेदवारी दिनुपर्नेछ।

(५) संविधानसभाका सदस्यहरूको निर्वाचन कानूनमा व्यवस्था भए बमोजिम गोप्य मतदानद्वारा हुनेछ।

(६) संविधानसभाको निर्वाचनको प्रयोजनको लागि संबत् २०६३ साल मङ्सिर मसान्तसम्म अठार वर्ष उमेर पूरा भएको प्रत्येक नेपाली नागरिकलाई कानूनमा व्यवस्था भए बमोजिम मतदान गर्ने अधिकार हुनेछ।

(७) यस धारामा लेखिएको कुराहरूको अधीनमा रही संविधानसभाको

**नेपालको अन्तरिम संविधान**
**(पहिलो संशोधन), २०६३**

प्रमाणिकरण तथा प्रकाशन मिति
२०६३/११/३०

३. संविधानको धारा ६३ मा संशोधन : संविधानको धारा ६३ को-

(१) उपधारा (३) को सट्टा देहायको उपधारा (३) राखिएको छ :

"(३) संविधानसभामा समान जनसंख्या र भौगोलिक अनुकूलता तथा विशिष्टताका आधारमा र मधेशमा जनसंख्या प्रतिशतको आधारमा कानुनमा व्यवस्था भए बमोजिम मिश्रित निर्वाचन प्रणाली अनुरुप देहाय बमोजिम निर्वाचित र मनोनयन हुने देहायका संख्याका सदस्यहरू रहनेछन् :

(क) प्रशासकीय जिल्लालाई निर्वाचन जिल्ला कायम गरी संविधानसभाको निर्वाचन हुनुभन्दा अघिको राष्ट्रिय जनगणनाबाट निश्चित भएको जनसंख्याको आधारमा त्यस्ता जिल्ला र सदस्य संख्याबीचको अनुपात यथासम्भव समान हुने गरी धारा १५४ क. मोजिम व्यवस्था भएको निर्वाचन षेत्र निर्धारण आयोगबाट निर्धारण भए बमोजिमको संख्या बराबर निर्वाचन क्षेत्र कायम गरी प्रत्येक निर्वाचन क्षेत्रबाट एकजनाका दरले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अनुसार निर्वाचित सदस्य,

(ख) सम्पूर्ण मुलुकलाई एक निर्वाचन क्षेत्र मानी राजनैतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणाली अनुसार खण्ड (क) बमोजिमको सदस्य संख्या बराबर निर्वाचित हुने सदस्य,

(ग) राष्ट्रिय जीवनमा महत्वपूर्ण योगदान पुऱ्याएका विशिष्ट व्यक्तिहरूमध्येबाट सहमतिका आधारमा मन्त्रिपरिषद्बाट मनोनयन हुने सत्रजना सदस्य।"

(२) उपधारा (३) पछि देहायको उपधारा (३क) थपिएको छ :

"(३क) उपधारा (३) को खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भएतापनि सो खण्ड बमोजिम निर्वाचन क्षेत्र निर्धारण गर्दा सम्व २०५६सालमा तत्काल कायम रहनेको प्रतिनिधिसभा सदस्यको निर्वाचन हुँदाका बखत प्रचलित कानुन बमोजिम कायम रहेका प्रशासकीय जिल्लाहरूका निर्वाचन क्षेत्रको संख्यालाइ यथावत् राखी हिमाली र क्षेत्रमा जनसंख्या वृद्धिको आधारमा निर्वाचन क्षेत्र वृद्धि गरिनेछ र त्यसरी निर्वाचन क्षेत्र निर्धारण गर्दा मधेशको जनसंख्याको प्रतिशतको आधारमा निर्वाचन क्षेत्रको संख्या कम भएका मधेशका प्रशासकीय जिल्लाको निर्वाचन क्षेत्र वृद्धि गरिनेछ।"

निर्वाचन र सो सम्बन्धी अन्य कुरा कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।

संविधानसभाको कार्यकाल: संविधानसभाले प्रस्ताव पारित गरी अगावै विघटन गरेकोमा बाहेक संविधानसभाको कार्यकाल संविधानसभाको पहिलो बैठक बसेको मितिले दुई वर्षको हुनेछ।

तर मुलुकमा संकटकालीन स्थितिको घोषणा भएको कारणले संविधान निर्माण गर्ने काम पूरा हुन नसकेमा संविधानसभाले प्रस्ताव पारित गरी संविधानसभाको कार्यकाल थप छ महिनासम्म बढाउन सक्नेछ।

सदस्यको योग्यता: संविधानसभाको सदस्य हुनका लागि कुनै पनि व्यक्तिले देहायका योग्यता पूरा गरेको हुनु पर्नेछ:

(क) नेपाली नागरिक,
(ख) कम्तीमा पच्चीस वर्ष उमेर पूरा गरेको,
(ग) नैतिक पतन देखिने फौज्दारी कसुरमा सजाय नपाएको,
(घ) कुनै लाभको पद धारण नगरेको।

स्पष्टीकरण: खण्ड (घ) को प्रयोजनका लागि "लाभको पद" भन्नाले निर्वाचन वा मनोनयनद्वारा पूर्ति गरिने राजनीतिक पद बाहेक कुनै सरकारी कोषबाट पारिश्रमिक वा अन्य कुनै आर्थिक सुविधा पाउने अन्य कुनै पदलाई जनाउनेछ।

सदस्यको अयोग्यता सम्बन्धी प्रश्नको निर्णय: संविधानसभाका कुनै सदस्य धारा ६५ बमोजिम अयोग्य छ वा हुन गएको छ भन्ने प्रश्न उठेमा त्यसको अन्तिम निर्णय संविधानसभा अदालतले गर्नेछ।

सदस्यको स्थानको रिक्तता: संविधानसभाका सदस्यको स्थान देहायको अवस्थामा रिक्त भएको मानिनेछ:

(क) निजले लिखित राजीनामा दिएमा,
(ख) धारा ६५ बमोजिम निजको योग्यता नभएमा वा नरहेमा,
(ग) सभालाई सूचना नदिई लगातार दशवटा बैठकमा अनुपस्थित रहेमा,
(घ) जुन राजनीतिक दलको सदस्य भई निर्वाचित भएको हो सोही दलले कानूनमा व्यवस्था भए बमोजिम निजले दल त्याग गरेको वा दलको सदस्यता कायम नरहेको कुरा सूचित गरेमा,
(ङ) निजको मृत्यु भएमा।

स्पष्टीकरण: खण्ड (घ) को व्यवस्था संविधानसभाका अध्यक्ष वा उपाध्यक्षको हकमा लागू हुने छैन।

सदस्यको शपथ: संविधानसभाका प्रत्येक सदस्यले संविधानसभा वा यसको कुनै समितिमा पहिलो पटक भाग लिनु अघि कानूनमा व्यवस्था भए बमोजिम शपथ लिनु पर्नेछ।

संविधानसभाको बैठक: (१) संविधानसभाका सदस्यहरूको अन्तिम निर्वाचन परिणाम निर्वाचन आयोगले सार्वजनिक गरेको एक्काइस दिनभित्र प्रधानमन्त्रीले आव्हान गरे वमोजिम संविधानसभाको पहिलो बैठक बस्नेछ र त्यसपछिका बैठक संविधानसभाको अध्यक्षता गर्ने व्यक्तिले तोकेको मिति र स्थानमा बस्नेछ।

उपधारा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संविधानसभाका कम्तीमा एक चौथाई सदस्यले संविधानसभाको बैठक बोलाउन आवश्यक छ भनी कारण सहित संविधानसभाका अध्यक्ष समक्ष निवेदन गरेमा अध्यक्षले पन्ध्र दिनभित्र संविधानसभाको बैठक बोलाउनु पर्नेछ।

संविधानको विधेयक पारित गर्ने विधि: (१) संविधानसभाले संविधानको विधेयक पारित गर्दा संविधानसभामा पेश भएको त्यस्तो विधेयकको प्रस्तावना तथा प्रत्येक धारामा मतदान गरी पारित गर्नेछ।

उपधारा (१) बमोजिम मतदान गर्दा संविधानसभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्यको कम्तीमा दुई तिहाई सदस्य उपस्थित भएको बैठकको सर्वसम्मतिबाट पारित गर्नु पर्नेछ।

उपधारा (२) बमोजिम संविधानको विधेयकको प्रस्तावना वा त्यसको कुनै धाराका सम्बन्धमा सर्वसम्मत कायम हुन नसकेमा सो विषयमा सर्वसम्मति कायम गर्न संविधानसभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलका संसदीय दलका नेताले आपसमा परामर्श गर्नेछन्।

उपधारा (३) बमोजिम परामर्श गर्ने काम सर्वसम्मति कायम हुन नसकेको मितिले बढीमा पन्ध्रदिन सम्म पूरा गरिसक्नु पर्नेछ।

उपधारा (४) बमोजिम परामर्श भएकोमा त्यस्तो परामर्श गर्ने काम पूरा

**नेपालको अन्तरिम संविधान**

**(तेस्रो संशोधन), २०६४**

प्रमाणिकरण तथा प्रकाशन मिति

२०६४/९/१३

५. संविधानको धारा ६३ मा संशोधन : संविधानको धारा ६३ को उपधारा (३) को,

(१) खण्ड (क) मा रहेका "निर्धारण भए बमोजिमको संख्या बराबर" भन्ने शब्दहरूको सट्टा "निर्धारण भए बमोजिम दुई सय चालीस" भन्ने शब्दहरू राखिएका छन्।

(२) खण्ड (ख) मा रहेका "खण्ड (क) बमोजिमको सदस्य संख्या बराबर निर्वाचित हुने सदस्य" भन्ने शब्दहरूको सट्टा "निर्वाचित हुने तीन सय पैतीस सदस्य" भन्ने शब्दहरू राखिएका छन्।

(३) खण्ड (ग) मा रहेका "विशिष्ट व्यक्तिहरूमध्येबाट" भन्ने शब्दहरूको सट्टा "विशिष्ट व्यक्तिहरू र खण्ड (क) र (ख) बमोजिमको निर्वाचनबाट प्रतिनिधित्व हुन नसकेका आदिवासी जनजातिमध्येबाट" र "सत्रजना" भन्ने शब्दको सट्टा "छब्बीसजना" भन्ने शब्दहरू राखिएका छन्।

भएको सात दिनभित्र त्यस्तो विधेयकको प्रस्तावना वा कुनै धारा उपर पुनः मतदान हुनेछ।

उपधारा (५) बमोजिम मतदान हुँदा पनि उपधारा (२) बमोजिमको सर्वसम्मत कायम हुन नसकेमा प्रस्तावना वा जुन धाराका सम्बन्धमा सर्वसम्मत कायम हुन नसकेको हो सो प्रस्तावना वा धारामा पुनः मतदान हुनेछ र त्यस्तो मतदानमा संविधानसभाका तत्काल कायम रहेका सम्पूर्ण सदस्यको कम्तीमा दुई तिहाई सदस्य उपस्थित भएको बैठकको कम्तीमा दुई तिहाई बहुमतबाट पारित भएमा त्यस्तो प्रस्तावना वा धारा पारित भएको मानिनेछ।

यस धाराको प्रयोजनका लागि संविधानसभामा पेश भएको संविधानको विधेयकको प्रस्तावना वा त्यसको कुनै धाराको सम्बन्धमा मतदान गर्दा कुनै पनि सदस्यले त्यस्तो विधेयकको प्रस्तावना वा त्यसको कुनै धाराको विपक्षमा मत नदिएमा सर्वसम्मति कायम भएको मानिनेछ।

संविधानसभाका अध्यक्ष र उपाध्यक्ष: (१) संविधानसभाले संविधान निर्माण सम्बन्धी आफ्नो कार्य प्रारम्भ गर्नु अघि आफ्ना सदस्यहरू मध्येबाट एकजना अध्यक्ष र एकजना उपाध्यक्षको निर्वाचन गर्नेछ।

उपधारा (१) बमोजिम निर्वाचन गर्दा अध्यक्ष र उपाध्यक्ष संविधानसभामा प्रतिनिधित्व गर्ने अलग-अलग राजनीतिक दलबाट प्रतिनिधित्व गर्ने सदस्य हुनु पर्नेछ।

उपधारा (१) बमोजिम अध्यक्ष र उपाध्यक्षको निर्वाचन सम्पन्न नभए सम्म उमेरका हिसावले संविधानसभाको सबभन्दा जेष्ठ सदस्यले संविधानसभाको अध्यक्षता गर्नेछ।

अध्यक्ष वा उपाध्यक्षले यस संविधान बमोजिम आफ्नो कार्य सम्पादन गर्दा कुनै पनि राजनीतिक दलको पक्ष वा विपक्षमा नरही तटस्थ व्यक्तिको हैसियतले गर्नेछ।

अध्यक्ष र उपाध्यक्षको स्थान रिक्तता: (१) देहायको अवस्थामा अध्यक्ष र उपाध्यक्षको पद रिक्त हुनेछः-

(क) निजले लिखित राजीनामा दिएमा,

(ख) संविधानसभामा निजको सदस्यता नरहेमा,

(ग) निजले पद अनुकूलको आचरण गरेको छैन भन्ने प्रस्ताव संविधानसभाका सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुई तिहाई सदस्यको बहुमतबाट पारित भएमा, वा

(घ) निजको मृत्यु भएमा।

संविधानसभाको अध्यक्षले पद अनुकूलको आचरण गरेको छैन भन्ने प्रस्तावउपर छलफल हुने बैठकको अध्यक्षता उपाध्यक्ष वा अन्य कुनै सदस्यले गर्नेछ र सो प्रस्तावको छलफलमा अध्यक्षले भाग लिन र मत दिन पाउने छ।

गणपूरक संख्या: यस भागमा अन्यथा लेखिएकोमा बाहेक संविधानसभाको बैठकमा सम्पूर्ण सदस्य संख्याको कम्तीमा एक चौथाई सदस्य उपस्थित नभएसम्म संविधानसभाको गणपूरक संख्या पुगेको मानिने छैन र कुनै प्रश्न वा प्रस्ताव निर्णयका लागि प्रस्तुत हुने छैन।

सदस्यको स्थान रिक्त रहेको अवस्थामा संविधानसभाको कार्य सञ्चालन: संविधानसभाको कुनै सदस्यको स्थान रिक्त रहे पनि संविधानसभाले आफ्नो कार्य सम्पादन गर्न सक्नेछ र अयोग्यताको कारण संविधानसभाको कुनै काम कारबाहीमा भाग लिन नपाउने कुनै व्यक्तिले भाग लिएको कुरा पछि पत्ता लाग्यो भने पनि भइसकेको काम कारबाही अमान्य हुने छैन।

मतदान: यस भागमा अन्यथा व्यवस्था भएकोमा बाहेक संविधानसभाको निर्णयको लागि प्रस्तुत जुनसुकै प्रश्न वा प्रस्तावको निर्णय उपस्थित भई मतदान गर्ने सदस्यहरूको बहुमतबाट हुनेछ। अध्यक्षता गर्ने व्यक्तिलाई सामान्यतया मत दिने अधिकार हुने छैन।

तर मत बराबर भएमा निजले आफ्नो निर्णायक मत दिनेछ।

अनधिकृत उपस्थित भएमा वा मतदान गरेमा सजाय हुने: धारा ६७ बमोजिम शपथ नलिई वा संविधानसभाको सदस्य हुनको लागि आवश्यक योग्यता पुगेको छैन भन्ने थाहा पाउँदा पाउँदै कुनै व्यक्ति संविधानसभा वा त्यसको कुनै समितिको बैठकमा उपस्थित भएमा वा निजले मतदान गरेमा निजलाई सो बैठकमा अध्यक्षता गर्ने व्यक्तिको आदेशले त्यसरी उपस्थित भएको वा मतदान गरेको प्रत्येक पटकका लागि पाँच हजार रूपैयाँ जरिवाना हुनेछ। यसरी भएको जरिवाना निजले चुक्ता नगरेमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

विशेषाधिकार: (१) संविधानसभाको बैठकमा पूर्ण वाक् स्वतन्त्रता रहनेछ र सो बैठकमा व्यक्त गरेको कुनै कुरा वा दिएको कुनै मतलाई लिएर कुनै पनि सदस्यलाई पक्राउ गर्न, थुनामा राख्न वा निजउपर कुनै अदालतमा कारबाही चलाइने छैन।

(२) संविधानसभाको प्रत्येक बैठकलाई आफ्नो आन्तरिक काम, कारबाही नियमित गर्ने पूर्ण अधिकार रहनेछ र कुनै काम कारबाही नियमित वा अनियमित छ वा छैन भनी निर्णय गर्ने अधिकार सम्बन्धित बैठकलाई मात्र हुनेछ। यस सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाइने छैन।

(३) संविधानसभाको कुनै पनि काम, कारबाहीलाई त्यसको असल नियतबारे शंका उठाई कुनै टीका टिप्पणी गरिने छैन र कुनै सदस्यले बोलेको कुनै कुराको सम्बन्धमा जानी-जानी गलत वा भ्रामक अर्थ लगाई कुनै प्रकारको प्रकाशन तथा प्रसारण गरिने छैन।

(४) संविधानसभाबाट दिएको अधिकार अन्तर्गत कुनै लिखत, प्रतिवेदन, मतदान वा कारबाही प्रकाशित गरेको विषयलाई लिएर कुनै व्यक्तिउपर अदालतमा कारबाही चलाइने छैन।

स्पष्टीकरण: उपधारा (१), (२), (३) र (४) को प्रयोजनका लागि “संविधानसभाको बैठक” भन्नाले संविधानसभा र त्यसको कुनै समितिको बैठक समेतलाई जनाउने छ।

(५) संविधानसभाको कुनै पनि सदस्यलाई संविधानसभाको कार्यकालभर पक्राउ गरिने छैन।

तर कुनै फौज्दारी अभियोगमा कुनै सदस्यलाई कानून बमोजिम पक्राउ गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन। त्यसरी कुनै सदस्य पक्राउ गरिएमा पक्राउ गर्ने अधिकारीले त्यसको सूचना संविधानसभाको अध्यक्षता गर्ने व्यक्तिलाई तुरुन्त दिनु पर्नेछ।

(६) यस धारामा उल्लेख भएका कुनै कुरा उल्लंघन भएमा संविधानसभाको विशेषाधिकार हनन हुने र संविधानसभाको

विशेषाधिकारको हननलाई संविधानसभाको अवहेलना मानिनेछ। कुनै विशेषाधिकारको हनन भएको छ वा छैन भन्ने निर्णय गर्ने अधिकार सो सभालाई मात्र हुनेछ।

(७) कसैले संविधानसभाको अवहेलना गरेमा सो सम्बन्धी बैठकको अध्यक्षता गर्ने व्यक्तिले बैठकको निर्णयबाट सो व्यक्तिलाई सचेत गराउन, नसीहत दिन वा तीन महिनामा नबढ्ने गरी कैद गर्न वा दश हजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ। त्यस्तो जरिवाना निजले चुक्ता नगरेमा सरकारी बाँकी सरह असूल उपर गरिनेछ।

तर संविधानसभालाई सन्तोष हुने गरी निजले क्षमा याचना गरेमा संविधानसभाले क्षमा प्रदान गर्न वा तोकिसकेको सजायलाई माफी गर्न, घटाउन वा कार्यान्वयन नगराउन सक्नेछ।

(८) यस संविधानमा उल्लेख गरिएदेखि बाहेक विशेषाधिकार सम्बन्धी अन्य कुराहरू कानूनद्वारा निर्धारण गरिए बमोजिम हुनेछन्।

कार्य सञ्चालन विधि: यस संविधानको अधीनमा रही संविधानसभाले आफ्नो कार्य सञ्चालन गर्न बैठकको सुव्यवस्था कायम राख्न र समितिहरूको गठन, काम कारवाही र अन्य कुरा नियमित गर्नको लागि नियमावली बनाउनेछ। त्यस्तो नियमावली नबनेसम्मको लागि संविधानसभाले आफ्नो कार्यविधि आफैं नियमित गर्नेछ।

समिति: संविधानसभामा कानूनद्वारा व्यवस्था भए बमोजिम आवश्यक संख्यामा समिति र उपसमितिहरू रहने छन्। आवश्यकता अनुसार विशेषज्ञहरूको सहयोग लिन सकिनेछ।

संविधानसभाको सचिवालय: (१) संविधानसभाको कामलाई व्यवस्थित गर्नका लागि एक सचिवालय रहनेछ। त्यस्तो सचिवालयको स्थापना र सो सम्बन्धी अन्य कुरा कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ।

(२) संविधानसभाको काम, कारबाही सञ्चालन गर्न आवश्यक हुने कर्मचारी नेपाल सरकारले उपलब्ध गराउनेछ।

पारिश्रमिक: संविधानसभाका अध्यक्ष, उपाध्यक्ष, सदस्य तथा समितिका सभापतिहरूको पारिश्रमिक र सुविधा कानूनद्वारा व्यवस्था भए बमोजिम हुनेछ र त्यसरी व्यवस्था नभएसम्म नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

संविधानसभाको विघटन: संविधानसभाले पारित गरेको संविधान प्रारम्भ भएको दिनदेखि संविधानसभाको काम समाप्त हुनेछ।

तर, संविधानसभाले पारित गरेको संविधान बमोजिमको व्यवस्थापिका-संसदको निर्वाचन नभएसम्मका लागि व्यवस्थापिका-संसदको काम, कारवाहि सो सभाले पारित गरेको संविधानमा उल्लेख भए बमोजिम हुनेछ।

व्यवस्थापिका-संसदको हैसियतमा काम गर्ने: (१) यस भागमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संविधानसभा कायम रहेको अवधिभर सो सभाले व्यवस्थापिका-संसदको काम समेत गर्नेछ र नियमित विधायन सम्बन्धी आवश्यक कार्य सम्पादन गर्न संविधानसभाले छुट्टै समिति गठन गर्न सक्नेछ।

संविधानसभाका अध्यक्ष तथा उपाध्यक्ष व्यवस्थापिका-संसदका क्रमश: सभामुख र उपसभामुख हुनेछन्।

संविधानसभाको सचिवालय र त्यसका कर्मचारीहरू व्यवस्थापिका-संसदको सचिवालय र कर्मचारी हुनेछन्।

संविधानसभाले व्यवस्थापिका-संसदको हैसियतमा कार्य सम्पादन गर्दा भाग ९ का व्यवस्थाहरू आवश्यक हेरफेर सहित संविधानसभालाई लागू हुनेछन्।


मानवअधिकार र सामाजिक न्यायका निम्ति

**संविधानसभा निर्वाचन**

संविधानसभा निर्वाचनबाट निर्वाचित प्रतिनिधि र मन्त्रिपरिषद्बाट मनोनित प्रतिनिधिले संविधानको निर्माण गर्दछन्। अब बन्ने संविधानले राज्य सञ्चालनमा सबै जातजाति, भाषाभाषी, वर्ग, लिङ्गका जनताको प्रतिनिधित्व कसरी कुन रूपमा हुन सक्छ, शासन प्रणाली कस्तो बनाउने, संघीय राज्य व्यवस्था कसरी कायम गर्ने, प्राकृतिक स्रोतको बाँडफाड कसरी गर्ने भन्ने सबै विषय समेटेको हुन्छ। त्यसैले यस संविधानसभा निर्वाचनमा सबैले मतदान गर्नुपर्छ।

संविधानसभा निर्वाचनमा सबै खाले व्यक्ति वा दल उम्मेदवार भएका हुन सक्छन्। कोही पुरानै प्रकारको व्यवस्था रुचाउने होलान्, कोही महिलालाई मानिस नै नठान्ने होलान्, कोही म ठूलो जातको हुँ भनेर अन्य जातिलाई भेदभाव गर्ने होलान् भने कोही राज्यका सबै सुविधा आफ्नै पोल्टामा परोस् भनेर चाहना गर्ने पनि होलान्। एक छाक मीठो मसिनो खुवाएर भोट देऊ भन्ने हुन सक्लान्। त्यस्तै, धम्काएर, कुटेर, गाली गरेर 'मलाई भोट हाल् नभए म यस्तो गर्छु उस्तो गर्छु' भनेर घुर्की लगाउने पनि होलान्।

जनआन्दोलनको भावनाअनुसार संविधानसभा निर्वाचन हुन लागेको हो। कसैको स्वार्थ र इच्छा पूरा गर्न होइन, आफ्नो अधिकार प्राप्त गर्नका लागि हो भन्ने कुरा बुझेर संविधानसभा निर्वाचनमा सबैले मतदान गर्नुपर्छ।

**संविधानसभाको निर्वाचनमा कसलाई भोट दिने ?**

- जातीय भेदभाव नगर्ने, सबै मानिसलाई एक समान व्यवहार गर्ने। दलित, महिला, आदिवासी जनजाति, मधेशी तथा पिछडिएका वर्गको हकअधिकार दिलाउन प्रतिबद्ध।
- विगतमा तपाईंले दिएको मतको जसले कदर गरेर जनताको हितमा काम गर्‍यो।
- सबै नेपालीको आधारभूत अधिकार संरक्षणका लागि डट्न सक्ने।
- भ्रष्टाचार नगरेको।
- आफन्त, नातागोता र आफ्नो दलको स्वार्थ पूरा गर्न नलाग्ने।
- लोभलालच देखाएर मत नमाग्ने।
- धम्काएर, तर्साएर, कुटपिट गरेर मत नमाग्ने र
- अरु व्यक्ति र दलहरूलाई सम्मान गर्नेलाई मत दिए मात्र राम्रो संविधान बन्न सक्छ भन्ने कुरा नबिर्सौं।

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

इन्सेक insec

केन्द्रीय कार्यालय, कलङ्की, स्यूचाटार, काठमाडौं
फोन ४२७८०५९१, ४२७८७७०, फ्याक्स ४२७०५५१
ईमेल insec@insec.org.np, inseconline@insec.org.np

# संविधानसभा सदस्य निर्वाचन आचारसंहिता, २०६४

निर्वाचन आयोगबाट

स्वीकृत मिति २०६४/५/२

स्वच्छ, निष्पक्ष, स्वतन्त्र, पारदर्शी र विश्वसनीय ढ बाट संविधानसभा सदस्यको निर्वाचन सम्पन्न गर्नका लागि सम्बन्धित सरोकारवालाले पालना गर्नु पर्ने आचरणलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

निर्वाचन आयोग ऐन, २०६३ को दफा २८ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले सम्बन्धित सरोकारवालाहरुसँग परामर्श गरी यो आचार संहिता बनाएको छ।

## परिच्छेद – १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस आचार संहिताको नाम "संविधानसभा सदस्य निर्वाचन आचार संहिता, २०६४" रहेको छ।

(२) यो आचार संहिता निर्वाचन आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मिति देखि प्रारम्भ हुनेछ।

२. आचार संहिता लागू हुने पक्षहरु : यो आचार संहिता देहायका व्यक्ति, संस्था वा निकायहरुलाई लागू हुनेछ र त्यस्ता व्यक्ति, संस्था वा निकायहरुले यो आचार संहिताको पालना गर्नु पर्ने कर्तव्य हुनेछ :

(क) राजनीतिक दल तथा उम्मेदवार,

(ख) राजनीतिक दल तथा उम्मेदवारसँग सम्बन्धित व्यक्तिहरु,

स्पष्टीकरण : यस आचार संहिताको प्रयोजनको लागि "राजनीतिक दल तथा उम्मेदवारसँग सम्बन्धित व्यक्ति" भन्नाले कुनै राजनीतिक दल वा उम्मेदवारको तर्फबाट निर्वाचन अभियानमा संलग्न जुनसुकै व्यक्ति सम्झनु पर्छ।

(ग) नेपाल सरकार,

(घ) सरकारी तथा अर्धसरकारी संस्था र स्थानीय निकाय,

(ङ) सरकारी, अर्धसरकारी तथा निजी क्षेत्रका आम सञ्चारका माध्यम,

(च) सरकारी, अर्धसरकारी संस्था तथा स्थानीय निकायका कर्मचारी, निर्वाचन कार्यमा संलग्न कर्मचारी र निर्वाचन कार्यको लागि निर्वाचन आयोगले खटाएको स्वंयसेवक।

## परिच्छेद – २
## राजनीतिक दल तथा उम्मेदवारहरुले पालना गर्नुपर्ने आचरण

राजनीतिक दल, उम्मेदवार तथा निजहरुसँग सम्बन्धित व्यक्तिहरुले निर्वाचन अभियान सञ्चालन गर्दा गराउँदा देहायका आचरणहरु पालना गर्नु गराउनु पर्नेछ :

**प्रचार प्रसार**

३. नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, राष्ट्रिय अखण्डता, जनतामा निहित राजकीय सत्ता, प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन व्यवस्था, मानव अधिकार र स्वतन्त्र न्यायप्रणालीको प्रतिकूल हुने गरी निर्वाचन प्रचार प्रसार गर्नु गराउनु हुँदैन।

४. कुनै धर्म सम्प्रदाय, जात जाति, लि , भाषा, समुदाय वा प्रादेशिकताको आधारमा घृणा वा द्वेष उत्पन्न गर्ने गरी निर्वाचन प्रचार प्रसार गर्नु गराउनु हुँदैन।

५. प्रचार प्रसारको सन्दर्भमा प्रयोग गरिने भाषा शिष्ट र मर्यादित हुनु पर्नेछ।

६. निर्वाचनको प्रचार प्रसारमा कुनै पनि प्रकारको प्लास्टिकको सामग्री प्रयोग गर्नपाइने छैन।

७. प्रचार प्रसारको क्रममा बढीमा ७५ ग्रामसम्मको कागजमा बढीमा कुल क्षेत्रफल १८० वर्ग इन्च आकारको पर्चा मात्र प्रयोग गर्न पाइनेछ। यस्तो पर्चा छपाउँदा एक र मा मात्र छपाउनु पर्नेछ र प्रत्येक पर्चामा मुद्रकको नाम र ठेगाना उल्लेख गरेको हुनु पर्नेछ।

८. निर्वाचन प्रचार प्रसारको क्रममा कुनै पनि पोष्टर टाँस्न वा वितरण गर्न भित्ते लेखन गर्न तुल र व्यानर प्रयोग गर्न गराउन हुँदैन।

९. धार्मिक, पुरातात्विक वा ऐतिहासिक भवन, स्मारकस्थल वा सरकारी वा सार्वजनिक भवनको भित्ता वा पर्खालमा कुनै पनि किसिमको पर्चा टाँस्न हुँदैन।

१०. कसैको निजी घर कम्पाउण्ड, पसल, पर्खाल वा यस्तै अन्य स्थानहरुमा घरधनीको स्वीकृति नलिई कुनै पनि किसिमको पर्चा टाँस्न हुँदैन।

११. निर्वाचनको प्रयोजनको लागि टाँसिएको पर्चा वा निर्वाचन चिन्हलाई अर्को राजनीतिक दल वा उम्मेदवारका तर्फबाट केरमेट गर्न उप्काउन, च्यात्न वा त्यसमाथि आफ्नो पर्चा टाँस्न वा टाँस्न लगाउन हुँदैन।

१२. निर्वाचनको प्रचार प्रसारको क्रममा कसैले पनि कसैको पुत्ला लिएर हिंड्न वा पुत्ला जलाउने कार्य गर्नु गराउनु हुँदैन।

१३. निर्वाचनको प्रचार प्रसारको क्रममा हात हतियार वा विष्फोटक पदार्थलिएर हिंडन वा रासायनिक वा विषालु पदार्थ वा लाठी, भाला, खुकुरी जस्ता धारिलो तथा जोखिमी प्रकृतिका हातहतियारको प्रदर्श गर्न वा प्रयोग गर्नु गराउन हुँदैन।

१४. नेपाल सरकार, नेपाल सरकारको स्वामित्वमा वा नियन्त्रणमा रहेका

निकाय वा स्थानीय निकाय वा कुनै परियोजना अन्तर्गतका सवारी साधनहरु, अन्य साधनहरु वा सम्पतिलाई राजनीतिक दल वा उम्मेदवारको प्रचार प्रसारको काममा प्रयोग गर्न गराउनु हुँदैन।

**जुलुस तथा आमसभा**

१५. सार्वजनिक आवागमनमा अवरोध पर्ने गरी जुलुस, आमसभा गर्नु गराउनु हुँदैन।

१६. राजनीतिक दल वा उम्मेदवार वा तिनका संस्थाहरुले अरु दल वा उम्मेदवारहरुले आयोजना गरेको जुलुस वा आमसभा विथोल्न वा बाधा पुऱ्याउन हुँदैन।

१७. जुलुस तथा आमसभामा भाग लिने व्यक्तिहरुले हातमा बढीमा १०"× १८" सम्म आकारको झण्डा लिन सक्नेछन्।
तर निर्वाचन प्रचार प्रसारको लागि प्रयोग गरिने सवारी साधनमा वा आमसभास्थलमा सो भन्दा बढी आकारको झन्डा प्रयोग गर्न सकिनेछ।

१८. नेपाल सरकार वा स्थानीय प्रशासनले सार्वजनिक सुरक्षा र हितका निमित्त प्रचलित कानून बमोजिम निषेध गरेको समय र स्थानमा कुनै पनि जुलुस, ऱ्य ाली, आमसभा वा प्रचार प्रसारको अन्य कार्यक्रमको आयोजना गर्नु गराउनु हुँदैन।

१९. जुलुस,ऱ्याली, आमसभा जस्ता प्रचार प्रसारका कार्यक्रम बिहान ७ बजेदेखि साँझ ७ बजेसम्म बाहेक अरु समयमा गर्न पाइने छैन।

२०. जुलुस, ऱ्याली वा आमसभा गर्दा गराउँदा सो को समय, मिति, रुट र स्थानका बारेमा स्थानीय प्रशासनलाई कम्तीमा २४ घण्टा अगावै अग्रिम जानकारी गराएर मात्र गर्नु पर्नेछ। तय भइ सकेको माग स्थानीय प्रशासनको अनुमति बेगर फेरबदल गर्न पाइने छैन।

२१. कुनै दुई वा सो भन्दा बढी राजनीतिक दल वा उम्मेदवारले एउटै समय, स्थान र मार्गमा जुलुस, ऱ्याली वा आमसभा आयोजना गर्न पाउने छैन। यस प्रयोजनको लागि स्थानीय प्रशासनले दिएको सहमति अनुसार सम्बन्धित दल वा उम्मेदवारले जुलुस, ऱ्याली वा आमसभाको आयोजना गर्नु पर्नेछ।

२२. मसाल जुलुस र कुनै पनि हातहतियारसहितको जुलुस निकाल्न पाइने छैन।

२३. कुनै पनि किसिमको जुलुस, ऱ्याली वा आमसभा सञ्चालन गर्दा बालबालिकालाई सहभागी गर्न गराउन वा निर्वाचनको प्रचार प्रसार लगायत निर्वाचनसँग सम्बन्धित कुनै पनि गतिविधिमा बालबालिकालाई प्रयोग गर्न गराउन हुँदैन।

२४. मतदानको दिन भन्दा ४८ घन्टा अघिदेखि मतदानको काम पूरा नभएसम्म जुलुस निकाल्न, नारा लगाउन वा राजनीतिक दल वा दलसँग आबद्ध संस्थाको झन्डा वा निर्वाचन चिन्ह वा प्रचार प्रसार हुने गरी कुनै सामग्री प्रदर्शन गर्न वा अन्य कुनै पनि प्रकारले प्रचार प्रसार गर्न गराउनु हुँदैन।

२५. जनसाधारणको हितमा प्रतिकूल असर नपर्ने गरी निर्वाचनको प्रचार प्रसार गर्ने उद्देश्यले आमसभा र आमसभाको लागि सूचना प्रवाह गर्न प्रयोजनका लागि बाहेक अन्यत्र माइक तथा लाउडस्पिकर प्रयोग गर्नहुँदैन।

**सवारी साधनको प्रयोग**

२६. निर्वाचनको प्रचार प्रसारको लागि हवाईजहाज तथा हेलिकप्टर जस्ता महँगा सवारी साधनको प्रयोग गर्न गराउनु हुँदैन।

२७. उम्मेदवारले निर्वाचन प्रचार प्रसारका लागि एक निर्वाचन क्षेत्रमा एउटा हलुका सवारी साधन मात्र प्रयोग गर्न पाउनेछ।
तर त्यस्ता सवारी साधन नचल्ने निर्वाचन क्षेत्रमा बढीमा दुईवटासम्म घोडा प्रयोग गर्न पाउनेछ।

२८. राजनीतिक दलले निर्वाचन प्रचार प्रसारका लागि एउटा जिल्लामा बढीमा दुई बटासम्म हलुका सवारी साधन प्रयोग गर्न पाउनेछ।

२९. राजनीतिक दल वा उम्मेदवारहरुले निर्वाचनको क्रममा प्रयोग गर्ने सवारी साधनको विवरण निर्वाचन अधिकृतलाई लिखित रुपमा दिनु पर्नेछ।

३०. मतदानको दिन मतदाताहरुलाई हवाईजहाज, हेलिकप्टर, बस, ट्रक, जीप वा अन्य कुनै सवारी साधनबाट ओसार पसार गर्न गराउनु हुँदैन।

**अनुचित प्रभाव तथा अवरोध**

३१. कसैले पनि कुनै किसिमको डर, त्रास, धाक, धम्की दिई वा बल प्रयोग गरी वा प्रलोभन दिई निर्वाचनसँग सम्बद्ध कर्मचारी तथा शान्ति सुरक्षा कायम गर्ने जिम्मेवारीमा रहेका सुरक्षाकर्मीलाई आफ्नो कर्तव्य पालन गर्नबाट विचलित गर्न गराउनु हुँदैन।

३२. कसैले पनि मतदातालाई डर, त्रास, धाक, धम्की वा प्रलोभन दिने वा धर्म भकाउने जस्ता काम गरी निजको इच्छा विपरित मतदान गर्न वा नगर्न बाध्य गर्न गराउनु हुँदैन।

३३. कसैले पनि कुनै किसिमको डर, त्रास, धाक, धम्की दिई वा बल प्रयोग गरी कुनै पनि उम्मेदवारलाई निर्वाचनको प्रचार प्रसार गर्न नपाइने गरी रोक्ने, थुन्ने, छेक्ने वा निर्वाचनमा प्रत्यक्ष वा अप्रत्यक्ष ढ बाट असर पर्नसक्ने गरी कुनै पनि किसिमको काम कारवाही गर्न गराउन हुँदैन।

३४. निर्वाचन विथोल्ने वा निर्वाचनप्रति वितृष्णा पैदा हुने वा निर्वाचनमा भ्रम सिर्जना हुने वा निर्वाचनमा अवरोध हुने गरी कुनै कार्य गर्न गराउनु हुँदैन।

३५. कुनै राजनीतिक दल वा उम्मेदवारले आयोजना गरेको प्रचार प्रसारको कार्यक्रममा कुनै व्यक्ति वा समूहले

बाधा अवरोध पु ऱ्याएमा निजहरु उपर प्रचलित कानून बमोजिम कारवाही गर्न स्थानीय प्रशासनलाई मौखिक अनुरोध गर्न वा निवेदन दिनु पर्नेछ। राजनीतिक दल, उम्मेदवार, कार्यकर्ता वा संस्था आफैले त्यस्ता व्यक्ति उपर कुनै किसिमको कारवाही गर्नु हुँदैन।

३६. मतदाताहरुलाई मतदान गर्न जान वा मतदान गर्नबाट बन्चित गराउने अभिप्रायले कुनै पनि किसिमले अवरोध वा थुनछेक गर्न गराउनु हुँदैन।

३७. कुनैपनि राजनीतिक दल वा उम्मेदवारले वा निजका प्रतिनिधि वा कार्यर्ताले वा कुनै व्यक्तिले बल प्रयोग गरी वा डर, त्रास देखाई वा धम्की दिई वा प्रलोभन दिई मतदान केन्द्र आफ्नो कब्जामा लिनु वा मतपत्र वा मतपेटिका वा मतदान सामग्रि जवरजस्ती कब्जामा लिनु वा खोस्नु वा नास्नु हुँदैन।

३८. मतदातालाई प्रभाव पार्ने उद्देश्यले कुनै प्रकारले नगद वा जिन्सी वा कुनै पनि किसिमको उपहार लिनु र दिनु हुँदैन।

३९. मतदातालाई प्रभाव पार्ने उद्देश्यले भोज भतेरको आयोजना गर्न गराउन र मादक पदार्थ सेवन गरी निर्वाचनको प्रचार प्रसार गर्न गराउनु हुँदैन।

**दायित्व र जिम्मेवारी**

४०. कुनै राजनीतिक दल वा उम्मेदवारको आलोचना गर्दा त्यस्तो दल वा उम्मेदवारको नीति तथा कार्यक्रममा मात्र सीमित रहनु पर्नेछ।

४१. आफ्नो कार्यकर्ता तथा संस्थाहरुलाई निर्वाचन सम्बन्धी आचार संहिताको पूर्णरुपमा जानकारी गराई सोको पालना गर्नगराउन लगाउनु पर्नेछ। आफ्ना कार्यकर्ता वा संस्थाबाट आचार संहिता उल्लंघन भएमा सोको जिम्मेवारी सम्बन्धित दल र उम्मेदवारले लिनु पर्नेछ।

४२. निर्वाचनको क्रममा निर्वाचन सम्बन्धी ऐन, नियम, आदेश तथा निर्देशिकाहरुमा भएका व्यवस्थालाई पूर्णरुपमा पालना गर्नु गराउनु पर्नेछ।

४३. मतदान केन्द्र र त्यसको वरिपरि निर्वाचनको प्रचार प्रसारसँग सम्बन्धित कुनै कुरा टाँस्नु वा टाँस्न लगाउनु वा लेख्नु वा लेख्न लगाउनु समेत हुँदैन। यदि कुनै प्रचार प्रसार सामग्रि टाँसेको वा लेखिएको भएमा सम्बन्धित राजनीतिक दल वा उम्मेदवारले मतदान कार्य शुरु हुनु अगाडि त्यस्ता सामग्रि हटाउनु पर्नेछ। तर निर्वाचन आयोगले उपलब्ध गराएको मतदाता जागरण सम्बन्धी सामग्रि टाँस्न बाधा पुगेको मानिने छैन।

४४. मतदानको दिन कसैले पनि कुनै राजनीतिक दल वा उम्मेदवारको निर्वाचन चिन्ह अंकित कुनै पनि किसिमको पहिरन, पोशाक, टोपी, स्टीकर, लोगो, झोला आदिको प्रयोग गर्न पाउने छैन।

४५. निर्वाचन आयोगद्वारा वितरित मतदाता शिक्षा सम्बन्धी प्रचार सामग्री वा सूचनालाई कसैले विगार्न नास्न, केरमेट गर्न वा अन्य कुनै किसिमबाट थपघट गर्न गराउन वा विकृत गर्नु हुँदैन।

## परिच्छेद- ३
## नेपाल सरकार, सरकारी तथा अर्धसरकारी संस्थाको कार्यालय तथा कर्मचारीले पालना गर्नु पर्ने आचरण

नेपाल सरकार, सरकारी तथा अर्धसरकारी संस्थाको कार्यालय तथा कर्मचारीले देहायका आचरणहरु पालना गर्नु पर्नेछ :

४६. नेपाल सरकार, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका निकाय वा स्थानीय निकायले नयाँ नीति, योजना तथा कार्यक्रमको घोषणा गर्न वा स्वीकृत गर्न वा नयाँ योजना कार्यान्वयन गर्न वा सञ्चालन गर्न वा सो प्रयोजनका लागि जनशक्ति तथा स्रोत, साधनको परिचालन गर्नु गराउनु हुँदैन।

तर यो आचार संहिता लागू हुनु अगावै स्वीकृत भएको योजना कार्यान्वयन गर्न वा सञ्चालन गर्न वा त्यस्तो योजनालाई निरन्तरता दिन बाधा पुगेको मानिने छैन।

४७. सरकारी, सरकारी नियन्त्रण वा स्वामित्वमा रहेका निकाय वा स्थानीय निकायले कुनै पनि योजनाको शिलान्यास गर्न वा उद्घाटन गर्न, नयाँ योजना वा कार्यक्रम स्वीकृत गर्ने, शुरु गर्ने, सर्वेक्षण गर्ने, अध्ययन गर्ने वा अनुदान दिने जस्ता कार्यहरु गर्नु गराउनु हुँदैन।

तर प्राकृतिक प्रकोपको कारणबाट काबु बाहिरको परिस्थिति सिर्जना भई मानवीय आधारमा सहयोग पु ऱ्याउन कुनै कार्यक्रम सञ्चालन गर्न आवश्यक भएमा त्यस्तो कार्यक्रम सञ्चालन गर्न बाधा पुगेको मानिने छैन।

४८. नेपाल सरकारका मन्त्रीहरु तथा राजनीतिक नियुक्ति पाएका व्यक्तिहरुले सरकारी कामका लागि भ्रमण, निरीक्षणमा जाँदा वा अन्य कुनै सरकारी काममा संलग्न रहँदा निर्वाचनको प्रचार प्रसारमा संलग्न रहनु हुँदैन। तर दलीय भावनाले प्रेरित भई प्रचार प्रसार गर्न बाहेक संविधानसभाको सम्बन्धमा कुनै कुरा व्यक्त गर्न बाधा पुगेको मानिने छैन।

४९. निर्वाचनमा उम्मेदवार भएका बाहेक अरु मन्त्री वा व्यवस्थापिका-संसदका सदस्यहरु मतदान गर्न बाहेक मतदान केन्द्र भित्र प्रवेश गर्नु हुँदैन।

५०. मन्त्री वा निजका सल्लाहकारहरु वा राजनीतिक नियुक्ति पाएका व्यक्तिहरुले प्रयोग गर्ने सरकारी साधन, अन्य साधन, स्रोत र सहुलियत राजनीतिक दल वा

राजनीतिक दलका उम्मेदवार वा स्वतन्त्र उम्मेदवारको प्रचार प्रसारको काममा प्रयोग गर्नु गराउनु हुँदैन।

तर प्रधानमन्त्रीको पदीय दायित्व र सुरक्षालाई दृष्टिगत गरी निजको भ्रमणको सिलसिलामा प्रयोग हुने सरकारी सवारी साधनको हकमा यो बन्देज लागू हुने छैन। यस्तो सवारी साधनमा निर्वाचन प्रचार प्रसारमा संलग्न राजनीतिक दलका व्यक्तिलाई समावेश गरिनु हुँदैन।

५१. नेपाल सरकार, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका निकाय वा स्थानीय निकायमा कार्यरत कर्मचारीहरुलाई नेपाल सरकार वा अख्तियारवाला कुनै पनि पदाधिकारीहरुले कुनै राजनीतिक दल वा उम्मेदवारको प्रचार प्रसारको काममा वा निर्वाचन परिणाममा प्रभाव पार्ने खालको काममा प्रयोग गर्नु गराउनु हुँदैन।

५२. नेपाल सरकार, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका निकाय वा स्थानीय निकायका भवन, अतिथि गृह, सभागृह वा त्यस्तै अन्य साधन र सुविधालाई कुनै राजनीतिक दल वा उम्मेदवार वा निर्वाचनको प्रचार प्रसारमा संलग्न अन्य व्यक्तिहरुलाई समेत प्रयोग गर्नदिनु हुँदैन।

५३. नेपाल सरकार, सरकारी स्वामित्व वा नियन्त्रणमा रहेका निकाय वा स्थानीय निकायका प्रमुख वा कर्मचारीले आफ्नो कुनै पनि किसिमको स्रोत, साधन कुनै राजनीतिक दल वा उम्मेदवारको प्रचार प्रसारको लागि उपलब्ध गर्नु गराउनु हुँदैन।

५४. सरकारी, अर्धसरकारी संस्था तथा स्थानीय निकायमा कार्यरत कुनै पनि कर्मचारी, सामुदायिक विद्यालयका शिक्षक र सुरक्षाकर्मीहरुलाई निर्वाचन सम्बन्धी काममा बाहेक अन्यत्र सरुवा गर्न काजमा खटाउन, बढुवा गर्न वा रिक्त पदमा पूर्ति गर्नु हुँदैन।

५५. नयाँ पदको सृजना गर्न विज्ञापन गर्न वा तलब भत्ता बृद्धि गर्न वा ग्रेड, पुरस्कार वा यस्तै अन्य सुविधा र सहुलियत प्रदान गर्नु हुँदैन।

५६. निर्वाचनको परिणाम घोषणा भएको पन्ध्र दिनसम्म निर्वाचन अधिकृत नियुक्त भै काम गरेका कर्मचारीहरुलाई सरुवा गर्नु हुँदैन।

५७. स्थानीय प्रशासनले मतदानको तीन दिन अगाडि र तीन दिन पछाडिसम्म मादक पदार्थको बिकि वितरण र सेवनमा रोक लगाउने व्यवस्था गर्नु पर्नेछ। साथै उम्मेदवारको मनोनयन दर्ता भएको मिति देखि निर्वाचन परिणाम घोषणा भएको मितिसम्म बेलुकी आठ बजे पछि मादक पदार्थ बिकि गर्न बन्द गर्ने व्यवस्था गर्नु पर्नेछ।

५८. निर्वाचनमा संलग्न रहने कर्मचारी, सुरक्षाकर्मीले कुनै पनि राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा नलागी आफ्नो पदीय कर्तव्य तटस्थ र निष्पक्ष रुपमा पालना गर्नु पर्नेछ।

५९. निर्वाचन अधिकृत, मतदान अधिकृत वा मतदानकेन्द्रमा खटिएका वा निर्वाचनको काममा संलग्न अन्य कुनै अधिकृत, कर्मचारी वा पदाधिकारी वा अनुगमनमा खटिएका कर्मचारी वा सुरक्षाकर्मी वा स्वंयसेवक वा पर्यवेक्षकले निर्वाचनको कुनै काम गर्दा कानून बमोजिम कुनै उम्मेदवारलाई आफ्नो मत दिन बाहेक कुनै उम्मेदवार वा दलको पक्ष वा विपक्षमा कुनै किसिमको काम गर्नु वा गराउनु हुँदैन।

६०. निर्वाचनको कार्यक्रम प्रकाशन भए पछि निर्वाचन समाप्त नहुन्जेलसम्म मुलुकलाई प्रतिनिधित्व गर्ने गरी विदेश भ्रमणमा जाने सरकारी प्रतिनिधि मण्डल बाहेक अन्य प्रयोजनका लागि नेपाल सरकार वा कुनै सरकारी तथा अर्धसरकारी संस्थाको कार्यालय वा स्थानीय निकायको तर्फबाट विदेश भ्रमणमा जान पाइने छैन।

## परिच्छेद- ४
## आम सञ्चार माध्यमले पालना गर्नु पर्ने आचरण

सरकारी, अर्धसरकारी तथा निजी क्षेत्रका आम संचार (श्रव्य, दृश्य तथा मुद्रण) का माध्यमहरुले देहायका आधारभूत सिद्धान्तका अधीनमा रही देहाय बमोजिम निर्वाचन प्रचार प्रसार सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्नु पर्नेछ :

**आधारभूत सिद्धान्त**

६१. स्वतन्त्ररुपले अभिमत व्यक्त गर्ने मतदाताको अधिकारको संरक्षण गर्ने सन्दर्भमा सत्य तथ्य र पूर्वाग्रहरहित सूचना सम्प्रेषणमा जोड दिनु पर्नेछ।

६२. निर्वाचनसँग सम्बन्धित शिक्षामूलक समाचार सम्प्रेषणलाई उच्च प्राथमिकता दिनु पर्नेछ।

**सत्य, निष्पक्ष र सन्तुलित समाचार सम्प्रेषण**

६३. निर्वाचन सम्बन्धी सूचना तथा समाचारको सम्प्रेषण गर्दा पूर्वाग्रहरहित र वस्तुनिष्ठ ढ ले गर्नु पर्नेछ।

६४. निर्वाचनसँग सम्बन्धित आवश्यक सूचना तथा समाचारहरु सम्प्रेषण गर्नबाट रोक्न, दबाउन वा लुकाउनु हुँदैन।

६५. सर्वसाधारणलाई भ्रममा पार्ने गरी निर्वाचन सम्बन्धी सूचना प्रकाशन वा प्रसारण गर्नु हुँदैन।

६६. सर्वसाधारणको चासोसँग सम्बन्धित सबै विषयहरु सम्भव भएसम्म सूचना तथा समाचारमा समावेश गर्नु पर्नेछ। यस्ता सूचना संकलन र सम्प्रेषणमा कसैले वाधा अवरोध पुऱ्याएमा सो कुरा समेत सम्प्रेषण गर्नु पर्नेछ।

६७. राजनीतिक दल वा उम्मेदवारसँग सम्बन्धित समाचारलाई पूर्वाग्रह नराखी सम्प्रेषण गर्नु पर्नेछ। त्यस्तो

समाचार सम्प्रेषण गर्दा कुनै राजनीतिक दलका नेता वा उम्मेदवार वा सत्तारुढ दललाई विशेष प्राथमिकता दिनु हुँदैन।

**सञ्चार माध्यमको व्यवहार**

६८. निर्वाचन प्रचार प्रसारको क्रममा कसैबाट कुनै किसिमको अनुचित लाभ ग्रहण गर्न वा पेशागत आचरण एवं मान्यता विपरीत हुने कुनै काम कारबाही गर्नु हुँदैन।

६९. कुनै पनि किसिमले भेदभाव दर्शाउने वा हिंसा उक्साउने खालका भाषाको प्रयोग वा दलित, उत्पीडित जाति/आदिवासी जनजाति, पिछडिएको क्षेत्र, मधेशी लगायत, लि , भाषा, धर्म राजनीतिक वा अन्य कुनै पनि किसिमको सदभावमा प्रतिकूल असर पुग्ने गरी प्रचार प्रसार गर्न पाइने छैन।

७०. निर्वाचनमा महिला, दलित, उत्पीडित जाति/आदिवासी जनजाति, मधेसी लगायतका सीमान्तकृत समूहहरुको सहभागितालाई हौसला दिन अनुकूल भूमिका निर्वाह गर्नु पर्नेछ।

**सच्याउने दायित्व**

७१. निर्वाचन प्रचार प्रसारको क्रममा कुनै गलत वा भ्रम सिर्जना गर्ने किसिमका समाचार प्रकाशन वा प्रसारण हुन गएमा त्यसलाई उच्च प्राथमिकता दिई सम्बद्ध संचार माध्यम तथा संचारकर्मीले तुरुन्त सच्याउनु पर्नेछ।

**नि:शुल्क प्रसारण सुविधा**

७२. समानुपातिक निर्वाचन प्रणाली अन्तर्गतको निर्वाचनमा भाग लिने राजनीतिक दललाई सो दलले खडा गरेको कूल उम्मेदवारको अनुपातमा दफा ७३ मा उल्लेख भए बमोजिमको नि:शुल्क समय प्रचार प्रसारको लागि प्रसारण सेवामा प्रदान गरिनेछ।

७३. दफा ७२ मा उल्लेख भए बमोजिम नि:शुल्क समय उपलब्ध गराउँदा कूल तीन चरण गरी रेडियो र टेलिभिजन प्रसारण सेवामा सो दलले खडा गरेको उम्मेदवारको अनुपातमा समय दिइनेछ। यसरी समय दिंदा उम्मेदवारीको अनुपातमा पहिलो चरणमा सो राजनीतिक दलको घोषणापत्रको सार्वजनिकीकरणको लागि ५-२० मिनेटसम्म रेडियो प्रसारण सेवामा, दोस्रो चरणमा निर्वाचन प्रचार प्रसारको लागि २-५ मिनेटसम्म टेलिभिजन प्रसारण सेवामा र तेस्रो चरणमा प्रत्येक राजनीतिक दललाई अभिमत प्राप्तीको अन्तिम आह्वानका लागि दफा ७४ मा लेखिए बमोजिमको मौन अवधि शुरु हुनु अघि १/१ मिनेट टेलिभिजन प्रसारण सेवामा दिइनेछ। यसरी राजनीतिक दललाई निर्वाचन प्रचार प्रसारको लागि समय दिंइदा उल्लेख गरिए बमोजिमको चरणमा प्रचार प्रसार गरिने सामग्रि सो दलले तयार गरी सम्बन्धित प्रसारण सेवालाई दिनु पर्नेछ।

**मौन अवधि**

७४. कुनै पनि सञ्चार माध्यमले कुनै पनि किसिमको निर्वाचन सम्बन्धी प्रचार प्रसार, राजनीतिक सन्देश वा निर्वाचन अभियानको प्रसारण मतदानको दिनको अघिल्लो ४८ घन्टादेखि गर्न पाउने छैन र यस्तो मौन अवधि मतदानको दिन अन्तिम मतदान केन्द्र बन्द नहुन्जेलसम्मका लागि लागू हुनेछ।

तर निर्वाचन आयोगले प्रवाह गरेको सूचना सम्प्रेषण गर्न वाधा पुगेको मानिने छैन।

**सरकारी सञ्चार माध्यम**

७५. सरकारी प्रकाशनहरु वा प्रसारकहरुले कुनै पनि राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा सम्पादकीय लेख्ने वा प्रसारण गर्ने छैनन्।

७६. मतदाता माझ आफ्ना विचार नीति तथा कार्यक्रम अभिव्यक्त गर्न स्पष्ट तथा मनासिव आधारमा सरकारी सञ्चार माध्यमहरुले राजनीतिक दलहरु वा उम्मेदवारहरुलाई अवसर दिनु पर्नेछ।

७७. सरकारी सञ्चार माध्यमले मतदाता शिक्षा सम्बन्धी सामग्रि प्रकाशन तथा प्रसारण गन प्राथमिकता दिनु पर्नेछ।

**अभिलेख**

७८. संविधानसभा सदस्य निर्वाचन सम्बन्धी प्रकाशित वा प्रसारित कुनै पनि सूचना सञ्चार माध्यम वा तिनका प्रतिनिधिले प्रकाशन वा प्रसारण भएको मितिले ३५ दिनसम्म सुरक्षित राख्नु पर्नेछ।

**अनुगमन**

७९. निर्वाचन आयोगले विभिन्न सञ्चार माध्यमहरुद्वारा निर्वाचनको प्रचार प्रसारको सिलसिलामा प्रकाशन तथा प्रसारण भएका सूचनाहरुको नियमित अनुगमन गर्नेछ। यसरी अनुगमनको क्रममा देखा परेका आचार संहिता उल्लघंनका कुराहरु सच्याउन निर्वाचन आयोगले सम्बन्धित संचार माध्यमलाई निर्देशन दिन सक्नेछ। निर्वाचन आयोगले दिएको निर्देशनको पालना गर्ने कर्तव्य सम्बन्धित सञ्चार माध्यमको हुनेछ।

## परिच्छेद – ५
## निर्वाचन खर्चसम्बन्धी व्यवस्था

राजनीतिक दल वा उम्मेदवारले निर्वाचन अभियान संचालन गर्दा गर्ने खर्चको सम्बन्धमा देहायका आचरण पालना गर्नु गराउनु पर्नेछ :

८०. निर्वाचनको खर्चको अधिकतम सीमा अनुसूची-१ मा तोकिए बमोजिम हुनेछ।

८१. पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गतको निर्वाचनको उम्मेदवारले निर्वाचन सम्बन्धी

कार्यमा खर्च गर्दा अनुसूची-१ मा तोकिएको सीमाभित्र रही खर्च गर्नु पर्नेछ र निर्वाचन खर्चको विवरण निर्वाचन परिणामको घोषणा भएको मितिले पैंतीस दिन भित्र अनुसूची-२ बमोजिमको ढाँचामा सम्बन्धित जिल्लाको जिल्ला निर्वाचन कार्यालयमा बुझाउनु पर्नेछ।

८२. समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनमा भाग लिएका राजनीतिक दलले निर्वाचन सम्बन्धी कार्यमा खर्च गर्दा अनुसूची-१ मा तोकिएको सीमाभित्र रही खर्च गर्नु पर्नेछ र निर्वाचन खर्चसम्बन्धी विवरण अनुसूची-३ बमोजिमको ढाँचामा निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले पैंतीस दिनभित्र निर्वाचन आयोग समक्ष बुझाउनु पर्नेछ।

८३. प्रत्येक उम्मेदवारले निर्वाचनको कार्यमा स्वयम् वा आफ्नो प्रतिनिधिद्वारा मात्र खर्च गर्नु गराउनु पर्नेछ।

८४. उम्मेदवारले निर्वाचन खर्चको हिसाब पेश गर्दा आफ्नो राजनीतिक दल वा अन्यत्रबाट कुनै खर्च गरिएको भए त्यस्तो खर्चसमेत देखाउनु पर्नेछ।

८५. राजनीतिक दलहरुले आफ्नो दलका प्रत्येक उम्मेदवारको सम्बन्धमा गरेको खर्चको विवरण अलग अलग देखिने गरी राख्नु पर्नेछ र त्यस्तो विवरण निर्वाचनको परिणामको घोषणा भएको मितिले ३५ दिन भित्र निर्वाचन आयोगलाई उपलब्ध गराउनु पर्नेछ।

## परिच्छेद- ६
## कार्यान्वयन तथा अनुगमन

८६. आचारसंहिताको पालना भएको छ छैन तत् सम्बन्धमा निर्वाचन आयोगले आवश्यकता अनुसार अनुगमन टोलीहरु गठन गरी जाँचबुझ र अनुगमन गर्ने गराउनेछ।

८७. आचारसंहिताको उल्लघंनको सम्बन्धमा राजनीतिक दल वा उम्मेदवार वा कुनै व्यक्तिले मौखिक वा विद्युतीय संचार माध्यमबाट वा अनुसूची-४ को ढाँचामा जिल्ला निर्वाचन कार्यालय वा निर्वाचन अधिकृतको कार्यालय वा अनुगमन टोली वा निर्वाचन आयोगमा लिखित रुपमा जानकारी दिन सक्नेछ।

८८. आचार संहिता उल्लघंन सम्बन्धी लिखित वा मौखिक जानकारी वा निवेदन प्राप्त भएमा सो को रोकथामको लागि जिल्ला निर्वाचन कार्यालय वा निर्वाचन अधिकृतको कार्यालय वा अनुगमन टोलीले स्थानीय प्रशासन वा प्रहरीलाई लेखी सो को जानकारी तत्काल निर्वाचन आयोगलाई दिनु पर्नेछ।

८९. आचार संहिता पालना सम्बन्धमा जाँचबुझ वा अनुगमन गर्दा कसैबाट आचार संहिता पालना नभएको वा उल्लघंन गरेको देखिएमा त्यस्तो काम तुरुन्त रोक्न वा वदर गर्नको लागि निर्वाचन आयोगले सम्बन्धित राजनीतिक दल, उम्मेदवार, व्यक्ति, संस्था, पदाधिकारी वा निकायलाई आदेश दिन सक्नेछ।

९०. आचारसंहिता उल्लंघन भएको देखिए वा पाइएमा निर्वाचन अधिकृत वा जिल्ला निर्वाचन अधिकृत वा अनुगमन टोलीले स्थानीय प्रशासन वा प्रहरीको सहयोग लिई सोको रोकथामका लागि तत्काल आवश्यक कारबाही गर्नु पर्नेछ।

९१. आचारसंहिता उल्लंघन भएको देखिए, बुझिए वा सुनिएमा सम्बन्धित निर्वाचन अधिकृत वा मतदान अधिकृत वा अनुगमन टोलीले त्यस्तो कार्यको तुरुन्त रोकथाम गर्नु पर्नेछ। यसका लागि स्थानीय प्रशासन र स्थानीय प्रहरीबाट आवश्यकता अनुसार सहयोग लिन सकिनेछ र सहयोग दिनु स्थानीय प्रशासन र प्रहरीको कर्तव्य हुनेछ।

९२. आचारसंहिता उल्लंघन सम्बन्धी कारबाहीका विवरणहरु निर्वाचन अधिकृत र जिल्ला निर्वाचन कार्यालयले निर्वाचन आयोगमा तुरुन्त पठाउनु पर्नेछ।

९३. कुनै राजनीतिक दल वा उम्मेदवार लगायत आचार संहिता लागू हुने कुनै पनि पक्षले आचार संहिता पालना नगरेमा तत्काल सो कुरा निर्वाचन आयोगले सञ्चार माध्यम मार्फत् सर्वसाधारणलाई जानकारी गराउनेछ।

९४. कर्मचारीहरुले आचार संहिता उल्लंघन गरेमा निर्वाचन अधिकृत वा मतदान अधिकृतले आवश्यक कारबाहीका लागि सोझै वा जिल्ला निर्वाचन कार्यालय मार्फत् निर्वाचन आयोगमा लेखी पठाउनु पर्नेछ।

## परिच्छेद-७
## विविध

९५. मत सर्वेक्षण गर्न गराउन हुँदैन : उम्मेदवारको मनोनयन दर्ता भएको मिति देखि मतदानको कार्यसमाप्त नभएसम्म कसैले पनि कुनै राजनीतिक दल वा उम्मेदवारको निर्वाचनको परिणाममा प्रत्यक्ष असर पर्ने गरी गरिएको मत सर्वेक्षणको परिणाम प्रकाशन गर्न गराउन पाउने छैन। यसैगरी पहिले नै संचालन गरिएको मत सर्वेक्षणको परिणामलाई पनि मतदानको कार्यसमाप्त नभएसम्म घोषणा गर्न पाउने छैन।

९६. अनुगमनको विवरण प्रकाशन गर्नु पर्ने : यस आचार संहिताको पालना भए नभएको सम्बन्धमा निर्वाचन आयोगले अनुगमन गर्दा गराउँदा यस आचार संहिताको उल्लघंन भएको पाएमा निर्वाचन आयोगले त्यसको विवरण सार्वजनिक रुपमा प्रकाशन गर्नेछ।

९७. गैर सरकारी संस्थाले आचार संहिता पालना गर्नु पर्ने : निर्वाचनलाई स्वच्छ र निष्पक्ष बनाउन आ-आफ्नो क्षेत्रबाट योगदान पु ऱ्याउनु गैर सरकारी संस्थाको कर्तव्य हुनेछ। गैर

सरकारी संस्थाले पालना गर्नु पर्ने आचरणका सम्बन्धमा छुट्टै कार्यविधि जारी गरिनेछ।

९८. बाधा अडकाउ फुकाउने : यस आचार संहिताको कार्यान्वयन गर्दा वृहत्त शान्ति सम्झौताको कार्यान्वयन लगायत अन्य कुनै बाधा आई परेमा निर्वाचन आयोगले आदेश जारी गरी त्यस्तो बाधा अडकाउ फुकाउन सक्नेछ।

**द्रष्टव्य : सजाय सम्बन्धी व्यवस्था :**

१. कसैले आचार संहिता उल्लंघन गरेको देखिएमा त्यस्तो काम रोक्न निर्वाचन आयोगले सम्बन्धितलाई आदेश दिने र त्यस्तो आदेश बमोजिम काम कारबाही नरोक्ने व्यक्ति वा निकायलाई आयोगले एक लाख रुपैयाँसम्म जरिवाना गर्नसक्ने एवं आचार संहिताको उल्लंघन गरेको कारणबाट निर्वाचन स्वतन्त्र, स्वच्छ र धाँधलीरहित तवरबाट हुन नसक्ने कुरामा आयोग विश्वस्त भएमा आयोगले त्यस्तो उम्मेदवारको उम्मेदवारी रद्द गर्नसक्ने। (निर्वाचन आयोग ऐन, २०६३ को दफा २९)

२. निर्वाचन आयोगले निर्धारण गरेको निर्वाचन खर्चको हद भन्दा बढी खर्चगरेमा वा खर्चको विवरण आयोग समक्ष पेश नगरेमा आयोगले त्यस्तो व्यक्तिलाई निजले गरेको निर्वाचन खर्च वा आयोगद्वारा निर्धारित खर्चको हद मध्ये जुन बढी हुन्छ सोही बराबरको रकम जरिवाना गर्नसक्ने र खर्चको लेखा परीक्षण प्रतिवेदनको आधारमा अनुचित तवरले खर्चगरेको देखिएमा त्यस्तो व्यक्तिलाई तत्कालै देखि लागू हुने गरी बढीमा ६ वर्षमा कुनै पनि निर्वाचनमा उम्मेदवार हुन अयोग्य हुने गरी आयोगले निर्णय गर्नसक्ने र यसरी निर्णय गरेकोमा त्यस्तो व्यक्ति निर्वाचित भएको रहेछ भने निजको निर्वाचन स्वत: बदर हुने। (निर्वाचन आयोग ऐन, २०६३ को दफा ३१)

# अनुसूची १

(दफा ८० सँग सम्बन्धित)

निर्वाचन खर्चको सीमा

(क) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत उम्मेदवारले गर्न पाउने निर्वाचन खर्चको अधिकतम सीमा

| क.सं | खर्च शीर्षक | खर्च सीमा रु. |
|---|---|---|
| १. | मतदाता नामावली खरिद | १,५००।- |
| २. | सवारी साधन- १/घोडा - २ | ६०,०००।- |
| ३. | सवारी इन्धन/दाना | ४८,०००।- |
| ४. | लाउडस्पिकर | ४०,०००।- |
| ५. | पर्चा छपाई | ७५,०००।- |
| ६. | ढुवानी | १०,०००।- |
| ७. | आमसभा, गोष्ठी | ७५,०००।- |
| ८. | अन्य प्रचार प्रसार (छापा एवं विद्युतीय माध्यम) | २५,०००।- |
| ९. | कार्यालय सञ्चालन | ३०,०००।- |
| १०. | कार्यकर्ता परिचालन | ५०,०००।- |
| ११. | बुथ खर्च | २५,०००।- |
| १२. | विविध | २०,०००।- |
| | जम्मा | ४,५९,५००।- |

(ख) समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत राजनीतिक दलले गर्न पाउने खर्चको अधिकतम सीमा समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत राजनीतिक दलले आफूले पेश गरेको बन्द सूचीमा उम्मेदवारी दिएको उम्मेदवारको संख्या अनुसार प्रति उम्मेदवार रु. ५०,०००।- का दरले हुन आउने रकमसम्म खर्च गर्न सक्नेछ।

# अनुसूची २

(दफा ८१ सँग सम्बन्धित)

निर्वाचन खर्चको सीमा

श्री जिल्ला निर्वाचन कार्यालय,
......... जिल्ला,

संविधानसभा सदस्यको निर्वाचनको लागि ......... जिल्ला, निर्वाचन क्षेत्र नं. ......... बाट म/श्री/श्रीमती/सुश्री ............. उम्मेदवार भएकोमा सो सम्बन्धमा मैले/निज उम्मेदवारले गरेको सम्पूर्ण खर्चको विवरण संविधानसभा सदस्य निर्वाचन ऐन, २०६४ को दफा ६९ को उपदफा (४) तथा संविधानसभा सदस्य निर्वाचन आचार संहिता, २०६४ को दफा ८१ बमोजिम प्रस्तुत गरेको छु। निर्वाचन खर्चको विवरण देहाय बमोजिम छ।

| क.सं. | खर्चको शीर्षक | कार्य परिमाण | खर्चको रकम | कैफियत |
|---|---|---|---|---|
| १. | मतदाता नामावली खरिद | | | |
| २ | सवारी साधन/घोडा | | | |
| ३. | सवारी इन्धन/दाना | | | |
| ४. | लाउडस्पिकर | | | |
| ५. | पर्चा छपाई | | | |
| ६. | ढुवानी | | | |
| ७. | आमसभा, गोष्ठी | | | |
| ८. | अन्य प्रचार प्रसार (छापा एवं विद्युतीय माध्यम) | | | |
| ९. | कार्यालय सञ्चालन | | | |
| १०. | कार्यकर्ता परिचालन | | | |
| ११. | बुथ खर्च | | | |
| १२. | विविध | | | |
| | कूल जम्मा | | | |

सही : नाम, थर : मिति : उम्मेदवार/निर्वाचन प्रतिनिधि :

## अनुसूची ३

(दफा ८२ सँग सम्बन्धित)

निर्वाचन खर्चको सीमा

श्री निर्वाचन आयोग,
कान्तिपथ काठमाडौं।

संविधानसभा सदस्यको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत ................ राजनीतिक दलले गरेको सम्पूर्ण खर्चको विवरण संविधानसभा सदस्य निर्वाचन ऐन, २०६४ को दफा ६९ को उपदफा (४) तथा संविधानसभा सदस्य निर्वाचन आचार संहिता, २०६४ को दफा ८२ बमोजिम प्रस्तुत गरेको छु। निर्वाचन खर्चको विवरण देहाय बमोजिम छ।

| क्र.सं. | खर्चको शीर्षक | कार्य परिमाण | खर्चको रकम | कैफियत |
|---|---|---|---|---|
| १. | मतदाता नामावली खरिद | | | |
| २ | सवारी साधन/घोडा | | | |
| ३. | सवारी इन्धन/दाना | | | |
| ४. | लाउडस्पिकर | | | |
| ५. | पर्चा छपाई | | | |
| ६. | ढुवानी | | | |
| ७. | आमसभा, गोष्ठी | | | |
| ८. | अन्य प्रचार प्रसार (छापा एवं विद्युतीय माध्यम) | | | |
| ९. | कार्यालय सञ्चालन | | | |
| १०. | कार्यकर्ता परिचालन | | | |
| ११. | बुथ खर्च | | | |
| १२. | विविध | | | |
| | कूल जम्मा | | | |

सही : नाम, थर : मिति : उम्मेदवार/निर्वाचन प्रतिनिधि :

## अनुसूची ४

(दफा ८७ सँग सम्बन्धित)

विषय : आचार संहिता उल्लंघन सम्बन्धमा।

श्री निर्वाचन आयोग/निर्वाचन अधिकृतको कार्यालय/जिल्ला निर्वाचन कार्यालय/अनुगमन समिति/अनुगमन टोली

संविधानसभा सदस्य निर्वाचनको सिलसिलामा आचार संहिता पालना गर्नुपर्ने कर्तव्य भएको देहायको राजनीतिक दल/उम्मेदवार/निजसँग सम्बन्धित व्यक्तिहरू/सरकारी निकाय/सरकारी स्वामित्व वा नियन्त्रणमा रहेको निकाय/स्थानीय निकाय/सरकारी, अर्धसरकारी तथा निजी क्षेत्रका आम सञ्चारका माध्यम/कर्मचारीले देहाय बमोजिमको आचार संहिता उल्लंघन गरेकोले संविधानसभा सदस्या निर्वाचन आचार संहिता, २०६४ बमोजिम पालना गराई गर्न लगाई सोही आचार संहिताबमोजिम कारबाही गरी पाउँ।

आचार संहिता उल्लंघन गर्नेको नाम, थर :
ठेगाना :
उल्लंघन व्यहोरा :

निवेदकको
दस्तखत :
नाम : थर : ठेगाना :

*स्रोत : निर्वाचन आयोग*

## मानवअधिकार सामान्य ज्ञान

१. संविधानसभा भनेको के हो ?
२. नेपालमा संविधानसभाको निर्वाचन कुन प्रणालीवाट हुदैछ ?
३. पहिलोहुनेले जित्ने निर्वाचन प्रणाली भनेको के हो ?
४. संविधानसभा अदालत भनेको के हो ?
५. संविधानसभा अदालतले कहिले देखि काम गर्छ ?
६. निर्वाचन आचारसंहिता भन्नाले के बुझिन्छ ?
७. निर्वाचन कसुर भन्नाले के बुझिन्छ ?
८. निर्वाचन आचारसंहिता पालना नगर्नेलाई कस्तो संजाय हुने व्यवस्था छ ?
९. नीजि संचारमाध्यमहरुले निर्वाचन आचार संहिता उल्ङघन गरेमा कस्तो सजायको ब्यवस्था गरिएको छ?
१०. सविधानसभाले के गर्छ ?
११. सविधानसभाको बैठक कहिले कहिले वस्छ ?
१२. संविधानसभाको गठन कति अवधिका लागि हुन्छ ?
१३. संविधानसभाले गर्ने मुख्य कामहरु के के हुन् ?
१४. संविधानसभाको अध्यक्ष र उपाध्यक्षको चयन कसरी गरिन्छ?
१५. संविधानसभाले व्यवस्थापिका संसदको रुपमा कहिले देखि काम गर्न सक्ने व्यवस्था छ ?
१६. सविधानसभाको वैठकमा गणपुरक संख्या कति हुनुपर्ने व्यवस्था छ ?
१७. संविधानसभाको सचिवालयसम्बन्धी कस्तो व्यवस्था छ ?
१८. कस्तो अवस्थामा जनमत संग्रहवाट निर्णय गर्न सकिन्छ ?
१९. मतदान कार्यलाई सफल वनाउन नागरिक समाजले के कस्तो सहयोग गर्न सक्दछ ?
२०. निर्वाचनमा खटिने कर्मचारीको भूमिका कस्तो हुनुपर्दछ ?

## मानवअधिकार सामान्यज्ञानको उत्तरहरू

१. संविधान अर्थात मूलकानुन निर्माण गर्नका लागि जनताद्धारा निर्वाचित प्रतिनिधिहरु र कानुनले तोके अनुसार मन्त्रिपरिषदवाट मनोनित सदस्यहरुको सभा नै संविधानसभा हो।
२. नेपालमा संविधानसभाको निर्वाचनका लागि मिश्रित निर्वाचन प्रणली अपनाईदै छ।
३. जुन उम्मेदवारले बढी मत ल्याउछन् उहि नै निर्वाचित हुने पद्धति।
४. निर्वाचन सम्बन्धी मुद्दाको कारवाही र किनारा लगाउनका लागि अन्तरिम संविधानको धारा ११८ अनुसार गठन गरिएको अदालत नै संविधानसभा अदालत हो।
५. संविधानसभा निर्वाचन सम्पन्न भैसकेपछि।
६. निर्वाचनका क्रममा निर्वाचन आयोगले राजनीतिक दलहरुको समेत परामर्शमा निर्वाचनलाई स्वस्थ,स्वच्छ,स्वतन्त्र,पारदर्शी र विश्वासनिय वनाउन तयार गरिएको राजनीतिक दल तथा उम्मेदवार,निजहरु सँग सम्बन्धित व्यक्तीहरु,सरकारी तथा निजी क्षेत्रका संञ्चार माध्यमहरु,सरकारी,अर्धसरकारी तथा स्थानीय तहमा कार्यरत कर्मचारीहरु तथा निर्वाचनमा संलग्न कर्मचारीहरु एवं सरकारी निकायले पालना गर्नुपर्ने कानुनी तथा नैतिक वन्धन नै आचारसंहिता हो।
७. निर्वाचन कसुर भन्नाले अनधिकृत व्यक्तिले मतदान गर्नु,कानुनले रोक लगाएका कुराहरु उल्लंघन गरि प्रचार प्रसार गर्नु ,मतदातालाई धाकधम्की दिनु, उम्मेदवार तथा निजका परिवारका सदस्यहरुको चरित्र हत्या गर्ने खालका कामकारबाही गर्नु,मतदाताहरुलाई आफनो पक्षमा प्रभावित पार्न नगद वा जिन्सी लिनु वा दिनु ,निर्वाचनमा खटि गएका कर्मचारीहरुले निर्वाचनमा प्रतिकुल प्रभाव पार्नु,शान्ति भंग गर्नु,सुरक्षाकर्मी वाहेक हातहतियार लिएर हिंड्नु ,गैर कानुनी ढंगवाट मतपत्र लिनु वा दिनु ।
८. सम्बन्धित निकायले आचारसंहिता पालना नगरेमा त्यसलाई रोक्न वा बदर गर्न निर्वाचन आयोगले सम्बन्धित निकायलाई आदेश दिन सक्छ। त्यस्तो आदेशको पालना नगर्ने रानितिक दल,उमेदवार,व्यक्ति,संस्था कुनैपनि पदाधिकारी वा निकायलाई एकलाख रुपैंया सम्म ज़रिवाना गर्न सक्छ।
९. रूपैया एकलाख सम्म जरिवाना हुनसक्छ।
१०. संविधानसभाले संविधान निर्माण गर्ने र संविधान जारी गर्ने सम्मको काम गर्दछ।
११. संविधानसभाको वैठक निर्वाचन आयोगले संविधानसभा निर्वाचनको परिणाम घोषणा गरेको २१ दिन भित्र प्रधान मन्त्रीले आह्वान गरे बमोजिम र त्यस पछिको बैठक अध्यक्षता गर्ने व्यक्तीले तोको बमोजिम वस्दछ।साथै सविधान सभाका एक चौथाई सस्यहरुले वैठक वोलाउन आवस्यक छ भनि कारण सहित अध्यक्षलाई निवेदन गरेमा १५ दिन भित्रमा अध्यक्षले वोलाउनु पर्दछ।
१२. संविधानसभाको अवधी पहिलो बैठक वसेको मितिले २ वर्षका लागि हुन्छ। तर देशमा संकटकालिन अवस्था घोषणा भै संविधान निर्माण गर्ने काम पुरा हुन नसकेमा संविधानसभाले थप ६ महिनाका लागि अवधी थप्न सक्छ।
१३. संविधानसभाले गर्ने मुख्य कामहरु संविधानको मस्यौदा तयार गर्ने र त्यसलाई छलफल गरि पारित गर्ने ,राज्यको पुर्नसंरचानको टुंगो लगाउने,जनमत सँग्रहवाट निर्णय गर्ने विषयको निक्यौल गर्ने ,राजसंस्थाको विषयमा पहिलो वैठकमानै निर्णय गर्ने र व्यवस्थापिका संसदको रुपमा काम गर्ने।

१४. संविधानसभाको अध्यक्ष र उपाध्यक्षको चयन सो सभाको सदस्यहरु मध्येवाट निर्वाचनको माध्यमवाट एक-एकजना चयन हुन्छ। निर्वाचन गर्दा अध्यक्ष र उपाध्यक्ष अलग अलग राजनितिक दलहरुवाट प्रतिनिधित्व गर्ने सदस्य हुनुपर्दछ।

१५. संविधानसभाले व्यवस्थापिका संसदको रुपमा संविधानसभाको पहिलो बैठक पछि तत्काल कायम रहेको अन्तरिम व्यवस्थापिका संसदको कार्यकाल समाप्त हुन्छ र सोहि मिति वाटै व्यवस्थापिका संसदको अधिाकार संविधानसभाले प्रयोग गर्छ।

१६. सविधानसभाको वैठकमा गणपुरक संख्या समपूर्ण सदस्य संख्याको एक चौथाई हुनुपर्दछ। तर पनि संविधानका प्रावधानहरु पारित गर्न सवै सम्मत वा बहुमतको आवस्यकता पर्छ।

१७. सविधानसभाको कामलाई प्रभावकारी र वयवस्थित गर्न व्यवस्थापिका संसदको सचिवालय नै संविधानसभाको सचिवालयको रुपमा काम गर्ने व्यवस्था रहेको छ।

१८. राष्ट्रिय महत्वका कुनै विषयमा जनमत सँग्रह वाटनै निर्णय गर्नु छ भनी संविधानसभाले ततकाल कायम रहेका सम्पूर्ण सदस्यहरुको दुई तिहाई बहुमत सदस्यहरुवाट निर्णय भएमा।

१९. मतदान कार्यलाई सफल वनाउन नागरिक समाजले मतदाताहरुमा निर्वाचन र मतदानको महत्वका वारेमा संचेतना फैलाउने ,मतदान केन्द्रमा खटिएका कर्मचारीहरुलाई आवस्यक सहयोग गर्ने,स्वतन्त्र र निर्भिक भएर मत खसाल्न पाउने वातावरणको सृजना गर्न आवस्यक सहयोग गर्ने ,आचार संहिताको पालना र अनुगमनमा सहयोग गर्ने,कोही कसैवाट मतदान बिथोल्ने सुचना पाएमा निर्वाचन अधिकृत तथा सुरक्षाकर्मीलाई जानकारी दिने। निर्वाचन पर्यवेक्षण टोलीहरुलाई यथार्थ जानकारी दिने कुनै दल वा उमेदवारको पक्ष वा विपक्षमा नलागी तटस्थ रहने।

२०. निर्वाचनमा खटिने कर्मचारीको भूमिका सबै पक्ष सँग शिष्टता कायम राख्ने, निर्वाचन सम्बन्धी सबै काममा निस्पक्ष र तटस्थ रहने,लागुपदार्थको सेवन नगर्ने र नगराउने, निर्वाचनलाई निक्ष्पक्ष,धांधलरहीत वनाउन आवस्यक सबै काम गर्ने।

## झापा नजाने, म त जादै छु

**– लेखनाथ भण्डारी**

फुच्चे भाई, आज म झापा जान पाउँदिन, अर्कै दिन जाउँला। तिमी जाउ आज, ती चियाका बगानहरु, सुपाडि र नरिवलका गाछिहरुलाई सम्झना सुनाइदिनु। गाईहरु लैना होलान घाँस, खोले दिँदै गर्नु, म छिट्टै आउँछु।

त्यो दमकको टेलिफोन टावर अग्लो छ, गल्यो होला उभिदा उभिदा, यसो काँध सुम्सुम्याइदिनु। सगुन होटलको पराठा पुऱ्याइदिनु। सिसौहरु हुर्के होलान, हाँगाहरु छिमलि दिनु।

गौरादह, गौरिगन्ज, झिलझिले अनि लगाएका सिमलतरुल, घरतरुल अनि मेटाएका भोकहरु, सम्झदै जानु। कन्काईको तिरमा दुई सिक्का चढाई दिनु, टाउको निहुराइ दिनु। आज नि कसैलाई जलाई रहेका होलान, दैवलाई सम्झनु। म झापा छिट्टै आउँछु।

सुरुङ्गा लक्ष्मीपुर, दुर्गापुरमा हावा चिसो होला, लामो सास लिएर जानु। बिरिङ्गले यसपालि पनि खेतबारी बगायो होला। अलि रिसाहा छ, तिमीले भनेको मान्छ कि, फकाई फुलाई मनाईदिनु।

बिर्तामोड अझै ब्यस्तहोला, हल्ला होला, किनमेल होला, कलकत्तेमा मिष्टान्न किन्दै जानु। पार्वतीलाई जुलेबि मन पर्छ लिन नभुल्नु। धुलो होला शनिश्चरेको बाटो अनि अन्नपूर्णचित्र मन्दिरमा फिलिम लागेको होला। मेरो लागि एउटा टिकट काट्दै गर्नु। म झापा छिट्टै आउँछु।

बुट्टाबारिका बगानलाई हेर्दै गर्नु, हामी टोकला जानु पर्छ न भए पनि बुधबारे माथिको चिया बगानमा बसेर मकै र मोही खाउँला। बाहुनडाँगीमा सुठुनि (सखरखण्ड) र काक्राहरु फलेका होलान, मेरो लागि नि साँच्नु है म छिट्टै आँउछु।

चारआलिका भक्काहरु र चन्द्रगढिका चटपटेहरु, छोलाहरु साह्रै मीठो लाग्छ मलाई। हटियामा ढुङ्ग्री र प्याजी पाकेका होलान मेरो लागि चाख्दै गर्नु । धुलाबारिको खरिद बाँकी छ। लुगा राम्रो पाइन्छ, आमालाई साडी र भाईलाई जिन्स किन्नु छ। सँगै जानु पर्छ, मलाई पर्खदै गर्नु। म झापा छिट्टै आँउछु। सनपाटका खेतिहरु, केराका बगानहरु, तामुल लपेटने पानका पातहरु, बैशंका हाँसोहरु, मारेका बातहरु, गएका गोठालाहरु, गाएका गीतहरु, चराएका गाइहरु, बाखाहरु, बोलाई रहनु म छिट्टै झापा आउँछु।

उडेका भगेराहरु, सिकेका साईकलहरु, फुटाएका डल्लाहरु अनि खोजेका धानका सिलाहरु। सबैलाई बोलाइदिनु। माघे संक्रान्तिका तिलका लड्डु र बनाएका चाकुहरु, मेरो भाग पनि राखि दिनु। फुलेका तोरी र फिलुङ्गेहरु, पाकेका कटहर र मेवाहरुलाई यो दाईको खबर सुनाउदै गर है फुच्चे भाई। काकडभिट्टाकी कान्छी चिया बनाउँदै होलिन, बुधकरणको रंग हाल्न लाउनु। म झापा छिट्टै आउँछु।


अनि मेरो बुढो भद्रपुर, अझै मेचि किनारमा भैसि चराउँदै डुडा लिएर देशको सिमाना रुघिरहेको होला। एक चिलिम खैनि मोलेर दिनु, चुना हालेर। मेची आफ्नै हो, दाजुभाई पौडिनु पर्छ। हात समाएर जङ्घे पिलरसम्म दौडिनु पर्छ। म झापा छिट्टै आउँछु। म झापा छिट्टै आउँछु।

## पुस्तक परिचय

डा. पुष्पराज कँडेलद्धारा लिखित राज्यको पुन: संरचना, अर्थ राजनीतिक सन्दर्भ र संघीयताको प्रश्न नामक पुस्तकको प्रथम संस्करण २०६३ सालमा प्रकाशन भएको हो।

०६२ -६३ देखि जनआन्दोलन पछि नेपालमा राज्यको पुन:संरचना र यसका सवालहरुका वारेमा प्रशस्त बहसहरु भएका छन्। राज्यको पुन:संरचना गर्दा जातका आधारमा , भूगोलका आधारमा भाषाका आधारमा गर्ने भन्ने बहस टुँगो लागेको छैन। यसै समयमा देशका विभिन्न जातजाति, वर्ग, धर्म, लिङ्ग, र पेशाका व्यक्तिहरूले नयाँ नेपालमा आफनो सहभागिताको अपेक्षा गरेका छन् , र यसैका लागि कतिपय समूहहरु आन्दोलित पनि भएका छन्। एकात्मक राज्य प्रणालीले देशलाई लामो समयसम्म विकासको मूल प्रवाहमा लैजान सकेन भन्ने मान्यता प्राय : सवै नेपालीले बोकेका छन्। पृथ्वीनारायण शाहले नेपाल एकिकरण गरेपछि शुरु भएको एकात्मक शासन प्रणालीले नेपालमा २ सय ३९ वर्षदेखि राज्य गर्दै आएको छ जुन नेपाल र नेपालीको प्रगतिको बाधक थियो भन्ने कुरामा आम नेपाली सहमत छन्।

लोकतन्त्रको पुन:स्थापनासँगै चर्कोरुपमा बाहिर आएको संघीयताको प्रश्नको उत्तर खोज्न प्रस्तुत पुस्तकका लेखकले महत्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा गर्न सकिन्छ। चौधवटा परिच्छेदका विभिन्न शीर्षकहरुमा राज्यको पुन:संरचना सम्बन्धमा विभिन्न राजनीतिक दल, व्यक्ति र संस्थाका आधारहरु नेपालमा राज्य पुन:संरचनाको अर्थ राजनीति र नेपालको आर्थिक स्थिति, राज्य पुन:संरचनाको सन्दर्भमा ध्यान दिनुपर्ने अर्थतन्त्रसम्बन्धी पक्षहरु, एकात्मक र संघात्मक व्यवस्थाको परिचय, संघीय शासन व्यवस्थामा विभिन्न देशका अनुभवहरु, पुन:संरचनासँग सम्बन्धित केही विषयहरुमा विकेन्द्रीकरण र संघात्मक संरचना पक्षहरु, राज्यको पुन:संरचनाको सम्बन्धमा उठेका केही मागहरु, राज्य पुन:संरचना, संघीय व्यवस्था र राजनीतिक सामाजिक पक्षहरु, संघात्मक संरचनाको अनुपयुक्तता, राज्य पुन:संरचनाको भावी




ढाँचा र देश निर्माणको आर्थिक बाटो शीर्षकहरुमा नेपालमा संघीयताको प्रश्नका वारेमा व्यापक दृष्टिकोणहरु सार्वजनिक गरिएका छन्। नेपालको सन्दर्भमा संघात्मक संरचना नौलो कुरा हो, नेपालीले यसको वारेमा धैरै विषयहरू बुझ्न बाँकी छ। संघीय ढाँचामा जानुभन्दा पहिले संसारमा यसको अनुभव कस्तो छ ? कस्तो देशमा यो सफल हुन सक्छ ? जस्ता कुराहरु पुस्तकमा समेटिएका छन्। हतार हतारमा संघीयतामा जाने कुरा गर्दा फुर्सदमा पछुताउने स्थिति नहोस् भनेर लेखकले सचेत पार्न खोजेका छन्। संघीयताको सवालमा ७३ प्रतिशत नेपाली जनतालाई थाहा नभएको अवस्थामा यसको प्रभावकारी कार्यान्वयनको सवालमा प्रश्न उठाउन सकिन्छ नेपाल सरकार माओवादीबीच भएको सम्झौतामा नेपालको पुन : संरचना गर्दा संघीय प्रणालीमा जाने कुरा स्पष्ट नगरिएको भएपनि राज्यको पुनसंरचना गर्ने कुरा उल्लेख छ। संघीयतामा देशलाई लैजाने कुराले विश्वका कतिपय देशहरु टुक्रिएको उदाहरण हाम्रा माझमा छन्। हाम्रो देशलाई कुन आधारमा संघीयतामा लैजाने भन्ने कुराको स्पष्ट खाका छैन। नेपालमा, युरोपको सन्दर्भ र खासगरी सन् १९१७ पछि सोभियत संघमा प्रयोग भएको जातीय आत्मनिर्णयको अधिकार र स्वायत्तता जस्ता कुराहरुलाई आधार मानेर संघीयताको चर्चा गर्ने चलन छ। नेपालमा जातीय, भौगोलिक, भाषिक आधारमा संघीयतामा जाने विषयले चर्चा पाउने गरेको भएपछि यो विषय नेपालको सन्दर्भमा उपयुक्त हुन्छ भन्ने कुराको निर्क्यौल भएको छैन। लेखकले विश्वका दशवटा भन्दा बढी देशहरुको विवरणमा संघीय शासन व्यवस्था कहाँ कहाँ लागु गरियो ? कुन कुन देशमा अझै संघीय शासन विद्यमान छ ? कस्तो अवस्थामा संघीय शासन टिक्छ ? जस्ता विषयका वारेमा जानकारी प्रस्तुत गरेका छन्। पुस्तकमा संघीय शासन व्यवस्था नटिकेका र अझै कायम रहेका मुलुकहरुको बारेमा विस्तृत चर्चा गरिएको छ। पुस्तकमा संघीयताका फाइदा, प्रकार र स्वरुपहरुका वारेमा विस्तृत चर्चा छ।

तीन सय १७ पृष्ठको पुस्तक नेपालमा हाल चलिरहेको संघीय शासनको बहसका बारेमा बिस्तृत रुपमा अध्ययन गर्न चाहनेका लागि मार्गदर्शक हुनसक्छ। समग्रमा पुस्तक पठनीय तथा संग्रहणीय छ।

**पुस्तकको नाम**– राज्यको पुन: संरचना अर्थ राजनीतिक सन्दर्भ र संघीयताको प्रश्न
**लेखक**– पुष्पराज कँडेल
**पृष्ठ संख्या**– ३१७
**मूल्य**– रु. २००।-
**प्रकाशक**– एशिया पब्लिकेसन्स प्रा.लि, बागबजार, काठमाडौं

– ***मदन पौडेल***

# संविधानसभा निर्वाचन र जनअपेक्षा

लक्ष्मणदत्त पन्त

**२ सय ३९ बर्षदेखि नेपालमा शासन गर्दै आएको राजतन्त्रको भविष्यबारे निर्णय गर्ने सन्दर्भमा संविधानसभा निर्वाचनमा नेपाली जनताको सहभागिता ऐतिहासिक हुनेछ ।**

नेकपा माओवादी र अन्य प्रमुख राजनीतिक दलहरूबीच भएका विभिन्न सहमति र सम्झौता, ०६२/६३ को जनआन्दोलनको सफलता तथा त्यसपछि मधेसको असन्तुष्टि सम्बोधन गर्न सात दलीय सरकारबाट भएको पटक-पटकको प्रयासबाट सरकारले अन्तरिम संविधानमा संशोधनसहित तेस्रोपटक २०६४ चैत २८ गतेका लागि संविधानसभा निर्वाचनको मिति तय गरेको छ। अहिले नेपाली जनता संविधानसभाको निर्वाचनमार्फत यो मुलुकको संविधान निर्माण प्रक्रियामा सहभागी हुदैछन्। २ सय ३९ बर्षदेखि नेपालमा शासन गर्दै आएको राजतन्त्रको भविष्यबारे निर्णय गर्ने सन्दर्भमा संविधानसभा निर्वाचनमा नेपाली जनताको सहभागिता ऐतिहासिक हुनेछ।


संविधानसभा देशको मूल कानून निमार्ण गर्नका लागि वालिग मताधिकारको आधारमा निर्वाचित गरिएको जन प्रतिनिधिहरूको सभा हो। संविधानसभा नयाँ संविधान निमार्ण गर्ने उद्देश्यका लागि निर्वाचन वा अन्य कुनै माध्यमबाट गठन गरिएको सभा हो। संविधानसभामा जनताद्वारा चुनिएका प्रतिनिधिहरू नयाँ संविधानको निमार्ण कार्यमा सहभागी हुन्छन्। संविधानसभाको मुख्य उद्देश्य नयाँ संविधान निमार्ण गर्नु नै हो। नयाँ संविधान निमार्ण गर्ने कुराको आवश्यकता मुलुक विशेषको सामाजिक तथा राजनीतिक परिस्थितिमा निर्भर गर्छ। हाम्रो सन्दर्भमा माओवादीले चलाएको सशस्त्र द्वन्द्वको शान्तिपूर्ण रूपान्तरण र राज्यको पुन: संरचनाका लागि नयाँ संविधानको आवश्यकता महसुस गरिएको हो। नेपालमा संविधानसभालाई द्वन्द्वरत् पक्षहरूबीच साझा सहमति निर्माण गर्ने र शासक वर्गबाट जनतामा शक्ति हस्तान्तरण गर्ने प्रक्रियाका रूपमा पनि लिन सकिन्छ। सामान्यतया पुराना राजनीतिक संरचनाले काम गर्ने छाडेपछि संवैधानिक निकास दिन नसकेको अवस्थामा संविधानसभाको आवश्यकता महसुस गरिएको पाइन्छ। स्विजरल्यान्डमा गृहयुद्धको अन्त्यपछि संविधानसभामार्फत नयाँ संविधान निमार्ण भएको थियो। त्यस्तै दक्षिण अफ्रिकामा अल्पसंख्यक गोरा जातिको शासनको अन्त्यपछि संविधानसभा गठन भएको हो।


नेपालको सन्दर्भमा विभिन्न राजनीतिक आस्था र दृष्टिकोण भएका व्यक्तिहरूलाई सरकारमा सहभागी हुने अनुमति प्रदान गर्ने र निर्वाचित जनप्रतिनिधिहरू नागरिकहरूको आवश्यकताप्रति क्रियाशील हुने लोकतान्त्रिक पद्धतिको प्रत्याभूतिसमेत जनताले संविधानसभा निर्वाचनमार्फत खोजेका छन्। त्यसो त समानता, राजनीतिक सहिष्णुता, नियमित, स्वतन्त्र र निष्पक्ष निर्वाचन, आर्थिक दुरुपयोगमा नियन्त्रण तथा मानवअधिकारको रक्षा र कानुनी शासनको प्रत्याभूति लोकतन्त्रका आधारस्तम्भ मानिन्छन्। छयालीस सालको राजनीतिक पविर्तनपछि संस्थागत हुन नसकेको लोकतान्त्रिक पद्धतिका यस्ता आधारस्तम्भसमेत संविधानसभामार्फत निर्माण हुने संविधानले स्पस्ट पार्ने जनताले अपेक्षा गरेका छन्। जनजीविकाका साधनहरूको प्रबर्द्धनका लागि समतामूलक समाजको स्थापना, उपलब्ध स्रोत साधनको न्यायोचित वितरण उचित व्यवस्थापन गर्ने, तथा जनउतरदायी प्रतिनिधि र पदाधिकारी निर्वाचित हुने वातावरण सिर्जना गर्नेजस्ता विषय नयाँ संविधानमा समेटिनु पर्ने विभिन्न समुदायले विश्वास गरेका छन्। एक दशकभन्दा लामो समयसम्म द्वन्द्वको चपेटामा परेका नेपाली जनताले संविधानसभामार्फत स्थायी शान्ति सुरक्षा कायम हुने र त्यसले जीउधन र सामाजिक सुरक्षाको प्रत्याभूति दिने आशा गरेका छन्।

सविधानसभामार्फत निर्माण हुने संविधानले राज्यको विभेदकारी नीति तथा असमानतालाई अन्त्य गरी सबै समुदाय, क्षेत्र, वर्ग, भाषाभाषी, धर्म, जातजाति तथा लिङ्गबीच समानता र सहभागिताको वातावरण सिर्जना गर्ने नेपाली जनताले विश्वास गरेका छन्। यस सन्दर्भमा नयाँ संविधानमा देशको राजनीतिक स्वरुप लोकतान्त्रिक , गणतन्त्रात्मक र संघात्मक हुन जरूरी छ। संविधानको प्रस्तावनामा समेत मधेशी, जातजाति, धर्म तथा लिङ्गले गरिमामय स्थान पाउनेसमेत जनताले अपेक्षा गरेका छन्। महिला, दलित, जनजाति एवं पिछडिएका वर्गको संरचनागत र समानुपातिक आधारमा नयाँ संविधानमा उचित प्रतिनिधित्वको सुनिश्चितता संविधानसभाको अर्को महत्वपूर्ण एजेण्डा हो।

जनप्रतिनिधिमार्फत संविधान लेख्नुको उद्देश्य संविधान निर्माणको प्रक्रियामा आमनागरिकको सहभागिता सुरक्षित गर्नु हो। संविधान निर्माण प्रक्रियामा जनताको प्रत्यक्ष सहभागिताले राष्ट्रिय असन्तुष्टीहरूलाई समेत सम्बोधन गर्न सहयोग गर्दछ।


विभिन्न जनजाति, लिङ्ग, वर्ग, धर्म, भाषा संस्कृतिको अनुसरण गर्दै आएका जनताले राज्यबाट उचित पहिचान, सुरक्षा र समाजिक सम्मान पाउन सके संविधानसभाको औचित्य पुस्टि हुनेछ। त्यसो त सामाजिक असमानता तथा भेदभावको अन्त्य गर्दै समावेशी र समतामुलक समाजको निर्माण गर्ने अवसर पनि यही नै हो। संविधानसभामार्फत नै सामाजिक तथा आर्थिक सुधार कार्यक्रम र गरिबी, असमानता तथा शोषणको अन्त्य गर्ने अवसर प्राप्त हुनेछ। शताब्दियौंदेखि शासन गर्दै आएको निरङ्कुस राजतन्त्रको औपचारिक अन्त्य हुने र दीर्घकालीन शान्ति निमार्ण गर्ने सन्दर्भमा पनि संविधानसभालाई नेपाली जनताले उत्सुकतासाथ हेरिहेका छन्। संविधानसभा केन्द्रीकृत राज्य प्रणालीको अन्त्य गर्दै शान्ति, लोकतान्त्रिक र समृद्ध नेपालको मार्गचित्र कोर्नसमेत सफल हुने कुरामा नेपाली जनता आशावादी देखिन्छन्। संविधानसभाबाट नेपाली जनताले आफ्नो मौलिक हकको उपयोग गर्दै शान्त, लोकतान्त्रिक र समृद्ध समाज निर्माण गर्न अवसर प्राप्त गर्नेछन्। ●










# इन्सेकका केही प्रकाशनहरु
















निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

संविधान सभा सदस्य निर्वाचन, २०६४

# संविधान सभा सदस्यको निर्वाचनमा भाग लिऔं





## मतदान मिति


२०६४ चैत २८ गते बिहीबार



## मतदान समय



बिहान ७:०० बजेदेखि साँझ ५:०० बजेसम्म



website: www.election.gov.np
e-mail: info@election.gov.np